"भन्ते ! एक श्रामणेर पनि विहारमा नछाडी मेरो भोजन स्वीकार्नुहोस् ।"

शास्ताले स्वीकार्नुभयो ।

भगवान्ले स्वीकारेको बुझी घरमा गई भोजनको प्रबन्ध गरी भोलिपल्ट भोजन तयार भएको सूचना भगवान्कहाँ पठायो । भगवान् भिक्षुसङ्घ सहित उपासकको घरमा जानुभयो । भगवान् सहित सबै भिक्षुहरूलाई भोजन अर्पित गरी उपासक एक छेउमा बस्यो ।

यसै बीचमा महानिसभ स्थविर भिक्षाटन् गर्दै सोही घर अगाडिको सडकमा आइरहनु भएको देखेर स्थविरको हातबाट उपासकले भिक्षापात्र मागी लियो । स्थविरले भिक्षापात्र दिनुभयो ।

"भन्ते ! भित्र भगवान् सहित भिक्षुहरू बसिरहनुभएको छ । भित्र पाल्नुहोस् भन्ते ।"

"उपासक ! म जान्न ।"

अनि वहाँको भिक्षापात्रमा उपासकले भिक्षा भोजन राखी ल्याइदियो । वहाँ जानुभएपछि भगवान्कहाँ गई बन्दना गरी उपासकले यस्तो सोध्यो—

"भन्ते ! महानिसभ स्थविरलाई भगवान् भित्र हुनुहुन्छ भित्र पाल्नुहोस् भनी भन्दा पनि वहाँ आउन चाहनु भएन । भन्ते ! तपाईंमा-भन्दा पनि धेरै गुण वहाँमा छ कि क्याहो ?"

कुनै गुणीको गुण बखान गर्नमा पछि नपर्ने बुद्धले यसो भन्नुभयो—

"उपासक ! हामी भिक्षा भोजनको निमित्त घरभित्र बस्छौं । सो भिक्षु यसरी घरभित्र बसी भिक्षा भोजन गर्दैनन् । हामी गाउँ नगरको शयनासनमा बस्छौं । सो भिक्षु जंगलमा मात्र बस्छन् । हामी छाना भएको ठाउँमा बस्छौं । सो भिक्षु खुला ठाउँमा मात्र बस्छन्" भनी महानिसभ स्थविरको धेरै गुण बखान गर्नुभयो[१] ।

स्वभावतः बलिरहेको दियोमा तेल थप्ने झैं उपासक अति प्रफुल्लित थियो । अनि उनले सोच्यो—

"मलाई अरू के सम्पत्ति चाहिन्छ र ? भविष्यमा कुनै बुद्धको पालामा धुताङ्गधारी भिक्षुहरूमध्ये अग्रस्थान पाउने प्रार्थना गर्नेछु ।"

---

१. सं. नि. अ. क. II. पृ. १३५–३६: चीवरसुत्तवण्णना, कस्सप-संयुत्त; मनो. र. पू. I. पृ. १७८–७९; थेर. गा. अ. क. II. पृ. ५०१–०२; अप. दा. अ. क. पृ. २०९–१०.

यति सोची उसले फेरि भगबान्लाई निम्तो गऱ्यो। यसरी सातदिनसम्म भगवान्लाई निम्तो गऱ्यो। सातौं दिनमा अठसट्ठी लाख भिक्षुहरूलाई त्रिचीवर दिई शास्ताको श्रीपादमा ढोगी यस्तो विन्ति-गऱ्यो—

"भन्ते! यी सातदिनसम्म दान दिंदा जो ममा मैत्री कायकर्म, मैत्री वचीकर्म र मैत्री मनःकर्म रहनगयो त्यसबाट म कुनै देवसम्पत्ति, शक्रसम्पत्ति, मारसम्पत्ति बा ब्रह्मसम्पत्ति प्रार्थना गर्दिन। यसबाट म एक मात्र यो प्रार्थना गर्छु कि महानिसभ स्थविरले पाउनुभएको अग्रस्थान जस्तो भविष्यमा कुनै बुद्धको समक्ष भिक्षुहरूमध्ये तेह्र धुताङ्ग-धारीहरूमध्ये अग्रस्थान पाउन सकूँ।"

"यिनी त निकै ठूलो प्रार्थना गर्दछन्। के यिनको प्रार्थना सफल हुन सक्छ कि सक्दैन" भनी ध्यानद्वारा हेर्नु हुँदा "सफल हुनेछ" भन्ने बुझ्नुभई वहाँले यसो भन्नुभयो—

"तिमीले राम्रो प्रार्थना गऱ्यौ। भविष्यमा १ लाख कल्प पछि गौतम भन्ने बुद्ध जन्मिने छन्। तिमी वहाँको तृतीय श्रावक महाकश्यप भन्ने हुनेछौ।"

यो सुनेर "बुद्धहरूका दुइवटा कुरा हुन सक्दैनन्" भन्ने ठानी मानो त्यो सम्पत्ति भोलिनै पाउनेछ भन्ने जस्तो उसलाई लाग्यो[1]। पदुमुत्तर बुद्ध परिनिर्वाण भएपछि उसले पूजा सत्कार गरेको थियो

१. सं. नि. अ. क. II. पृ. १३६–३७: चीवरसुत्तवण्णना, कस्सप-संयुत्तं।

भनी महाकस्सपथेरापदान पृ. ४० ले उल्लेख गरेको छ। त्यसपछि आयु छउन्जेल अनेक दान दिई, अनेक कल्याणकारी कर्महरू गरी तथा शील पालन गरी मरणपछि स्वर्गलोकमा उत्पन्न भयो[१]।

विपश्वी बुद्ध

यहांदेखि करीब ९१ कल्प अघि विपस्सी (=विपश्वी) सम्यक्सम्बुद्ध लोकमा उत्पन्न हुनुभएको थियो।

तुषित भवनबाट च्युत भएपछि बन्धुमती नगरमा बन्धुमा राजाको बन्धुमती भन्ने अग्रमहिषीको कोखमा वहाँको प्रतिसन्धि भएको थियो। वहाँको जन्म क्षेम मृगदायमा भएको हो। सो बालक जन्मिदा रातदिन जुनसुकै अवस्थामा पनि राम्ररी रूप देखिने भएको हुनाले ज्योतिषहरूले वहाँको नाम विपश्वी भनी राखे।

वहाँ ८ हजार वर्षसम्म घरमा बस्नुभयो। नन्द, सुनन्द र सिरिमा भन्ने वहाँका तीन प्रासादहरू थिए। सुदर्शना भन्ने वहाँकी पत्नी थिइन्। ८ हजार वर्षपछि चारनिमित्तदेखि सुदर्शना देवीले बालक जन्माएपछि वहाँले गृहत्याग गर्नुभएको थियो। वहाँ सँग-सँगै ८४ हजार मानिसहरू पनि प्रव्रजित भएका थिए। ८ महीनासम्म तपस्या गरी वैशाख पूर्णिमाको दिन सुदर्शन सेठकी छोरीले दिएको मधुपायास

---

१. मनो. र. पू. I. पृ. १७९–८०; थेर. गा. अ. क. II. पृ. ५०२–५०३; अप. दा. अ. क. पृ. २१०–११.

भोजन गरी शाल बनमा दिवाविहार गर्नुभयो। सुजात भन्ने यवपालकले दिएको आठमुट्ठी तृण लिई पाटली भन्ने रुखमनि "बुद्धत्वज्ञान प्राप्त नभएसम्म यस रुखमनिबाट उठ्ने छैन" भन्ने अधिष्ठान गरी बस्नुभयो र बुद्धत्वज्ञान प्राप्त गर्नुभयो[१]।

विपश्वी बुद्ध बन्धुमती नगरको आश्रय लिई क्षेम भन्ने मृगदायमा बसिरहनुभएको बेलामा यी कश्यप हुने उपासक स्वर्गलोकबाट च्युत भई बन्धुमती नगरको एक सारै दरिद्र ब्राह्मणको कुलमा जन्म्यो।

त्यसबखत विपश्वी बुद्धले सात सात वर्षमा धर्मोपदेश गर्नुहुन्थ्यो। बडो ठूलो भीड हुन्थ्यो। समस्त जम्बुद्वीपमा ठूलो होहल्ला मच्चिन्थ्यो। यो दरिद्र ब्राह्मणले पनि यो होहल्ला सुन्यो। यो ब्राह्मणको भने एउटै मात्र कपडा थियो। यो एउटै कपडा लोग्नेले पनि स्वास्नीले पनि लगाउँदथे। लोग्ने बाहिर जाँदा स्वास्नी नाङ्गी भई घरमा बस्थी। स्वास्नी बाहिर जाँदा लोग्ने नाङ्गो भई घरमा बस्थ्यो। यी दुबैजनाको एउटै मात्र कपडा छ भन्ने कुरा सबैलाई थाहा थियो। त्यसैले उसलाई 'एक साटक ब्राह्मण' को नामले सबैले चिन्दथे।

अनि ब्राह्मणीलाई ब्राह्मण भन्दछ—

"हे !, रातमा धर्म सुन्न जान्छेस् कि दिनमा ?"

"हामी आइमाईहरू रातमा जान सक्दैनौं। दिनमा जानेछु।"

---

१. बु. वं. अ. क. पृ. १९५–९६: विपस्सीबुद्धवंसवण्णना।

यति कुराकानी भइसकेपछि ब्राह्मणी अरू आइमाईहरूसँग गई दिनमा धर्मोपदेश सुनेर आई ।

अनि रातको समयमा ब्राह्मणीलाई घरमा राखी कपडा लगाई धर्म सुन्नको लागि आफू विहारमा गयो । त्यसबखत भगवान्ले धर्मोपदेश गर्दै हुनुहुन्थ्यो ।

परिषद्को एक छेउमा बसी धर्मोपदेश सुनिरहेको ब्राह्मणको शरीरमा रातको प्रथम याममा पञ्चवर्णप्रीति[1] फैलियो । यस्तो प्रीति फैलिएको बेलामा उसको मनमा आफूले लगाइराखेको कपडा भगवान्-लाई चढाउने इच्छा भयो । यसको साथ-साथै उसको मनमा यस्तो पनि विचार उठ्यो—

"तिमीहरू दुबैजनाको एउटै मात्र कपडा छ । यो कपडा दियौ भने तिमीहरू दुबैजना नाङ्गै हुनेछौ । के कपडा नलगाई नाङ्गै हिडनेछौ ? यसो गर्न हुन्न" आदि ।

यस्तो कल्पनाले गर्दा आखिरमा उसले नदिने निश्चय गर्‍यो ।

यस्तै प्रकारले रातको दोस्रो याममा पनि उसको मनमा दिने कि नदिने भन्ने कल्पनाहरूको संघर्ष हुन थाल्यो । दोस्रो याममा पनि नदिने पक्षले नै जित्यो ।

रातको तेस्रो याममा पनि उसको शरीरमा पञ्चवर्णप्रीति फैलियो । अनि फेरि आफ्नो कपडा भगवान्लाई चढाउने कल्पना पनि

---

१. पञ्चवर्णप्रीति भनेको कस्तो हो भन्ने कुरा लेखकको बु. गृ. भा–२, पृ. २०९ मा उल्लेख भएको छ ।

उठ्यो । यस समयमा पनि उसको मनमा द्वन्द्वताको संघर्ष भइनै रहेको थियो । अन्तःमा उसले "शरणहोस् वा मरण । यो कुरा पछि थाहा हुनेछ" भन्दै ओढिरहेको कपडा हातमा लिई भगवान्‌को चरणमा चढाइ नै हाल्यो । अनि देब्रे हातले लज्जा ढाकी दाहिने हातले तिघ्रा पिट्दै "बल्ल मैले जितें, बल्ल मैले जितें" भन्दै तीन पटक आवाज निकाल्यो[1] ।

त्यसबखत बन्धुमा राजा धर्मासनको पछाडितिर पर्दाभित्र बसी धर्मोपदेश सुन्दै थिए । राजाहरूलाई "जितें जितें" भन्ने शब्द सुन्नु अप्रिय लाग्छ रे । त्यसैले उसले कसलाई जितेको रहेछ बुझेर आऊ भनी एक पुरुषलाई पठाए । उसले सोध्दा ब्राह्मण भन्दछ—

"यहाँ मानिसहरू हात्तीमा चढी लडाइँ गरी शत्रुलाई जित्छन् । यो कुनै आश्चर्य होइन । मैले चाहिं पछाडितिरबाट आएको गोरुलाई लट्ठीले हिर्काई भगाइदिए जस्तै लोभचित्तलाई दमन गरी आफूले लगाएको कपडाले बुद्धलाई पूजा गरें । सो मैले लोभचित्तलाई जितें ।"

अनि उसले राजालाई सबै कुरा बिन्तिगर्‍यो । "हे पुरुष ! हामीले बुद्धलाई अनुकूल रूपले दिनसकेनौं । ब्राह्मणले दियो" भनी उसलाई एकजोर कपडा दिन पठाए । यो देखेर ब्राह्मण सोच्दछ—

१. सं. नि. अ. क. II. पृ. १३७: चीवरसुत्तवण्णना, कस्सपसंयुत्त; मनो. र. पू. I. पृ. १८०–८१; थेर. गा. अ. क. II. पृ. ५०३–०४; अप. दा. अ. क. पृ. २१०–११.

"बुद्धको गुणको कारणले गर्दा यो मैले पाएको हुँ । अतः यो मलाई चाहिन्न" भन्दै सो एकजोर कपडा पनि बुद्धलाई नै चढाइदियो ।

"ब्राह्मणले के गर्‍यो ?" भनी सोध्दा सो कपडा पनि बुद्धलाई नै चढायो भन्ने थाहापाई फेरि दुइजोर कपडा पठाए । त्यो पनि उसले बुद्धलाई नै चढायो । यस्तै प्रकारले राजाले जति कपडा दिए ती सबै बुद्धलाई नै चढाइदियो । अन्तमा राजाले ३२ जोर कपडा पठाए ।

यसरी पाएपछि ब्राह्मणले सोच्यो—"यो त भाउ बढाउँदै वस्तु लिने जस्तो भयो ।" यति विचार गरी ती ३२ जोर कपडाबाट आफूलाई र स्त्रीलाई गरी २ जोर कपडा लिई अरू जम्मै भगवान्‌लाई नै चढाइदियो । त्यहाँदेखि ब्राह्मण बुद्धको विश्वासी हुनथाल्यो ।

एकदिन जाडो महीनामा भगवान्‌कहाँ गई ब्राह्मणले धर्मोपदेश सुनिरहेको देखी राजाले उसलाई १ लाख जाने आफूले ओढिरहेको कम्बल दिई "अबदेखि यो कम्बल ओढी धर्मश्रवण गर" भनी भने ।

"यो कम्बलले मेरो यो दुर्गन्ध युक्त शरीरलाई के गर्न सक्ला र" भन्दै बुद्धको गन्धकुटीमा गई खाट माथि चँदुवा जस्तै गरी टाँगी ब्राह्मण फर्केर गयो ।

अर्को दिन राजा बिहान सबेरै विहारमा गई गन्धकुटी भित्र बुद्धकहाँ बसे । त्यसबखत बुद्धको छवर्णरश्मीले सो चँदुवामा ठक्कर खान्थ्यो । यसले गर्दा कम्बल खूब टल्किन्थ्यो । माथितिर हेरी कम्बल-

लाई पहिचानी राजा भन्दछन्—"भन्ते ! यो कम्बल त हाम्रो हो । हामीले एकसाटक ब्राह्मणलाई दिएका थियौं ।"

"महाराज ! तपाईंहरूले एकसाटक ब्राह्मणलाई पूजा गर्नुभयो । ब्राह्मणले हामीलाई पूजा गरे ।"

"ब्राह्मणले उचित ठाउँ जाने । हामीले जान्न सकेनौं" भनी राजाले ब्राह्मणलाई मनुष्यहरूलाई चाहिने आठ-आठवटा वस्तुहरू राखी 'सर्वाष्टक' भन्ने दान दिई आफ्नो पुरोहित स्थानमा राखे । ३२ जोर भनेको चौसट्ठी थान हो भनी चौसट्ठी सलाक भोजन आफूले दिने गरी जीवनभर दान दिई शील पालन गरी मरणपछि ब्राह्मण स्वर्गलोकमा उत्पन्न भयो[१] ।

यस कल्पमा कोनागमन र कश्यप दशबलको बीच सो ब्राह्मण वाराणसीको एक ठूलो सेठको घरमा जन्मी स्वर्गलोकमा जाँदै गर्दथ्यो[२] ।

---

१. सं. नि. अ. क. II. पृ. १३७–३८: चीवरसुत्तवण्णना, कस्सपसंयुत्त; मनो. र. पू. I. पृ. १८१–८३; थेर. गा. अ. क. II. पृ. ५०४–०६; अप. दा. अ. क. पृ. २१०–११.

२. सं. नि. अ. क. II. पृ. १३८: चीवरसुत्तवण्णना, कस्सपसंयुत्त; मनो. र. पू. I. पृ. १८३; थेर. गा. अ. क. II. पृ. ५०६; अप. दा. अ. क. पृ. २१२.

कोनागमन बुद्ध

मनुष्यहरूको आयु ३० हजार वर्ष हुँदा कोनागमन बुद्धको जन्म भएको थियो[१]।

तुषित भवनबाट च्युत भई सोभवती नगरमा यज्ञदत्त ब्राह्मणकी उत्तरा भन्ने भार्याको कोखमा वहाँको प्रतिसन्धि भएको थियो। सुभगवती भन्ने उदचानमा वहाँ जन्मिनु भएको थियो। वहाँ जन्मिनु भएको बेलामा सुन बर्षेको थियो। त्यसँले सुन आएको भन्ने अर्थ अनुरूप वहाँको नाम 'कनकागमन' भन्ने रहेता पनि पछि अपभ्रंश भई कोनागमन हुन गएको हो।

वहाँ ३ हजार वर्षसम्म घरमा बस्नुभएको थियो। वहाँका तुषित, सन्तुषित र सन्तुष्ठ भन्ने तीनवटा प्रासादहरू थिए। चारनिमित्तहरू देखी रुचिगत्ता ब्राह्मणीको तरफबाट पुत्र जन्मेपछि वहाँ हात्तीमा बसी घर त्यागी प्रव्रजित हुनु भएको थियो। वहाँसँग ३० हजार मानिसहरूले प्रव्रज्या लिएका थिए। उनीहरूसँगै बसी वहाँले ६ महीना तपस्या गरी बैशाख पूर्णिमाको दिनमा अग्गिसोन ब्राह्मणकी छोरीले दिएको मधुपायास भोजन गर्नुभई खदिर वनमा दिवाविहार गर्नुभयो। सन्ध्या समयमा तिन्दुक भन्ने यवपालकले दिएको आठमुट्ठी तृण लिई उदुम्बर रुखमनि बसी बुद्धत्व प्राप्त गर्नुभएको थियो। सात

---

१. सं. नि. अ. क. II. पृ. १३८; मनो. र. पू. I. पृ. १८३; थेर. गा. अ. क. II. पृ. ५०६; अप. दा. अ. क. पृ. २१२.

हप्तासम्म त्यहीं बसी आफूसँगै प्रव्रजित भएका ३० हजार भिक्षुहरूको उपनिश्रय सम्पत्ति देखनुभई आकाशमार्गबाट सुदर्शन नगर निरको ऋषिपतनमा ओर्ल्हीं उनीहरूको बीचमा बसी धर्मचक्र प्रवर्तन गर्नुभएको थियो। आफ्नो आमा सहित दशसहस्र चक्रवाडका देवताहरू भेला भएको परिषद्लाई अभिधर्मपिटकको कुरा सुनाउनु भएको थियो[१]।

कश्यप बुद्ध

मनुष्यहरूको आयु २० हजार वर्ष हुँदा कश्यप बुद्धको जन्म भएको थियो।

तुषित भुवनबाट च्युत भई वहाँले वाराणसी नगरका ब्रह्मदत्त भन्ने ब्राह्मणकी पत्नी धनवती भन्ने ब्राह्मणीको कोखमा प्रतिसन्धि लिनुभएको थियो। दश महीनापछि ऋषिपतन मृगदायमा वहाँ जन्मिनु भएको थियो।

गोत्रको नामले नै वहाँको नाम 'कश्यप कुमार' भनी राखिएको थियो। वहाँ २ हजार वर्षसम्म घरमा बस्नुभयो। वहाँका हंसवा, यशवा र सिरिनन्दन भन्ने तीन प्रासादहरू थिए। सुनन्दा ब्राह्मणी पत्नी थिइन्।

चार निमित्तहरू देखेर सुनन्दा ब्राह्मणीले विजितसेन भन्ने पुत्र जन्माएपछि विरक्त भई घर त्यागने कल्पना गर्नुभएको थियो।

१. बु. वं. अ. क. पृ. २१३–१४: कोनागमनबुद्धवंसवण्णना।

यस्तो कल्पना गरिरहनु भएको बेलामा वहाँको प्रासाद् कुमालेको चक्का घुमे झैं घुमी आकाशमा उडी न्यग्रोध रुखनिरको भूमिमा खस्यो । अनि बोधिसत्व पृथ्वीमा उभिई देवताले दिएको अरहत्ध्वज (=चीवर वस्त्र) लिई प्रव्रजित हुनुभयो । प्रासाद्मा रहेका नर्तकी स्त्रीहरू निस्केर आधा गाउत जति पर गई सेना बसे जस्तै गरी बसे । त्यसबाट आइमाईहरू बाहेक बाँकी सबै पुरुषहरू प्रव्रजित भएका थिए ।

अनि उनीहरूसँग बसी महापुरुषले १ हप्ता तपस्या गर्नुभयो । वैशाख पूर्णिमाको दिनमा सुनन्द ब्राह्मणीले दिएको मधुपायास भोजन गर्नुभई खदिर वनमा दिवाविहार गर्नुभयो । सन्ध्या समयमा सोम भन्ने यवपालकले दिएको आठमुट्ठी तृण लिई न्यग्रोध (=बर) रुखमनि बसी अभिसम्बोधि प्राप्त गर्नुभएको थियो । त्यसपछि सात हप्तासम्म त्यहीं बसी आफूसँग प्रव्रजित भएकाहरूको उपनिश्रय सम्पत्ति देखी आकाशमार्गबाट वाराणसीको ऋषिपतनमा ओर्ल्हीं उनीहरूलाई धर्मचक्र प्रवर्तन गर्नुभयो[१] ।

वाराणसीमा जन्मेको सो उपासक ठूलो भएपछि एकदिन घरमा बसिरहेको बेलामा जंगलमा टहलिनको लागि गयो । त्यसबखत एक प्रत्येकबुद्ध नदीको तीरमा बसी चीवर सिउँदै हुनुहुन्थ्यो । चीवरको कपडा नपुगेपछि कपडा पट्याएर राख्नथाल्नुभयो । यो देखेर "भन्ते ! किन कपडा पट्याएर राख्नलाग्नु भएको ?" भनी सोध्यो ।

"कपडा पुग्दैन ।"

---

१. बु. वं. अ. क. पृ. २१७–१८: कस्सपबुद्धवंसवण्णना ।

"भन्ते ! त्यसोभए यो कपडा थपी चीवर सिउनुहोस्" भनी उपासकले आफ्नो कपडा दिई "जन्मे जन्मेको ठाउँमा कसैबाट बिघ्न बाधा नहोस्" भनी प्रार्थना गऱ्यो ।

उता, घरमा एक प्रत्येकबुद्ध भिक्षाटन् आउनु हुँदा सो उपासककी भार्या र बहिनीको बीच झगडा भएको थियो । पछि बहिनी चाहिँले प्रत्येकबुद्धको भिक्षापात्रमा भिक्षा राखी "यस्ता मूर्खहरूसँग-बाट शय योजन टाढा रहन सकूँ" भनी प्रार्थना गरी ।

यसबखत भाउजु हुने घरको दैलोमा थिई र यो सुनेर "यसले दिएको भोजन यिनले नखाउन्" भन्ने विचारले प्रत्येकबुद्धको हातबाट पात्र लिई भिक्षा भोजन खन्याई हिलो भरिदिई ।

यो देखेर बहिनी चाहिँले "हे मूर्ख ! मलाई चाहे गालिगर चाहे पिट तर दुइ असंख्येय कल्पसम्म पारमी पूरा गर्नुभएका यस्ता प्रत्येक-बुद्धको पात्रबाट भोजन खन्याई हिलो हाल्नु त सारै ठूलो अपराध हो । यसो त गर्नुहुन्न" भनी भन्दा उसमा पनि अलि चेतना आयो र दगुरेर गई "भन्ते ! एकछिन पर्खनुहोस्" भनी भिक्षापात्रबाट हिलो फ्याकी पात्र पखाली त्यसमा चतुमधु भरी राखिदिई । पात्रको चतुमधुबाट प्रकाश निस्केको देखी "भन्ते ! जस्तो यस भोजनबाट प्रकाश निस्क्यो । त्यस्तै गरी मेरो शरीरबाट पनि प्रकाश निस्कियोस्" भनी प्रार्थना गरी । यसको अनुमोदन गरी प्रत्येकबुद्ध आकाशतिर उडेर जानुभयो[१] ।

---

१. सं. नि. अ. क. II. पृ. १३८–३९: चीवरसुत्तवण्णना, कस्सप-संयुत्तं; मनो. र. पू. I. पृ. १८३–८४; थेर. गा. अ. क. II. पृ. ५०६–०७; अप. दा. अ. क. पृ. २१२–१३.

ती स्त्री पुरुष दुवैजना जीवित छउन्जेल कुशल-कर्म गरेर मृत्युपछि स्वर्गलोकमा उत्पन्न भए। त्यहाँबाट च्युत भई कश्यप बुद्धको पालामा फेरि वाराणसीमै जन्मे[१]।

उपासक हुने चाहिं वाराणसीको असी कोटी धन हुने एक सेठको घरमा जन्म्यो र उसकी भार्या हुने पनि त्यस्तै एक धनी सेठको कुलमा जन्मी। ठूलो भएपछि उपासकले उही सेठकी छोरीसँग विवाह गऱ्यो। उसलाई घरमा ल्याउँदा दैलोमा पुग्ने बित्तिकै मानो चर्पीको ढोका उघार्दा आउने दुर्गन्ध जस्तै उसले अघि गरेको कर्मको प्रभावद्वारा उसको शरीरबाट दुर्गन्ध आउनथाल्यो।

सेठको छोराले "यो कसको दुर्गन्ध हो?" भनी सोध्दा "सेठकी छोरीको हो" भन्ने सुनेपछि उसलाई त्यतिखेरै माइती घरमै फर्काइदियो। उ यस्तै गरी सात सात ठाउँबाट फर्की[२]।

त्यसबखत कश्यप बुद्धको परिनिर्वाण भयो। मानिसहरूले सुनको इँटबाट विशाल चैत्य बनाउनथाले। यो चैत्य बनाइरहेको बेलामा सो सेठकी छोरीले यस्तो विचार गरी[३]—

---

१. मनो. र. पू. I. पृ. १८४; थेर. गा. अ. क. II. पृ. ५०७; अप. दा. अ. क. पृ. २१३.

२. सं. नि. अ. क. II. पृ. १३९: चीवरसुत्तवण्णना, कस्सपसंयुत्तं; मनो. र. पू. I. पृ. १८४; थेर. गा. अ. क. II. पृ. ५०७; अप. दा. अ. क. पृ. २१३.

३. मनो. र. पू. I. पृ. १८४: महाकस्सपत्थेरवत्थु, एतदग्गवग्गपदवण्णना; थेर. गा. अ. क. II, पृ. ५०७: महाकस्सपत्थेरगाथावण्णना; अप. दा. अ. क. पृ. २१३: महाकस्सपथेरापदानं।

"यस्तै गरी सात सात ठाउँबाट फर्केर आइसकें । बाँचेर मलाई के मतलब र !" भनी आफूले लगाएका सुनका गहनाहरू गाली मुडी हात लामो, एकबित्ता चौडाई र चार औंला बाक्लो इँट बनाई । अनि हरितालको एक पिण्ड र आठवटा कमलको फूल हातमा लिई कश्यप बुद्धको चैत्य बनाइरहेको ठाउँमा गई । त्यसबेला चैत्य बनाइरहेको ठाउँमा एउटा इँट पुगेको थिएन । उसले सो नपुगेको ठाउँमा यही इँट राख भनी डकर्मीलाई भनी ।

"बडो ठूलो साइतमा यो इँट ल्यायौ । तिमीले नै राख" भनी डकर्मीले भन्यो । अनि उसले राम्ररी मिलाई इँट राखी आठवटा कमलका फूलहरू चढाई वन्दना गरी "जहाँ जहाँ म जन्मिनेछु त्यहाँ त्यहाँ मेरो शरीरबाट चन्दनको जस्तै र मुखबाट कमल फूलको जस्तै बासना निस्कियोस्" भनी प्रार्थना गरी चैत्यलाई वन्दना सहित प्रदक्षिणा गरी फर्की ।

अनि सोही समयमै जुन सेठको घरमा पहिलो पटक उ गएकी थिई सोही सेठको मनमा उसको सम्झना भयो । त्यसबखत नगरमा नक्षत्रक्रीडाको घोषणा पनि गरिएको थियो । अनि सेठले सेवकहरूसँग सोध्यो—

"त्यसबखत मैले ल्याएकी सेठकी छोरी आजकल कहाँ छिन् ?"

"स्वामी ! आफ्नै घरमा बसिरहेकी छिन् ।"

"उसलाई लिएर आओ, नक्षत्रक्रीडा गर्नेछु ।"

उनीहरू गई उसलाई ढोगी उभिएपछि सेठकी छोरीले "तात ! तिमीहरू किन आएका हौ ?" भनी सोधी ।

उनीहरूले सबै कुरा सुनाए ।

"तात ! मेरो सुनको गहनाले चैत्यपूजा गरिसकें । मसँग अहिले गहना छैन ।"

उनीहरू गई सेठको छोरालाई यो कुरा सुनाए ।

"उसलाई ल्याओ ! गहना दिइने छ ।"

उनीहरूले उसलाई ल्याए ।

उ घरमा पुग्नेबित्तिकै घरभरी चन्दनको र कमल फूलको जस्तै बासना आयो । सेठको छोराले उसँग सोध्यो—

"पहिले तिम्रो शरीरबाट दुर्गन्ध आउंदथ्यो । अहिले चाहिं तिम्रो शरीरबाट चन्दनको बासना र मुखबाट कमल फूलको बासना निस्किन्छ । यो कसरी भएको हो ?"

उसले शुरुदेखि आफूले गरेको कुरा जम्मै सुनाई ।

"बुद्धशासन भनेको नैर्याणिक छ" भन्दै अति प्रसन्न भई योजन प्रमाणिक सुवर्णमय चैत्यलाई कम्बलले छोपी ठाउँ ठाउँमा पांग्रा जत्रै सुनको कमल फूलले सिंगाऱ्यो । बाह्र बाह्र हात झुण्डिएको थियो[१] ।

---

१. सं. नि. अ. क. II. पृ. १३९–४०: चीवरसुत्तवण्णना; कस्सप-संयुत्त; मनो. र. पू. I. पृ. १८४–८५; थेर. गा. अ. क. II. पृ. ५०७–०८; अप. दा. अ. क. पृ. २१३–१४.

उनीहरू आयु छउँजेलसम्म यस लोकमा रही त्यसपछि स्वर्गलोकमा उत्पन्न भए। पुनः त्यहाँबाट च्युत भई सेठको छोरा हुने वाराणसीबाट योजन जति पर एक अमात्यको कुलमा जन्म्यो। सेठकी छोरी चाहिं देवलोकबाट च्युत भई राजकुलमा राजाकी जेठी छोरी भई जन्मी। यिनीहरू युवा युवती भएपछि कुमार बस्ने गाउँमा नक्षत्रक्रीडाको घोषणा भयो। कुमार आमालाई भन्दछ—

"आमा! मलाई कपडा दिनुहोस्। आमा! मलाई नक्षत्र खेल्न जान दिनुहोस्।"

उसले धोइराखेको कपडा दिई।

"आमा! यो त खस्रो छ।"

अर्को ल्याइदिई। त्यो पनि खस्रो छ भनी लिएन। अर्को ल्याइदिई। त्यो पनि लिएन। अनि आमा चाहिंले भनी "छोरा! जस्तो घरमा हामी जन्मेकाछौं यसभन्दा मिहीन कपडा पाउनसक्ने पुण्य हामीमा छैन।"

"आमा! पाउनसक्ने ठाउँमा जानेछु।"

"छोरा! म त आजै तिमीले वाराणसीको राज्य पाउन सक भन्ने चाहन्छु।"

अनि आमालाई ढोगी "आमा! म जान्छु" भनी कुमार भन्दछ।

"जाऊ।"

अनि उसको मनमा कहाँ जाऊँ के गरूँ, यहीं घरमै बस्नेहो कि भन्ने जस्तो कल्पना उठ्यो । तर उ आफ्नो पुण्यको प्रभावद्वारा घरबाट निस्की वाराणसीमा गई वाराणसीको उदयानमा मङ्गलमय ढुंगामा घुमुलुंग पारी ओडने ओढी सुत्यो । सो दिन चाहिं वाराणसी-का राजा परलोक भएको सातौं दिन भएको थियो । राजाको दाहसंस्कार गरी अमात्यहरू राजपटांगिनीमा भेला भई सल्लाहा गर्न थाले । राजाकी एउटी मात्र पुत्री छिन् छोरा छैन । राजा नभएको राष्ट्र धेरै टिक्दैन । को राजा हुन सक्ला ? तिमी हुन सक्छौ कि ? तिमी हुन सक्छौ कि ? भनी आपसमा कुरा गर्न थाले । यसपछि पुरोहितले यसो भने—

"धेरै हेरिरहनु ठीक छैन । पुष्परथ पठाउनेछु ।"

यति भनी सेता सेता चारवटा घोडाहरू नारेको रथमा पाँच ककुधभण्डहरू[1] र सेतो छत्र राखी तूर्यनाद गर्न लगाई त्यसको पछि पछि लागे । रथ पश्चिम ढोकाबाट निस्की उदयानतिर गयो । "परिचित अनुसार रथ उदयानमा जाँदैछ रोक्नुपर्‍यो" भनी केहीले भन्न थाले । "न रोक" भनी पुरोहितले भने । सुतिरहेका कुमारलाई रथले प्रदक्षिणा गरी चढनको लागि ठीक परि अडियो । घुमुलुंग पारी ओढिरहेको ओढनीको केही भाग पन्छाई पुरोहितले कुमारको पैताला हेरे ।

---

१. खड्ग, छत्र, मुकुट, पादुका र चमरलाई 'ककुधभण्ढ' भनी भन्दछन् ।

"यस द्वीपलाई मात्र होइन चारै महाद्वीपलाई राज्य गर्न सक्ने" भन्दै तीन पटकसम्म तूर्यनाद आदि बाजा बजाउन लगाए । अनि मुख उघारी "तिमीहरू किन यहाँ आएकाहौ ?" भनी कुमारले सोधे ।

"देव ! तपाइँलाई राज्य प्राप्त हुँदैछ ।"

"राजा कहाँ गए नि ?"

"स्वामी ! देवत्वमा गए ।"

"कतिदिन भयो त ?"

"आज सातौं दिन हो ।"

"छोरा छोरी छैनन् त ?"

"देव ! छोरी छिन् छोरा छैनन् ।"

"त्यसोभए राज्य गर्नेछु ।"

त्यसपछि तिनीहरूले तुरुन्तै अभिषेक मण्डप तयार पारी राजकुमारीलाई अलंकृत गरी उद्यानमा ल्याई कुमारलाई अभिषेक गरे । अभिषेकपछि एक लाख जाने वस्त्र ल्याए । "यो के हो ?" भनी राजाले सोधे ।

"देव ! लगाउने लुगा हो ।"

"तात ! यो खस्रो छ नि ।"

"देव ! मनुष्यहरूले लगाउने वस्त्रहरूमध्येमा योभन्दा मसीनो वस्त्र अर्को छैन ।"

"तिमीहरूका राजाले यस्तै लगाउँदथे ?"

"हो, देव !"

"लाग्छ कि तिमीहरूका राजा त्यति पुण्यवान् थिएनन् ।"

यती भनी सुनको कलश ल्याउन लगाई आसनबाट उठी हात धोई मुख कुल्ला गरी हातमा पानी लिई पूर्वदिशातिर छर्के। अनि पृथ्वी फुटाली आठवटा कल्पवृक्षहरू निस्के। यस्तैगरी दक्षिण, पश्चिम र उत्तरदिशातिर पानी छर्के। सबै ठाउँबाट आठ आठवटा कल्पवृक्षहरू निस्के। यसरी जम्मा ३२ वटा कल्पवृक्षहरू भए। अनि एउटा दिव्यवस्त्र लगाई एउटा ओढी "नन्दराजाको राज्यमा धागो काट्ने स्त्रीहरूले आजदेखि धागो काट्न पर्दैन" भनी झ्यालि पिटाइ देऊ भनि आज्ञा दिई छत्र ओढी अलंकृत भई हात्तीमा बसी नगरमा गई राजदरबार भित्र पसी महान सम्पत्तिको अनुभव गरे।

यसरी दिन बित्दै गएपछि राजाको श्रीसम्पत्ति हेरी एकदिन देवीले "अहो तपस्वी!" भन्दै राजामाथि करुणा देखाउनु भयो।

"देवी! यो के भनेकी?" भनी सोध्दा "देव! तपाईंको श्रीसम्पत्ति अति महान छ। अतीत समयमा बुद्धहरू प्रति श्रद्धा राखी कल्याणकार्य गर्नुभयो। भविष्यको लागि हेतु हुने गरी अहिले चाहिं कुशलकर्म गर्नुहुन्न।"

"कसलाई दिने र शीलवान्हरू नै छैनन्।"

"देव! जम्बुद्वीप अरहन्तहरूले खाली छैन। तपाईंले दानदिने तयारी गर्नुहोस्। अरहन्तहरू म ल्याउनेछु।"

भोलिपल्ट राजाले पूर्वदिशातिर दानको तयारी गरे। देवीले बिहान सबेरै उपोसथ-शील अधिष्ठान गरिन्। पछि प्रासादको माथि गई पूर्वतिर हेरी छाती भूइमा राखी "यदि यस दिशामा अरहन्तहरू

हुनुहुन्छ भने हाम्रो भिक्षाभोजन गर्न आउनुहोस्" भनी हातजोरी प्रार्थना गरिन्। त्यस दिशामा अरहन्तहरू थिएनन्। त्यो तयार पारिएका दानवस्तुहरू याचक गरीबहरूलाई दिइन्। अर्को दिनमा दक्षिण दिशातिर दानको तयारी गरी त्यस्तैगरी प्रार्थना गरिन्। यस्तै अर्को दिनमा पश्चिम दिशातिर, अर्को दिनमा उत्तर दिशातिर दानको तयारी गरी त्यस्तै प्रकारले प्रार्थना गरिन्। हिमालतिर बसेका पद्मावतीका छोराहरू[१] पाँचशय प्रत्येकबुद्धहरूका जेठा हुनुभएका महापद्म प्रत्येकबुद्धले भाइहरूलाई सम्बोधन गरे—

"मारिष! नन्दराजाले तिमीहरूलाई निम्त्याउदै छन्। उनको निम्तो स्वीकार गर।"

निम्तो स्वीकारी उनीहरू भोलिपल्ट अनोतप्तदहमा मुख धोई आकाशमार्गबाट आई उत्तरद्वारनिर ओर्ले। मानिसहरू गई "महाराज! पाँचशय प्रत्येकबुद्धहरू आउनुभएको छ" भनी राजालाई बिन्ति गरे।

अनि रानीसँगै राजा गई प्रत्येकबुद्धहरूलाई वन्दना गरी पात्र लिई वहाँहरूलाई प्रासादमाथि लगी दान दिई राजाले संघ स्थविरको चरणमा र रानीले संघ नवकको चरणमा ढोगी "आर्यहो! तपाईंहरूलाई प्रत्ययहरूबाट कष्ट नहोस् र हामी पनि पुण्यबाट वञ्चित

---

१. यी पद्मावती भनेकी को हुन् र यिनका छोराहरू भनेका को हुन् भन्ने कुरा उप्पलवण्णा थेरीगाथट्ठकथा पृ. १४५–५० मा उल्लेख भएको छ।

हुन नपरोस् । जीवनभर यहीं बस्ने वचन दिनुहोस्" भनी प्रार्थना गरी वहाँहरूको वचन प्राप्त गरे । त्यसपछि उद्यानमा पाँचशय पर्णशाला-हरू, पाँचशय चंक्रमणशालाहरू र अरू आवश्यक स्थानहरू बनाई वहाँहरूलाई त्यहाँ राखे ।

यसरी दिन बित्दै गइरहेको बेलामा प्रत्यन्ततिर अशान्ति भयो । अनि महारानीलाई "म प्रत्यन्तमा शान्ति गरेर आउनेछु । तिमीले प्रत्येकबुद्धहरूको हेरविचार गर्नू" भनी राजा गए । राजा फर्केर आइनपुग्दै प्रत्येकबुद्धहरूको आयुसंस्कार सिद्धियो । महापद्म प्रत्येक-बुद्ध रातभरी ध्यानक्रिडामा रही सूर्योदय हुने बेलामा अडेसलिने फलेकमा अडेस लिई उभिएर नै अनुपादिशेष निर्वाण धातुमा परिनिर्वाण हुनुभयो । यस्तैगरी बाँकी प्रत्येकबुद्धहरू पनि परिनिर्वाण हुनुभयो ।

अर्को दिनमा प्रत्येकबुद्धहरूलाई आसन लगाउने ठाउँमा लिप-पोत गरी फूलहरू छरी धूपबत्ती बाली वहाँहरूको प्रतीक्षामा महारानी बसिरहिन् । धेरैबेरसम्म पनि वहाँहरू नआएपछि एक पुरुषलाई "वहाँहरू किन नआउनुभएको होला हेरेर आऊ । शायद वहाँहरूलाई संचो भएन कि" भनी हेर्न पठाइन् । अनि वहाँ गई महापद्मको पर्णशालाको ढोका उघारी हेर्दा त्यहाँ नदेखी चंक्रमणशालामा जाँदा फलेकमा अडेस लिई उभिइरहनु भएको देखी वन्दना गरी "भन्ते ! भोजनको समय भयो" भनी निवेदन गऱ्यो । परिनिर्वाण भएको शरीरले के जवाफ दिन्थ्यो । निदाइरहनु भएको हो कि भनी नजीक गई वहाँको पैताला छुँदा पैताला चीसो र सारो भएको बुझी "परिनिर्वाण

भइसक्नु भएको रहेछ" भन्ने थाहापाइ दोस्रोकहाँ गयो। वहाँ पनि परिनिर्वाण भइसकेको बुझ्यो। यस्तैगरी सबै परिनिर्वाण भइसकेको बुझी राजदरबारमा जाँदा "खोई प्रत्येकबुद्धहरू ?" भनी सोध्दा "वहाँहरू सबै परिनिर्वाण भइसक्नु भएछ" भनी बिन्ति गऱ्यो।

महारानी रोई कराई जनतासँग त्यहाँ गई साधुक्रुडा गराई प्रत्येकबुद्धहरूको दाहसंस्कार गरी धातुहरू बटुली महारानीले चैत्य बनाउन लगाइन्।

प्रत्यन्तमा शान्त गरी राजा फर्केर आउँदा बाटो हेर्न गएकी महारानीसँग "प्रत्येकबुद्धहरूको राम्ररी हेर विचार गऱ्यौ त ? वहाँहरू संचै हुनुहुन्छ होइन त ?" भनी सोध्दा "वहाँहरू परिनिर्वाण भइसक्नुभयो" भनिन्। अनि राजाले विचार गरे "यस्ता पण्डितहरूको त मरण हुन्छ भने हामीहरू कसरी मुक्त हुन सकौंला ?" अनि राजा नगरमा नगई उदयानमा गए। अनि जेठा छोरालाई बोलाउन पठाई उनलाई राज्य सुम्पी स्वयं श्रमण भएर प्रव्रजित भए। "वहाँ प्रव्रजित भएपछि म मात्र यहाँ के गरी बसूँ" भन्दै महारानी पनि उदयानमै प्रव्रजित भइन्। पछि ध्यान लाभ गरी मरणपछि दुबैजना ब्रह्मलोकमा उत्पन्न भए[१]।

× × ×

१. सं. नि. अ. क. II. पृ. १४२–४३; चीवरसुत्तवण्णना, कस्सप-संयुत्त; मनो. र. पू. I. पृ. १८८–९०; थेर. गा. अ. क. II. पृ. ५११–१३; अप. दा. अ. क. पृ. २१६–१७.

वर्तमान कथा

यी महाकश्यप हुने पुरुष शाक्यमुनि बुद्धले बुद्धत्व प्राप्त गर्नुभन्दा अगाडिनै मगध राष्ट्रको महातीर्थ भन्ने ब्राह्मण गाउंमा कपिल भन्ने ब्राह्मणकी पत्नीको कोखबाट जन्मेका हुन्[1]। यिनको माताको नाम सुमनदेवी र पिताको नाम कौशिक ब्राह्मण थियो भनी भद्रा कापिलानी स्थविराले आफ्नो अपदानमा बताएकीछन्[2]। यिनका आमा बाबुहरूले यिनलाई 'पिप्फली' भन्ने नाम राखेका थिए[3]।

मद्द राष्ट्रको शागल नगरका कौशिक[4] ब्राह्मणकी पत्नीबाट जन्मेकी भद्रा कापिलानीसँग २० वर्षको उमेरमा यिनको विवाह

---

१. सं. नि. अ. क. II. पृ. १४३: चीवरसुत्तवण्णना, कस्सपसंयुत्तं; मनो. र. पू. I. पृ. १९०; थेर. गा. अ. क. II. पृ. ५१३; अप. दा. अ. क. पृ. २१७.

२. थेरी. अप. दा. पा. पृ. २५८: गा. नं. ५६.

३. चतुभाणवारट्ठकथा पृ. १५७: बोज्झङ्गसुत्तवण्णना।

४. थेरी. अप. दा. पा. पृ. २५८, गा. नं. ५७ ले भने 'कपिल' ब्राह्मण भनी उल्लेख गरेको छ।

भएको थियो । त्यतिखेर भद्रा कापिलानी १६ वर्षकी थिइन् [१] ।

अनि शाक्यमुनि बुद्ध भगवानूको शिष्य भएपछि यिनलाई भिक्षुहरूले गोत्रको नामबाट 'कश्यप' भन्नथाले[२] । उरुवेल कश्यप, नदी कश्यप, गया कश्यप तथा कुमार कश्यप आदिहरूसँग भिन्नता देखाउन यिनलाई 'महाकश्यप' भनिएको हो[३] । यिनी धुताङ्गधारी भिक्षुहरू मध्येमा सर्वश्रेष्ठ थिए[४] । १२० वर्षको उमेरमा[५] यिनको देहान्त भएको थियो[६] ।

जन्म र नामकरण

तिनीहरू त्यहाँ (ब्रह्मलोकमा) बसिरहँदा हाम्रा शास्ता लोकमा

---

१. "पिप्फली माणवस्स वीसतिमे वस्से भद्दाय सोलसमे वस्से" भनी सं. नि. अ. क. II. पृ. १४३: चीवरसुत्तवण्णना, कस्सपसंयुत्तं; मनो. र. पू. I. पृ. १९; थेर. गा. अ. क. II. पृ. ५१२ र अप. दा. अ. क. पृ. २१७: ले उल्लेख गरेका छन् ।

२. चतु. भा. अ. क. पृ. १५७: बोज्झङ्गसुत्तवण्णना ।

३. चतु. भा. अ. क. पृ. १५७: बोज्झङ्गसुत्तवण्णना ।

४. अं. नि–१, पृ. २३: एतदग्गवग्गो ।

५. सुमं. वि. II. पृ. ९९: महापदानसुत्तवण्णना ।

६. सुमं. वि. II. पृ. ३२८ महापरिनिब्बानसुत्तवण्णना; लेखकको बु. रा. भा–२, पृ. ६२.

उत्पन्न भई धर्मचक्र प्रवर्तन गरी क्रमशः राजगृहमा जानुभयो[१]।

मगध राष्ट्रमा महातीर्थ भन्ने ब्राह्मण गाउँ थियो। त्यहाँ एक धनाढ्य कपिल भन्ने ब्राह्मण थिए। उसको पत्नी सुमनदेवी थिइन्। यिनीहरूको तरफबाट एक पुत्र जन्म्यो। जसको नाम 'पिप्फलि' राखियो।

विवाह

ठूलो भएपछि यिनका आमा-बाबुहरूले यिनलाई "बाबु! तिमी ठूलो भयौ। अब विवाह गरी कुलवंश रक्षा गर्नुपर्छ" भन्ने कुरा सुनाए। यो सुनेर पिप्फलि भन्दछन्—

"मलाई यस्तो कुरा नसुनाउनुहोस्। तपाईंहरू छउञ्जेलसम्म म तपाईंहरूको सेवाटहल गर्नेछु। तपाईंहरू नभएपछि घर त्यागी प्रव्रजित हुनेछु।"

केही दिनपछि उनीहरूले फेरि त्यही कुरा सुनाए। उनले पनि त्यसरी नै जवाफ दिए। फेरि पनि भने। फेरि पनि त्यस्तै गरी प्रतिक्षेप गरे। यसपछि आमा चाहिँले सँधैंभरी यही कुरा मात्र भन्नथाली।

"मेरी आमालाई सम्झाउनुपर्‍यो" भन्ने विचार गरी माणवले धेरै असर्फीहरू दिई एक सुनारलाई भनी एउटी स्त्रीरूप बनाउन लगायो। पालिस आदि लगाउने काम जम्मै सिद्धिएपछि त्यो मूर्तिलाई रातो बस्त्र

---

१. "तेसु तत्थेव वसन्तेसु अम्हाकं सत्था लोके उप्पज्जित्वा पवत्तवर-धम्मचक्को अनुपुब्बेन राजगहं पाविसि" भनी सं. नि. अ. क. II. पृ. १४३: चीवरसुत्तवण्णना, कस्सपसंयुत्त; मनो. र. पू. I.

पृ. १९०; थेर. गा. अ. क. II. पृ. ५१३ र अप. दा. अ. क. पृ. २१७ ले उल्लेख गरेका छन् ।

तर यिनको जीवनका घटनाक्रमहरू अध्ययन गर्दा यिनी बुद्धले बुद्धत्व प्राप्त गर्नुभन्दा अगावै जन्मेका हुन् भनी भन्नुपर्छ । किनभने दीर्घनिकायको महापदानसूत्रको अर्थकथाले यिनको आयु प्रमाण १२० वर्ष उल्लेख गरेको छ । उता अजातशत्रु राजाको पालामा राजगृहमा धातुनिधान गरिसकेपछि मात्र यिनको देहान्त भएको कुरा महापरिनिर्वाणसूत्रवर्णनाले जनाएको छ । तर त्यहाँ कहिले देहान्त भयो भन्ने कुरा चाहिं उल्लेख भएको पाइँदैन । यही कुरा लेखकको बु. रा. भा–२, पृ. ६२ मा पनि उल्लेख भएको छ । हामीले यो पनि बिर्सनु हुन्न कि यिनको विवाह २० वर्षको उमेरमा भएको थियो । अजातशत्रु राजाले धातुनिधान गर्दा पनि यिनी थिए ।

यदि यिनको आयु १२० वर्ष हो भने बुद्धको आयु केवल ८० मात्र थियो । बुद्धभन्दा यिनी ४० वर्षले जेठा देखिन्छन् । अतः यिनको जन्म बुद्धले बुद्धत्व प्राप्ति गर्नुभन्दा अगाडि नै भएको हुनुपर्छ । न कि संयुत्तट्ठकथा आदि अट्ठकथाहरूले उल्लेख गरे कैं ।

यदि यिनीहरू ब्रह्मलोकमा छँदा नै बुद्ध राजगृहमा जानुभएको हो भने यिनको जन्म कहिले भयो त भन्ने प्रश्न उठ्दछ ।

बुद्धभन्दा महाकश्यप स्थविर जेठा छन् भन्ने कुरा सं. नि. II. पृ. १६९ को जिण्णसुत्तमा भगवान्ले वहाँलाई "तिमी अहिले बुढो भइसक्यौ" भन्ने वाक्यबाट पनि संकेत मिल्छ ।

लगाई अनेक फूलहरूले सजाए। त्यसपछि आमा चाहिंलाई "आमा! यस्तै स्त्री पाएमा घरमा बस्नेछु नत्र बस्नेछैन" भनी भने।

पण्डित भएकी ब्राह्मणीले यस्तो सोचिन्—

"मेरो छोरा पुण्यवान् हुनुपर्छ। दान दिएर आएको हुनुपर्छ। प्रार्थना गरेर आएको हुनुपर्छ। अघिल्लो जन्ममा पुण्य गर्दा एकलैले गरेको होओइन होला। अवश्य पनि यसले पुण्य गर्दा साथमा कोही थियो होला। यस्तै सुवर्णरूप जस्ती कुमारी थिई होली।"

यति सोची आठजना ब्राह्मणहरूलाई बोलाई मानसत्कार गरी सुवर्णरूप रथमा राखी "हे ब्राह्मणहो! जाऊ, हाम्रो जाति तथा यशऐश्वर्यसँग मिल्ने कुलबाट यस्ती कन्या खोज। यही सुनको मूर्ति उपहार देऊ" भनी पठाइन्। त्यसबखत माणवको उमेर २० वर्षको थियो।

"यो हामीहरूको काम हो" भनी उनीहरू घरबाट निस्के। अनि आपसमा कहाँ कुन देशमा जाने भनी उनीहरूले सल्लाहा गरे। "मद्र देश भनेको स्त्रीहरूको खानी हो त्यहाँ जाऔं" भनी उनीहरू मद्र देशको शागल नगर तिर लागे। अनि नुहाउने तीर्थस्थान एकापट्टि त्यो मूर्ति राखी उनीहरू अर्कोपट्टि बसे।

मद्र देशको शागल नगरमा असंख्य धनसम्पत्ति हुने कौशिक गोत्रीय ब्राह्मणकी सुचीमती[1] भन्ने भार्या थिइन्। यिनीहरूको भद्रा कापिलानी भन्ने छोरी थिइन्। उनी भरखरै १६ वर्ष पुगेकी थिइन्।

---

१. थेरी. अप. दा. पा. पृ. २५०, गा. नं. ५१: भद्दाकापिलानीथेरी-अपदानं।

अनि भद्रालाई नदीमा लगी नुहाई अलंकृत पारी कोठामा राखी भद्राका धाईहरू नुहाउन नदीमा गए। उनीहरूले त्यहाँ त्यो सुवर्णको रूप देखी "आर्यपुत्री फेरि यहाँ आएकी रहिछिन्" भन्ने ठानी एउटीले "दूर्विनीता किन फेरि यहाँ आएकी" भनी हप्काई गालामा हिर्काउँदा ढुंगामा हिर्काएको जस्तो अनुभव गरी। "यस्तो सारो ठूलो गर्धन भएको देख्दा मैले त आफ्नी मालिकनी पो भन्ने ठानेकी। यो त मेरी मालिकनीको दासी जस्ती पनि छैन।"

अनि उसलाई ती मानिसहरूले घेरी "तिम्री मालिकनी यस्ती छिन् ?" भनी सोधे।

"यो त के ! यो रूपभन्दा मेरी मालिकनीको रूप हजारगुना बढी सुन्दर छ[1]। अँध्यारो कोठामा बस्दा बाह्रहातसम्म बत्ती चाहिन्न। वहाँको शरीरको तेजले नै अन्धकार नाश हुन्छ।"

त्यसोभए "उनका आमा-बाबुहरूकहाँ जाऔं" भनी सुवर्णरूप रथमा राखी उनीहरू दासीसँगै कौशिक गोत्रीय ब्राह्मणको घरको ढोकामा उभिई आएको खबर भन्न पठाए[2]। अनि ब्राह्मणले उनीहरूसँग कुशलवार्ता गरी "तपाईंहरू कहाँबाट आउनु भएको हो ?" भनी सोध्यो।

---

१. सं. नि. अ. क. II. पृ. १४३–४४: चीवरसुत्तवण्णना, कस्सपसंयुत्तं; मनो. र. पू. I. पृ. १९०–९२; थेर. गा. अ. क. II. पृ. ५१३–१५ र अप. दा. अ. क. पृ. २१७–१८.

२. अप. दा. अ. क. पृ. २१८: महाकस्सपथेरापदानं।

"मगध राष्ट्रको महातीर्थ गाउँको कपिल ब्राह्मणको घरबाट।"

"किन आउनु भएको नि ?"

"यो यो कारणले आएका ह्वौं।"

"ब्राह्मणहो ! रात्रं गर्नुभयो। समजाति, गोत्र, धन र वैभव भएका ब्राह्मणलाई हामी छोरी दिन्छौं" भनी उपहार लियो[१]।

अनि ती ब्राह्मणहरूले कपिल ब्राह्मणलाई पत्र पठाए—"हामीले भद्रा भन्ने कन्या पायौं। अब त्यहाँ चाहिने बन्दोबस्त मिलाउनुहोस्[२]।"

यो समाचार सुनी पिप्फलि माणवलाई "केटी पाइयो" भनी सुनाए। यो सुनेर "त्यस्तै सुन्दरी पाइने छैन होला भन्ने ठानेको त यिनीहरू 'पायौं' भनी भन्दछन्" भनी "आफ्नो इच्छा नभएको कुरा लेख्नपर्‍यो" भन्ने ठानी पिप्फलि माणवले रहस्य रूपले पत्र लेखे—

"भद्रे ! आफ्नो जाति, गोत्र तथा भोगसम्पत्ति अनुरूपको घर मिलोस्। म त घरबाट निस्की प्रव्रजित हुनेछु। पछि पश्चात्ताप गर्न नपरोस्।"

"मलाई फलानालाई दिन चाहन्छन्" भन्ने कुरा सुनी भद्राले पनि पत्र लेखिन्—"आर्यपुत्र ! आफ्नो जाति, गोत्र तथा यश अनुरूपको

१. सं. नि. अ. क. II. पृ. १४४; मनो. र. पू. I. पृ. १९२; थेर. गा. अ. क. II. पृ. ५१५ र अप. दा. अ. क. पृ. २१८.

२. अप. दा. अ. क. पृ. २१८: महाकस्सपथेरापदानं।

केटीसँग तपाईंको घरजम होओस् म घरछाडी प्रव्रजित हुनेछु। पछि पश्चात्ताप गर्न नपरोस्।"

दुबै पत्रवाहकहरू बाटामा भेटिए।

"यो कसको पत्र हो?"

"पिप्फलि माणवक को।"

"यो कसको पत्र हो त?"

"भद्रा को।"

अनि उनीहरू दुबैले पत्रहरू पढेर हेरे।

"हेर यी केटा-केटीहरूको पत्र!" भनी पत्र च्याती सुहाउँदो किसिमको भिन्नाभिन्नै पत्र लेखी लिएर गए। उनीहरूको इच्छा नहुँदा नहुँदै उनीहरूको सम्बन्ध भयो[1]।

सोही दिनमा माणवले फूलको एक माला बनाएर राखे। भद्राले पनि त्यस्तै गरिन्। दुबैजनाले आ-आफ्नो फूलमाला खाटको बीचमा राखे। रातको खानापछि दुबैजना कोठामा गई माणव दाहिनेबाट खाटमा चढे। भद्रा देब्रेपट्टिबाट खाटमा चढेर भनिन्—

"जसपट्टिको फूल ओइलिन्छ उसको मनमा रागचित्त उत्पन्न भएको कुरा प्रष्ट हुनेछ। यो फूलमाला छुन हुन्न।"

---

१. सं. नि. अ. क. II. पृ. १४४; मनो. र. पू. I. पृ. १९२–९३; थेर. गा. अ. क. II. पृ. ५१५–१६ र अप. दा. अ. क. पृ. २१८.

परस्पर छोइएला भन्ने डरले उनीहरू रातभरी ननिदाइकनँ रहे। उनीहरू दिनमा पनि परस्पर हाँस्नसम्म पनि हाँस्दैन थिए। उनीहरू लोकामिसबाट निर्लिप्त थिए। अर्थात् उनीहरूमा रत्तिमात्र पनि कामवासना थिएन। आमा-बाबुहरू रहुञ्जेलसम्म घरको कुनै कामकाज हेरेनन्। उनीहरू परलोक भएपछि मात्र घरको कामकाज हेर्न थाले।

माणव धेरै धनी थिए। जसले नुहाउँदा सुनको धूलो प्रयोग गर्दथे। एकदिनमै सो फाल्नुपर्ने सुवर्णचूर्ण मगध नालीले (कुरवाले) बाह्र नाली हुन्थ्यो। यन्त्र जडिएका तलाउहरू साठीवटा (६०) थिए। बाह्र योजन खेत थियो। अनुराधपुर जत्रा चौधवटा (१४) दास गाउँहरू थिए। चौधवटा (१४) हात्तीसार, चौधवटा तबेलाहरू र चौधवटा रथागारहरू थिए[१]। मनोरथ पूरणीले चाहिं ८७[२] कोटी धन पनि थियो भनी उल्लेख गरेको छ।

× × ×

---

१. सं. नि. अ. क. II. पृ. १४४–४५; मनो. र. पू. I. पृ. १९३; थेर. गा. अ. क. II. पृ. ५१६ र अप. दा. अ. क. पृ. २१९.

२. अप. दा. पा. पृ. ४१: महाकस्सपथेर अपदानमा चाहिं ८० कोटी भनी उल्लेख भएको छ।

गृहत्याग

एकदिन, मानिसहरूले घेरा लगाई अलंकृत घोडामा चढी खेतमा गई खेतको एक छेउमा उभिदा हलोबाट फुटालिएको माटोबाट कौवा आदि चराहरूले कीराहरू खाइरहेको देखी—

"तात ! यिनीहरूले के खाँदछन्" भनी सोधे ।

"आर्य ! कीराहरू ।"

"यिनीहरूले गरेको पाप कसलाई लाग्छ त ?"

"आर्य ! तपाईंलाई ।"

यो सुनेर उनले विचार गरे—"यिनीहरूले गरेको पाप मलाई लाग्छ भने मेरो यो ८७ कोटी धनले मलाई के गर्न सक्छ र। १२ योजन खेतले के गर्ला र। यन्त्र राखिएका यी साठी तलाउहरूले के गर्छन् र। यी १४ वटा गाउँहरूले के गर्छन् र। यी सबै भद्रालाई सुम्पी घर छाडेर प्रव्रजित हुनेछु ।"

उता भद्रा कापिलानी पनि सो समयमा भित्र भएका वस्तुहरू-मध्ये तीनवटा घैंटाहरू निकाली तीलहरू सुकाई धाईहरूले घेरा लगाई बसिरहेको बेलामा कौवाहरूले तीलमा रहेका कीराहरू खाइरहेको देखेर "अम्मे ! यिनीहरू के खाँदछन्" भनी उनले सोधिन् ।

"आर्या ! कीराहरू ।"

"कसलाई पाप लाग्छ त ?"

"आर्या ! तपाईंलाई ।"

अनि उनले सोचिन्—"मलाई चार हातको कपडा र एकनाली (=कुरुवा) भात भए पुग्छ । यदि यिनीहरूले गरेको पाप मलाई लाग्छ भने हजार जन्ममा पनि मैले आफ्नो शीर ठाडो पार्न सक्नेछैन । सबै सम्पत्ति आर्यलाई नै जिम्मा लगाई घरबाट निस्की प्रव्रजित हुनेछु ।"

माणव आई नुहाई श्रेष्ठ प्रासादमाथि गई ठूलो आसनमा बसे । अनि उनको लागि चक्रवर्ती राजालाई झैं भोजन तयार गरे । दुबैजनाले भोजन गरे । सबै मानिसहरू निस्केपछि सजिलो ठाउँमा बसे । अनि माणवले भद्रालाई भने—

"भद्रे ! यो घरमा आउँदा तिमीले कति धनसम्पत्ति ल्याएकी थियौ ?"

"आर्य ! पचपन्न हजार गाडाहरू ।"

"यी सबै र जो यस घरमा ८७ कोटी तथा यन्त्र राखिएका साठी तलाउहरू आदि सम्पत्ति छन् ती सबै तिमीलाई जिम्मा दिनेछु ।"

"आर्य ! तपाईं के गर्नुहुन्छ नि ?"

"म प्रव्रजित हुनेछु ।"

"आर्य ! म पनि तपाईंकै प्रतीक्षामा बसिरहेकी थिएँ । म पनि प्रव्रजित हुनेछु ।"

उनीहरूलाई यी तीनैलोक आगोलागेको पर्णकुटी जस्तै लाग्यो । अनि उनीहरूले बजारबाट काषायवस्त्र र माटाका भिक्षापात्र ल्याउन

लगाई उसले उसको उसले उसको केश काटी "यो लोकमा जो अरहन्त हुनुहुन्छ वहाँको उद्देश्यले हाम्रो यो प्रव्रज्या हुनेछ" भनी प्रव्रजित भई झोलीमा भिक्षापात्र राखी कांधमा झुण्डयाई प्रासादबाट ओर्ल्हे ।

घरका दास कामदारहरू कसैले पनि चिन्न सकेनन् । अनि उनीहरू ब्राह्मण गाउँबाट निस्की दास गाउँको ढोकाबाट गइरहेको बेलामा उनीहरूको हाउभाउ र छाँटकाँट देखी दास गाउँका मानिस-हरूले चिने । उनीहरू रुँदै कराउँदै "भो आर्य ! के हामीलाई अनाथ बनाउनुहुन्छ ?" भनी भने ।

"भणे ! यी तीनै लोक बलिरहेको पर्णशाला जस्तै हुन्" भन्ने लागी हामी प्रव्रजित भएका ह्वौं । यदि तिमीहरू एक एक जनालाई स्वतन्त्र गर्ने हो भने शय वर्षले पनि भ्याउने छैन । अतः तिमीहरूले नै आफ्नो कपाल धोई स्वतन्त्र भएर जीविका गर" भनी रोइरहेका उनीहरूलाई छाडेर गए ।

अगाडि गइरहेका पिप्फलिले पछाडिपट्टि हेरेर विचार गरे— "यी भद्रा कापिलानी जम्बुद्वीपकी सबभन्दा राम्री स्त्री हुन् । यी मेरो पछि पछि लाग्दैछिन् । शायद यो देखेर कसैको मनमा यस्तो लाग्न सक्छ—

"प्रव्रजित भएर पनि यिनीहरू अलग हुन सक्दैनन् ।"

कोही कोही यस्तो देखेर मन विगारी अपायमा पनि जान सक्छन् । यसलाई छाडेर जानुपर्‍यो भन्ने मनमा राखे ।

अगाडि जाँदा जाँदा एक दोबाटोमा पुगी त्यहाँ उभिए । भद्रा आई वन्दना गरी उभिइन् । अनि उनलाई भने "भद्रे ! तिमी जस्तो

स्त्री मेरो पछाडि लागिरहेको देखेर 'प्रव्रजित भएर पनि यिनीहरू अलग हुन सक्दैनन्' भन्ने सोची हामीमाथि मन बिगारी महाजनहरू अपायमा पुग्नेछन् । यी दुइवटा बाटामध्ये तिमी एउटा बाटो लाग र अर्को बाटोमा म लाग्नेछु ।"

"हो आर्य ! प्रव्रजितहरूको लागि आइमाईहरू मैला जस्तै हुन् । प्रव्रजित भएर पनि अलग हुन सक्दैनन् भनी मानिसहरूले हामीहरूको दोष देख्नेछन् । अतः तपाईंले एउटा बाटो लिनुहोस् । अलग हुनेछौं" भनी तीनपटक प्रदक्षिणा गरी चारैतिरबाट पञ्चाङ्ग प्रतिष्ठित गरी वन्दना गरी दश औंला जोरी बिन्ति गरी "एकलाख कल्पदेखि रहिआएको मित्रसंसर्ग आजदेखि छुटने छ" भनी निवेदन गरिन् । फेरि—"तपाईं दाहिने जातिको हुनुहुन्छ । अतः तपाईं दाहिनेतिर लाग्नुहोस् । हामी आइमाईहरूलाई बायाँ बाटो ठीक छ" भनी वन्दना गरी भद्रा बायाँ बाटो लागिन् ।

यिनीहरू दुइतिर लागेको बेलामा "म चक्रवाड पर्वतहरू धारण गर्न सक्छु तर तपाईंहरूको यो गुण धारण गर्न सक्दिन" भने जस्तो गरी कराई यो पृथ्वी कम्पन भयो । आकाशमा बज्रको आवाज जस्तो बतास चल्यो । चक्रवाडका पहाड पर्वतहरू गर्जे[१] ।

× × ×

---

२. सं. नि. अ.क. II. पृ. १४५–४६ चीवरसुत्तवण्णना, कस्सपसंयुत्त ; मनो. र. पू. I. पृ. १९४–९६; थेर. गा. अ. क. II. पृ. ५१६–१९ र अप. दा. अ. क. पृ. २१९–२०.

बुद्धद्वारा संग्रह

धर्मचक्र प्रवर्तनपछि क्रमशः राजगृहमा जानुभएका सम्यक्-सम्बुद्ध वेणुवन महाविहारको गन्धकुटीमा बसिरहनुभएको थियो। जब वहाँले भूकम्प भएको आवाज सुन्नुभयो तब "किन भूकम्प भएको रहेछ?" भनी ध्यानद्वारा आवर्जन गर्दा "पिप्फलि माणव र भद्रा कापिलानी मेरो उद्देश्यले (=मलाई लक्षित गरी) अप्रमेय सम्पत्ति त्यागी प्रव्रजित भएका रहेछन्। उनीहरू अलग भएको बेलामा दुबैजनाको प्रभावले यो पृथ्वी कम्पित भएको हो" भन्ने कुरा थाहापाउनुभयो। अनि वहाँले "मैले पनि यिनीहरूको संग्रह गर्नुपर्छ" भन्ने ठानी गन्धकुटीबाट निस्की स्वयं पात्र-चीवर ग्रहण गरी असीति महास्थविरहरूमध्ये कसैलाई नबोलाई तीन गाउत बाटो काटी बाटो हेर्न जानुभयो[1]। अनि राजगृह

---

१. भगवान् बुद्धले धर्म प्रति गौरब राखी संग्रह गर्ने विचारले धर्मावबोध गर्न सक्नेहरूको निमित्त बाटो हेर्न जानुभएको घटना यो मात्र होइन अरू पनि छन्। जस्तै—आलवक यक्षको लागि ३० योजन, अङ्गुलिमालको लागि ३० योजन, पुक्कुसातिको लागि ४५ योजन, महाकप्पिनको लागि १२० योजन, धनियको लागि ७०० योजन र वनवासितिस्स श्रामणेरको लागि १२० योजन र तीन गाउत बाटो जानुभएको थियो भनी सुमं. वि. I. पृ. २६४: अम्बट्ठसुत्तवण्णना, पपं. सू. II. पृ. ११२: रथविनीतसुत्तवण्णना र सुत्त. नि. अ. क. II. पृ. २१७: सेलसुत्तवण्णनाहरूले उल्लेख गरेका छन्।

र नालन्दाको बीचमा बहुपुत्रक न्यग्रोध (=बरको) रुखमनि पलेटि-मारी बस्नुभयो। त्यसबखत वहाँ कुनै एक साधारण पंसुकूलिक भिक्षुको रूपमा बस्नु नभई बुद्धभेष धारण गरी ८० हात टाढासम्म बाक्लो बुद्धरश्मी फैलाई बस्नुभएको थियो[१]।

त्यसबखत कूटागार प्रमाणको रश्मी यत्र-तत्र फैलिई सूर्यचन्द्रको तेज जस्तै गरी त्यो बनान्तर जम्मै उज्यालो भएको थियो। बत्तीस महापुरुष लक्षणले प्रभाश्वर भएका तारागणहरू चम्के जस्तै भगवान्को शरीर चम्किरहेको थियो। न्यग्रोध वृक्षको स्कन्ध सेतो देखिन्थ्यो, पातहरू नीला नीला देखिन्थे र फलहरू राता राता देखिन्थे। त्यसबखत न्यग्रोधरुख सुवर्ण बर्ण देखिन्थ्यो[२]।

यतिखेर पिप्फलिले पनि टाढैबाट वहाँलाई देख्नुभयो। देख्ने-बित्तिकै देखेको ठाउँदेखि नै शीर झुकाई परम आदर सम्मान राखी "वहाँ नै मेरा शास्ता हुनुहुन्छ। वहाँकै उद्देश्य लिई म प्रव्रजित भएको हुँ" भन्दै तीन ठाउँमा वन्दना गरी "भन्ते भगवान्! म तपाईंको

---

१. सं. नि. अ. क. II. पृ. १४६–४७: चीवरसुत्तवण्णना, कस्सप-संयुत्त; मनो. र. पू. I. पृ. १९६–९७; थेर. गा. अ. क. II. पृ. ५१९ र अप. दा. अ. क. पृ. २२०–२१.

२. सं. नि. अ. क. II. पृ. १४७: चीवरसुत्तवण्णना, कस्सपसंयुत्त; मनो. र. पू. I. पृ. १९७; थेर. गा. अ. क. II. पृ. ५१९ र अप. दा. अ. क. पृ. २२१.

शिष्य हुँ तपाईं मेरो गुरु हुनुहुन्छ" भनी तीन पटक बिन्ति गरे। अनि उनलाई भगवान्‌ले भन्नुभयो—

"कश्यप ! यदि तिमीले यो महान सम्मान महापृथ्वीलाई देखाएको भए उसले यो धारण गर्न सक्ने थिएन। तथागतको यत्रो ठूलो गुणलाई जानी तिमीले देखाएको महान सम्मानले मेरो रौं पनि हल्लाउन सक्दैन। कश्यप ! बस। तिमीलाई दायाद दिनेछु।"

भगवान्‌ले उनलाई तीन उपदेशद्वारा उपसम्पदा[1] गर्नुभयो। त्यसैले महाकश्यप स्थविरले चीवर सूत्रमा[2] यस्तो भन्नुभएको हो—

"...यसरी प्रव्रजित भई लामो बाटो हिंडिरहेको बेलामा राजगृह र नालन्दाको बीचमा बहुपुत्रक चैत्य स्थानमा बसिरहनुभएका भगवान्‌लाई देखें।..."

---

१. "अथस्स भगवा तीहि ओवादेहि उपसम्पदं अदासि।" मनो. र. पू. I. पृ. १९८; थेर. गा. अ. क. II. पृ. ५२० र अप. दा. अ. क. पृ. २२१.

त्रिपिटक अध्ययन गर्दा त्रिपिटकमा आठ प्रकारले उपसम्पदा गरिएका कारणहरू हामी पाउँछौं। जस्तै—(१) एहि-भिक्खु उपसम्पदा, (२) सरणागमन उपसम्पदा, (३) ओवाद-पटिग्गहण उपसम्पदा, (४) पञ्हब्याकरण उपसम्पदा, (५) गरुधम्मपटिग्गहण उपसम्पदा, (६) दूतेन उपसम्पदा, (७) अट्ठ-वाचिका उपसम्पदा र (८) ञत्तिचतुत्थकम्म उपसम्पदा।

(१) एहिभिक्खु उपसम्पदा भनेको—जब भगवान्‌ले कसैको उपनिश्रय सम्पत्ति देख्नुभई "आऊ भिक्षु" भनी बोलाउनु

हुन्छ तब उ भिक्षु हुन्छ । जस्तै—पञ्चवर्गीय स्थविरहरू । यश कुलपुत्र । उनका चउवन्न जना साथीहरू । तीस भद्रवर्गीयहरू । हजार पुराना जटिलहरू । दुइ अग्रश्रावक सहित २५० परिव्राजकहरू र एक अङ्गुलिमाल थेर ।

जब भगवान्ले "आऊ भिक्षु" भनी बोलाउनुहुन्छ तब उसको केश निर्मूल भई अष्टपरिष्कारहरू स्वतः उत्पन्न हुन्छन् ।

यस्ता "आऊ भिक्षु" भन्ने वाक्यद्वारा भिक्षु भएका भिक्षुहरू १, ३४१ जना छन्—

"तीणि सतं सहस्सं च, चत्तालीसं पुनापरे ।
एको च थेरो सप्पञ्ञो, सब्बे ते एहिभिक्खुका'ति ।।"

यति मात्र होइन । अरू पनि धेरै छन् । जस्तै—३०० परिवार भएको सेल ब्राह्मण । १००० परिवार भएका महाकप्पिन । १० हजार कपिलवस्तुवासी कुलपुत्रहरू । १६ हजार पारायणिक ब्राह्मणहरू आदि अनेक छन् । त्यसैले भनिएको—

"सत्तवीस सहस्सानि, तीणिएव सतानि च ।
एते हि सब्बे सङ्खाता, सब्बे ते एहिभिक्खुका'ति ।।"

(सम. पा. I. पृ. २३३–३४: पठमपाराजिका, पदभाजनीयवण्णना ।)

(२) सरणागमन उपसम्पदा भनेको—बुद्धको शरणमा जानेछु, धर्मको शरणमा जानेछु र सङ्घको शरणमा जानेछु भन्ने वचन प्रकट गरी हुने भिक्षु ।

(३) ओवादपटिग्गहण उपसम्पदा भनेको—दिएको अति वृद्धि उपदेश स्वीकार गरी हुने भिक्षु। जस्तै महाकश्यप स्थविर।

(४) पञ्हव्याकरण उपसम्पदा भनेको—सोपाकसँग प्रश्न सोध्दा ठीक उत्तर दिएपछि भगवान्ले वहाँलाई यही तिम्रो उपसम्पदा भयो भनी दिनुभएको अनुमतिद्वारा भएको उपसम्पदा।

(५) गरुधम्मपटिग्गहण उपसम्पदा भनेको—महाप्रजापति गौतमीलाई ग्रहण गराउनु भएको अष्टगरुधर्म ग्रहणद्वारा भएको उपसम्पदा।

(६) दूतेन उपसम्पदा भनेको—दूत पठाइ गरिने उपसम्पदा। जस्तै अड्ढे कासी गणिका। (चुल्ल. व. पृ. ३९७).

(७) अट्ठवाचिका उपसम्पदा भनेको—भिक्षुणी सङ्घमा ज्ञप्ति चतुर्थ वाचाद्वारा र भिक्षु सङ्घमा ज्ञप्ति चतुर्थ वाचाद्वारा गरिने उपसम्पदा। भिक्षुणीहरूको लागि मात्र।

(८) ञत्तिचतुत्थकम्म उपसम्पदा भनेको—आजकल चलन चल्तिमा गरिरहेको ज्ञप्ति सहित चतुर्थ कर्मवाक्यद्वारा हुने उपसम्पदा।

(सम. पा. I. पृ. २३५: पठमपाराजिका, पदभाजनीयवण्णना।)

२. यो सूत्रको अनुवाद अगाडि 'कसरी म प्रव्रजित भएँ' भन्ने पहिलो सूत्रमा उल्लेख भएको छ। तीन उपदेशको कुरा पनि उहीं उल्लेख भएको छ।

यसरी उपसम्पदा (=पूर्ण भिक्षुभाव) प्रदान गरिसक्नु भएपछि बहुपुत्रक न्यग्रोध वृक्षबाट उठी स्थविरलाई पछाडि लगाई भगवान् बाटो लाग्नुभयो। शास्ताको शरीर ३२ महापुरुष लक्षणहरूले प्रतिमण्डित छ भने महाकश्यप स्थविरको शरीर सात (७) महापुरुष लक्षणले[1] युक्त छ भनी अर्थकथाहरूले उल्लेख गरेकाछन्। काञ्चन महानौकाको पछाडिपट्टि बाँधिएको डोरी झैं वहाँ भगवान्को पछि पछि लाग्नुभयो। किन शास्ता उठेर जानुभएको होला भन्ने प्रश्न पाठकहरूको मनमा लाग्न सक्छ। यसको उत्तर अगाडि अनुदित पहिलो सूत्रको कुनै पादटिप्पणीमा उल्लेख भएको छ। शास्ता अलिकति बाटो हिड्नु भएपछि एक रुखमनि बस्ने भाव प्रकट गर्नुभयो। "शास्ता रुखमनि बस्न चाहनु हुन्छ" भन्ने बुझी स्थविरले आफूले ओढिराखेको कपडा चारदोबरपारी बच्छ्याइदिनुभयो। शास्ता त्यसमा बस्नुभई हातले त्यो वस्त्र सुमसुम्याउनुभयो। अनि भन्नुभयो—

"कश्यप ! तिम्रो यो कपडा त खूब नरम छ।"

"शास्ता मेरो कपडा खूब नरम छ भनी भन्नुहुन्छ। शायद वहाँ यो कपडा लगाउन चाहनु हुन्छ होला" भन्ने ठानी स्थविर भन्नुहुन्छ—

"भन्ते भगवान् ! यो कपडा लगाउनुहोस्।"

"कश्यप ! तिमी के लगाउँछौ त ?"

---

१. यी सात महापुरुष लक्षण के के हुन् भन्ने कुरा चाहिं अर्थकथामा उल्लेख भएको देखिन्दैन।

"भन्ते! तपाईंले लगाइराख्नु भएको कपडा पाए लगाउनेछु।"

"कश्यप! जीर्ण भइसकेको यो पंसुकूल चीवर के तिमी लगाउन सक्छौ? यो पंसुकूल[1] कपडा लिंदा समुद्रसम्मको भूमिकम्पा भएको थियो। यो बुद्धले लगाउने जीर्ण भएको चीवर हो। थोरै गुण हुनेले यो लगाउन सक्दैन। प्रतिपत्ति पूरा गर्न समर्थ हुने र स्वभावले पंसुकूलिक हुनेले मात्र लगाउन सक्छ।"

यति कुरा सम्झाउनु भई भगवान्ले स्थविरसँग चीवर परिवर्तन गर्नुभयो। यसरी चीवर परिवर्तन गरी स्थविरले लगाएको चीवर भगवान्ले लगाउनुभयो। शास्ताको चीवर स्थविरले लगाउनुभयो। त्यसैले चीवर सूत्रमा वहाँले यस्तो उल्लेख गर्नुभएको हो—

"आवुसो! अनि मैले त्यो मेरो पटवस्त्रको सङ्घाटि भगवान्लाई प्रदान गरें। मैले चाहिं भगवान्को खस्रो सनको पुरानो पंसुकूल वस्त्र लगाएँ।"

त्यसै समयमा "भगवान्! तपाईंले बडो दुष्कर काम गर्नुभयो। आफूले लगाएको चीवर शिष्यलाई दिनुभयो। योभन्दा पहिले कहिल्यै यस्तो भएको थिएन। तपाईंहरूको महागुणलाई म धारण गर्न सक्दिन" भन्ने जस्तो गरी यो अचेतन पृथ्वी पनि कम्पन भएको थियो भनी अर्थकथाहरू उल्लेख गर्छन्।

---

१. यो पंसुकूल कपडा कहिले लिनु भएको थियो भन्ने विषयमा अगाडि उल्लिखित पहिलो सूत्रमा "कश्यप! यो मेरो खस्रो सनको पुरानो पंसुकूल वस्त्र तिमी लगाउँछौ?" भन्ने ठाउँको पादटिप्पणीमा उल्लेख भएको छ।

"भगवान्ले लगाउने चीवर मैले पाएँ" भनी नाक नफुलाई भगवान्को पंसुकूल चीवर लगाउन योग्य हुनको लागि भगवान् समक्षमै वहाँले तेह्रवटा[1] धुताङ्गशीलहरू ग्रहण गर्नुभयो। धुताङ्गशील ग्रहण गरेको सातदिन मात्र पृथक्‌जन भई बस्नुभयो र आठौं दिनको अरुणोदयको समयमा प्रतिसम्भिदाज्ञान सहित अरहत्व साक्षात्कार गर्नुभयो[2]।

किन भगवान्ले महाकश्यपसँग चीवर परिवर्तन गर्नुभएको होला ? भन्ने कुरा हामीहरूको मनमा लाग्न सक्छ। यस विषयमा संयुत्तनिकायट्ठकथालें "आफ्नो स्थानमा राख्न" भनी उल्लेख गरेको छ[3]।

यसरी निरामिसद्वारा मात्र भगवान्ले वहाँको संग्रह गरेको होइन आमिसद्वारा पनि संग्रह गर्नुभएको थियो।

भगवान् राजगृहको वेणुवनाराममा बसिरहनुभएको बेलामा राजा बिम्बिसारलाई एकदिन असमयमै आँप खाने इच्छा भयो। बगैंचेलाई भने। बगैंचेले आँपको रुखमा रसायनिक मल हाली असमयमै

---

१. यी तेह्रधुताङ्गशील भनेका के के हुन् भन्ने कुरा लेखकको ब्रु. प. भा–१, पृ. १२३ को पादटिप्पणीमा उल्लेख भएको छ।

२. मनो. र. पू. I. पृ. १९७–९९: एतदग्गवग्गपदवण्णना; थेर. गा. अ. क. II. पृ. ५२०–२१: महाकस्सपत्थेरगाथावण्णना; अप. दा. अ. क. पृ. २२१–२२: महाकस्सपथेरापदानं।

३. सं. नि. अ. क. II. पृ. १४९: चीवरसुत्तवण्णना, कस्सपसंयुत्त।

चारवटा आँप फलायो। अनि ती चारवटा आँप टिपी राजालाई चढाउन भनी गयो।

त्यसैबेला महामौद्गल्यायन स्थविर भिक्षाटन्को लागि गइरहेको उसले देख्यो। ती आँपहरू वहाँलाई चढाउने उसले अठोट गऱ्यो। साथै उसको मनमा "यी आँपहरू राजालाई नदिनाले शायद राजाले मलाई मार्न पनि सक्छन्" भन्ने लाग्यो। यस्तो लागे तापनि उसले स्थविरलाई नै चढाउँदा धेरै गुण प्राप्त हुने देख्यो र स्थविरको भिक्षापात्रमा आँप राखिदिई राजाकहाँ गई भएको कुरा बिन्ति गऱ्यो।

उसले भनेको कुरा साँचो हो कि होइन भनी बुझ्न वेणुवनाराममा राजाले मानिस पठाउँदा—स्थविरले ती आँपहरू बुद्धलाई चढाउनु भएछ र भगवान्ले एउटा सारिपुत्रलाई, एउटा महामौद्गल्यायनलाई र एउटा महाकश्यपलाई दिई एउटा आँप आफूले लिनुभएको[1] कुरा पत्ता लगायो—यही कुरा राजालाई निवेदन गऱ्यो।

कपिलवस्तु जानुभयो

राजगृहबाट भगवान् बुद्ध, सर्वप्रथम कपिलवस्तु जानुभयो। वैशाखपूर्णिमाको दिन वहाँ कपिलवस्तुमा पुग्नुभएको हो भन्ने कुरा लेखकको **बुद्धकालीन राजपरिवार** भाग-१, पृ. १३६, राजा **शुद्धोदनको कथामा** उल्लेख भएको छ।

---

१. लेखकको बु. वि. पृ. १८९: फलदायकविमानकथा।

त्यसदिन न्यग्रोधाराममा शाक्यहरूको मान दमन गर्न तथा बुद्ध भनेका कस्ता हुन्छन् भन्ने कुरा देखाउन चतुर्थध्यानमा बसी भगवान् बुद्धले यमकप्रातिहार्य देखाई आकाशमा रत्नमय चंक्रमण शाला बनाई त्यसमा चंक्रमण गर्दा पैतालाबाट धुलो खसाल्नु भएको थियो[१]। भगवान्‌ले यस्तो चमत्कार देखाइरहनुभएको बेलामा उता राजगृहको गृद्धकूटपर्वतमा बसिरहनुभएका सारिपुत्र महास्थविरले ध्यानदृष्टि-द्वारा यो दृश्य देख्नुभयो। त्यसैकारण बुद्धवंसपालिले यस्तो उल्लेख गरेको हो—

"सारिपुत्तो महापञ्ञो, समाधिज्झान कोविदो।
गिज्झकूटे ठितो येव, पस्सति लोकनायकं[२]॥"

अर्थ—

"समाधिज्ञान विज्ञ तथा महाप्रज्ञावान् सारिपुत्रले गृद्धकूटमा बसेर नै लोकनायकलाई देख्नुभयो।"

बुद्धको यस्तो चमत्कार देखी वहाँले त्यहाँ भएका पाँचशय सबै अरहन्त भिक्षुहरूलाई कपिलवस्तुमा गई बुद्धको वन्दना गरौं भनी भन्नुभयो। त्यसैले बुद्धवंसपालिले यस्तो उल्लेख गरेको हो—

"लोकप्पसादनं नाम, पाटिहीरं निदस्सयि।
अम्हे पि तत्थ गन्त्वान, वन्दिस्साम मयं जिने[३]॥"

---

१. चरि. पि. पृ. ४: निदान।

२. बु. वं. पा. पृ. ३०१, गा. नं. ४३: रतनचङ्कमनकण्डं।

३. बु. वं. पा. पृ. ३०२, गा. नं. ४७: रतनचङ्कमनकण्डं।

अर्थ—

"भगवान्‌ले लोक प्रसन्न हुने प्रातिहार्य देखाउनु भयो। त्यसैले हामी पनि त्यहाँ गई वहाँको वन्दना गरौं।"

अनि उतनावरीमै वहाँहरू सबै कपिलवस्तुमा पुगी बुद्धलाई वन्दना गर्नुभयो। यी वन्दना गर्ने अरहन्तहरू मध्येमा महाकश्यप स्थविर पनि हुनुहुन्थ्यो। यसैले बुद्धवंसपालिले यस्तो उल्लेख गरेको हो—

"महाकस्सपो पि च थेरो, उत्तत्तकनकसन्निभो।
धुतगुणे अग्गनिक्खित्तो, थोमितो सत्थुवण्णितो[1]॥"

अर्थ--

"गालेको सुन जस्तै छविवर्ण भएका र धुताङ्गगुणले सर्वश्रेष्ठ छन् भनी बुद्धद्वारा प्रशंसित महाकश्यपले पनि बुद्धलाई वन्दना गर्नुभयो।"

कपिलवस्तुमा पुगी सातौं दिनमा जब सातवर्षीय राहुल कुमार दायाद माग्दै भगवान्‌सँग सँगै राजदरबारबाट निस्के तब भगवान्‌ले उनलाई आफूसँगै न्यग्रोधाराममा लिएर जानुभयो। न्यग्रोधाराममा पुगेपछि "राहुललाई प्रव्रजित गर" भनी सारिपुत्र महास्थविरलाई अह्राउनु भयो। सारिपुत्रको उपाध्यायत्वमा राहुल

१. बु. वं. पा. पृ. ३०२, गा. नं. ५९: रतनचङ्कमनकण्डं।

कुमारको प्रव्रज्या भयो[१]। महामौद्गल्यायन महास्थविरले केश क्षौर गरी काषायवस्त्र लगाउन लगाई शरण-शील प्रदान गर्नुभयो भने महाकश्यप स्थविर ओवाद-आचार्य हुनुभएको थियो भनी समन्त-पासादिकाले उल्लेख गरेको छ[२]।

× × ×

त्यसबखत आयुष्मान् महाकश्यपकहाँ उपसम्पदा चाहने व्यक्ति थियो। अनि आयुष्मान् आनन्दलाई अनुश्रावण गर्नको लागि बोलाउन पठाउनुभयो। आयुष्मान् आनन्दले "म महाकश्यप स्थविरको नाम लिई अनुश्रावण गर्न सक्दिन। वहाँ मेरो गौरवनीय गुरु हुनुहुन्छ" भनी भन्नुभयो। भगवान्लाई यो कुरा निवेदन गर्दा वहाँले "त्यसोभए गोत्रको नामद्वारा पनि अनुश्रावण गर्न सकिन्छ" भनी आज्ञा दिनुभयो। आनन्द स्थविरले त्यस्तै गर्नुभयो[३]।

भिक्षाटनद्वारा मानवकल्याण

एक समय भगवान् राजगृहस्थित वेणुवनको कलन्दक-निवापमा बसिरहनुभएको थियो।

---

१. त्रिशरण दिएर राहुललाई प्रव्रज्या गर्नुभएको थियो। महा. व. पा. पृ. ८६: राहुलवत्थु; सम. पा. III. पृ. १०६२.

२. सम. पा. III. पृ. १०६२: राहुलवत्थु, महाखन्धकं।

३. म.. व. पा. पृ. ९६: उपसम्पदाविधि, महाखन्धकं।

त्यसबखत राजगृहको एक कुलघरमा अहिवातक रोग[1] लागेको थियो। त्यस घरकी एउटी स्त्री बाहेक अरू सबै मरे। मृत्युदेखि डराई घरमा सबै धनसम्पत्तिहरू छाडी घरबाट निस्की अन्तै गई अनाथिनी जस्ती भई उ एक अर्काको घर पछाडिपट्टि बस्नथाली। अनि त्यस घरका मानिसहरूले उसमाथि करुणा राखी भाँडामा बचेको यागु तथा डढेको भात दिनथाले। उ त्यहीं वसी जसोतसो जीवन बिताउन थाली।

त्यस समय आयुष्मान् महाकश्यप स्थविर एक सातासम्म निरोधसमापत्ति ध्यानमा बस्नुभएको थियो। आठौं दिनमा ध्यानबाट उठी "आज मैले कसको खाना ग्रहण गरूँ र कसलाई दुर्गतिबाट मुक्त गरूँ" भनी सोच्दा वहाँले सो स्त्रीलाई देख्नुभयो। सो स्त्री निकट भविष्यमै मर्ने कुरा र मरेर नरकमा उत्पन्न हुनसक्ने कुरा पनि वहाँले थाहापाउनुभयो। त्यसपछि वहाँले यस्तो सोच्नुभयो—

"यदि म त्यस स्त्रीकहाँ भिक्षा माग्न गएको खण्डमा उसले आफूले पाएको डढेको भात दिनेछे र सोही कर्मद्वारा निर्माणरति देवलोकमा उत्पन्न हुनेछे।"

यति सोच्नुभई पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण-गरी आयुष्मान् महाकश्यप उ भएको ठाउँमा जानुभयो। सो स्त्री भएको ठाउँमा गइरहनुभएको बेलामा शक्र देवेन्द्रले अज्ञात भेष

---

१. यो अहिवातक रोग भनेको कस्तो हो भन्ने कुरा लेखकको बु. म. भा–१, पृ. २२२: श्यामावतीको कथामा उल्लेख भएको छ।

धारण गरी अनेक रसयुक्त सूप ब्यञ्जनहरू सहित दिव्य-आहार स्थविरको भिक्षापात्रमा राख्नलाग्दा—

"कोशिय ! तिमी पुण्यवान्छौ। किन तिमी यसो गर्छौ ? गरीब स्त्रीको सम्पत्ति लुटेर नलेऊ" भनी उनको भिक्षालाई प्रतिक्षेप गरी स्थविर सोही स्त्रीकै ठाउँमा पुग्नुभई उसको अगाडि उभिइनुभयो।

स्थविरलाई देखी "वहाँ महानुभाव सम्पन्न स्थविर देखिनुहुन्छ। वहाँलाई दिन योग्य खाना मसँग केही छैन। भाँडामा बचेको यो फोहर खाना छ—जसमा घाँसका टुक्राहरू तथा धूलो लागेको छ। यो फोहर खानामा नून पनि छैन। त्यो पनि चीसो भइसक्यो। अस्वादिलो डढेको भात र यागु अलिकता मात्र छ। यस्तो खाना दिन योग्य छैन" भन्ने सोची सो स्त्रीले स्थविरलाई "जानुहोस्" भनी। स्थविर एक पाइला जति अगाडि सरी उभिइ नै रहनुभयो। घरका मानिसहरूले देखेर भिक्षा ल्याइदिए। तर वहाँले लिनुभएन। त्यसपछि सो स्त्रीको मनमा "शायद मेरै तरफबाट केही खाना लिन चाहनु हुन्छ होला" भन्ने लाग्यो। यति सोची आफ्नो मन प्रसन्नपारी आदरभाव राखी आफूसँग भएको डढेको भात र धूलो लागेको यागु स्थविरको भिक्षापात्रमा राखिदिई। उसको प्रसन्नतालाई बढाइदिनको लागि स्थविरले सो भोजन गर्ने भाव देखाउनु भएपछि मानिसहरूले एक आसन बिच्छ्याइदिए। त्यसमा बसी स्थविरले सो खाना खाई अनुमोदन गरी "यो भन्दा तीन जन्म अघि तिमी मेरी आमा भएकी थियौ" भनी भन्नु भई स्थविर फर्केर जानुभयो। स्थविरद्वारा यसरी श्रद्धा तथा प्रसन्नता बढाइदिएकी सो

स्त्रीको सोही दिनकै प्रथम याममा मृत्यु भयो र निर्माणरती देवलोकमा उत्पन्न भई ।

अनि शक्र देवेन्द्रले उसको मृत्यु भएको कुरा थाहापाई "उ कहाँ उत्पन्न भइछ ?" भनी विचार गर्दा त्रयस्त्रिंश लोकमा उत्पन्न भएको नदेखी मध्यरातको समयमा आयुष्मान् महाकश्यपकहाँ गई "त्यो स्त्री कहाँ उत्पन्न भई ? तपाईंलाई थाहाछ के ?" भनी सोध्दै निम्न गाथाहरू भने—

१. "पिण्डाय ते चरन्तस्स, तुण्हीभूतस्स तिट्ठतो ।
दलिद्दा कपणा नारी, परागारं अवस्सिता ।।

२. "या ते अदासि आचामं, पसन्ना सेहि पाणिभि ।
सा हित्वा मानुसं देहं, कं नु सा दिसतं गता'ति ।।"

अर्थ —

१–"तूष्णीभावद्वारा तपाईं भिक्षाटन् जानुभएको बेलामा अर्काको घरमा बसिरहेकी दरिद्री तथा कोही नभएकी (कपणा) नारी-लाई तपाईंले देखनुभएको थियो ।

२–"जसले तपाईंमाथि महत् प्रसन्न भई डढेको भात (=आचमं) आफ्नै हातले तपाईंलाई दिई—अहिले उसको मृत्यु भइसक्यो--अब उ कुन दिशातिर गई भन्ने कुरा के तपाईंलाई थाहाछ ?"

अनि उसले जन्म लिएको ठाउँ बताउँदै महाकश्यप स्थविरले यसो भन्नुभयो—

"निम्मानरतिनो नाम, सन्ति देवा महिद्धिका ।
तत्थ सा सुखिता नारी, मोदताचामदायिका'ति ॥"

अर्थ—

"निर्माणरती भन्ने महर्द्धिक सम्पन्न देवनिकाय छ। डढेको भातको दानको प्रभावद्वारा अब उ कामावचर देवलोकको पाँचौ भूमि[१]—निर्माणरती भन्ने देवलोकमा सुखिनी भई मुदित भई बसिरहेकीछे ।"

यो सुनेर दानको महानफलको बारेमा पुनः प्रशंसा गर्दै शक्र देवेन्द्रले यसो भने—

"अहो दानं वराकिया, कस्सपे सुप्पतिट्ठितं ।
पराभत्तेन दानेन, इज्झित्थ वत दक्खिणा ॥"

---

१. कामावचर ६ देवलोकहरूमध्ये पाँचौ देवलोक 'निर्माणरति' देवलोक हो। ती हुन्—(१) चातुर्महाराजिक, (२) त्रयस्त्रिंश, (३) यामा, (४) तुषित, (५) निर्माणरती तथा (६) परनिर्मितवशवर्ती। हेर लेखकको बु. म. भा-१, पृ. १७०, १७६ शक्र देवेन्द्र त्रयस्त्रिंश देवलोकवासी हुन्।

अर्थ—

"अहो यो विचरीको दान ! उत्तम पुण्यक्षेत्र हुनुभएका महाकश्यपलाई अर्काको घरबाट पाएको डढेको भात दिएको दानको फल कति महान छ हेर[1] !"

यो दरिद्री स्त्रीले दिएको फोहर तथा घाँसका टुक्राहरू भएको भोजन गर्दा वहाँलाई घृणा लागेन होला ? कसरी खानुभयो होला भन्ने जस्ता कुरा हामीहरूको मनमा लाग्नु स्वाभाविकै हो। तर वहाँलाई घृणा भन्ने नै थाहा छैन। किनभने सबै वस्तुहरूमा समता देख्नेलाई कसरी घृणा हुनु ! यो त के, राजगृहमा भिक्षा जाँदा एकदिन एउटा कुष्ठरोगीले वहाँलाई भात दिँदा उसको औंला नै वहाँको भिक्षापात्रमा खसेको थियो। यति मात्र होइन सो भात भोजन गर्दा पनि वहाँले घृणा मान्नुभएको थिएन भनी अगाडि अनुदित एकतीसौं सूत्रमा स्वयं उल्लेख गर्नुभएको छ—

१. "सेनासनम्हा ओरुय्ह, नगरं पिण्डाय पाविसिं।
भुञ्जन्तं पुरिसं कुट्ठिं, सक्कच्चं तं उपट्ठहिं॥

२. "सो मे पक्केन हत्थेन, आलोपं उपनामयि।
आलोपं पक्खिपन्तस्स, अङ्गुलि चेत्थ छिज्जथ॥

---

१. बु. वि. पृ. १२: आचमदायिका विमानकथा।

३. "कुट्टमूलं च निस्साय, आलोपं तं अभुञ्जिसुं ।
भुञ्जमानो वा भुत्ते वा, जेगुच्छं मे न विज्जति[१] ।।"

अर्थ—

१—"पर्वत शयनासनबाट ओर्ल्हीं नगरमा भिक्षाटन्को निमित्त गएँ । त्यहाँ खाना खाइरहेको एक कुष्ठीको अगाडि उभिएँ ।

२—"उसले मलाई पाकेको हातले एकमुट्ठी भात राखिदियो । एकमुट्ठी भात राख्दा पाकेको उसको एक औंला पनि त्यसमा खस्यो ।

३—"कुनै एउटा घरको भित्तानिर बसी मैले त्यो खाना खाएँ । खाइरहेको बेलामा वा खाइसकेपछि पनि मलाई कुनै घृणा लागेन ।"

× × ×

एकदिन राजगृहमा उत्सब भएको थियो । पाँचशय कुमारीहरू चन्द्रमा आकारको रोटी लिई उत्सबमा गइरहेका थिए । उनीहरूले भिक्षाटन् आइरहनु भएका भगवान्लाई देखेर पनि केही चढाएनन् । किन्तु पछाडितिर आइरहनु भएका महाकश्यप स्थविरलाई देखी "हाम्रा कश्यप स्थविर आउँदै हुनुहुन्छ" भन्दै सबैले वहाँको पात्रमा रोटी राखिदिए । भगवान् अगाडि गई कश्यप स्थविरलाई पर्खिरहनुभयो । अनि वहाँ आई स्थविरले रोटीको पात्र भगवान्लाई चढाउनुभयो[२] ।

× × ×

१. थेर. गा. पा. पृ. ३७२: महाकस्सपत्थेरगाथा, चत्तालीसनिपातो ।

२. विसु. म. II. पृ. ८७२: इद्धिविधनिद्देसो ।

स्थविरलाई भिक्षा दिन मानिसहरू मात्र उत्सुक हुने होइनन् बल्की देवताहरू पनि उत्सुक हुन्थे भन्ने कुरा "अहो दान परम दान ! कश्यपमा सुप्रतिष्ठित !" भनी शक्र देवेन्द्रले भनेको अगाडि अनुदित बीसौं सूत्रबाट पनि प्रमाणित हुन्छ ।

जब त्यसबखत शक्रले भिक्षा दिएको भन्ने थाहापाउनु भयो तब वहाँले शक्रलाई "आइन्दादेखि यस्तो नगर" भनी भन्नुभयो । शक्रले "भन्ते कश्यप ! हामीलाई पनि त पुण्यको आवश्यकता छ" भनी भनेका थिए । यो कुरा धम्म. प. अ. क. पृ. २५८: पुप्फवग्गमा पनि उल्लेख भएको छ ।

× × ×

एक समय राजगृहमा महाकश्यप स्थविर सारै बिरामी हुनुभएको थियो । त्यसबखत वहाँकहाँ भगवान् बुद्ध जानुभई सप्त-बोध्यङ्गको उपदेश गरी रोग निकोपारी दिनुभएको थियो[१] । अर्को एक समय पनि वहाँलाई संचो भएको थिएन[२] ।

निको भएपछि राजगृहको एक गरीब टोलमा भिक्षाटन्को लागि जान्छु भनी जाँदा पाँचशय (५००) देवकन्याहरू आई वहाँलाई

१. सं. नि. IV. पृ. ७४: पठमगिलानसुत्तं, बोज्झङ्गसंयुत्तं । यो सूत्रको अनुवाद अगाडि दशौं सूत्रमा उल्लेख भएको छ ।

२. उदा. पा. पृ. ६७: महाकस्सपसुत्तं, बोधिवग्गो । अगाडिको बाइसौं सूत्रमा पनि यसको अनुवाद भएको छ ।

भिक्षा दिन आएका थिए। किन्तु वहाँले अस्वीकार गर्नुभयो र धागो काटी जीविका गर्ने गरीब टोलमा गई भिक्षाटन् गर्नुभयो[1]। "संचो भएका कश्यप के गर्दै रहेछन्" भनी ध्यानदृष्टिद्वारा भगवान्ले हेर्नुहुँदा पाँचशय देवकन्याहरूले दिनल्याएको भोजन अस्वीकार गरी गरीब टोलमा भिक्षाटन् गर्न गएछन्" भन्ने बुझी त्यसबेला वहाँले उदान प्रकट गर्नुभएको थियो। जुन कुरा अगाडि अनुदित बाइसौं सूत्रमा उल्लेख भएको छ।

× × ×

अर्को एक समय, वहाँ राजगृहमा सातदिनसम्म ध्यानमा बसी आठौं दिनमा उठी कहाँ भिक्षा जाने भनी विचार गर्नुहुँदा खेतमा धान कुरेर बसेकी एउटी स्त्रीलाई देख्नुभयो। उ खेतबाट धान ल्याई भुटी लावा बनाउँदै थिई। "के यो स्त्रीले मलाई संग्रह गर्न सक्ली ?" भनी हेर्दा "उसले संग्रह गर्नेछे" भन्ने बुझी सो स्त्री भएको ठाउँमा भिक्षापात्र लिई जानुभयो।

भिक्षाटनको लागि आइरहनुभएका स्थविरलाई देखी सो स्त्रीले वहाँको भिक्षापात्रमा लावा राखी "तपाईंले पाउनु भएको धर्म मैले पनि पाउनसकूँ" भनी वन्दना सहित प्रार्थना गरी। स्थविर पनि अनुमोदन गरी जानुभयो।

---

१. उदा. अ. क. पृ. ४२: महाकस्सपसुत्तं, वोधिवग्गो।

सो खेतमा जाने बाटोको एउटा डिलमा सर्प थियो। चीवर पारुपन गरिराखेको हुँदा सर्पले स्थविरलाई डस्न सकेन। पछि सो स्त्री उक्त बाटोबाट जाँदा उसलाई डस्यो र उ उहीं ठहरै भई। दानदिएको प्रीतिको कारणले गर्दा मृत्यु पछि त्रयस्त्रिंश देवलोकमा कनक-विमानमा सुतेर बिउँझेको झैं उ उत्पन्न भई।

दिव्यलोकमा उत्पन्न भएपछि उसले "म के गरेर यहाँ उत्पन्न भएकी रहिछु?" भनी दिव्यदृष्टिले विचार गर्दा "महाकश्यप स्थविरलाई लावा दिएको पुण्यको प्रभावले उत्पन्न भएकी हुँ" भन्ने बुझी "यति थोरै दानदिएको प्रभावले यस्तो फल पाउनसकें भने अब म प्रमादी भई बस्नुहुन्न र अरु पनि पुण्य गर्नुपर्छ" भन्ने सोची।

यति सोचिसकेपछि महाकश्यप स्थविरको सेवाटहल गर्ने विचार लिई बिहान सबेरै सुवर्णमय कुचो लिई स्थविर बस्ने ठाउँमा बढारी पानी राख्ने घैंटोमा पानी राखिदिई। यो देखेर कोही आएर सफा गऱ्यो होला भन्ने स्थविरले ठान्नुभयो। दोस्रो दिन पनि उसले यस्तै गरी। स्थविरले पनि यस्तै सोच्नुभयो। तेस्रो दिनमा बढारिरहेको आवाज सुनी तथा रुखको बीच बीचबाट उसको शरीरको तेज परेको देखी स्थविर आउनु भई "यो कोहो?" भनी सोध्नुभयो।

"भन्ते! म तपाइँकी सेविका लाजदेवधीता हुँ।"

"यस्ती उपस्थायिका त मेरो कोही छैन।"

"भन्ते! म सोही स्त्री हुँ जसले तपाइँलाई खेतमा लावा दिएकी थिएँ। तपाइँलाई लावा दिई फर्किरहेको बेलामा सर्पले डस्दा

मेरो मृत्युभयो र त्रयस्त्रिंश देवलोकमा उत्पन्न भएँ। तपाईंको कारणले मैले यस्तो दिव्यसम्पत्ति पाइकी हुँ। अहिले पनि तपाईंको सेवाटहल गरी मेरो यो सम्पत्ति चिरस्थायी राख्नुपर्छ भन्ने विचारले म यहाँ आई बढारिरहेकी हुँ।"

"हिजो पनि तिमीले नै बढारेकी थियौं ?"

"हो भन्ते।"

"जे गरिसक्यौ त्यो भइहाल्यो। अब फेरि यहाँ नआउनू।"

"भन्ते! मेरो नाश नगर्नुहोस्। तपाईं बस्ने ठाउँमा बढार्न र पानी राख्न दिई मलाई सेवाटहल गर्न दिनुहोस्।"

"हे देवकन्या! तिमी पर जाऊ। अनागतमा धर्मकथिक भिक्षुहरूले—महाकश्यप स्थविरको एक देवकन्या थिई जो आई वहाँको स्थानमा बढार्दथी र पानी राख्नुपर्ने ठाउँमा पानी पनि राख्दथी भनी भन्न नपाउन्। अबदेखि यहाँ नआऊ। फर्केर जाऊ।"

"भन्ते! मेरो नाश नगर्नुहोस्" भनी उसले बार बार प्रार्थना गरी।"

"यसले मेरो कुरा मान्दिन" भन्ने ठानी "आफनो प्रमाण जान्दिन" भनी चुट्की बजाउनुभयो।

अनि उ त्यहाँ बस्न नसकी आकाशमा गई दुइहात जोरी उभिई "भन्ते! मैले पाएको सम्पत्ति नाश नगराइदिनुहोस्। स्थिर गराउन पाऊँ" भन्दै रुँदै कराउँदै आकाशमा उभिइरही।

उता जेतवनको गन्धकुटी विहारमा बसिरहनु भएका भगवान् बुद्धले सो देवकन्या रोइरहेको आवाज सुनी आभाष फैलाउनु भई देवकन्याको अगाडि बसेको जस्तो गरी देखाउनु भई "देवकन्या ! मेरो पुत्र कश्यपको संवर गर्ने काम हो । पुण्य चाहनेले यो यो गर्नुपर्छ भन्ने बुझी पुण्य गर्न सक्नुपर्छ" भनी कारण मिलाई धर्मोपदेश गर्नुहुँदै यो गाथा भन्नुभयो—

"पुञ्ञं चे पुरिसो कयिरा, कयिराथेतं पुनप्पुनं ।
तम्हि छन्दं कयिराथ, सुखो पुञ्ञस्स उच्चयो ।।"

अर्थ—

"पुण्यको सञ्चय गर्नु सुख हो भन्ने बुझी पुण्य गर्न चाहनेले बारम्बार पुण्य गर्न सक्नुपर्छ र त्यसमा बरोबर इच्छा गर्नुपर्छ [१] ।

× × ×

राजगृहमा काकवलिय[२] भन्ने एक गरीब थियो । उसकी भार्याले अमिलो मिसिएको खोले पकाई । निरोधसमापत्तिबाट उठ्नु-भएका महाकश्यप स्थविरले "कहाँ वा कसकहाँ भिक्षा लिन जानेहोला" भनी ध्यानबाट हेर्नुहुँदा उसलाई देखी त्यहाँ जानुभयो ।

---

१. धम्म. प. अ. क. पृ. ४३१: लाजदेवधीतुवत्थु, पापवग्गो ।

२. 'कालविलङ्गिक' पनि भन्दछन् ।

उसले स्थविरको भिक्षा-पात्रमा खोले राखी दिई। विहारमा गई स्थविरले खोले भरिएको भिक्षा-पात्र भगवान्‌लाई दिनुभयो। शास्ताले आफूलाई चाहिने जति लिनुभयो। बाँकी खोलेले सबै पाँचशय भिक्षु-हरूलाई पुगेको थियो।

स्थविरले काकवलियले कस्तो फल पाउनसक्ला भनी सोध्दा भगवान्‌ले "आजको सातौं दिनमा सेठको छत्र पाउने छ" भनी भन्नुभयो।

काकवलियले यो कुरा सुनी घरमा गई आफ्नी भार्यालाई सुनायो।

त्यसबखत नगर बाहिर घुम्न गएका राजाले शूलीमा चढिरहेको एक मानिसलाई देखे। राजालाई देखेर सो पुरुषले "राजाले खाने भात एक थाली खानपाऊँ" भनी चिच्च्याएर भन्यो। राजाले हुन्छ भने। राती दरबारमा गई रातको खाना खानलाग्दा यो कुरा सम्झेर "अहिले यो खाना पुऱ्याउन सक्ने मानिस खोज" भनी हुकुम दिए।

"भोजन दिन जानेलाई हजार रूपैयाँ दिइनेछ" भनी तीनपल्ट भनाउन लगाउँदा काकवलियकी भार्याले स्वीकारी। अनि उसलाई राजाकहाँ देखाए। उसले पुरुष-भेष लिई शस्त्र-अस्त्र भिरी भातको थाल लिई नगर बाहिर गई। नगर बाहिर तालवृक्षमा बस्ने दीघतफल भन्ने यक्षले उसलाई देखी "पख पख! तिमी मेरा आहार हौ!" भनी भन्यो।

"म तिम्रो आहार होइन। म त राजदूत हुँ।"

"कहाँ जाँदैछौ त ?"

"शूलीमा चढिरहेको पुरुष छेउ ।"

"मेरो पनि एउटा खबर लैजान सक्छौ त ?"

"सक्छु ।"

"दीघतफलकी भार्या सुमन राजाकी छोरीले कालो पुत्र जन्माई भनी भनी देऊ । यो तालवृक्षमनि सातवटा धनका घडाहरू छन् तिमीनै लेऊ ।"

"दीघतफलकी भार्या सुमनदेव राजाकी छोरीले कालो पुत्र जन्माई" भनी चिच्च्याउँदै चिच्च्याउँदै उ गई ।

यक्ष सभामा बसिरहेका सुमनदेव यक्षले सुनी "कुनै एक पुरुषले हामीलाई मनपर्ने समाचार सुनाउँदै छ ।" अनि उसलाई बोलाई "यो रुखको छायाभित्रको घेरामा धनका घडाहरू छन् । यी सबै तिमीलाई दिनेछौं" भनी भने ।

शूलीमा चढेको मानिसले खाना खाई चुठ्न लाग्दा सो भात ल्याउने पुरुष आइमाई हो भन्ने चिनी उसको चुल्ठो समात्यो । उसले आफ्नो तरबारले चुल्ठो काटी राजाकहाँ गई । राजाले "तिमीले भात दिएर आयौ भनी कसरी थाहापाउनु" भनी भन्दा उसले भएभरको कुरा बिन्ति गरी । राजाले ती धनका घडाहरू ल्याउन लगाई "यतिका धन हुने यो नगरमा कोही छन् के ?" भनी उसलाई सेठ पदवी दिए[1] ।

---

१. पपं. सू. IV. पृ. ४: देवदहसुत्तवण्णना; विसु. म. II. पृ. ८७२: इद्धिविध; अत्थ. सा. पृ. १३२: चित्तुप्पादकण्डवण्णना ।

माथि उल्लिखित कुराहरूद्वारा प्राणीको हितको लागि महाकश्यप स्थविर सोचविचार गरी भिक्षाटन् जाने कुरा प्रष्ट हुन्छ। मानिसहरू पनि वहाँलाई भिक्षा दिनमा उत्सुक हुन्थे भन्ने कुरा प्रष्ट बुझिन्छ। तर भिक्षाटन् जाँदा भिक्षा पाउन कठिनाइ भएको कुरा पनि वहाँले अनुभव गर्नु नभएको होइन। जस्तै एकदिन वहाँ, राजगृहमा वर्षावास बसी आलवीमा जानुहुँदा त्यहाँ भिक्षाटन् जाँदा मानिसहरू भागेर गएका थिए र भिक्षा प्राप्त गर्न कठिनाई भएको कुरा वहाँले बताउनु भएको छ। जुन कुरा अगाडि अनुदित उन्नीसौं सूत्रमा उल्लेख भएको छ।

× × ×

किन महाकश्यप भनिएको ?

भगवान्‌को पालामा कश्यप नामका कतिपय भिक्षुहरू थिए। जस्तै—उरुवेल कश्यप, नदी कश्यप, गया कश्यप तथा कुमार कश्यप र कश्यप।

कश्यपलाई 'महाकश्यप' भनिएको सम्बन्धमा अर्थकथाहरूले यसरी उल्लेख गरेका छन्—

महान शीलस्कन्धले युक्त भएको हुँदा र गृहस्थी छँदा देखि नै गुण महान भएको हुँदा 'महाकश्यप' भनिएको हो। विशेष गरी उरुवेल कश्यपादि कुमार कश्यपहरूबाट अलग देखाउन 'महाकश्यप' भनिएको हो।

कुमार कश्यपले त महाकश्यपको अगाडि आफू कुमार कश्यप भएको कुरा आफ्नो अपदानमा यसरी उल्लेख गरेका छन्—

"महाकस्सपमागम्म, अहं कुमारकस्सपो[1] ।"

मुख्यतः अरू कश्यपहरूबाट अलग अलग छुट्याउन "महाकश्यप" भनिएको हो[2] ।

× × ×

महाकश्यपको सत्संगतद्वारा अरहत्व

भगवान् बुद्धको समयमा पादियत्थ[3] भन्ने एक जनपद थियो । त्यहाँ वैभव सम्पन्न ब्राह्मण कुलमा जन्मेको जोतियदास भन्ने केटो थियो । एकदिन महाकश्यप स्थविर आफ्नो गाउँमा भिक्षाटन् आउनुभएको उसले देख्यो । अनि प्रसन्न हुँदै स्थविरलाई भोजन गरायो । वहाँको धर्म सुनेपछि आफ्नो गाउँनिरको पर्वतमा ठूलो विहार बनाई स्थविरलाई त्यहाँ बसाल्यो र चतुप्रत्ययद्वारा उपस्थान गरी वहाँको

१. अप. दा. पा. पृ. १२२: कुमारकस्सपथेरअपदानं ।
२. मनो. र. पू. I. पृ. १७८; उदा. अ. क. पृ. ४२; चतु. भा. अ. क. पृ. १५७ र बु. वं. अ. क. पृ. ४२.
३. सिंहलमा चाहिं 'पानियत्थजनपद' भन्ने उल्लेख भएको छ ।

धर्मोपदेश सुन्नथाल्यो। धर्मोपदेश सुनेपछि उसको मनमा वैराग्य उठ्यो र प्रव्रजित भयो। पछि विपश्यना भावना गरी चिरकाल नबित्दै षडभिज्ञ[१] ज्ञान सहित अरहत् भयो[२]।

× × ×

त्यसबखत वाराणसीमा एक ब्राह्मण कुलमा सोममित्त (=सोममित्र) भन्ने ब्राह्मण थियो जो त्रीवेदमा पारंगत थियो। विमल भन्ने स्थविरसँग उसको परिचय थियो। त्यसैले सँधैंजसो स्थविरकहाँ जाने गर्थ्यो। स्थविरकहाँ गई धर्मोपदेश सुन्दासुन्दै बुद्धशासनदेखि प्रसन्न भएपछि उ प्रव्रजित भई उपसम्पन्न पनि भयो। गर्नुपर्ने नित्य काम गरी दिन बिताउँदै थियो। पछि उसको मनमा "यस्ता अल्छी वीर्यहीनसँग बसी के गुण कमाउन सकूँला" भन्ने जस्तो लागी महाकश्यप स्थविरकहाँ गई बस्नथाल्यो। अनि वहाँको अति-उपदेशमा रही विपश्यना भावना गरी चिरकाल नबित्दै अरहत्व प्राप्त-गर्‍यो[३]।

---

१. षडभिज्ञ ज्ञान भनेको—(१) ऋद्धिविधज्ञान, (२) दिव्यश्रोतज्ञान, (३) पूर्वेनिवासानुस्मृतिज्ञान, (४) परचित्तज्ञान, (५) दिव्यचक्षु-ज्ञान र (६) आस्रवक्षयज्ञान। पटि. म. अ. क. पृ. ९६: सच्छिकातब्बनिद्देसवण्णना, महावग्ग। लेखको बु. प. भा–१, पृ. ४५८ देखि हेर्नू।

२. थेर. गा. अ. क. I. पृ. ३८७: जोतियदासत्थेरगाथावण्णना।

३. थेर. गा. अ. क. I. पृ. ३९३: सोममित्तत्थेरगाथावण्णना।

आलस्यपन हटाउनको निमित्त निम्न गुणहरूको अभ्यास गर्नुपर्छ भनी उल्लेख भएको छ। जस्तै—(१) धेरै भोजन नगर्नू, (२) ईर्यापथ परिवर्तन गर्नू, (३) आलोकमय ध्यान गर्नू, (४) खुला ठाउँमा बस्नू, (५) कल्याणमित्रसँग बस्नू र (६) अनुकूल कुरा गर्नू। महाकश्यप स्थविर जस्ता वीर्यवान् कल्याणमित्रको आश्रय गर्नाले पनि अल्छीपन हटाउन सकिन्छ[१]।

बुद्धद्वारा प्रशंसा

एक समय राजगृहमा वर्षावास बिताइसक्नु भएपछि "अर्को दुइहप्तापछि भगवान् चारिकार्थ जानुहुनेछ" भनी भिक्षुहरूलाई भगवान्ले सुनाउन लगाउनु भयो। वहाँको सूचना दिने चलन नै यस्तो थियो।

यसरी पूर्वसूचना सुनेपछि भगवान्सँग चारिकामा जान चाहने भिक्षुहरू आ-आफ्नो सिउनुपर्ने चीवर सिउँथे। पात्र पोल्न पर्नेले पात्र पोल्थे। चीवर धुनपर्नेले चीवर धोई रंगाउँथे। यसरी चारिकार्थको निमित्त तयार हुन्थे।

उक्त सूचना सुनेपछि महाकश्यप स्थविरले आफ्नो चीवर धुन थाल्नुभयो। यो देखेर भिक्षुहरूले भन्नथाले—

"स्थविरले किन चीवर धोइरहनु भएको होला। यो नगरमा भित्र र बाहिर गरी १८ कोटी मानिसहरू बस्छन्। त्यसमा जो

१. विभं. अ. क. पृ. २७५ः सतिपट्ठानविभङ्गो।

स्थविरका ज्ञातिबन्धुहरू होइनन् उनीहरू स्थविरका उपस्थाक हुन् । जो उपस्थाक होइनन् उनीहरू स्थविरका ज्ञातिबन्धुहरू हुन् । चतुप्रत्यय-द्वारा उनीहरू नै स्थविरको सेवाटहल गर्छन् । यस्तो सेवाटहल छाडेर स्थबिर कहाँ जानुहुन्छ र ! गए पनि माप्रमादपर्वत[1] उता के जानुहुन्थ्यो ।"

अनि शास्ता चारिकार्थ निस्कनुभयो र यस्तो कल्पना गर्नुभयो —"यो नगरमा भित्र र बाहिर गरी १८ कोटी मानिसहरू बस्छन् । मानिसहरूको मंगलामंगल कार्यमा भिक्षुहरू जानुपर्छ । विहार शूनशान पारी जान सकिन्न । यसैले कसलाई फर्काए बेश होला ?"

अनि वहाँलाई यस्तो लाग्यो—"यी मानिसहरू कश्यपका ज्ञातिहरू र उपस्थाकहरू हुन् । कश्यपलाई नै फर्काउन पऱ्यो ।"

यति सोच्नुभई वहाँले स्थविरलाई भन्नुभयो—

"कश्यप ! विहार शून्य पार्न सकिन्न । मानिसहरूको मंगलामंगल कार्यमा भिक्षुहरू जानुपर्छ । तिमी आफ्नो परिषद् लिएर फर्क ।"

"हवस् भन्ते" भनी स्थविर आफ्नो परिषद् लिई फर्कनुभयो ।

अनि ती भिक्षुहरू कराउनथाले—"देख्यौ होइन ? हामीले त भन्दै थियौं कि वहाँ, शास्तासँग चारिकार्थ जानुहुने छैन ।

---

१. भगवान् चारिकार्थ निस्कदा त्यस पर्वतमा पुग्दा वहाँले "जो बस्न चाहन्छन् उनीहरू यहाँबाट फर्केर जाऊन् । प्रमादी भएर नबस" भनी भन्नुहुन्थ्यो । त्यसैले त्यस पर्वतको नाम **'माप्रमादपर्वत'** भन्ने रहन गएको हो ।

किन चीवर धोइरहनु भएको होला। जस्तो हामीले भन्यौं त्यस्तै भयो।"

भिक्षुहरूको कुरा सुनी फर्केर आई भगवान्‌ले यस्तो भन्नुभयो—

"भिक्षुहो ! के कुरा गरिरहेको ?"

"भन्ते ! महाकश्यपको सम्बन्धमा" भनी जम्मै कुरा सुनाए। यो सुनेर भगवान्‌ले "भिक्षुहो ! यस्तो नठान कि कश्यप कुलगृहमा वा प्रत्ययहरूमा लालच गर्छन्। उनी मेरो वचन सुनेर फर्केका हुन्। उनी पहिलेदेखि चन्द्र समान निर्मल हुनसकूँ भनी प्रार्थना गर्दै आएका हुन्। कुलगृहमा वा प्रत्ययमा उनको कुनै बन्धन छैन। न उनी कुनै विषयमा आसक्त नै छन्। कश्यपलाई नै लक्ष गरी चन्द्रोपमा प्रतिपदाको उपदेश मैले भिक्षुहरूलाई दिएको हुँ।"

यसै कुराको सिलसिलामा वहाँले निम्न गाथा भन्नुभयो—

"उय्युञ्जेन्ति सतीमन्तो, न निकेते रमन्ति ते।
हंसाव पल्ललं हित्वा, ओकमोकं जहन्ति ते'ति ॥"

अर्थ—

"गोचर ग्रहण गरिसकेपछि जस्तै हाँसहरू जलाशयमा आसक्त नभई छोडेर जान्छन् त्यस्तै गरी स्मृतिवान् ध्यानी अरहन्तहरू आफूले लाभ गरेको अरहत्‌फल समाधिमा तल्लीन हुन्छन् र उनीहरूको कहीं पनि बन्धन हुँदैन[१]।"

× × ×

१. धम्म. प. अ. क. पृ. ३६७: महाकस्सपत्थेरस्सवत्थु, अरहन्तवग्गो।

भगवान्ले अगाडि अनुदित चौथो (चन्दूपमासुत्तं) सूत्रमा "भिक्षुहो! कश्यप कायसंयम चित्तसंयम गरी, नित्य नयाँ भई, कुलगृहमा गर्व नगरी, चन्द्र समान भई कुलगृहमा जान्छन्" भनी भन्नुभएको छ। उहीं यो पनि भन्नुभएको छ—"भिक्षुहो! कुलगृहमा जाँदा कश्यपको चित्त अल्झिदैंन, समातिन्न न बाधिन्छ।"

यति मात्र होइन "जुनसुकै चीवर, भोजन, शयनासन र ग्लान-प्रत्ययमा उनी सन्तोषी छन्" भन्ने कुरा पनि अगाडि अनुदित छैटौं (सन्तुट्ठसुत्तं) सूत्रमा उल्लेख गर्नुभएको छ।

जो भिक्षु कुलगृहमा जाँदा "मलाई नै देओस्, धेरै देओस्, उत्तम चीज देओस् र चाँडै देओस्" भन्ने विचार गरी जान्छ भने उसले चित्त खिन्न पार्नुपर्ने हुन्छ र दुःखदौर्मनस्यको अनुभव पनि गर्नुपर्ने हुन्छ। तर भिक्षुहो! कश्यप! यस्तो विचार गरी कुलगृहमा जाँदैनन्। चित्त खिन्न पनि पार्दैनन् र दुःखदौर्मनस्यको अनुभव पनि गर्दैनन्। अतः भिक्षुहो! तिमीहरू पनि कश्यप जस्तै हुन सक भनी भगवान्ले अगाडि अनुदित पाँचौं सूत्रमा उल्लेख गर्नुभएको छ।

त्यसैले महाकश्यप स्थविरले अगाडि अनुदित एकतीसौं (महाकस्सपत्थेरगाथा) सूत्रको आफ्नो गाथामा यसो भन्नुभएको हो—

"अनाकिण्णा गहट्ठेहि, मिगसङ्घनिसेविता।
नानादिजगणाकिण्णा, ते सेला रमयन्ति मं॥"

अर्थ—

"गृहस्थीहरूद्वारा आकीर्ण नहुने मलाई मृगादि जनावरहरू र अनेक चराचुरुङ्गीहरू भरिएको त्यो पर्वत नै मनपर्छ।"

"भिक्षुहो ! जतिञ्जेलसम्म म प्रथमध्यानमा बस्न चाहन्छु त्यतिञ्जेलसम्म कश्यप पनि प्रथमध्यानमा बस्न सक्छन्। जतिञ्जेल-सम्म द्वितीय-तृतीय-चतुर्थध्यानमा बस्न चाहन्छु उतिञ्जेलसम्म कश्यप पनि बस्न सक्छन्। रूपावचर ध्यानमा एवं अरूपावचर ध्यानमा पनि कश्यप म जस्तै बस्न सक्छन्। भिक्षुहो ! जसरी म ऋद्धिविधज्ञान जान्दछु उस्तै गरी कश्यप पनि जान्दछन्। जसरी दिव्य-श्रोतद्वारा म देव र मनुष्यहरूको शब्द सुन्नसक्छु उस्तै गरी कश्यपले पनि सुन्न सक्छन्। जसरी ममा परचित्तज्ञान छ उस्तै गरी कश्यपमा पनि परचित्तज्ञान छ। भिक्षुहो ! जतिसम्म म पूर्वजन्मका कुरा अनुस्मरण गर्न सक्छु कश्यप पनि जति चाहन्छन् उती पूर्वजन्मका कुरा अनुस्मरण गर्न सक्छन्। जसरी म अलौकिक दिव्यचक्षुद्वारा दुर्गति सुगतिमा गएका प्राणीहरूलाई देख्न सक्छु त्यसरी नै अलौकिक दिव्य-चक्षुद्वारा कश्यप पनि देख्न सक्छन्। भिक्षुहो ! जसरी म आस्रवक्षय गरी यसै जीवनमा अभिज्ञालाई साक्षात्कार गरी उपशान्त भई विहार गर्छु त्यसरी नै कश्यपले पनि आस्रवक्षय गरी यसै जीवनमा अभिज्ञा-लाई साक्षात्कार गरी उपशान्त भई विहार गर्छन्" भनी वहाँले स्वयं अगाडि अनुदित आठौं (झानाभिञ्ञ) सूत्रमा बताउनुभएको छ।

ध्यानको सम्बन्धमा आफ्नो विचार प्रकट गर्नुहुँदै महाकश्यप स्थविर अगाडि अनुदित एकतीसौं (महाकस्सपत्थेरगाथा) सूत्रमा यस्तो व्यक्त गर्नुहुन्छ—

"न पञ्चङ्गिकेन तुरियेन, रति मे होति तादिसो ।
यथा एकग्गचित्तस्स, सम्मा धम्मं विपस्सतो ॥"

अर्थ—

"पञ्चाङ्गिक तूर्यनादद्वारा मेरो मन त्यति रमाउँदैन जति एकाग्र चित्त गरी सम्यक् धर्मलाई हेरिरहँदा मेरो मन रमाउँछ ।"

यसरी भगवान्ले महाकश्यप स्थविरको प्रशंसा मात्र गर्नुभएको होइन अपितु वहाँले स्थविरलाई आफ्नो सम-सम स्थानमा राख्नुभई एकदिन वहाँले स्थविरलाई धुताङ्गधारीहरूमध्ये अग्रस्थानमा पनि राख्नुभयो । जुन कुरा अगाडि अनुदित सातौं सूत्रमा उल्लेख भएको छ[1] ।

त्यसैले महाकश्यप स्थविरले अगाडि अनुदित एकतीसौं (महाकस्सपत्थेरगाथा) सूत्रमा यस्तो उल्लेख गर्नुभएको हो—

---

१. अं. नि–१, पृ. २३: एतदग्गवग्गो; दी. नि. अ. क. I. पृ. २१४: सामञ्ञफलसुत्तं; विभं. अ. क. पृ. ३५७: झानविभङ्गो; उदा. अ. क. पृ. १४१: सक्कुदानसुत्तं ।

"धुतगुणे विसिट्ठोहं, सदिसो मे न विज्जति ।"

अर्थ—

"जति बुद्धहरू छन् वहाँहरूलाई छाडी धुताङ्ग गुणमा म श्रेष्ठ छु ।"

महाकश्यपको ध्यान

एकदिन, महाकश्यप स्थविर राजगृहको पिप्फलि गुफामा बसिरहनुभएको बेलामा राजगृहमा भिक्षाटन् गरी भोजनपछि आलोक बढाई प्रमादी र अप्रमादी प्राणीहरू पानीमा तथा पृथ्वीमा उत्पन्न हुने र च्युत हुने कति रहेछन् भन्ने विषयमा दिव्यचक्षुद्वारा हेरी बसिरहनुभएको थियो ।

उता जेंतवनाराममा बसिरहनुभएका भगवान् बुद्धले "आज मेरा छोरा कश्यप कुन ध्यानमा बसिरहेका रहेछन्" भनी दिव्यचक्षुद्वारा हेर्नु हुँदा "सत्वहरूको च्युति र उत्पत्ति हुने विषय लिएर बसिरहेका छन्" भन्ने कुरा बुझ्नुभयो । अनि "कश्यप ! सत्वहरूको च्युति र उत्पत्ति हुने विषयको अन्त बुद्धज्ञानले पनि लिन सकिन्न । आमाको कोखमा जन्मेका सत्वहरू आमा-बाबुलाई थाहा नदिई च्युत हुने सत्वहरूको अन्त लिन सकिन्न[1] । त्यो जान्नु तिम्रो विषय होइन ।

---

१. "आमाको कोखमा जन्मेका सत्वहरू आमा-बाबुलाई थाहा नदिई

च्युत हुने सत्वहरूको अन्त लिन सकिन्न" भनी जुन कुरा यहाँ उल्लेख भएको छ यसको स्पष्टिकरण यसरी बुझ्नुपर्छ—

सं. नि. I. पृ. २०७ को इन्दकसुत्तमा र कथावत्थुको पृ. ४२८ सलायतनुप्पत्तिकथामा—

"पठमं कललं होति, कलला होति अब्बुदं ।

अब्बुदा जायते पेसि, पेसि निब्बत्तते घनो..." आदि भनी उल्लेख भएबाट गर्भाधान भएपछि त्यसको संवर्धन हुनको लागि केही समयको आवश्यक पर्छ । चाहिँदो समय नपुग्दैमा अर्थात् कलल, अब्बुद अवस्थामा पनि सत्वहरू च्युत हुन्छन्, विनाश हुन्छन् जो आमालाई थाहा हुन्न भनिएको हो । त्यसैले "पठमं कललं होति .." आदि भनिएको हो । यो गाथाको अर्थ लेखकको बु. ब्र. भा-१, पृ. ९४ मा उल्लेख भएको छ ।

अभिधर्मको भाषाले च्युति भनेको चित्तसन्ततिको खण्डन हुनु हो । साधारण भाषाले मरण भनिएको हो । च्युति चित्त पछि आस्रव क्षीण नहुनेहरूको पटिसन्धि अथवा जनक अथवा ओक्कन्ती चित्त प्रादुर्भाव हुन्छ । यसलाई साधारण भाषाले पुनर्जन्म भनिन्छ । उपरोक्त चित्तले केवल पुनर्जन्म मात्र गराइदिन्छ । मनुष्यलोकमा जन्मिने सत्वको प्रतिसन्धि हुँदैमा सबै स्कन्धहरू, सबै इन्द्रियहरू एकै पटक उत्पन्न हुन्नन् अथवा देखिँदैनन् । प्रतिसन्धि लिइसकेपछि त्यसलाई अरू अनेक प्रत्ययहरूको आवश्यक हुन्छ । यस्तो हुन नसके-

कश्यप ! तिम्रो विषय थोरै मात्र छ । च्युत र उत्पन्न भएका सबैलाई जान्नु वा देख्नु बुद्ध विषय हो" भनी भन्नुहुँदै आभाष फैलाउनु भई सन्मुखमा बसे जस्तो गरी भगवान्‌ले निम्न गाथा भन्नुभयो—

"पमादं अप्पमादेन, यदा नुदति पण्डितो ।
पञ्ञापासादमारुय्ह, असोको सोकिनिं पजं ।
पब्बतट्ठो व भुम्मट्ठे, धीरो बाले अवेक्खति ।।"

मा आमाले थाहा नपाउने गरी नाश हुन्छ । प्रतिसन्धि अथवा पुनर्जन्म भइसकेपछि उपस्थम्भक आदि कर्महरूको यथोचित सहयोग र प्रत्ययहरू पाएमा मात्र जन्मेको स्थिति कायम हुनसक्छ । अन्यथा विनाश हुन्छ । यो विनाश अणु, परमाणुको अवस्थामा हुँदा आमालाई थाहा हुन्न । यसरी विनाश हुने धेरै छन् । त्यसैले यसको गिन्ति अनन्त छन् भनी भनिएको हो ।

महानिद्देसपालिको जरासुत्तनिद्देस (पृ. १००) ले त प्रष्टैसँग यसरी उल्लेख गरेको छ—"कललकाले पि चवति, मरति, अन्तरधायति, विप्पलुज्जति; अब्बुदकाले पि . ; पेसिकाले पि...; घनकाले पि...चवति, मरति, अन्तरधायति, विप्पलुज्जति; ...।" अर्थात् भेडाको मसिनो रौंको टुप्पोमा लागेको तेलको कणभन्दा पनि स्यानो कणलाई 'कलल' भन्दछन् र यस्तो अवस्थामा पनि जीवन पग्लिन्छ, जीवन बिछोड हुन्छ, जीवन नदेखिएर जान्छ, जीवन उच्छेद हुन्छ । अतः यस्तो अवस्थामा च्युत हुनेको ज्ञान आमालाई हुन सक्दैन भनिएको हो भनी बुझ्न सक्नुपर्छ ।

अर्थ—

"जब प्रज्ञावान् पण्डितले प्रमादलाई अप्रमादद्वारा जित्छ तब उसले प्रज्ञारूपी प्रासादमा बसी—पहाडको टुप्पोमा बस्नेले भूइँमा बस्नेलाई हेरे जस्तै—आफ्नो दिव्यचक्षुद्वारा शोकी प्राणीलाई बुद्धिमानी निःशोकीले बालमूर्खलाई हेर्न सक्छ[1] ।"

एकदिन, जेतवनमा बसिरहनुभएका महाकश्यपले ध्यान गरिरहनुभएको बेलामा "भगवान् यसबेला कहाँ हुनुहुदो रहेछ ?" भनी दिव्यचक्षुद्वारा हेर्दा "वहाँ अहिले ब्रह्मलोकमा फलाना ब्रह्माको माथि बस्नुभई तेजधातुमा तल्लीन भई बसिरहनुभएको छ" भन्ने जानी महाकश्यप स्थविर पनि उतनाघरीमै भगवान् भएको ठाउँमा पुगी भगवान्को दक्षिणतिर बसी तेजधातुमा बस्नुभयो । यो कुरा अगाडि अनुदित बाह्रौं (अञ्ञतरब्रह्मसुत्तं) सूत्रमा समुल्लेख भएको छ[2] ।

सारिपुत्रको प्रश्न

सारिपुत्र र महाकश्यप स्थविरहरू वाराणसीको ऋषिपतनमा बसिरहनुभएको बेला एकदिन, संध्या समयमा आयुष्मान् सारिपुत्र ध्यानबाट उठी आयुष्मान् महाकश्यपकहाँ गई निम्न प्रश्नहरू सोध्नुभयो—

---

१. धम्म. प. अ. क. पृ. १६१: महाकस्सपत्थेरवत्थु, अप्पमादवग्ग ।

२. थेर. गा. अ. क. II. पृ. ५८: महामोग्गल्लानत्थेरगाथावण्णनामा पनि उल्लेख भएको छ ।

(१) "आवुसो कश्यप ! मरणपछि प्राणी (=तथागत) हुन्छ कि हुन्न ?"

"आवुसो ! यस्तो प्रश्न बेकारको प्रश्न हो भनी भगवान्‌ले भन्नुभएको छ ।"

(२) "त्यसोभए आवुसो कश्यप ! मरणपछि प्राणी हुन्न त ?"

"आवुसो ! भगवान्‌ले यो प्रश्नलाई पनि बेकारको प्रश्न भनी भन्नुभएको छ ।"

(३) "आवुसो कश्यप ! के त त्यसोभए मरणपछि प्राणी हुन्छ पनि हुन्न पनि ?"

"आवुसो ! यसलाई पनि भगवान्‌ले बेकारको प्रश्न भनी भन्नुभएको छ ।"

(४) "आवुसो कश्यप ! त्यसोभए मरणपछि प्राणी न त हुन्छ न त हुन्न त ?"

"आवुसो ! यसलाई पनि भगवान्‌ले बेकारको प्रश्न भनी भन्नुभएको छ[१] ।"

---

१. सारिपुत्र महास्थविरले महाकश्यपसँग यस्तो कुरा सोध्नु भएकोमा बडो आश्चर्य लाग्छ । यसको कुनै स्पष्टिकरण अर्थकथाचार्यहरूले दिएको कतै देखिदैन ।

वहाँहरू दुबैजना ख्यातिप्राप्त तथा भगवान्‌बाट सम्मान

यी कुराहरू अगाडि अनुदित दोस्रो (परम्मरणसुत्तं) सूत्रमा उल्लेख भएका छन् ।

अर्को एक समय सारिपुत्र स्थविरले महाकश्यप स्थविरसँग, उहीं बसिरहनुभएको बेलामा यस्तो प्रश्न सोध्नु भएको थियो—

"आवुसो कश्यप ! भनिन्छ कि अनातापी र अनोत्तापी पुरुषले सम्बोधि प्राप्त गर्न सक्दैन । यस विषयमा तपाइँको के विचार छ ?"

यसको सम्बन्धमा महाकश्यप स्थविरले जुन उत्तर दिनुभयो त्यो कुरा अगाडि अनुदित तेस्रो (अनोत्तप्पी) सूत्रमा व्याख्यान भएकै छ ।

× × ×

प्राप्त श्रावकहरू हुनुहुन्छ । किन्तु यस्ता कुरा वहाँहरू जस्ताका बीच भएको पाउनु हामी जस्ता अज्ञानीको लागि कम आश्चर्य होइन ।

यी दुवै श्रावकहरूले यस्ता प्रश्नहरूलाई भगवान् बुद्धले 'अव्याकृत' गर्नुभएको छ भन्ने कुरा थाहा भएकै हुनुपर्छ । थाहा होओइन भन्न त सकिन्न जस्तो लाग्छ ।

यसको अलावा वहाँहरू दुवैजना अरहन्त मात्र नभई षडभिज्ञलाभी पनि हुनुहुन्छ । यस्ता अरहन्तहरूबाट यस्तो प्रश्न सोधिनु पनि कम आश्चर्यको कुरा होइन ! शायद यसमा अरू कुनै रहस्य छ कि ? यो चाहिं वडो राम्ररी सोच्नुपर्ने विषय जस्तो लाग्छ ।

महाकश्यपको उपदेश

राजगृहस्थित वेणुवनको कलन्दकनिवापमा आयुष्मान् महाकश्यप बसिरहनुभएको बेलामा एकदिन भिक्षुहरूलाई बोलाई यसो भन्नुभयो—

"भिक्षुहो ! आजकल सूत्रधर र विनयधर भिक्षुहरू धेरै छन् । अभिमानको कारणले गर्दा आफूलाई अरहत्व प्राप्त नभए पनि प्राप्त भएको सम्झी "अरहत्व पायौं" भनी जनाउँछन् ।

"अनि उनीहरूसँग तथागतले वा तथागतका ध्यानलाभी, समापत्तिकुशल र परचित्तकुशल हुनेले उनीहरूले भनेका कुरामाथि प्रश्न सोध्छन् । उनीहरू आपतमा पर्छन् । उनीहरूको कुरामा तुच्छता देखिन्छ । उनीहरूको चित्तमा अभिध्या, व्यापाद, थीनमिद्ध, उद्धच्च र कुक्कुच्च हुन्छ । कुराकानी गरिरहनमा उनीहरू रमाउँछन् । सुतिरहन रूचाउँछन् । मानिसहरू भेला गरी बस्न इच्छा गर्छन् । विशेषाधिगमको लागि अगाडि गर्नुपर्ने काम बाँकी भएर पनि बीचैमा काम सिद्धियो भन्ने ठान्दछन् ।

"भिक्षुहो ! जसले बीचमा काम रोक्छ उसको लागि तथागत देशित धर्मविनयमा परिहानी हुन्छ । अतः बीचमा काम नरोक । विशेषाधिगम नभएसम्म वीर्य नहटाऊ ।" यस सम्बन्धमा अगाडि अनुदित तेह्रौं (अधिमानसुत्तं) सूत्रमा महाकश्यप स्थविरले प्रष्ट पार्नु भएको छ ।

× × ×

यी कुराहरू अगाडि अनुदित दोस्रो (परम्मरणसुत्त) सूत्रमा उल्लेख भएका छन् ।

अर्को एक समय सारिपुत्र स्थविरले महाकश्यप स्थविरसँग, उहीं बसिरहनुभएको बेलामा यस्तो प्रश्न सोध्नु भएको थियो—

"आवुसो कश्यप ! भनिन्छ कि अनातापी र अनोत्तापी पुरुषले सम्बोधि प्राप्त गर्न सक्दैन । यस विषयमा तपाइँको के विचार छ ?"

यसको सम्बन्धमा महाकश्यप स्थविरले जुन उत्तर दिनुभयो त्यो कुरा अगाडि अनुदित तेस्रो (अनोत्तप्पी) सूत्रमा व्याख्यान भएकै छ ।

× × ×

प्राप्त श्रावकहरू हुनुहुन्छ । किन्तु यस्ता कुरा वहाँहरू जस्ताका बीच भएको पाउनु हामी जस्ता अज्ञानीको लागि कम आश्चर्य होइन ।

यी दुवै श्रावकहरूले यस्ता प्रश्नहरूलाई भगवान् बुद्धले 'अव्याकृत' गर्नुभएको छ भन्ने कुरा थाहा भएकै हुनुपर्छ । थाहा होओइन भन्न त सकिन्न जस्तो लाग्छ ।

यसको अलावा वहाँहरू दुबैजना अरहन्त मात्र नभई षडभिज्ञलाभी पनि हुनुहुन्छ । यस्ता अरहन्तहरूबाट यस्तो प्रश्न सोधिनु पनि कम आश्चर्यको कुरा होइन ! शायद यसमा अरू कुनै रहस्य छ कि ? यो चाहिं बडो राम्ररी सोच्नुपर्ने विषय जस्तो लाग्छ ।

महाकश्यपको उपदेश

राजगृहस्थित वेणुवनको कलन्दकनिवापमा आयुष्मान् महाकश्यप बसिरहनुभएको बेलामा एकदिन भिक्षुहरूलाई बोलाई यसो भन्नुभयो—

"भिक्षुहो ! आजकल सूत्रधर र विनयधर भिक्षुहरू धेरै छन् । अभिमानको कारणले गर्दा आफूलाई अरहत्व प्राप्त नभए पनि प्राप्त भएको सम्झी "अरहत्व पायौं" भनी जनाउँछन् ।

"अनि उनीहरूसँग तथागतले वा तथागतका ध्यानलाभी, समापत्तिकुशल र परचित्तकुशल हुनेले उनीहरूले भनेका कुरामाथि प्रश्न सोध्छन् । उनीहरू आपतमा पर्छन् । उनीहरूको कुरामा तुच्छता देखिन्छ । उनीहरूको चित्तमा अभिध्या, व्यापाद, थीनमिद्ध, उद्धच्च र कुक्कुच्च हुन्छ । कुराकानी गरिरहनमा उनीहरू रमाउँछन् । सुतिरहन रूचाउँछन् । मानिसहरू भेला गरी बस्न इच्छा गर्छन् । विशेषाधिगमको लागि अगाडि गर्नुपर्ने काम बाँकी भएर पनि बीचैमा काम सिद्धियो भन्ने ठान्दछन् ।

"भिक्षुहो ! जसले बीचमा काम रोक्छ उसको लागि तथागत देशित धर्मविनयमा परिहानी हुन्छ । अतः बीचमा काम नरोक । विशेषाधिगम नभएसम्म वीर्य नहटाऊ ।" यस सम्बन्धमा अगाडि अनुदित तेह्रौं (अधिमानसुत्तं) सूत्रमा महाकश्यप स्थविरले प्रष्ट पार्नु भएको छ ।

× × ×

महाकश्यपको आयु

महाकश्यप स्थविर दीर्घायु हुने श्रावकहरूमध्ये एक हुनुहुन्छ । सारिपुत्र महामौद्गल्यायन तथा भगवान् बुद्धको भन्दा वहाँको आयु धेरै थियो । सुमं. वि. II. पृ. ९९: महापदानसुत्तवण्णनानुसार वहाँ १२० वर्ष बाँच्नु भएको थियो । बुद्धशासनमा यसरी दीर्घायु हुने अरूहरूका नामहरू पनि उक्त अर्थकथाले उल्लेख गरेको छ । जस्तै—

विशाखा महाउपासिका १२०, पोक्खरसाति (=पुष्कर साति) ब्राह्मण, बह्मायु ब्राह्मण, सेल ब्राह्मण, बावरीय ब्राह्मण र आनन्द स्थविर १२० वर्ष बाँच्नु भएको थियो । अनुरुद्ध स्थविर चाहि १५० वर्ष र बाकुल वा बक्कुल स्थविर १६० वर्ष बाच्नु भएको थियो । वहाँ जति बाँच्ने भिक्षु अरू कोही छैनन् । महाप्रजापति गौतमी पनि १२० वर्ष बाँच्नु भएको थियो[1] ।

जसरी वहाँ दीर्घायु हुनुहुन्थ्यो उसरी नै वहाँले धुताङ्गशील पालन गर्नुभएको थियो । सारिपुत्र र महामौद्गल्यायन स्थविरहरूले ३० वर्षसम्म खाट्मा लेटी सुत्नु भएन भने महाकश्यप स्थविरले १२० वर्षसम्म खाट्मा लेटेर सुत्नु भएको थिएन भनी सुमं. वि. III.

१. लेखकको बु. श्रावि. च. भा–१, पृ. ५०: महाप्रजापति गौतमी ।

पृ. ४८: सक्कपञ्हसुत्तवण्णनाले उल्लेख गरेको छ[1]। अनुरुद्ध स्थविरले चाहिं ५० वर्षसम्म खाट्मा लेटेर सुत्नु भएन। भद्दिय (=भद्रीय) स्थविरले ३० वर्ष, सोण स्थविरले १८ वर्ष, रट्ठपाल (=राष्ट्रपाल) स्थविरले १२ वर्ष, आनन्द स्थविरले १५ वर्ष, राहुल स्थविरले १२ वर्ष, बक्कुल स्थविरले ८० वर्ष र नालक स्थविरले प्रव्रजित भएपछि परिनिर्वाण नभएसम्म लेटेर सुत्नु भएको थिएन भनी उक्त अर्थकथाले उल्लेख गरेको छ।

विसुद्धिमग्ग भाग-१, पृ. १५८: धुताङ्गनिद्देसले उल्लेख गरे अनुसार सपदानचारिका भिक्षाटन् गर्नेहरूमध्ये महाकश्यप स्थविर जस्ता श्रेष्ठ पुरुष अरू छैनन्।

बुद्धसँग महाकश्यपको प्रश्न

भगवान् अनाथपिण्डिकको जेतवनाराममा बसिरहनुभएको कुनै एक समयमा महाकश्यप स्थविर भगवान्कहाँ जानुभयो र अभिवादन गरी एक छेउमा बसेका स्थविरले भगवान्सँग यस्तो सोध्नु-भयो—

---

१. यो चाहिं अलि मिल्दैन जस्तो लाग्छ। किनभने वहाँको आयु नै १२० वर्ष हो भने १२० वर्षसम्म नै कसरी लेटेर सुत्नु भएन? बरु प्रव्रजित भएदेखि परिनिर्वाण नभएसम्म वहाँ लेटेर सुत्नु भएन भन्नु बढी उचित देखिन्छ।

"भन्ते ! यहाँ थोरै शिक्षापदहरू (=नियमहरू) हुँदा धेरै भिक्षुहरू अरहत्वमा प्रतिष्ठित भए । तर अहिले धेरै शिक्षापदहरू भए । तैपनि थोरै भिक्षुहरू अरहत्वमा प्रतिष्ठित हुन्छन् । भन्ते ! यसो हुनाको कारण के होला ?"

"कश्यप ! जब प्राणीहरू क्षीण हुन थाल्छन् र सद्धर्म अन्तरधान हुने बेला आउँछ तब यस्तो हुन्छ । कश्यप ! तबतक सद्धर्म लोप हुँदैन जबतक लोकमा सद्धर्म जस्तै धर्म देखिँदैन । कश्यप ! जब सद्धर्म जस्तै धर्म देखिन थाल्छ तब सद्धर्म लोप हुन्छ । जस्तै सून चाँदी जस्ता अरू धातुहरू जब लोकमा देखापर्छन् तब साँच्चैको सून चाँदी लोप हुन्छ । कश्यप ! यो सद्धर्मलाई पृथ्वी आदि चारतत्वले लोप गर्दैनन् । बल्की यहीं तो मूर्खहरू देखापर्छन् जसले सद्धर्म लोप गर्छन् ।" यस सम्बन्धमा अरू कुराहरू अगाडि अनुदित सत्ताइसौं (सद्धम्मपतिरूपकं) सूत्रमा स्पष्ट गरिएको छ । यो महाकश्यपको प्रश्न बडो गहकिलो तथा विचारणीय छ ।

तिमी बुढा भयौ

भगवान् राजगृहस्थित वेणुवनको कलन्दक निवापमा बसिरहनु भएको बेलामा महाकश्यप स्थविर भगवान्कहाँ जानुभयो र अभिवादन गरी एक छेउमा बस्नुभयो । अनि भगवान्ले महाकश्यप-लाई हेरी "कश्यप ! अहिले तिमी बुढा भइसक्यौ । तैपनि तिमी यो

सनपाटको पंसुकूल चीवर लगाउँदैछौ । के तिमीलाई गह्रौं हुँदैन ? गृहस्थीहरूले दिएको चीवर लगाए पनि त हुन्छ नि । निमन्त्रणा स्वीकार गरे पनि हुन्छ । नभए नकहाँ बसे पनि हुन्छ" भनी भन्नुभयो ।

यो सुनी महाकश्यप स्थविर भन्नुहुन्छ—

"भन्ते ! धेरै दिनदेखि म आरण्यिक छु र अरण्यवासको वर्णवादी पनि छु । भिक्षाटन्‌द्वारा जीविका गर्छु र भिक्षाटन्‌को वर्णना पनि गर्छु । पंसुकूलिक पनि हुँ र पंसुकूल चीवर लगाउनेको प्रशंसा पनि गर्छु । त्रिचीवरधारी पनि हुँ र त्रिचीवर लगाउनेको वर्णन पनि गर्छु । .. असंसर्गी पनि हुँ र असंसर्गताको वर्णवादी पनि । वीर्यवान् पनि हुँ र वीर्यवान्‌को प्रशंसा पनि गर्छु ।"

जब वहाँले यस्तो जवाफ दिनुभयो तब भगवान्‌ले यस्तो भन्नुभयो—

"कश्यप ! के देखेर तिमी आरण्यिक तथा पंसुकूलिक आदि भएकाह्वौ र पंसुकूलिकको वर्णवादी पनि ?"

"भन्ते ! दुइ कारणलाई देखी म यस्तो भएको हुँ । कुन दुइ भने—(१) आफूले यसै जीवनमा अनुभव गरेको धर्मलाई देखेर तथा पछि आउने मानिसहरूले पनि त्यस्तै गर्न सकून् भन्ने अनुकम्पा राखी । (२) जो ती बुद्धादि बुद्धश्रावकहरू भए तिनीहरू पनि धेरै दिनसम्म आरण्यिक नै भए र आरण्यिकताको वर्णवादी पनि । जसले यस्तो जीवन बिताउनेछ उसको लागि दीर्घकालिक हित र सुख हुनेछ भन्ने विचार गरी गरेको हुँ ।"

यस्तो उत्तर सुनी भगवान्ले वहाँलाई साधुवाद दिनुभयो । अरू कुराको लागि अगाडि अनुदित चौबीसौं सूत्रमा (जिण्णसुत्त) हेर्नू ।

बुढो हुँदा पनि राजगृहमा भिक्षाटन् गरी आफू बस्ने पहाडमै जानुहुन्थ्यो । यो देखेर मानिसहरू "भन्ते ! यस्तो बुढेसकालमा पनि पहाड चढनु हुन्छ । वेणुवनाराममा बस्नुभए पनि हुन्छ नि" भनी भनेको सुनी वहाँ आफ्नो थेरगाथापालिमा यस्तो उल्लेख गर्नुहुन्छ—

"यत्थ एके विहञ्ञन्ति, आरुहन्ता सिलुच्चयं ।
तस्स बुद्धस्स दायादो, सम्पजानो पतिस्सतो ।
इद्धिबलेनुपत्थद्धो, कस्सपो अभिरूहति ।।"

अर्थ—

"जुन आखिरी बेंशमा पर्वत चढदा कसैलाई गाह्रो लाग्छ भने बुद्धको दायाद पाउने कश्यप चाहिं ऋद्धिबलद्वारा बलियो भई स्मृति-सम्प्रजन्य भई पहाड चढछन् ।"

वहाँ अगाडि अरू भन्नुहुन्छ—

"पिण्डपातपटिक्कन्तो, सेलमारुय्ह कस्सपो ।
झायति अनुपादानो, पहीनभयभेरवो ।।"

अर्थ—

"भिक्षाटन्बाट फर्कंदा पहाड चढी आई अनुपादानी भई भय-त्रासबाट दूर भई कश्यप ध्यानमा बस्छन् ।"

"अनाकिण्णा गहट्ठेहि, मिगसङ्घनिसेविता।
नानादिजगणाकिण्णा, ते सेला रमयन्ति मं ॥"

अर्थ—

"गृहस्थीहरूद्वारा आकीर्ण नहुने मलाई मृगादि जानवरहरू भरिएको र अनेक चराचुरुङ्गीहरू भरिएको त्यो पर्वत नै मनपर्छ।"

यसरी वहाँले धेरै कुरा भन्नुभयो। विशेष कुराको लागि अगाडि अनुदित एकतीसौं सूत्रमा (महाकस्सपत्थेरगाथा) हेर्नू।

कश्यप ! उपदेश गर

राजगृहस्थित वेणुवनाराममा भगवान् बसिरहनुभएको बेलामा महाकश्यप स्थविर पुग्नुभयो र वन्दना गरी एक छेउमा बस्नुभयो। अनि एक छेउमा बस्नुभएका वहाँलाई भगवान्ले यसो भन्नुभयो—

"कश्यप ! भिक्षुहरूलाई अति उपदेश देऊ। कश्यप ! भिक्षुहरूलाई धर्मको कुरा सुनाऊ। कश्यप ! तिमी वा मैले भिक्षुहरूलाई उपदेश दिनुपर्छ।"

यो सुनेर महाकश्यपले आफ्नो प्रतिक्रिया जनाउँदै यसो भन्नुभयो—"भन्ते ! हिजोआज भिक्षुहरू टेर्दैनन्। भनेका कुरा सुन्दैनन्। दुर्विनीत छन्। अनुशासन ग्रहण गर्दैनन्। यसैमध्ये नै मैले आनन्द र अनुरुद्धसँग बस्ने भिक्षुहरू देखेको छु।"

महाकश्यपको कुरा सुनी भगवान्‌ले त्यस्ता भिक्षुहरूलाई बोलाउन पठाई सम्झाउनुभयो । ती भिक्षुहरूले भगवान्‌सँग क्षमा मागे । यसबारे अरू कुरा अगाडि अनुदित तेइसौं सूत्रमा (ओवादसुत्तं) हेर्नू ।

अर्को एक पटक पनि भगवान्‌ले महाकश्यपलाई "उपदेश गर" भनी भन्नुहुँदा वहाँले अघि जस्तै "भिक्षुहरू दुर्विनीत छन् र अनुशासन गर्न योग्य छैनन्" भनी भन्नुभयो र भगवान्‌लाई यस्तो सुनाउनुभयो— "भन्ते ! जसको कुशल धर्ममा श्रद्धा, लज्जा, भय, वीर्य र प्रज्ञा हुन्न उसको जुन दिन वा रात हो त्यो कुशल धर्मको लागि हानी नै हुन्छ । भन्ते ! कृष्णपक्षको जुन दिन वा रात हो त्यो वर्णले पनि आभाले पनि मण्डलले पनि हानी नै हुन्छ ।

"भन्ते ! अश्रद्धालु, अलज्जालु,......क्रोधी, वैरी भन्नु नै परिहानी हो ।

"भन्ते ! जसको कुशल धर्ममा श्रद्धा, लज्जा, भय, वीर्य हुन्न त्यस्ताको जुन रात वा दिन हो त्यो कुशल धर्मको लागि हानी नै हुन्छ ।

"भन्ते ! जसको कुशल धर्ममा श्रद्धा, लज्जा, भय, वीर्य, प्रज्ञा हुन्छ त्यस्ताको जुन रात वा दिन हो त्यो अभिवृद्धि नै हुन्छ । जस्तै शुक्लपक्षको जुन दिन वा रात हो त्यो वर्णले पनि मण्डलले पनि आभाले पनि अभिवृद्धि नै हुन्छ । भन्ते ! श्रद्धालु, लज्जालु, भय हुने, वीर्यवान् र प्रज्ञावान् भन्नु नै अभिवृद्धि हो ।"

स्थविरको यस्तो टिप्पणी सुनी भगवान्‌ले वहाँलाई साधुवाद

दिनुभयो । अरू कुराको लागि अगाडि अनुदित पच्चीसौं सूत्रमा (दुतिय ओवादसुत्तं) हेर्नू ।

फेरि अर्को एकदिन भगवान्ले महाकश्यपलाई त्यस्तै भन्नुभयो । महाकश्यप स्थविरले पनि अघि जस्तै भन्नुभयो ।

यस पटक चाहिं स्थविरको कुरा सुनी भगवान्ले यस्तो प्रतिक्रया जनाउनुभयो—

"कश्यप ! त्यस्तै हो । अघि स्थविर भिक्षुहरू आरण्यिक थिए । अरण्यवासको वर्णन गर्थे । भिक्षाटन् गर्ने हुन्थे र भिक्षाटन्को वर्णन गर्थे . एकान्तवासी थिए र एकान्तवासको वर्णन गर्थे । असंसर्गी थिए र असंसर्गताको वर्णन गर्थे । त्यहाँ जो भिक्षु आरण्यिक हुन्थे उनीहरूको सम्मान भिक्षुहरू गर्थे ।

"कश्यप ! आजकल स्थविर भिक्षुहरू आरण्यिक पनि छैनन्, अरण्यवासको वर्णन पनि गर्दैनन् । न भिक्षाटन् गर्नेहरू छन् न त भिक्षाटन्को वर्णन नै गर्छन् । पंसुकूलिक पनि छैनन्, पंसुकूलको वर्णन पनि गर्दैनन् ।......एकान्तवासी पनि छैनन्, एकान्तवासको वर्णन पनि गर्दैनन् । कश्यप ! जो त्यहाँ नामी, यशश्वी, चीवरपिण्डपात, शयनासन र ग्लानप्रत्यय लाभी हुन् त्यस्ता भिक्षुहरूलाई भिक्षुहरू सम्मान गर्छन् । यो देखेर नयाँ नयाँ भिक्षुहरू पनि त्यस्तै हुन खोज्छन् र त्यस्तै सिक्छन् । जो उनीहरूको निमित्त दीर्घकालिक अहित र दुःख हुन्छ । कश्यप ! सांच्चै भन्ने हो भने यसैलाई 'ब्रह्मचारीहरूको उपद्रव' भनी भन्नुपर्छ ।

कश्यप ! साँच्चै भन्ने हो भने आजकल ब्रह्मचारीहरू उपद्रवी छन् ।" अरू कुरा अगाडि अनुदित छब्बीसौं सूत्रमा (ततिय ओवादसुत्त) हेर्नू ।

गुरुशिष्य बीच भएका यी कुराहरू बडो मार्मिक र चिन्तनीय छन् ।

× × ×

राजगृहस्थित पिप्फलि गुफामा बसिरहनु भएका महा-कश्यप स्थविरलाई सेवाटहल गर्ने दुइ भिक्षुहरू वहाँसँगै बस्दथे । तीमध्ये एकले सम्मानपूर्वक आफूले गर्नुपर्ने कामधाम गर्थ्यो । अर्को चाहिँले अर्कालि गरेको कामलाई आफूले गरेको जस्तो गरी देखाउँथ्यो । खुट्टा धुने पानी राख्ने र नुहाउने पानी राख्नेमा समेत यस्तै गर्थ्यो ।

एकदिन अर्कोले सोच्यो—"यसले त सँधैभरी मैले गरेकोलाई आफूले गरेको जस्तै गरी देखाउँछ । होस, मैले पनि गर्न जानेको छु ।"

अनि एकदिन उ खाएर सुतिरहेको बेलामा नुहाउनको निमित्त पानी तताई एउटा घैंटोमा राखी पछाडिपट्टिको कोठामा राखि छोड्यो । पानी तताउने भाँडोमा चाहिं बाफ आउने गरी अलिकता तातो पानी राखी बिर्कोले छोपी राख्यो ।

नुहाउने बेला भएपछि पानी तताउने भाँडो उघारी हेर्दा बाफ आएको देखी "पानी तताइसकेको रहेछ" भन्ने ठानी दौडेर गई स्थविरलाई वन्दना गरी "भन्ते ! पानी तताईसकेको छु । नुहाउनुहोस्" भनी भन्यो । स्थविर नुहाउने कोठामा जानुभयो । "आवुसो ! पानी

ल्याऊ" भनी भनेपछि पानीको भाँडामा पानी नदेखी "हेर यो दुर्विनीतको चाल। खालि भाँडो चूलामा राखी कहाँ गयो यो! पानी तताइसक्यो भन्ने ठानी मैले स्थविरलाई भनिसकें" भन्दै कराउँदै गाग्रो लिई पानी लिन निस्क्यो।

अर्को चाहिंले पछाडिपट्टिबाट तातो पानी ल्याई नुहाउने कोठामा पानी राखिदियो। यो देखेर स्थविरले सोच्नुभयो—"पानी तताइसकेको छु भनेर अहिले चाहिं पानी छैन भन्दै कराउँदै गाग्रो लिई पानी लिन जान्छ। यो क्याहो?" यसरी विचार गर्नुहुँदा अर्काले गरेकोलाई आफूले गरेको जस्तो गरी यसले देखाउँदो रहेछ भन्ने कुरा थाहापाउनु भयो। अनि संध्या समयमा आई बसेको उसलाई स्थविरले सम्झाउनु भयो—

"आवुसो! भिक्षु हुनेले आफूले गरेकोलाई मात्र आफूले गरेको भनी भन्नुपर्छ। आफूले नगरेकोलाई आफूले गरेको भनी झूट बोल्नु हुन्न। तिमीले पानी तताइसकेको छु भनी फेरि पानी छैन भनी कराउँदै पानी लिन गयौ। प्रव्रजित हुनेले यस्तो गर्नुहुन्न।"

"जाबो यति पानीको कुरामा स्थविरले कत्रो कुरा निकाल्नु भयो" भनी स्थविरसँग रिसाई भोलिपल्ट स्थविरसँग भिक्षाटन्मा गएन।

स्थविर जानुभएपछि उ स्थविरको उपस्थाकको कुलमा गयो। "स्थविर खोइ त?" भनी सोध्दा "स्थविरलाई संचो छैन। विहारमै हुनुहुन्छ" भनी उसले भन्यो।

"भन्ते ! त्यसोभए के चाहिन्छ त ?"

"यस्तो भोजन दिनुहोस्" भनी भनेपछि त्यस्तै भोजन तयार गरी उपस्थाकले दियो । बीचबाटामा नै सो भोजन खाई उ विहारमा फर्क्यो । आफू भिक्षाटन् जानुभएको ठाउँबाट स्थविरलाई एक टुक्रा कपडा प्राप्त भएको थियो । सो कपडा स्थविरले आफूसँग भिक्षाटन् जानेलाई नै दिनुभयो । उसले त्यसलाई रंगाई चीवर सिई लगायो ।

भोलिपल्ट स्थविर सो उपस्थाक कुलमा भिक्षाटन् जानुहुँदा "भन्ते ! तपाईंलाई संचो भएन भनी हिजो तरुण भिक्षुले भनेका थिए । तपाईंलाई चाहिने आवश्यक भोजन तयारपारी पठाएको थिएँ । सोही खाना खाएर संचो हुनुभयो होला" भनी भन्दा स्थविर चूपलाग्नु भयो ।

विहारमा फर्केपछि संध्या समयमा वन्दना गरी बसेको सो भिक्षुलाई यस्तो भन्नुभयो—"आवुसो ! तिमीले यस्तो गरेका रहेछौ । प्रव्रजित हुनेले यस्तो गर्नु हुन्न । वचन प्रकट गरी भोजन गर्नु हुन्न ।" अनि उ रिसाई स्थविरमाथि वैरभाव राखी "पहिलो दिन एक थोपो पानीको कारणमा मलाई झूटो बोल्ने भनी भन्नुभयो । आज चाहिं विज्ञप्ति गरी अर्थात् वचन प्रकट गरी भोजन गर्न हुन्न भनी भन्नुहुन्छ । पाएको कपडा पनि आफ्नो उपस्थाकलाई नै दिनुभयो । अहो स्थविरको काम ! मैले पनि जानेको छु" भन्ने मनमा राखी भोलिपल्ट स्थविर भिक्षाटन्मा जानुभयो । आफू चाहिं विहारमै बसी परिभोग गर्ने भाँडा वर्तनहरू लट्ठीले फुटाली स्थविरको पर्णशालामा आगो लगाई आगोले

दढाउन नसक्ने सामान मुग्रोले हानी बिगारी भागेर गयो । अनि मृत्यु भएपछि अवीचिमा उत्पन्न भयो ।

राजगृहवासी मानिसहरूको बीचमा कुरा चल्यो—

"स्थविरको साथमा बस्ने एक भिक्षु वहाँको अति उपदेश मात्रलाई पनि सहन नसकी रिसाई वहाँको पर्णशालामा आगो लगाई भागेर गयो ।"

एक भिक्षु चारिका गर्दै क्रमशः श्रावस्तीमा पुगेपछि जेतवनाराममा गई भगवान्को दर्शन गर्‍यो । उसँग कुशलवार्ता गर्नुहुँदै भगवान्ले "भिक्षु ! तिमी कहाँबाट आएका ह्वौ ?" भनी सोध्नुभयो ।

"भन्ते ! म राजगृहबाट आएको हुँ ।"

"भिक्षु ! मेरा छोरा कश्यपलाई संचै छ त ?"

"भन्ते ! संचै हुनुहुन्छ । केवल वहाँसँग बस्ने एक भिक्षुले वहाँको अतिउपदेशलाई सहन नसकी रिसले वहाँको कुटीमा आगो लगाई भागेर गयो ।"

यो सुनेर भगवान्ले "भिक्षु ! अहिले मात्र सो भिक्षु रिसाएको होइन अघि पनि रिसाएको थियो । अहिले मात्र उसले कुटी बिगारेको होइन अघि पनि बिगारेको थियो" भनी भन्नुहुँदै अतीतका कुरा सुनाउनु भयो—

"अतीतमा एक सिङ्गिल भन्ने चराले हिमालतिर गुँड बनाई बसेको थियो । एकदिन बेसरी पानी परेकाले एउटा भिजेको बाँदर

जाडोले थरथर काम्दै त्यो ठाउँमा आयो । उसलाई देखी सिङ्गिलले भन्यो—

"हे बाँदर ! तिम्रो हातखुट्टा र शीर मानिसको जस्तै छ । तर तिम्रो घर किन नभएको ?"

बाँदर भन्दछ—"हे सिङ्गिल ! यद्यपि मेरो हातखुट्टा र शीर मानिसको जस्तै छ । तर जुन बुद्धिले घर बनाउन सकिने हो सो बुद्धि मसँग छैन ।"

अनि उसलाई सिङ्गिलले भन्यो—

"चित्तलाई बशमा राख्न नसक्ने र शील सदाचार नहुनेले कहील्यै सुख पाउन सक्दैन ।"

यो सुनेर रिसाई उसले चराको गुँड बिगारिदियो । त्यसबखत बाँदर हुने कश्यपसँग बस्ने भिक्षु थियो र चरा चाहिं कश्यप थिए भनी भन्नुभयो । यति भनी वहाँले मेरो छोरो कश्यपलाई त्यस्तो मूर्खसँग बस्नुभन्दा एक्लै बस्नु नै कल्याण छ भनी निम्न गाथा भन्नुभयो—

"चरञ्चे नाधिगच्छेय्य, सेय्यं सदिसमत्तनो ।
एक चरियं दल्हं कयिरा, नत्थि बाले सहायता ।।"

अर्थ—

"भरसक आफूभन्दा गुणी मानिससँग बस्नुपर्छ, त्यस्तो नपाएमा आफू समान पुरुषसँग बस्नुपर्छ । तर आफूभन्दा कमसल गुण भएकोसँग

कहील्यै नबस्नू । यस्तासँग बस्नुभन्दा दृढचित्त गरी एक्लै बस्नु नै कल्याणकर छ । किन कि बालमूर्खबाट कुशल धर्म अभिवृद्धिको लागि सहायक हुन सक्दैन[1] ।"

शायद महाकश्यपको जीवनमा यस्तो घटना भएको हुनाले पनि वहाँले उपरोक्ताकारले विचार प्रकट गर्नुभएको हुनसक्छ ।

विविध कारणहरू

थेरगाथा अट्ठकथा भा–२, पृ. ६३१: वङ्गीसत्थेरगाथावण्णनानुसार असीतिमहाश्रावकहरूको नामावलीमा यी महाकश्यप स्थविरको नाम सत्रौं (१७) स्थानमा रहेको छ[2] ।

अप. दा. अ. क. पृ. ६२: बुद्धापदानवण्णनाको भनाइ अनुसार यमकप्रातिहार्यपछि भगवान् बुद्ध र वहाँका श्रावकहरूलाई धेरै लाभ-सत्कार प्राप्त हुन थाल्यो[3] । अनि भगवान् कौशम्बीमा बसिरहनुभएको बेलामा मानिसहरू हातमा कपडा औषधीहरू लिई विहारमा गई शास्ता कहाँ हुनुहुन्छ ? सारिपुत्र कहाँ हुनुहुन्छ ? महामौद्गल्यायन कहाँ हुनुहुन्छ ? र महाकश्यप महास्थविरहरू कहाँ हुनुहुन्छ ? भन्दै खोज्दै हिड्दथे[4] ।

---

१. धम्म. प. पा. बालवग्गो, गा. नं. ६१.

२. लेखकको बु. म. भा–१, पृ. ९० को पादटिप्पणीमा हेर्नू ।

३. लेखकको बु. म. भा–२, पृ. ३४: चिञ्चामाणविका ।

४. धम्म. प. अ. क. पृ. ८६: देवदत्तवत्थु, यमकवग्ग ।

एक समय भगवान् बुद्ध वैशालीमा बसिरहनुभएको बेलामा परिनिर्वाण हुन चाहने महाप्रजापति गौतमीले "बुद्ध, युगलश्रावक, महाकश्यप, नन्द, आनन्द र राहुलहरूको परिनिर्वाणभन्दा अगाडि नै म परिनिर्वाण हुनेछु" भनी भन्नुभएको थियो[१] ।

वहाँको शबयात्रामा बुद्ध, युगलश्रावक र महाकश्यप महास्थविरहरू पनि हुनुहुन्थ्यो[२] ।

भद्रा कापिलानी स्थविरा अरहत्नी भएपछि महाकश्यप स्थविरको गुण अनुस्मरण गर्दै वहाँले यसो भन्नुभएको छ—

"बुद्धको दायाद प्राप्त गर्नु भएका बुद्धपुत्र कश्यप सुसमाहित हुनुहुन्छ । वहाँले पूर्वेनिवासानुस्मृतिज्ञानलाई पनि जान्नुहुन्छ र स्वर्ग नरक पनि देख्नु हुन्छ[३] ।"

भगवान्ले नन्द स्थविरलाई देवकन्या उपलब्ध गराइदिने छ भन्ने आशामा नन्द स्थविरले ब्रह्मचर्य पालन गरिरहेको कुरा भगवान्ले सारिपुत्र, महामौद्गल्यायन तथा महाकश्यप महास्थबिरहरूलाई सुनाएपछि सारिपुत्रादि महाकश्यप महास्थविरहरू गई नन्दलाई लज्जित पार्नुभएको थियो[४] ।

---

१. लेखकको बु. श्रावि. च. भा–१, पृ. १३८: महाप्रजापति गौतमी ।

२. लेखकको बु. श्रावि. च. भा–१, पृ. ५०: महाप्रजापति गौतमी ।

३. बु. श्रावि. भा–१, पृ. ५६९: भद्राकापिलानी स्थविरा ।

४. जा. अ. क. I–II. पृ. ४४२: सङ्ग्रामावचर जातक, नं. १८२.

एकदिन अनुरुद्ध स्थबिर पंसुकूल कपडा खोज्दै राजगृहको बाटामा हिंडिरहेका थिए। त्यसबेला योभन्दा तृतीय आत्मभाव अघि वहाँकी स्त्री भएकी जालिनी देवकन्याले यो कुरा थाहापाई १३ हात लामो ४ हात चौडाई भएको एउटा कपडा फोहर ठाउँमा राखिदिई। स्थविरले देखी सो कपडा ल्याउनु भई चीवर सिउन लाग्नुभयो। सो चीवर सिउने दिनमा भगवान् सहित असीतिमहाश्रावक भेला भएका थिए। चीवर सिउँदा महाकश्यप महास्थविर तलतिर, सारिपुत्र महास्थविर बीचमा र आनन्द महास्थविर माथितिर बस्नुभएको थियो। असीति-महाश्रावकहरूले सीयोमा धागो राख्नुभएको थियो भनी धम्म. प. अ. क. पृ. ३७१: अनुरुद्धत्थेरवत्थु, अरहन्तवग्गले उल्लेख गरेको छ।

एकदिन वनवासीतिस्स श्रामणेर बसिरहेको ठाउँमा उपाध्याय हुनुभएका सारिपुत्र महास्थविर जानु भएको थियो। वहाँले आफू त्यहाँ जाने कुरा महामौद्‌गल्यायन महास्थविरलाई र महाकश्यप महास्थविरलाई पनि भन्नुभएको थियो। अनि महा-मौद्‌गल्यायन र महाकश्पप महास्थविरहरू पनि वनवासीतिस्स श्रामणेरकहाँ जानुभएको कुरा धम्म. प. अ. क. पृ. ३२६: वनवासी-तिस्सत्थेरवत्थु, बालवग्गले उल्लेख गरेको छ।

यी महाकश्यप महास्थविरको नाम जहिले पनि जुन सूत्रमा पनि सारिपुत्र र महामौद्‌गल्यायनको पछि उल्लेख भएको पाइन्छ। जस्तै म. नि. I. पृ. २६३: महागोसिङ्ग सूत्रमा—सारिपुत्र, महा-मौद्‌गल्यायन, महाकश्यप, अनुरुद्ध, रेवत, आनन्दका नामहरू

छन् भने अं. नि-६, पृ. २०: सोप्पसुत्तमा—सारिपुत्र, महामौद्गल्यायन, महाकश्यप, महाकच्चान, महाकोट्ठिक, महाचुन्द, महाकप्पिन, अनुरुद्ध, रेवत र आनन्दका नामहरू उल्लेख भएका छन् ।

विसु. म. I. पृ. ५०: सीलनिद्देसले शीलको विभाजन गर्दै (१) प्रकृतिशील, (२) आचारशील, (३) धर्मताशील र (४) पूर्वहेतुकशील भनी देखाएको ठाउँमा महाकश्यप जस्ता शुद्ध प्राणीहरूको र बोधिसत्वको शील 'पूर्वहेतुकशील' भनी उल्लेख गरेको छ ।

एक समय एकान्तमा बसी देवदत्तले यस्तो सोचे—"सारिपुत्रको परिषद्, महामौद्गल्यायनको परिषद्, महाकश्यपको परिषद् भनी यिनीहरू आ-आफ्नो प्रमुखता धारण गर्छन् । म पनि एक प्रमुखता लिनुपर्‍यो ।" सुमं. वि. I. पृ. १५४: सामञ्ञफलसुत्तवण्णना ।

आयुष्मान् महाकश्यपको साथमा बस्ने दुइजना अति विश्वासी भिक्षुहरू थिए । उनीहरू एकसाथ भिक्षाटन् जान्थे एकैसाथमा बसी भोजन बाँडीचुडी खान्थे । उनीहरू अलग भएर बस्दैनथे । अनि धर्मसभामा उनीहरूको विषयमा कुरा चल्दा भगवान्ले "भिक्षुहो ! यो कुनै आश्चर्यको कुरा होइन । अघि अघि पनि पण्डितहरू तीन चार जन्मसम्म अति विश्वासी भई बसेका थिए" भनी भन्नुहुँदै चित्तसम्भूतजातकको कुरा सुनाउनु भयो ।

कुशीनगरतिर

जन्मदेखि नै मानिसहरूले मृत्युलाई साथमा लिएर आएका हुन्छन् । यो नियम कसैलाई छूट छैन । चाहे गरीब होस् चाहे धनी होस् चाहे राजा होस् चाहे प्रजा । चाहे विद्वान् होस् चाहे मूर्ख । चाहे त्यागी होस् चाहे गृहस्थी । चाहे भिक्षु होस् चाहे बुद्ध ।

यसै प्रकृति नियम भित्र पर्नुभई शाक्यमुनि बुद्ध भगवान् पनि ८० वर्षको उमेरमा कुशीनगरका मल्लहरूको शालोद्यानमा परिनिर्वाण हुनु भएको सातदिन मात्र भएको थियो । त्यसबखत महा-कश्यप स्थविर पावाबाट[१] कुशीनगर जानको लागि ५०० भिक्षुहरूको साथ बाटो हिँडिरहनु भएको थियो । पछि बाटोको एक छेउमा विश्राम गरिरहनुभएको बेलामा वहाँले एक आजीवक कुशीनगरतिरबाट हातमा मन्दार फूल लिई आइरहेको देखनुभयो । अनि महाकश्यप महास्थविरले उनीसँग "आवुसो ! हाम्रा शास्ता गौतम बुद्धलाई चिन्नुहुन्छ ?" भनी सोध्दा उनले "वहाँ कुशीनगरमा परिनिर्वाण हुनु भएको एक हप्ता मात्र भयो" भनी आफूले त्यहाँबाट ल्याएको मन्दार फूल पनि देखायो ।

यो कुरा सुनेर त्यहाँ बसिरहेका भिक्षुहरू रुनथाले । यस्तो रुवावासी भइरहेको बेलामा "किन रोइरहेको ? वहाँ छउञ्जेलसम्म

१. पावाबाट कुशीनगर ३ गाउत छ । उदा. अ. क. पृ. २८१: चुन्द-सुत्तं, पाटलिगामियवग्गो ।

वहाँले जहिले पनि यो गर्नुपर्छ त्यो गर्नुपर्छ भनी हामीहरूलाई बाँधनको निमित्त हामीहरूलाई सताई नियम मात्र बनाउनु हुन्थ्यो । अब हामी वहाँको बन्धनबाट मुक्त भयौं । अब हामी जे चाहन्छौं त्यही गर्नेछौं । जे चाहन्नौं त्यो गर्दैनौं" भनी सुभद्र भन्ने एकजना वृद्ध प्रव्रजित भिक्षुले भन्यो । यो कुरा सुन्दा महास्थविरको मनमा बाँण घोचे जस्तै भयो ।

सुभद्र भिक्षु

को हो यी सुभद्र भन्ने भिक्षु ? किन यसले यस्तो भनेका होला ? हो, जब मानिसको मनमा वैरभाव लुकेको हुन्छ तब मौकामा सो भाव प्रकट हुन्छ ।

यी सुभद्र भन्ने वृद्ध प्रव्रजित भिक्षु श्रद्धालु त थियो तर बुद्धि हीन । उ बुढो अवस्थामा प्रव्रजित भएको थियो । उसमा विवेक बुद्धिको कमी थियो । उ अन्धभक्त थियो । वृद्ध प्रव्रजितहरूको सम्बन्धमा स्वयं भगवान्‌ले पनि यस्तो भन्नुभएको छ

"भिक्षुहो ! पाँच गुणले युक्त वृद्ध प्रव्रजित दुर्लभ छ । कुन पाँच भने –(१) आज्ञापालन गर्ने, (२) राम्ररी ग्रहण गर्ने, (३) आदरपूर्वक ग्रहण गर्ने, (४) धर्मकथिक र (५) विनयधर[१] ।"

उ आतुमवासी नाऊ कुलको थियो । उ भिक्षु भएको थियो । उसको नाम सुभद्र हो । एकदिन, साँढे बाह्रशय भिक्षुहरूका साथ

१. अं. नि–५, पृ, ३४१: दुतिय वुड्ढपब्बजितसुत्तं ।

भगवान् कुशीनगरबाट आतुममा जानुभएको थियो। "आतुममा साँढे बाह्रशय भिक्षुहरूका साथ भगवान् बुद्ध आउँदैछन्" भने सुनेपछि सुभद्रले वहाँलाई यागु दान दिने विचार गऱ्यो। अनि उसले श्रामणेर भएका आफ्ना दुइ छोराहरूलाई "तिमीहरू घरघरपिच्छे गई केश दाह्री क्षौर गरी नून, तेल, चामल आदि खादच वस्तुहरू बटुलेर ल्याओ" भनी पठायो। उनीहरू गई त्यस्तै गरे।

ती केटाहरू प्रियभाषी थिए। उनीहरूको प्रियभाषीताको कारणले गर्दा दाह्री काट्न नचाहनेले पनि दाह्री काट्यो। केश काट्न नचाहनेले पनि केश काट्यो। अनि "के चाहिन्छ?" भनी सोध्दा "हाम्रा बाबुले बुद्धलाई यागु खुवाउन चाहनु हुन्छ। हामीलाई खादच वस्तुहरू बाहेक अरू केही चाहिन्न" भन्दथे। मानिसहरू उनीहरूलाई खादच वस्तुहरू दिन्थे। दिंदा पनि मात्रा नहेरी जति उनीहरू लैजान चाहन्थे उति दिन्थे। उनीहरूले लैजान नसकेको मानिस पठाई पुऱ्याइदिन्थे। यसरी उनीहरूले प्रसस्त खादच वस्तुहरू जमा गरे।

भगवान् आतुममा आइपुग्नु भई भुसागारमा बस्नुभयो। संध्या समयमा गाउँमा गई सुभद्र भिक्षुले मानिसहरूलाई भन्यो— "उपासकहो! म बुद्ध सहित साँढे बाह्रशय भिक्षुलाई खुवाउन चाहन्छु। म तपाईंहरूसँग केही माग्दिन। मेरा छोराहरूले प्रसस्त खादचवस्तुहरू ल्याएका छन्। म तपाईंहरूसँग केवल कामधाम गर्नको निमित्त मद्दत मात्र माग्न चाहन्छु।"

"यी यी भाँडाकुँडाहरू चाहिन्छन्" भनी समान लगाई

विहारमा चुलो बनाई एउटा कालो कपडा लगाई त्यस्तै अर्को कपडा ओढी "यसो गर उसो गर" भन्दै रातभरी खाना तयार पार्न लगायो। मधुको लड्डुहरू पनि बनाई हजारौं खर्च गरी खाना तयार पार्‍यो। यागुमा माछा मासु मधु फलफूल आदि सबै राख्यो। भोजन मगमग बास आउँथ्यो। भोलिपल्ट भगवान् भिक्षाटन्को निमित्त आतुम नगरमा जानुभयो। अनि मानिसहरूले भने—"भगवान् त भिक्षाटन्को निमित्त निस्कनुभयो। तपाइँले कसको निमित्त भोजन तयार गर्नु-भएको ?" यति सुन्नेबित्तिकै उ जस्तो कपडा लगाई भोजन तयार गरेको थियो त्यसरी नै दगुरेर भगवान्नकहाँ गई दाहिने घुँडाटेकी बन्दना गरी "भन्ते ! मेरो यागु भोजन स्वीकार गर्नुहोस्" भनी बिन्ति गर्‍यो।

भगवान्ले थाहापाउनु भएको भए पनि श्रावकहरूलाई शिक्षापद प्रज्ञापन गर्ने विचार गरी अथवा अरू कुनै कारणले कहिले कहिले सोध्नु हुन्छ। त्यसैले यहाँ पनि वहाँले उसँग यस्तो सोध्नु भएको हो—

"भिक्षु ! यो यागु भोजन कहाँबाट पायौ त ?"

उसले आफूले गरेको सबै कुरा सुनायो। यति सुनेर भगवान्ले "तुच्छ पुरुष ! यो अधार्मिक हो धार्मिक होइन। यो अनुरूप छैन प्रतिकूल छ। यो अश्रामणिक हो श्रमणिक होइन। अकप्पिय हो कप्पिय होइन। यस्तो गर्नु हुन्न। प्रव्रजित भएका तिमीले कसरी यस्तो काम गर्‍यौ ? यसबाट अप्रसन्न व्यक्ति प्रसन्न हुन सक्दैन। अरु प्रसन्न

भएका कोही कोही व्यक्ति अप्रसन्न हुनसक्छन्" भनी धार्मिक कुरा सुनाई निन्दा गरी भिक्षुहरूलाई सम्बोधन गर्नुभयो—

"भिक्षुहो ! प्रव्रजितहरूले अकप्पिय वस्तु स्वीकार गर्नु हुन्न। जसले स्वीकार्छ उसलाई आपत्ति (=दोष) लाग्छ। अघि नाऊ भएकाले छूरी, कैंची आदिको बट्टा लिन हुन्न। जसले लिन्छ उसलाई दुष्कृत्य आपत्ति लाग्ने छ[१]।"

यसरी नियम बनाई "तिमीले पाएको यस्तो अकप्पिय (=अनुचित, अधार्मिक) भोजन गर्ने अनेक आत्मभावसम्म अपायमा उत्पन्न हुनसक्छ। चाहिन्न तिम्रो भोजन" भनी भगवान् भिक्षुसंघ सहित भिक्षाटन्को लागि जानुभयो। एकजनाले पनि उसको भोजन ग्रहण गरेन[२]।

त्यसपछि सुभद्र भिक्षु सारै दिक्क भयो। "सबै जान्दछु भनी हिंडछन्" यदि भोजन लिने मन नभए अगावै मानिस पठाई भन्न लगाउन पर्थ्यो। अब पकाइसकेको पत्तिको भोजन के गर्ने र ! पकाएको खाना धेरैदिन राखे सातदिनसम्म राख्न सकिने छ। यी खाद्यपदार्थहरू भए मेरो जीवनभर खान पुग्ने थियो। यिनले ती सबै नाश पारिदिए। यिनी मेरो हितकामी होइनन् भनी त्यहाँदेखि उसले भगवान्माथि

---

१. महा. व. पा. पृ. २६२–६३: वुड्ढपब्बजितवत्थु, भेसज्जक्खन्धकं; सुमं. वि. II. पृ. ३१३–१४: महापरिनिब्बानसुत्तवण्णना।

२. सुमं. नि. II. पृ. ३१४: महापरिनिब्बानसुत्तवण्णना।

५७ १०६०

वैरभाव राखेको थियो । तर भगवान्‌को अगाडि केही भन्नसक्दैनथ्यो । उसको मनमा यस्तो लाग्थ्यो "यी उच्चकुलबाट प्रव्रजित भएका महापुरुष हुन् । यदि केही भनौं भने मलाई नै हप्काउने छन् ।"

यसरी भगवान्‌माथि उसको मनमा रीस थियो; वैरभाव थियो र क्रोध थियो । त्यसैले भगवान् परिनिर्वाण हुनुभयो भन्ने सुन्नासाथ उसको मन प्रसन्न भई त्यस्तो भनेको हो भनी सुमं. वि. II. पृ. ३१५: महापरिनिब्बानसुत्तवण्णनाले उल्लेख गरेको छ ।

सुभद्रको यो वचन सुनेर महाकश्यप महास्थविरको मनमा संवेग पनि उत्पन्न भयो—"अहो ! भगवान् परिनिर्वाण हुनुभएको भरखरै एकसाता मात्र भयो । अहिलेसम्म वहाँको सुवर्णमय शरीर छँदैछ । दुःख गरी प्राप्त गर्नुभएको शासनमा यति चाँडै काँढा उत्पन्न भयो । यदि यस्ता कुविचारहरू बढेर आएको खण्डमा अथवा यस्तासँग अरूले पनि साथ दिए भने यो बुद्धशासन चाँडै अन्त हुन सक्छ[१] । सम्भव छ कि भगवान्‌को पावचन बितिसक्यो भन्दै पापक भिक्षुहरूलाई पक्ष प्राप्त भई चाँडै नै सद्धर्म लोप हुन सक्छ । जबसम्म धर्मविनय रहिरहन्छ तबसम्म शास्ताको सद्धर्म बितेको हुन सक्दैन अर्थात् लोप हुन सक्दैन ।"

फेरि वहाँले सोच्नुभयो—

---

१. सुमं. वि. I. पृ. ७: वाहिरनिदानकथा; सुमं. वि. II. पृ. ३१५: महापरिनिब्बानसुत्तवण्णना ।

"यदि यो वृद्ध भिक्षुलाई यहीं सेतो कपडा लगाउन लगाई खरानी घस्न लगाई निकालें भने मानिसहरू 'श्रमण गौतमको शरीर छँदा नै श्रमणहरूको झगडा भयो' भनी हामीलाई दोषारोपण गर्न सक्छन्" भन्ने सोची स्थविरले धैर्यलिनु भयो ।

"भगवान्ले देशना गर्नुभएको धर्म माला नबुनेको फूलहरू जस्तै हुन् । त्यस्ता फूलहरूलाई हुरिबतासले तितरबितर पार्न सक्छन् । त्यस्तैगरी यहाँ पनि यस्तै पापक भिक्षुहरू बढ्दै आएको खण्डमा समय बित्दै जाँदा विनयमा एउटा दुइटा शिक्षापदहरू नाश हुन सक्छन् । सूत्रमा पनि एक दुइटा प्रश्नहरू नाश हुन सक्छन् । अभिधर्ममा पनि एउटा दुइटा खण्डहरू लोप हुन सक्छन् । यसरी मूल नाश भएपछि क्रमशः हामी पिशाच जस्तै हुन सक्छौं । अतः धर्मसङ्गायना गर्नुपर्छ ताकि सद्धर्म चिरस्थायी हुनसकोस् । यस्तो भएमा बलियो धागोमा बुनेको फूल जस्तो भई यो धर्मविनय निश्चल भई स्थिर रहने छ" भन्ने पनि सोच्नुभयो ।

यस्तै कारणहरू देख्नुभई भगवान्ले मलाई तीन गाउत बाटो हेर्न आउनुभएको होला । तीन उपदेशद्वारा उपसम्पदा गर्नुभएको होला । आफ्नो चीवर मलाई दिनुभई चीवर परिवर्तन गर्नुभएको होला । आकाशमा हात चलाई चन्द्रोपम प्रतिपदाको उपदेश मलाई साक्षी राखी बताउनुभएको होला । तीन तीन पटक शासनको दायाद मलाई सुम्पिदिनु भएको होला । जतिञ्जेलसम्म म प्रथमादि ध्यानमा बस्नसक्छु त्यतिञ्जेलसम्म कश्यप पनि बस्नसक्छन् भनी भन्नुभएको

होला। यसरी मलाई भगवान्ले आफ्नो स्थानमा राखनुभई संग्रह गर्नुभयो। म जस्ता भिक्षु छँदाछँदै शासनमा हानी गर्नु हुन्न। अधर्मवादी बलियो हुन नपाउँदै, अविनयवादी सबल हुन नपाउँदै, अधर्म प्रकाश हुनुभन्दा अगावै धर्म र बिनयको सङ्गायना गर्नुपर्छ। अनि भिक्षुहरूले आ-आफ्नो सामर्थ्य अनुसार अध्ययन गरी उचित र अनुचित छुट्याउन सक्नेछन्। अनि यी पापी भिक्षुहरू स्वयं निग्रहित हुनेछन् र फेरि शीर ठाडो पार्न सक्ने छैनन्। शासन स्थिर भई अभिवृद्धि हुनेछ र वहाँले मेरो मनमा यस्तो कल्पना उठेको थियो भनी कसैलाई नभनी भिक्षुहरूलाई धैर्य दिनुभयो[१]।

भगवान्ले यस्तो पनि भन्नुभएको छ—

"यो वो, आनन्द, मया धम्मो च विनयो च देसितो पञ्ञत्तो सो वो ममच्चयेन सत्था।" (दी. नि. भा-२, पृ. ११८.)

अर्थ—

"आनन्द! तिमीहरूलाई जो मैले धर्म र विनयको सम्बन्धमा उपदेश गरेको छु र प्रकाश पारेको छु त्यही नै म मरेपछि तिमीहरूको शास्ता हुनेछ।"

---

१. सुमं. वि. II. पृ. ३१५–१६: महापरिनिब्बानसुत्तवण्णना; सुमं. वि. I. पृ. ५–६: वाहिरनिदानकथा।

चितामा आगो

उता कुशीनगरमा चारजना मल्लहरूले भगवान्‌को चितामा आगो लगाउन थाले । भगवान्‌को शरीर राखेको चन्दनको चिता-मण्डप १२० मुडि हातको थियो[१] । चारजनाले चितामा आगो सल्काउन नसके-पछि आठजनाले, सोह्रजनाले अन्तमा बत्तीस जनाले दुइ दुइवटा चिराग लिई आगो लगाउँदा पनि आगो लगाउन नसकेपछि पंखाले हम्कन थाले, खलाँती लगाए, मुखले फुके, अनेक प्रयत्न गरे तर आगो सल्काउन सकेनन् । नसकेपछि कुशीनगरका मल्लहरूले आयुष्मान् अनुरुद्ध महास्थविरसँग आगो सल्काउन नसकेको कारण सोधे । महास्थविरले "देवताहरूको अर्कै विचार छ" भनी भन्नुभयो ।

"देवताहरूको के विचार छ त ?" भनी सोध्दा महास्थविरले "महाकश्यप महास्थविर जो अहिले कुशीनगर आउँदै हुनुहुन्छ, वहाँले भगवान्‌को पाउमा ढोगिसकेपछि मात्र चिताको आगो सल्कियोस् भन्ने देवताहरूको विचार छ" भनी भन्नुभयो ।

यी देवताहरू चाहिं महाकश्यप महास्थविरका उपस्थाकहरू थिए । असीतिमहाश्रावकहरू प्रति प्रसन्न भई ८० हजार कुलका मानिसहरू स्वर्गमा उत्पन्न भएका थिए । ती देवताहरूमध्ये महास्थविर प्रति प्रसन्न भई स्वर्गमा उत्पन्न हुने देवताहरूले त्यस समागममा महाकश्यप महा-स्थविरलाई नदेखेपछि "हाम्रा महास्थविर अहिले कहाँ हुनुहुँदो रहेछ ?"

---

१. सुमं. वि. II. पृ. ३१६: महापरिनिब्बानसुत्तवण्णना ।

भनी हेर्दा वहाँ अहिले आउँदै हुनुहुन्छ" भन्ने देखी "हाम्रा कुलूपक महास्थविर आई भगवान्को पाउमा नढोगेसम्म आगो नबलोस्" भनी उनीहरूले अधिष्ठान गरे ।

"यी महाकश्यप महास्थविर भन्ने स्थविर ५०० भिक्षुहरूका साथ आउँदै हुनुहुन्छ । वहाँले भगवान्को पाउमा नढोगेसम्म चितामा आगो बल्नेछैन रे" भन्ने कुरा सुनी मानिसहरूले "वहाँ कस्तो हुनुहुँदो रहेछ, सेतो हुनुहुन्छ कि, गोरो हुनुहुन्छ कि अथवा कालो हुनुहुन्छ ?" भन्ने जिज्ञासा लिई हातमा सुगन्धित फूलहरू लिई वहाँको प्रतिक्षामा केही मानिसहरूले बाटो हेरिरहे । वहाँ पनि कुशीनगरमा आइपुगी चिता भएको ठाउँमा गई तीन पटक चिता घुमी "यतातिर शीर छ, यतातिर पाउ छ" भन्ने बुझी पाउ भएको पट्टि गई अभिज्ञापादक चतुर्थध्यानमा समाधिष्ठ भई ध्यानबाट उठी "सहस्र चक्रचिन्ह भएको भगवान्को पाउ ५०० थान कपडा र कपासले बेरिएको तथा सुवर्णमय द्रोणीबाट निस्की मेरो शीरमा प्रतिष्ठित होस्" भनी वहाँले अधिष्ठान गर्नुभयो । वहाँले गरेको अधिष्ठानको लगत्तै भगवान्को पाउ निस्क्यो । अनि महास्थविरले फुलेको पद्मपुष्प जस्तै भएको आफ्नो हात पसारी सुवर्ण वर्ण तथागतको पाउमा गुच्छा समाती आफ्नो शीरमा राख्नुभयो । वहाँसँग आएका पाँचशय भिक्षुहरूले पनि वन्दना गरे । महाजनहरूले ठूलो हर्षध्वनी प्रकट गरे । उनीहरूले पनि फूलमाला चढाई भगवान्को पाउमा ढोगे । यति सिद्धिने बित्तिकै भगवान्को पाउ अघि रहेको ठाउँमै जस्ताको तस्तै गरी रह्यो । अधिष्ठानको प्रभावले भगवान्को पाउ बाहिर निस्कँदा बेरिराखेको कपडामा वा द्रोणीमा कहीं प्वाल

पनि देखिन्न थियो । सबै जस्ताको तस्तै थियो । भगवान्‌को पाउ नदेखिएपछि फेरि मानिसहरू ठूलो ठूलो स्वरले महाविलाप गर्नथाले । भगवान्‌को पाउ भित्रिना साथ चितामा आपसेआप चारैतिरबाट एकैचोटि आगो निस्क्यो[१] ।

यसरी चितामा आगो बल्दा भगवान्‌को शरीर बेरिराखेको बाहिरको र सबभन्दा भित्रको कपडा बलेको थिएन । त्यसैले अगाडि अनुदित अठाइसौं सूत्रमा "ती पाँचशय पत्र कपडाहरूमध्ये दुइ पत्र मात्र बलेका थिएनन् । सबभन्दा भित्रको र सबभन्दा बाहिरको" भनी उल्लेख भएको हो ।

अनेक घडा सुगन्धित पानीले चिता निभाइसकेपछि सुमनमकुल जस्तै, धोएको मोति जस्तै र सुवर्ण जस्तै वर्णका शरीरधातुहरू ठूप्रिए । "दीर्घायु बुद्धहरूको चाहिं शरीरधातु एकढिक्को हुन्छ । अल्पायु हुने मेरो शरीरधातु सस्यौं जत्रो गेडी लिएर पनि आ-आफू बस्ने ठाउँमा चैत्य बनाई सत्कार गरी महाजनहरू स्वर्गपरायण हुन सकुन्" भनी भगवान्‌ले धातु चूर्णहोस् भनी अधिष्ठान गर्नुभएको थियो भनी सुमं. वि. II. पृ. ३१८ ले उल्लेख गरेको छ ।

कति धातुहरू चूर्ण भए र कति भएनन् ?

चारवटा दाँतहरू, दुइ अक्खहरू र कपाल गरी सातवटा चूर्ण भएनन् । बाँकी सबै चूर्ण भए । त्यसमा सबभन्दा स्याना धातु सस्यौंको

---

१. सुमं. वि. II. पृ. ३१६–१८: महापरिनिब्बानसुत्तवण्णना ।

गेडा जत्रो (सासपबीजमत्ता) थियो। ठूला धातु चामलको कुड्का जत्रो (मज्झेभिन्न तण्डुलमत्ता) थियो र धेरै ठूला चाहिं मूगिको फग्ल्याटो जत्रो (मज्झेभिन्नमुग्गमत्ता) थियो[१]।

धातुपूजा

चिता निभाइसकेपछि मल्ल राजाहरूको संस्थागारमा चार प्रकारका सुगन्धित भाँडाहरू राखी लावा सहित पाँच प्रकारका फूलहरू ओच्छ्याई चँदुवा टाँगी अनेक ध्वजापताकाहरू झुण्ड्याए। संस्थागार-देखि मकुटबन्धन (जहाँ भगवान्‌को चिता बनाइएको थियो) सम्म बाटाका दुबैतिर कपडाले छेकी माथिबाट चँदुवा राखी रत्नमय डोरीमा ध्वजापताका झुण्ड्याए। मणिजडित बाँसका दण्डाहरूमा झण्डा राखी बाटाका दुबैतिर गाडे। बाटाका दुबैतिर केराका बोटहरू र पूर्णघडाहरू राखी अनेक प्रकारले सजाए। अनि चिराग समातन लगाई अलंकृत हात्तीमा सुवर्णको द्रोणी सहित धातुहरू राखी फूलहरू चढाउँदै बडो धुमधाम साथ साधुक्रीडा गर्दै नगरभित्र लगे। अनि संस्थागारको हरियो मण्डपमा राखी सेतो छत्र ओढाए।

सुरक्षाको निमित्त संस्थागार बाहिर परस्पर छुने गरी हात्ती-हरूको घेरा, घोडाहरूको घेरा, रथहरूको घेरा, योद्धाहरूको घेरा अनि संगीनको घेरा लगाइएको थियो। एक योजनसम्मको घेरा थियो भनी

---

१. सुमं. वि. II. पृ. ३१८: महापरिनिब्बानसुत्तवण्णना।

अर्थकथाले उल्लेख गरेको छ । यसरी सुरक्षाको प्रबन्ध गरी मल्लहरूले एक हप्तासम्म साधुक्रदा गरे । अघिल्लो २ हप्ता चाहिं भिक्षुहरूको हेरविचार र खुआउनु पियाउनुमा व्यस्त थिए । कसैबाट कुनै विघ्न-बाधा हुन नपाओस् भन्ने हेतुले यसरी सुरक्षाको व्यवस्था गरिएको हो भनी सुमं. वि. II. पृ. ३२०: महापरिनिब्बानसुत्तवण्णनाले उल्लेख गरेको छ । यसै कुरालाई इंगित गर्दै अगाडि अनुदित अठाइसौं मूल सूत्रमा यस्तो उल्लेख भएको हो -

"अनि कुशीनगरका मल्लहरूले भगवान्को धातुहरूलाई संस्थागारमा राखी, संगीनै संगीनले पिञ्जरा जस्तो पारी परखालले घेरे झैं धनुषधारीहरूद्वारा घेराई एकहप्तासम्म बाजागाजा सहित नाचगान तथा सुगन्धित फूलमालाहरूद्वारा सत्कार, गौरव, मान सहित पूजा गरे ।"

सङ्गायना गर्ने प्रस्ताव

एक हप्ताभित्र नै भगवान् परिनिर्वाण भएको खबर जम्बुद्वीपमा फैलिएर गयो । यो खबर सुनेर सर्वप्रथम (१) मगधराजा अजातशत्रुले भगवान्को शरीरधातु माग्न दूत पठाए । (२) वैशालीका लिच्छवीहरूले, (३) कपिलवस्तुका शाक्यहरूले, (४) अल्लकप्पका बुलयहरूले, (५) रामग्रामका कोलियहरूले, (६) वेठद्वीपका ब्राह्मणहरूले, (७) पावाका मल्लहरूले र (८) कुशीनगरका मल्लहरूले पनि दूतहरू पठाए ।

त्यहाँ धातुको सम्बन्धमा झगडा जस्तो हुन लाग्दा जम्बुद्वीपका सबैजसो राजाहरूका आचार्य भएका द्रोण ब्राह्मणले आठ आठ भाग धातुहरू बाँडी शान्तपारे[1] ।

त्यसबखत त्यहाँ राजपरिवार मात्र नभई साधारण मानिसहरूको साथ भिक्षुहरूको पनि ठूलो जमघट थियो । समन्तपासादिका I. पृ. ६ः बाहिरनिदानकथानुसार त्यसबेला त्यहाँ सातलाख भिक्षुहरू थिए । यो अपार भिक्षुहरूलाई देख्नुभई सात (७) लाख[2] भिक्षुका संघस्थविर हुनुभएका महाकश्यप स्थविरले यस्तो सोच्नुभयो—"यस्तो संघसन्निपात फेरि हुन गाह्रै छ ।" (ईदिसस्स च सङ्घसन्निपातस्स पुन दुल्लभ भावं मञ्ञमानो—सुमं. वि. I. पृ. ५ः बाहिरकथा) यति सोच्नुभई आफू बाटामा आइरहेको बेलामा सुभद्र भिक्षुले भनेको कुरा र आफ्नो मनमा लागेका कुरा जम्मै वहाँले भिक्षुसङ्घलाई सुनाउनुभयो । धातु विभाजन गरेको दिनमा यो कुरा वहाँले सुनाउनु भएको थियो[3] ।

---

१. दी. नि. II. पृ. १२६–२७ः सरीरधातुविभाजनं, महापरिनिब्बानसुत्तं ।

२. महावंसले पनि यस्तो उल्लेख गरेको छ

"सत्त सतसहस्सानि, तेसु पामोक्खभिक्खवो ।
थेरो महाकस्सपो च, सङ्घत्थेरो तदा अहु ॥"

परिच्छेद–३, गा. नं. ४.

३. "एतस्मिं धातुभाजनदिवसे सन्निपतितस्स महाभिक्खुसङ्घस्स सुभद्देन वुड्ढपब्बजितेन कतं अनाचारं आरोचेत्वा ....।" सुमं, वि. I. पृ. ९.

अनि फेरि वहाँले "आवुसो ! त्यसोभएको हुनाले हामीले धर्म र विनयको सङ्गायना गरौं" भनी प्रस्ताव राख्नुभयो। त्यसैले सुमं. वि. I. पृ. ५ ले यस्तो समुल्लेख गरेको हो—

"........विसाखपुण्णमदिवसे पच्चूससमये अनुपादिसेसाय निब्बान धातुया परिनिब्बुते भगवति लोकनाथे, भगवतो धातुभाजनदिवसे सन्निपतितानं सत्तन्नं भिक्खुसतसहस्सानं सङ्घत्थेरो आयस्मा महाकस्सपो......।"

अनि भिक्षुहरूले "त्यसोभए भन्ते ! तपाईं नै स्थविर भिक्षुहरू चुन्नुहोस्" भनी भने। (चुल्ल. व. पा. पृ. ४०६)

अनि स्थविरले शास्ताको नवाङ्गपरियत्ति जान्ने पृथक्जन, स्रोतापन्न, सकृदागामी, अनागामी, सूष्कविपश्यक र क्षीणास्त्रवी अनेक शय, अनेक हजार भिक्षुहरूलाई छाडी त्रिपिटक प्रभेद जान्ने सबै परियत्तिधर प्रतिसम्भिदालाभी महानुभावहरू त्यसमा पनि धेरैजसो भगवान्ले एतदग्र स्थानमा राख्नुभएका त्रिविद्याधारी क्षीणास्त्रवीहरू मात्र लिई चारशय उन्नानशय (४९९) जना भिक्षुहरू चुन्नुभयो। त्यसैले अगाडि अनुदित उनत्तीसौं मूल पालिमा "अनि आयुष्मान् महाकश्यपले चारशय उन्नानयश भिक्षुहरू चुन्नुभयो[1]" भनी उल्लेख भएको हो।

---

१. यहाँ चाहिं ५०० भिक्षुहरू चुन्नुपर्ने कारण अर्थकथाले वा मूल पालिले उल्लेख गरेको पाइँदैन। न त कतै यसको प्रस्ताव आएको नै देखिन्छ। अतः अनुमान गर्न सकिन्छ कि पाँचशय भिक्षुहरू चुन्ने भन्ने कुरा भएपछि स्थविरले आनन्दलाई छाडि ४९९ जना भिक्षुहरू चुन्नु भएको होला। अन्यथा यसको कुनै मतलब देखिन्न।

किन स्थविरले चारशय उन्नानशय भिक्षुहरू चुन्नुभएको होला ? आनन्द स्थविरलाई ठाउँ राख्न । वहाँ आयुष्मान्‌लाई सम्मिलित गरे पनि सम्मिलित नगरे पनि धर्मसङ्गायनाको काम सम्पन्न गर्न सकिन्न । सम्मिलित गरे भने वहाँ अरहन्त हुनुहुन्न । नगरेको खण्डमा वहाँ आयुष्मान् जस्ता तथागतदेशित सुत्त गेय्यं आदि धर्महरू प्रत्यक्षिकरण गरेका अरू कोही छैनन्[१] ।

वहाँ आयुष्मान् आनन्द अरहन्त नभएपनि शैक्ष प्रतिसम्भिदा-लाभी हुनुहुन्छ[२] । स्मृतिमान्, गतिमान्, धृतिमान र उपस्थाक गरी चार चार कारणमा वहाँलाई भगवान्‌ले श्रेष्ठ स्थानमा राख्नुभएको छ[३] । तर वहाँ क्षीणास्रवी हुनुहुन्न ।

एकदिन गोपक मोग्गल्लान ब्राह्मणले वहाँसँग "तपाईं बहुश्रुत हुनुहुन्छ भन्ने कुरा बुद्धशासनमा प्रसिद्ध छ । तपाईंले बुद्धबाट कति धर्महरू सिक्नुभएको छ ?" भनी सोध्दा वहाँले यसरी उत्तर दिनुभएको कुरा थेर. गा. पा. पृ. ३६९ मा उल्लेख भएको छ[४] ।

---

१. "यस्मा पनस्स किञ्चि दसबलदेसितं सुत्त गेय्यादिकं अपच्चक्खं नाम नत्थि ।" सुमं. वि. I. पृ. ७; सम. पा. I. पृ. ८.

२. हेर्नू लेखकको बु. म. भा–१, पृ. २१० को पादटिप्पणी ।

३. अं. नि–१, पृ. २५: एतदग्गवग्गो ।

४. गोपक मोग्गल्लानको कुरा लेखकको बु. ब्रा. भा–२, पृ. १७८ मा उल्लेख भएको छ ।

"द्वासीति बुद्धतो गण्हिं, द्वे सहस्सानि भिक्खुतो ।
चतुरासीति सहस्सानि, ये मे धम्मा पवत्तितो ।।"

अर्थ—

"बयासीहजार बुद्धसँग र दुइहजार अग्रश्रावकादि भिक्षुसङ्घबाट मैले धर्महरू सिकेको छु जो मलाई कण्ठस्थ छ ।"

शैक्ष भएपनि यदि वहाँ धर्मसङ्गायनको निमित्त उपकारक हुने भए स्थविरले किन वहाँलाई नचुन्नु भएको होला ? परनिन्दाबाट बचनको लागि ।

स्थविर चाहिं आनन्द प्रति अति विश्वासी हुनुहुन्छ । केश फुलिसकेर पनि स्थविरले वहाँलाई "यी कुमारक पनि आफ्नो प्रमाण बुझ्दैनन्[१]" (न वायं कुमारको मत्तमञ्ञासि सं. नि. II. पृ. १८३: चीवरसुत्तं) भनी कुमारकवादले सम्झाउनु हुन्थ्यो । यी आयुष्मान् शाक्यकुलका हुनुहुन्छ । तथागतको काकाका छोरा भगवान्का भाइ पनि हुनुहुन्छ । तैंपनि पक्ष लिएर अरू धेरै शैक्ष भिक्षुहरूलाई छाडी शैक्ष भएका आनन्दलाई मात्र चुन्नुभयो भन्ने अपवाद गर्न सक्छन् । यस्तो अपवाद-बाट बचन र 'आनन्द विना धर्मसङ्गायना गर्न सकिन्न' भनी भिक्षुहरूको अनुमतिबाट ग्रहण गर्नेछु" भन्ने विचारले पनि वहाँलाई चुन्नु नभएको हो भनी सुमं. वि. I. पृ. ८: बाहिरकथा र सम. पा. I. पृ. ८: बाहिर-निदानकथाले उल्लेख गरेका छन् ।

१. अगाडिको पहिलो सूत्रमा ।

अनि स्वयं भिक्षुहरूले नै आनन्द स्थविरलाई समावेश गर्नको लागि निवेदन गरे। त्यसैले अगाडि अनुदित उनतीसौं सूत्रमा आयुष्मान् महाकश्यपलाई भिक्षुहरूले यसो भने—"भन्ते! यी आयुष्मान् आनन्द यदचपि शैक्ष हुनुहुन्छ तैपनि वहाँ छन्द, द्वेष, मोह र भय जस्ता अगतिमा (=पक्षमा) जान सक्नुहुन्न[१]। भगवान् समक्ष वहाँले धेरै धर्म र विनय अध्ययन गर्नुभएको छ। भन्ते! त्यसो हुनाले आयुष्मान् आनन्द स्थविरलाई पनि चुन्नुहोस्[२]" भनी उल्लेख भएको हो। यसरी भिक्षुहरूको अनुमतिबाट चुनिएका आयुष्मान् आनन्दसँग पाँचशय (५००) भिक्षुहरू सङ्गायनाको लागि चुनिएका थिए[३]।

कहाँ सङ्गायना गर्ने ?

अनि स्थविर भिक्षुहरूलाई यस्तो लाग्यो—"अब हामीले धर्म र

---

१. प्रथम मार्गफलमै अगतिगामिता छुट्छ। दी. नि. अ. क. टी. पृ. १७.

२. "अयं, भन्ते, आयस्मा आनन्दो, किञ्चा पि सेक्खो, अभब्बो छन्दा दोसा मोहा भया अगतिं गन्तुं। बहु च अनेन भगवतो सन्तिके धम्मो च विनयो च परियत्तो। तेन हि, भन्ते, थेरो आयस्मन्तं पि आनन्दं उच्चिनातू'ति।" चुल्ल. व. पा. पृ. ४०७: पञ्चसतिकक्खन्धकं।

३. सुमं. वि. II. पृ. ८, सम. पा. पृ. ८–९.

विनयको सङ्गायना कहाँ गरौं ?" त्यसपछि वहाँहरूले अगाडि अनुदित उनतीसौं सूत्रमा उल्लेख भए जस्तै राजगृहमै सङ्गायना गर्ने निश्चय गरे । त्यसैले वहाँहरूले यस्तो उल्लेख गर्नुभएको हो—

"यो चाहिं हामीहरूको चिरस्थायी हुने काम हो । यदि कोही अवाञ्छनीय व्यक्ति सङ्घमा बसी बिघ्न गरेमा काम असफल हुनसक्छ ।"

यति सोच्नुभई महाकश्यप महास्थविरले अगाडि अनुदित उनतीसौं सूत्रमा उल्लेख भए जस्तै ज्ञप्ति द्वितीय कर्मबाट यी पाँचशय (५००) भिक्षुहरू राजगृहमा वर्षावास बसी धर्म र विनयको सङ्गायना गर्नेछन् । अरू कुनै भिक्षु राजगृहमा वर्षावास नबस्नू भन्ने सम्मत गर्नुभयो । अर्थात् प्रस्ताव पारित गर्नुभयो[१] ।

यो सम्मत चाहिं तथागत परिनिर्वाण भएको एकाइसौं दिनमा भएको थियो । भगवान् चाहिं वैशाखपूर्णिमाको प्रत्यूष समयमा परिनिर्वाण हुनु भएको थियो । (१) भनि एकहप्तासम्म सुवर्ण शरीरलाई सुगन्धित फूलमालाहरूले पूजा गरेका थिए । यसलाई साप्ताहिक साधुक्रुडा भनी भन्दछन् । (२) त्यसपछिको सप्ताह भगवान्को चिता निभाउने भएको थियो । (३) अर्को सप्ताह चाहिं संस्थागारमा धातुपूजा गरी साधुक्रुडा भएको थियो । यसरी एकाइस (२१) दिन भयो ।

जेष्ठमूल शुक्लपक्षको पञ्चमीको दिन धातुविभाजन भएको थियो । यही धातुविभाजनको दिनमा भेला भएका महाभिक्षुसङ्घलाई

---

१. सुमं. वि. I. पृ. ८–९; सम. पा. I. पृ. ९.

महाकश्यप महास्थविरले सुभद्र भिक्षुले गरेको दुर्व्यवहारको कुरा सुनाई सङ्गायना गर्नको निमित्त भिक्षुहरू चुनी राजगृहमा गर्ने भन्ने समेत कर्मवाचाद्वारा (औपचारिक रूपले) निर्णय गरिएको थियो भनी सुमं. वि. I. पृ. ९: बाहिरकथाले उल्लेख गरेको छ।

यसपछि स्थविरले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो—

"आवुसो ! अब तपाइँहरूलाई चालीस दिन फुर्सत छ। त्यसपछि 'हामीलाई यस्तो अडचन पर्‍यो, यस्तो काम पर्‍यो' भनी भन्न सक्नुहुने छैन। अतएव त्यतिञ्जेलसम्म गर्नुपर्ने कामकाज गरिसक्नु होला। चीवर पात्र आदि सम्बन्धी कुनै काम गर्नुपर्ने छ भने त्यो पनि सिध्याउनु होला भनी भन्नुभयो।

यति भनी स्थविर आफ्नो पाँचशय (५००) परिषद् लिई राजगृहको लागि प्रस्थान गर्नुभयो। अरू पनि महास्थविरहरू आ-आफ्ना परिवारहरू लिई शोकसन्तप्त महाजनहरूलाई शान्त्वना दिंदै त्यस त्यस दिशातिर जानुभयो। पूर्ण[१] स्थविर चाहिं सातशय (७००) भिक्षुहरूका साथ 'तथागत परिनिर्वाण भएको स्थानमा आउने मानिसहरूलाई सान्त्वना दिनेछु' भन्दै कुशीनगरमा नै बस्नुभयो[२]।

उपरोक्त सम्बन्धमा समन्तपासादिका यस्तो उल्लेख गर्छ— "अनि तथागत परिनिर्वाणपछि सातदिन साधुक्रीडा गरेको र धातुपूजाको सातदिन बितिसकेपछि 'अब आधा महीना बितिसक्यो, अब गृष्म ऋतुको

१. रोमनमा 'पुराणत्थेरो'।

२. सुमं. वि. I. पृ. ९-१०: बाहिरकथा।

डेढ महीना बाँकी छ । वर्षावास गर्ने समय अगाडि आइसक्यो' भनी बुझी महाकश्यप स्थविर 'आवुसो ! राजगृह जानेछु' भनी आधा भिक्षुसङ्घ लिई (उपड्ढं भिक्खुसङ्घं गहेत्वा) एक बाटो लाग्नुभयो । अनुरुद्ध स्थविर पनि आधा परिषद् लिई एउटा बाटो लाग्नुभयो ।

"आनन्द स्थविर चाहिं भगवान्‌को पात्र चीवर लिई भिक्षुसङ्घले परिवृत्त भई राजगृह जाने विचार गरी श्रावस्तीमा जानुभयो । आनन्द स्थविर गए गएको ठाउँमा 'भन्ते आनन्द ! भगवान्‌लाई कहाँ छाडेर आउनुभयो' भन्दै महाविलाप हुन्थ्यो । क्रमशः श्रावस्तीमा पुग्नु भएपछि त्यहाँ पनि भगवान् परिनिर्वाण भएको दिन जस्तै महारोदन भयो'[१] ।"

आनन्द स्थविर श्रावस्ती जानुभएको बारेमा सुमंगलविलासिनी I. पृ. १० ले यसरी उल्लेख गरेको छ—

"भगवान् परिनिर्वाण नहुँदा जसरी अघि आनन्द स्थविरले भगवान्‌को पात्र चीवर लिनुहुन्थ्यो त्यसरी नै परिनिर्वाण भइसकेपछि पनि पात्र चीवर लिई पाँचशय (५००) भिक्षुहरूका साथ जहाँ श्रावस्ती हो त्यहाँ चारिकार्थ जानुभयो । जाँदा जाँदा वहाँको भिक्षुपरिषद् बढ्दै गयो । वहाँ आयुष्मान् जहाँ जहाँ जानुभयो त्यो ठाउँमा ठूलो रुवावासी भयो । क्रमशः श्रावस्तीमा पुगेपछि श्रावस्तीवासीहरूले 'स्थविर आइपुग्नु भयो' भन्ने खबर सुनी फूलमालाहरू

---

१. सम. पा. I. पृ. ९–१०: बाहिरनिदानकथा ।

हातमा लिई बाटो हेर्न गई—'भन्ते आनन्द ! अघि अघि तपाईं भगवान्सँग आउनुहुन्थ्यो आज चाहिं भगवान्लाई कहाँ छाडेर आउनुभयो ?' भनी अनेक कुरा गरी श्रावस्तीवासीहरू रुनथाले । भगवान् परिनिर्वाण भएको दिनमा झैं महारोदन भयो ।"

अनि आयुष्मान् आनन्दले अनित्य सम्बन्धित धर्म कुराद्वारा ती मानिसहरूलाई सम्झाउनुभयो । त्यसपछि जेतवन भित्र गई दशबल बस्नु हुने गन्धकुटीमा ढोगी ढैलो उघारी खाट र बछ्यानहरू बाहिर निकाली गन्धकुटी बढारी ओइलिएका फूलहरू फ्याकी खाट र बछ्यानहरू भित्र ल्याई अघि जस्तै राखी भगवान् रहँदाखेरी गर्ने जस्तै सबै सेवा गर्नुभयो । नुहाउने कोठामा पानी राख्ने, बढार्ने, पानी राख्ने भाँडामा पानी राख्ने आदि कर्तव्य गरी गन्धकुटीमा वन्दना गरी— "भगवान् ! अब नुहाउने बेला भयो, अब धर्मदेशना गर्ने समय भयो, अब भिक्षुहरूलाई अववाद दिने बेला भयो, अब सिंहशय्या गर्ने बेला भयो र अब मुख धुने समय भयो" भनी आदि प्रकारले कुरा गर्दै विरह गर्नुभयो । वहाँ भगवान्ले वहाँलाई गुणांगपूर्ण अमृतरस चाख्ने बाटोमा राखिदिनु भएको र पृथक्जनताको स्नेह र अनेक जन्महरूमा परस्पर सम्बन्ध भएको कारणले गर्दा यो विरह स्वतः उत्पन्न भएको थियो ।

अनि एक देवताले—"भन्ते ! तपाईं आफै यसरी विरह गर्नुहुन्छ भने कसरी तपाईंले अर्कालाई सान्त्वना दिन सक्नु होला" भन्दै वहाँलाई विरक्त पारिदिए । उनको वचनद्वारा संविग्न भई धैर्य राखी भगवान् परिनिर्वाण भएदेखि उठ्नु बस्नु आदिले गर्दा थकित भएको शरीरलाई

आश्वासन दिन वहाँले दोस्रो दिनमा खीर विरेचन लिनुभई विहारमै बस्नुभयो[१]।

त्यसै दिन तोदेय्य ब्राह्मणका छोरा शुभ माणवले आनन्द स्थविरलाई निम्तो गरेका थिए र वहाँले "आज मैले खीरविरेचन पिएको छु भोलि आउने छु" भनी भन्नुभएको थियो[२]। (दी. नि. I. पृ. १६९: सुभसुत्तं)

अनि जेतवन महाविहारमा सफा सुग्घर र टालटुल गर्नुपर्ने काम गराई वर्षावास गर्ने समय नजिक आयो भनी आनन्द स्थविर भिक्षुसङ्घलाई छाडी राजगृहमा जानुभयो। त्यस्तै गरी धर्मसङ्गायना गर्ने अरू भिक्षुहरू पनि राजगृहमा गए। त्यसैले अगाडि अनुदित उनतीसौं सूत्रमा "अनि धर्म र विनय सङ्गायना गर्नको निमित्त स्थविर भिक्षुहरू राजगृह जानुभयो" भनी उल्लेख भएको हो[३]।

भगवान् परिनिर्वाणको शयवर्ष (१००) पछि कालाशोकको पालामा द्वितीय सङ्गायना हुँदा वैशालीको वालुकाराममा रेवत स्थविरले "महाकश्यप स्थविरले सङ्गायना गरे झैं सबै शासनको मल शुद्ध गरी पिटकको हिसावले, अङ्गको हिसाबले, धर्मस्कन्धको हिसाबले सबै धर्म र विनयको सङ्गायना गरे" भनी सम. पा. I. पृ. ३० ले उल्लेख गरेको छ।

१. सुमं. वि. I. पृ. १०–११; सम. पा. I. पृ. १०.

२. सुमं. वि. I. पृ. ११; सम. पा. I. पृ. १०.

३. सुमं. वि. I. पृ. ११–१२: बाहिरकथा।

भगवान् परिनिर्वाणको दुइशय अट्ठार (२१८) वर्ष पछि धर्माशोक राजाको पालामा मोग्गलितिस्सपुत्रले तृतीय सङ्गायना गर्दा "महाकश्यप र काकण्डकपुत्र यश स्थविरले धर्म र विनय सङ्गायना गरे जस्तै गरे" भनी सम. पा. I. पृ. ५३ ले उल्लेख गरेको छ।

राजगृहमा वर्षावास

आषाढ पूर्णिमाको दिन उपोसथ गरी भोलिपल्ट प्रतिपदाको दिनमा त्यहाँ भेला भएका भिक्षुहरूले वर्षावास अधिष्ठान गरे[१]।

त्यसबखत राजगृहभित्र अठारवटा महाविहारहरू थिए। ती सबै जीर्ण हुँदै गएका थिए। भगवान्को परिनिर्वाणपछि सबै भिक्षुहरू आ-आफ्नो पात्र चीवर लिई विहार र परिवेणहरू छाडी गएका थिए। त्यसैले भगवान्को वचनलाई सत्कार गर्नको निमित्त र तीर्थियहरूले "श्रमण गौतम छउञ्जेलसम्म श्रमण गौतमका श्रावकहरूले विहारहरू हेरचाह गरे। परिनिर्वाण भएपछि छाडेर गए" भन्ने अपवादबाट बच्नको लागि "पहिलो महीनाभरी जीर्णोद्धार गरौं" भन्ने सल्लाह गरे।

त्यसैले अगाडि अनुदित उनतीसौं सूत्रमा "आवुसो! भगवान्ले भत्के बिग्रेकोलाई मर्मत गर्ने कुराको वर्णन गर्नुभएको छ। आवुसो! त्यसैले पहिलो महीनामा भत्के बिग्रेको मर्मत गरौं। बीचको महीनामा

---

१. सुमं. वि. I. पृ. १२: बाहिरकथा। समन्तपासादिकामा यो कुरा उल्लेख भएको छैन।

भेला भई धर्म र विनयको सङ्गायना गरौं ।" (चुल्ल. व. पा. पृ. ४०७) भन्ने कुरा उल्लेख भएको हो ।

सङ्गायनाको तयारी

त्यसपछि दोस्रो दिन ती भिक्षुहरू राजदरबारमा गए । अजातशत्रु राजा आई "भन्ते ! किन आउनु भएको ?" भनी सोधी आफूले के गर्नुपर्‍यो भन्ने कुरा पनि सोधे । अठारवटा विहारहरूको जीर्णोद्धार गर्नको लागि मानिसहरू चाहिएको कुरा स्थविरहरू बताए । अनि "हवस् भन्ते !" भनी राजाले मानिसहरू पठाए । स्थविरहरूले पहिलो महीनाभरी विहारहरूको मर्मत गरी राजालाई सूचित गरे—

"महाराज ! जीर्णोद्धारको काम सिद्धियो । अब धर्मविनयको सङ्गायना गर्नेछौं ।"

"भन्ते ! ठीकछ, विश्वस्त भई गर्नुहोस् । मेरो आज्ञाचक्र, तपाईंहरूको धर्मचक्र हुनेछ । भन्ते ! आज्ञा दिनुहोस् मैले के गर्नुपर्‍यो ?"

"महाराज ! धर्मसङ्गायना गर्नेहरूको निमित्त बस्ने ठाउँको प्रबन्ध गर्नपाए हुन्थ्यो ।"

"भन्ते ! कहाँ गरौं त ?"

"महाराज ! वेभारपर्वतको सप्तपर्णि गुफाको अगाडि गर्नु बेश होला ।"

१. सुमं. वि. I. पृ. १२; सम. पा. I. पृ. १०.

"हवस् भन्ते !" भनी अजातशत्रु राजाले त्यहाँ विश्वकर्माले बनाएको जस्तो गरी भित्ता, लट्ठा, सिंढी आदि राम्ररी भाग लगाई छुट्याई बनाए। अनेक प्रकारका ध्वजा पताका तथा मालाहरूले सुसज्जित पारे। मानो ब्रह्मविमान जस्तै गरी सजाएर बनाए। अनि पाँचशय भिक्षुहरू बस्नको लागि बनाइएको महामण्डपमा अमूल्य बिच्छ्यौनाहरू बिछ्याए। दक्षिणतिर अडेस लिई उत्तरपट्टि हेर्ने गरी मण्डपको बीचमा स्थविरको निमित्त, पूर्वतिर हेर्ने गरी बुद्ध भगवान्लाई योग्य हुने गरी धर्मासन राखी त्यसमा हात्ती दाँतको डाँठ भएको पंखा राखी भिक्षुहरूलाई "भन्ते ! मेरो काम सिद्धियो" भनी निवेदन गर्न पठाए।

त्यसबखत आयुष्मान् आनन्दलाई सुनाउने जस्तो गरी भिक्षुहरूले यस्तो भन्नथाले—"यो भिक्षुसङ्घमा एक भिक्षु दुर्गन्ध फैलाई बसेको छ।" यो सुनी स्थविरले "यो भिक्षुसङ्घमा दुर्गन्ध फैलाई बस्ने भिक्षु अरू कोही छैन। यो चाहिं अवश्य पनि मलाई नै भनेको होलान्" भनी बिरक्तिनुभयो। केहीले त आयुष्मान् आनन्दलाई यस्तो पनि भने—

"आनन्द ! भोलि भिक्षुहरू भेला हुँदै छन्। तिमी चाहिं अहिलेसम्म गर्नुपर्ने बाँकी भएका शैक्ष नै छौ। अतः तिमी सम्मेलनमा जान योग्य छैन। अप्रमत्त हौ।"

अनि आनन्दले "भोलि सम्मेलन हुँदैछ। शैक्ष समान भई सो सम्मेलनमा जानु उचित छैन" भन्ने ठानी रातको धेरैबेरसम्म कायगता स्मृतिले बिताउनु भई रातको प्रत्यूष समयमा चंक्रमण गरिरहनु भएको

बेलामा विशेष अधिगमन प्राप्त गर्न नसक्दा वहाँको मनमा यस्तो लागेको थियो—

"भगवान्ले मलाई 'आनन्द ! तिमी पुण्यवान्छौ समाधिमा संलग्न ह्वौ, चाँडै नै तिमी अनास्रवी हुनेछौ' ।"

बुद्धहरूको कुरामा कुनै दोष हुन सक्दैन । मेरो वीर्य उत्सन्न भएकोले चित्त अस्थिर भएको होला । अतः वीर्यलाई मध्यस्त गर्नुपर्‍यो । यति सोची चंक्रमण स्थलबाट ओर्ली खुट्टा पखाली विहारभित्र गई खाटमा बसी एकछिन विश्राम गर्नेछु भनी लेट्न लाग्नु हुँदा दुइ खुट्टा जमीनबाट उठाई शीर तकियामा राख्न नपाउँदै अनुपादानी भई आस्रवबाट चित्त विमुक्त भयो । स्थविरको अरहत्व चार ईर्य्यापथमध्ये कुनै ईर्य्यापथभित्र परेको थिएन । त्यसैले यो शासनमा नसुती, नबसी, नउभिई तथा चंक्रमण नगरी अरहन्त हुने को हो ? भनी सोध्दा "आनन्द स्थविर" भनी भन्नुपर्छ [1] ।

धर्म र विनयको सङ्गायना

अनि स्थविर भिक्षुहरू कृष्णपक्षको पञ्चमीको दिन [2] भोजन

---

१. सुमं. वि. I. पृ. १२–१४: बाहिरकथा; सम. पा. I. पृ. ११–१२: बाहिरनिदानकथा ।

२. महावंसमा चाहिं "वस्सानं दुतिये मासे, दुतिये दिवसे पन ।
रुचिरे मण्डपे तस्मिं, थेरा सन्निपतिंसु ते ।।"
भनी परिच्छेद–३, गा. नं. २६, ले उल्लेख गरेको छ ।

गरिसकेपछि पात्र चीवर ठाउँ ठाउँमा राखी धर्मसभामा सम्मिलित भए। आयुष्मान् आनन्द पनि अरहन्त समान भई सम्मेलनमा जानुभयो।

"कसरी जानुभयो ?"

"अब सम्मेलनमा जान ठीक भयो" भनी प्रफुल्लित भई एकांश चीवर गरी बन्धनबाट मुक्त भएको तालको फल जस्तै भई, पण्डुकम्बलमा राखेको मणि जस्तो भई, बादलबाट मुक्त भएको चन्द्रमा जस्तै भई, बिहानको सूर्यको कीरणले स्पर्शित भई विकशित भएको कमलफूल जस्तै परिशुद्ध भई र प्रकाश फैलाउँदै श्री शोभाले युक्त भई आफूले अरहत्व प्राप्त गरेको कुरा प्रकट पार्ने जस्तो गरी जानुभयो। अनि वहाँलाई देखेर आयुष्मान् महाकश्यपले यस्तो भन्नुभयो—"अहा! अरहन्त हुने आनन्दलाई कति शोभा दिन्छ! यदि शास्ता हुनु भएको भए अवश्य पनि वहाँले आनन्दलाई साधुकार दिनु हुन्थ्यो होला। शास्ताले दिने साधुकार अब म दिनेछु" भनी तीनबार साधुकार दिनुभयो[१]।

मज्झिमभाणक अथवा समन्तपासादिकाले चाहिं यस्तो उल्लेख गरेको छ—

"आफ्नो अरहत्वभाव प्रकट गर्नको लागि आनन्द स्थविर भिक्षुसङ्घसँग जानु भएन। ज्येष्ठताको क्रमानुसार आ-आफू बस्ने ठाउँमा भिक्षुहरू बसे। आनन्द स्थविरको लागि आसन खालि थियो। अनि त्यहाँ केहीले "यो आसन कसको लागि हो ?" भनी सोधे।

---

१. सुमं. वि. I. पृ. १४–१५.

"आनन्दको लागि ।"

"आनन्द कहाँ छन् त ?"

यतिखेरै आनन्द स्थविरले "अब म जाने बेला भयो" भनी आफ्नो प्रभाव देखाउँदै पृथ्वीमा डुबी आफ्नो आसनमा प्रकट हुनुभयो । केहीले चाहिं आकाशमार्गबाट जानुभयो पनि भने । जसरी गए पनि वहाँलाई देखेर महाकश्यप महास्थविरले साधुकार दिनुभएको थियो[1] ।

त्यसैले अगाडि अनुदित मूल सूत्रमा (उनतीसौं सूत्रमा) पनि यसो उल्लेख भएको हो—"अनि आयुष्मान् आनन्द अरहत् भएर नै सभामा जानुभयो ।"

त्यस सभामा धुताङ्गधारीहरूमध्येमा अग्रस्थान प्राप्त महाकश्यप महास्थविर, बहुश्रुतमा अग्रस्थान प्राप्त आनन्द महास्थविर, विनयमा अग्रस्थान प्राप्त उपालि महास्थविर, दिव्यचक्षुमा अग्रस्थान प्राप्त अनुरुद्ध महास्थविर, प्रतिभाण अर्थात् बुझ्नसक्नेमा अग्रस्थान प्राप्त वङ्गीस महास्थविर, धर्मकथिकमा अग्रस्थान प्राप्त पूर्ण मन्त्राणिपुत्र, विचित्र धर्मकथिकमा अग्रस्थान प्राप्त कुमारकश्यप तथा संक्षेपमा भनेको कुरालाई विस्तारपूर्वक बुझ्नसक्नेमा अग्रस्थान प्राप्त महाकोट्ठित महास्थविर[2]हरूका अलावा अरू पनि धेरै अग्रस्थान प्राप्त महास्थविरहरू उपस्थित थिए ।

---

१. सुमं. वि. I. पृ. १५; सम. पा. I. पृ. १३.

२. लेखकको बुद्धशासनको इतिहास पृ. २५.

विनयपिटक - अनि महाकश्यप स्थविरले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो—

"आवुसो! पहिले कुन सङ्गायना गर्ने ? धर्म कि विनय ?"

भिक्षुहरूले भने—"भन्ते महाकश्यप! विनय भनेको बुद्ध-शासनको आयु हो। विनय रहेमा शासन रहेको हुन्छ। अतः पहिले विनय सङ्गायना गर्नुपर्छ[१]।"

"कसको प्रमुखतामा ?"

"आयुष्मान् उपालि।"

"के आनन्दले सक्दैनन् ?"

"नसक्ने होइनन्, किन्तु विनयको सम्बन्धमा आयुष्मान् उपालिलाई सम्यक्सम्बुद्धले 'भिक्षुहो! विनयधर मेरा भिक्षुहरूमध्ये उपालि अग्रछन्' भनी अग्रस्थानमा राख्नुभएको छ। (अं. नि–१, पृ. २५) त्यसैले उपालि स्थविरसँग सोधेर विनयको सङ्गायना गरौं।"

सम. पा. III. पृ. १४५३: पठमगाथासङ्गणिकंले पनि "विनय सम्बन्धी सबै प्रश्नहरू उपालिले बुद्धसंग सोध्नुभएको थियो र सङ्गायना समयमा महाकश्यप महास्थविरले उपालिसँग सोध्नुभयो।" भनी उल्लेख गरेको छ।

---

१. "भन्ते महाकस्सप! विनयो नाम बुद्धसासनस्स आयु, विनये ठिते सासनं ठितं होति; तस्मा पठमं विनयं सङ्गायामा'ति।" सम. पा. I. पृ. १३: बाहिरनिदानकथा; सुमं. वि. I. पृ. १५: बाहिरकथा।

त्यसपछि स्थविरले विनय सोध्नको लागि आफैंले आफूलाई सम्मत गर्नुभयो । उपालि स्थविरले पनि उत्तर दिनको लागि आफैंले आफूलाई सम्मत गर्नुभयो ।

यस विषयमा मूल पालिको कुरा अगाडि अनुदित उनतीसौं सूत्रमा उल्लेख भएको छ ।

यसरी आफूलाई आफैंले सम्मत गरिसकेपछि आयुष्मान् उपालि आसनबाट उठी एकांश चीवर गरी स्थविर भिक्षुहरूलाई वन्दना गरी पंखा लिई धर्मासनमा बस्नुभयो। त्यसपछि महाकश्यप स्थविर आसनमा बसी आयुष्मान् उपालिसँग विनय सम्बन्धी प्रश्न सोध्नुभयो ।

"आवुसो ! पहिलो पाराजिकाको नियम भगवान्ले कहाँ बनाउनुभएको हो ? (पञ्ञत्तं)"

"भन्ते ! वैशालीमा ।"

"कसको कारणमा ?"

"सुदिन्न भन्ते कलन्दकपुत्र भिक्षुको कारणमा ।"

"के कुरामा ?"

"मैथुन सम्बन्धी कुरामा ।"

त्यसपछि आयुष्मान् महाकश्यपले उपालिसँग पहिलो पाराजिका सम्बन्धी कुरा पनि सोध्नुभयो, निदान (=कारण) पनि सोध्नुभयो, व्यक्ति पनि सोध्नुभयो, प्रज्ञप्ति (=नियम) पनि सोध्नुभयो, अनुप्रज्ञप्ति (=उपनियम) पनि सोध्नुभयो, आपत्ति (=दोष) पनि

सोध्नुभयो र अनापत्ति (=निर्दोष) पनि सोध्नुभयो । (चुल्ल. व. पा. पृ. ४०८) सोधे सोधेकाको बारेमा आयुष्मान् उपालिले उत्तर दिनुभयो[1] ।

"यो पहिलो पाराजिकाबाट कुनै झिक्नुपर्ने वा यसमा थप्नुपर्ने कुरा छ के ?"

"छैन ।"

भगवान् बुद्धले भन्नुभएकोबाट झिक्नुपर्ने कुनै कुरा छैनन् । भगवान् बुद्धले एक वचन पनि (एक ब्यञ्जनं पि) निरर्थक बोल्नुहुन्न । श्रावक वा देवताहरूले भनेका कुराबाट भने झिक्नुपर्ने वाक्य हुनसक्छ । त्यो चाहिं धर्मसंग्राहक स्थविरहरूले झिकिसक्नु भएको छ । थप्नुपर्न चाहिं सबै ठाउँमा हुनसक्छ । अतः जो जहाँ थप्नुपर्ने हो त्यो पनि थप्नु भएको छ ।

त्यो केहो त ? 'त्यसबखत' (तेन समयेन, तेन खो पन समयेन) भन्ने; 'अनि' (अथ खो ति) भन्ने; 'यस्तो भन्दा' (एवं वुत्ते) भन्ने; 'यस्तो भने' (एतदवोच) भन्ने जस्ता सम्बन्ध गर्ने वचनहरू । यसरी थप्नुपर्ने थपेर यो पहिलो पाराजिका हो भनी उल्लेख गरे (इदं पठम-पाराजिकं ति ठपेसुं) । यसरी पहिलो पाराजिका उल्लेख गरिसकेपछि पाँचशय (५००) अरहन्तहरूले संग्रहमा उल्लेख भए बमोजिम "त्यस

---

१. सुमं. वि. I. पृ. १५–१६; सम. पा. I. पृ. १३–१४.

समय भगवान् बुद्ध वेरञ्जामा बसिरहनुभएको थियो[1]" भन्ने आदि अनुसार सबैले पढे (गणसज्झायमकंसु[2])।

जसरी पहिलो पाराजिकाको सम्बन्धमा प्रश्न गर्नुभयो त्यसरी नै दोस्रो, तेस्रो तथा चौथो पाराजिकाको बारेमा पनि प्रश्न सोध्नुभयो ...अनापत्ति पनि सोध्नुभयो। सोधे सोधेकाको बारेमा उपालि स्थविरले उत्तर दिनुभयो। त्यसपछि "यो पाराजिककण्डं हो" भनी संग्रहमा उल्लेख गरे। तेह्र (१३) सङ्घादिसेसलाई "तेरसकं" भनी उल्लेख गरे। दुइ (२) शिक्षापदलाई "अनियत" भनी उल्लेख गरे। तीस (३०) शिक्षापदलाई "निस्सग्गिय पाचित्तिय" भनी उल्लेख गरे। बयान्नब्बे (९२) शिक्षापदलाई "पाचित्तिय" भनी उल्लेख गरे। चार (४) शिक्षापदलाई "पाटिदेसनीय" भनी उल्लेख गरे। पचहत्तर (७५) शिक्षापदलाई "सेखिय" भनी उल्लेख गरे। सात (७) कारणलाई (धर्म) "अधिकरणसमथ" भनी उल्लेख गरे[3]।

यसरी दुइशय सत्ताइस (२२७) शिक्षापदहरूलाई "महाविभङ्ग" भनी किटेर उल्लेख गरे।

यसरी महाविभङ्गको संग्रह गरिसकेपछि भिक्षुणीविभङ्गका आठ (८) शिक्षापदलाई "पाराजिककण्डं" भनी उल्लेख गरे।

---

१. "तेन समयेन बुद्धो भगवा वेरञ्जायं विहरतीति।"

२. यी कुराहरू चाहिं सम. पा. मा उल्लेख भएको छैन।

३. सम. पा. I. पृ. १४; सुमं. वि. I. पृ. १७–१८.

सत्र[१] (१७) शिक्षापदलाई "सत्तरसक" भनी उल्लेख गरे। तीस (३०) शिक्षापदलाई "निस्सग्गिय पाचित्तिय" भनी उल्लेख गरे। एकशय छयसट्ठी (१६६) शिक्षापदलाई "पाचित्तिय" भनी उल्लेख गरे। आठ (८) शिक्षापदलाई "पाटिदेसनीय" भनी उल्लेख गरे। पचहत्तर (७५) शिक्षापदलाई "सेखिय" भनी उल्लेख गरे। सात (७) कारणलाई (धर्म) "अधिकरणसमथ" भनी उल्लेख गरे। यसरी तीनशय चार[२] (३०४) शिक्षापदहरूलाई "भिक्षुणी विभङ्ग" भनी उल्लेख गरे[३]।

यसरी भिक्षुणी विभङ्गको संग्रह गरी यस्तै प्रकारले असी (८०) भाणवार प्रमाण भएको "खन्धकं", पचीस (२५) भाणवार प्रमाण भएको "परिवार" पनि संग्रह गरी "यो विनयपिटक हो" भनी उल्लेख गरे। (इदं विनयपिटकं नामा'ति ठपेसुं[४])

---

१. भिक्षुणीहरूको निमित्त मात्र लागु हुने असाधारण नियम १० र भिक्षु र भिक्षुणीहरूलाई लागु हुने साधारण नियम ७ गरी १७ सङ्घादिसेस भनिएको हो।

२. यहाँ उल्लिखित सबै शिक्षापदहरूको गिन्ती गर्दा जम्मा ३११ हुन्छ। यहाँ चाहिं ३०४ भनिएको सञ्चरित्त भन्ने साधारण शिक्षापद एक (१), दुट्ठदोसो भन्ने साधारण शिक्षापद दुइ (२) र यावततियक भन्ने साधारण शिक्षापद चार (४) लाई अलग्याएर यसो भनिएको हो। सम. पा. II. पृ. ९५२.

३. सम. पा. I. पृ. १४–१५; सुमं. वि. I. पृ. १८.

४. सम. पा. I. पृ. १५; सुमं. वि. I. पृ. १८.

यसरी उभय विभङ्ग (=भिक्षु र भिक्षुणी विभङ्ग), खन्धक (महावग्ग र चुल्लवग्ग) र परिवार अन्तरगत विनयपिटक सम्बन्धी महाकश्यप स्थविरद्वारा सोधिएका सबै प्रश्नहरूको उत्तर उपालि स्थविरले दिनुभयो। प्रश्नोत्तरको कार्यक्रम सिद्धिएपछि संग्रहमा उल्लेख भए अनुसार पाँचशय (५००) अरहन्तहरूले पढे। (पञ्चसत अरहन्तसतानि सङ्गहं आरोपित नयेन गणसज्झायमकंसु) सम. पा. I. पृ. १५.

सज्झायनपछि आयुष्मान् उपालिलाई "आवुसो! यो (विनय-पिटक) तिमीसँग बस्नेहरूलाई पढाऊ" भनी भन्नुभयो। (आवुसो! इमं तुय्हं निस्सितके वाचेही) सुमं. वि. I. पृ. १८.

विनयपिटक संग्रह गर्ने काम सिद्धिएपछि उपालि स्थविर पंखा राखी धर्मासनबाट ओर्ल्हीं स्थविर भिक्षुहरूलाई वन्दना गरी आफू बस्ने आसनमा बस्नुभयो[१]।

सूत्रपिटक—विनयसङ्गायना गरी धर्म सङ्गायना गर्ने विचारले आयुष्मान् महाकश्यपले भिक्षुहरूसँग सोध्नुभयो—

"धर्मसङ्गायना गर्नेले कसको प्रधानतामा धर्मसङ्गायना गर्नुपर्ला?"

भिक्षुसङ्घले भने—"आनन्द स्थविरको प्रधानतामा।"

---

१. सम. पा. I. पृ. १५; सुमं. वि. I. पृ. १८.

त्यसपछि आयुष्मान् महाकश्यपले भिक्षुसङ्घलाई ज्ञापन गर्नुभयो—"आवुसो सङ्घ ! मेरो कुरा सुन्नुहोस् । यदि सङ्घलाई चित्त बुझ्छ भने मैले आनन्दसँग धर्मसम्बन्धी प्रश्न सोध्नेछु ।"

त्यसपछि आयुष्मान् आनन्दले सङ्घलाई ज्ञापन गर्नुभयो—"भन्ते सङ्घ ! मेरो कुरा सुन्नुहोस् । यदि सङ्घलाई चित्त बुझ्छ भने आयुष्मान् महाकश्यपले सोध्नु हुने धर्म सम्बन्धी प्रश्नको उत्तर म दिनेछु ।"

अनि आयुष्मान् आनन्द आसनबाट उठी एकांश चीवर गरी स्थविर भिक्षुहरूलाई वन्दना गरी पंखा लिई धर्मासनमा बस्नुभयो[१] ।

त्यसपछि आयुष्मान् महाकश्यपले भिक्षुहरूसँग सोध्नुभयो—

"आवुसो ! कुन चाहिं पिटक पहिले संग्रह गरौं ?"

"भन्ते ! सूत्रपिटक ।"

"सूत्रपिटकमा चार सङ्गीतिहरू छन् । तीमध्ये पहिले कुन सङ्गीति ?"

"भन्ते ! दीर्घसङ्गीति ।"

"दीर्घसङ्गीतिमा चौतीस (३४) सूत्र र तीनवर्ग छन् । तीमध्ये कुन वर्ग पहिले गरौं ?"

"भन्ते ! शीलस्कन्धवर्ग ।"

---

१. सम. पा. I. पृ. १५; सुमं. वि. I. पृ. १८–१९.

"शीलस्कन्धमा तेह्र सूत्रहरू छन् । तीमध्ये कुन सूत्र पहिले गरौं ?"

"भन्ते ! ब्रह्मजाल भन्ने सूत्र । त्यसमा शील सम्बन्धी कुरा तीन प्रकारले अलंकृत छ, नानाविध मिथ्या जीविका कुहनलपन विध्वंशन गर्ने, बयसट्ठी (६२) जालबाट मुक्त गर्ने, दश सहस्त्री लोकधातु कम्पित हुने कुरा छ । त्यसैले त्यो पहिले गरौं[१] ।"

अनि आयुष्मान् महाकश्यपले आयुष्मान् आनन्दसँग धर्म-सम्बन्धी प्रश्न सोध्नु हुँदै "आवुसो आनन्द ! ब्रह्मजाल सूत्र भगवान्ले कहाँ बताउनुभएको हो ?" भनी सोध्नुभयो ।

अगाडि अनुदित उनन्तीसौं सूत्रमा पनि ब्रह्मजाल सूत्र कहाँ बताए भन्ने कुरा उल्लेख भएको छ ।

"भन्ते ! राजगृह र नालन्दाको बीचमा पर्ने अम्बलट्ठिक राजागारमा ।"

"कसको कारणमा ?"

"सुप्रिय परिव्राजक र ब्रह्मदत्त माणवको कारणमा ।"

---

१. यी कुराहरू समन्तपासादिकामा उल्लेख भएका छैनन् । चुल्लवग्ग-पालिमा पनि उल्लेख भएका छैनन् । केवल सुमङ्गलविलासिनी I. पृ. १९ मा मात्र उल्लेख भएको छ । म जस्ता अल्प ज्ञान हुनेको मनमा यस विषयमा "सङ्गायना नभइकनै यस्तो यस्तो छ भन्ने कुरा कसरी थाहापाए ?" भन्ने जस्तो लाग्छ ।

"के कुरामा ?"

"गुण र अपगुणको कारणमा ।"

"यसरी आयुष्मान् महाकश्यपले आयुष्मान् आनन्दसँग ब्रह्मजाल सूत्रको निदान (=कारण) पनि सोध्नुभयो, व्यक्ति पनि सोध्नुभयो र कुरा पनि सोध्नुभयो[1] ।

आयुष्मान् आनन्दले उत्तर दिनुभयो । उत्तर दिन सिद्धिएपछि पाँचशय (५००) अरहन्तहरूले पढे । (पञ्च अरहन्त सतानि गणसज्झायमकंसु) यसरी ब्रह्मजाल सूत्र सङ्गायना गरी त्यसपछि—

"आवुसो आनन्द ! सामञ्ञफल कहाँ देशना गर्नुभएको हो ?"

"भन्ते ! राजगृहको जीवक आम्रवनमा ।"

"कोसँग ?"

"अजातशत्रु वैदेहीपुत्रसँग ।"

यसरी आयुष्मान् महाकश्यपले आयुष्मान् आनन्दसँग सामञ्ञफलको निदान पनि सोध्नुभयो र व्यक्ति पनि सोध्नुभयो । ब्रह्मजालको साथै तेह्र (१३) सूत्रहरूको संग्रह गरी "यो शीलस्कन्धवर्ग हो" भनी किटेर उल्लेख गरे । त्यसपछि महावर्ग, त्यसपछि पाथिकवर्ग भनी तीन वर्गको संग्रह गरी चौतीस (३४) सूत्र भएको चौसट्ठी (६४) भाणवार प्रमाण सूत्र (तन्ति) सङ्गायना गरी "यो दीर्घनिकाय हो" भनी आयुष्मान् आनन्दलाई "आवुसो ! तिमीसँग बस्नेहरूलाई यो पढाऊ" भनी जिम्मा दिए ।

---

१. सम. पा. I. पृ. १५–१६; सुमं. वि. I. पृ. १९–२०.

त्यसपछि असी (८०) भाणवार प्रमाण भएको मज्झिमनिकाय सङ्गायना गरी धर्मसेनापति सारिपुत्र स्थविरसँग बस्नेहरूलाई "तिमी-हरूले यो रक्षा गर" भनी जिम्मा दिए।

त्यसपछि शय (१००) भाणवार प्रमाण भएको संयुत्तनिकाय सङ्गायना गरी महाकश्यप स्थविरलाई "भन्ते! यो तपाईंसँग बस्नेहरूलाई पढाउनुहोस्" भनी जिम्मा दिए।

त्यसपछि एकशय बीस (१२०) भाणवार प्रमाण भएको अङ्गुत्तरनिकाय सङ्गायना गरी अनुरुद्ध स्थविरलाई "यो तपाईंसँग बस्नेहरूलाई पढाउनुहोस्" भनी जिम्मा दिए।

धम्मसंगणि, विभङ्ग, धातुकथा, पुग्गलपञ्ञत्ति, कथावत्थु, यमक र पट्ठानलाई "अभिधर्म" भनी भन्दछन्। यसरी संवर्णित सूक्ष्मज्ञान-गोचर भएको सूत्र सङ्गायना गरी "यो अभिधर्म पिटक हो" भनी पाँचशय (५००) अरहन्तहरूले पढे (पञ्च अरहन्तसतानि सज्झाय-मकंसु)।

त्यसपछि जातक, निद्देस, पटिसम्भिदामग्ग, अपदान, सुत्तनिपात, खुद्दकपाठ, धम्मपद, उदान, इतिवुत्तक, विमानवत्थु, पेतवत्थु, थेरगाथा, थेरीगाथा आदि सूत्र (तन्ति) सङ्गायना गरी "यो खुद्दक ग्रन्थ हो" भनी उल्लेख गरी "अभिधर्मपिटकमै संग्रह गरे" भनी दीर्घभाणकहरू भन्दछन्।

मध्यमभाणकहरू चाहिं "चरियापिटक र बुद्धवंस" सहित सबै खुद्दकग्रन्थ भनी सूत्रपिटकमै समावेश गरिएको हो भनी भन्दछन्। (सुमं. वि. I. पृ. २०-२१)

उपरोक्त विषयमा समन्तपासादिका यसरी उल्लेख गर्दछ—

"उपरोक्ताकारले पाँचौं निकायको सम्बन्धमा प्रश्न गरे। पाँच निकाय भनेको—दीघनिकाय, मज्झिमनिकाय, संयुत्तनिकाय, अङ्गुत्तरनिकाय र खुद्दकनिकाय हुन्। खुद्दकनिकाय भनेको—चार निकायलाई छाडी बाँकी सबै बुद्धवचन हो। त्यसमध्ये विनय सम्बन्धी कुरा आयुष्मान् उपालिले उत्तर दिनुभयो र बाँकी खुद्दकनिकाय र चार निकाय सम्बन्धी विषयमा आयुष्मान् आनन्दले उत्तर दिनुभयो। (सम. पा. I. पृ. १६)

बुद्धवचनको विभाजन

(क) सबै बुद्धवचन रसको हिसाबले एक प्रकार।

(ख) धर्म र विनयको हिसाबले दुइ प्रकार।

(ग) प्रथम-मध्यम-अन्तिम वचनको हिसाबले तीन प्रकार।

(घ) पिटकको हिसाबले तीन प्रकार।

(ङ) निकायको हिसाबले पांच प्रकार।

(च) अङ्गको हिसाबले नौ प्रकार।

(छ) धर्मस्कन्धको हिसाबले ८४ हजार प्रकार।

"(क) रसको हिसाबले किन एक प्रकार भनिएको हो ?

"भगवान्‌ले, सम्बोधिज्ञान प्राप्त गरी परिनिर्वाण नभएसम्म—यस बीच पैंतालीस वर्षसम्म—देवमनुष्य नाग-यक्षहरू आदिलाई जुन अनुशासन उपदेश प्रत्यवेक्षणा आदि वचन प्रकट गर्नुभयो—यी सबै रसको हिसाबले विमुक्ति रस भएकोले रसको हिसाबले एक प्रकार भनिएको हो ।"

"(ख) धर्म र विनयको हिसाबले किन दुइ प्रकारको भनिएको हो ?

"ती सबै बुद्धवचनहरू धर्म र विनयमा संग्रहित हुन्छन् । तीमध्ये विनयपिटकलाई 'विनय' र बाँकी अरू सबै बुद्धवचनलाई 'धर्म' भनिन्छ । त्यसैले "धर्म र विनयको सङ्गायना गरौं" भनी उल्लेख भएको हो । (चुल्ल. व॰ पा. पृ. ४०७) त्यसैले "मैले उपालिसँग विनय सम्बन्धी प्रश्न सोध्नेछु, आनन्दसँग धर्म सोध्नेछु" भनी भनिएको हो । यसरी धर्म र विनयको हिसाबले दुइ प्रकार भनिएको हो ।"

"(ग) प्रथम-मध्यम-अन्तिम वचनको हिसाबले तीन प्रकार भनेर किन भनिएको हो ?

"अनेकजातिसंसारं, सन्धाविस्सं अनिब्बिसं ।
गहकारकं गवेसन्तो, दुक्खा जाति पुनप्पुनं ।।
गहकारक दिट्ठोसि, पुन गेहं नकाहसि ।
सब्बा ते फासुका भग्गा, गहकूटं विसङ्खतं ।
विसङ्खारगतं चित्तं, तण्हानं खयमज्झगा ।।" भन्ने जुन

उदान भगवान्‌ले प्रकट गर्नुभएको छ—यो प्रथम बुद्धवचन हो[१]। (धम्म. प. पा. गा. नं. १५३)

"केही भन्दछन्—"यदा हवे पातुभवन्ति धम्मा" भन्ने गाथा (महा. व. पा. पृ. ३) प्रथम बुद्धवचन हो। तर यो चाहिं सर्वज्ञत्व प्राप्त गरिसकेपछि प्रतिपदाको दिनमा प्रीतिवाक्य प्रकट गरी प्रत्यवेक्षणा गरिएको उदान हो भनी समन्तपासादिका (पृ. १७) र सुमंगलविलासिनीले (पृ. २२) उल्लेख गरेका छन्।

"परिनिर्वाण हुने बेलामा जुन बहाँले "हन्द, दानि भिक्खवे आमन्तयामि वो, वयधम्मा सङ्खारा, अप्पमादेन सम्पादेथ" भनी महापरिनिब्बानसुत्तंमा (दी. नि. भा–२, पृ. १९९) भन्नुभयो—यो बुद्धको अन्तिम वचन हो।

"प्रथम र अन्तिम बुद्धवचनको बीच जे जति बहाँले भन्नुभयो ती सबै मध्यम बुद्धवचन हुन्।"

"(घ) पिटकको हिसाबले किन तीन प्रकार भनिएको हो?

"विनयपिटक, सूत्रपिटक र अभिधर्मपिटकलाई नै तीन प्रकार भनिएको हो। तीमध्ये प्रथम सङ्गीतिमा संग्रहित भएको र नभएको

---

१. अट्ठसालिनी पृ. १५: निदानकथाले चाहिं "यदा हवे पातुभवन्ति धम्मा, आतापिनो झायतो ब्राह्मणस्स..." भन्ने गाथालाई प्रथम बुद्धवचन हो भनी उल्लेख गरेको छ। (महा. व. पा. पृ. ३: बोधिकथा, महाखन्धकं)

सबैं मिलाई उभय प्रातिमोक्षहरू, दुइ विभङ्गहरू, २२ खन्धकहरू, सोह्र (१६) परिवारहरू नैं 'विनयपिटक' हो ।

"ब्रह्मजाल सूत्र सहित ३४ सूत्रहरूले संग्रहित दीघनिकाय, मूलपरियायसूत्र सहित १५२ सूत्रहरूले संग्रहित मज्झिमनिकाय, ओघतरणसूत्र सहित ७,७६२ सूत्रहरुले संग्रहित संयुत्तनिकाय, चित्त-परियादानसूत्र सहित ९,५७५ सूत्रहरूले संग्रहित अङ्गुत्तरनिकाय, खुद्दकपाठ, धम्मपद, उदान, इतिवुत्तक, सुत्तनिपात, विमानवत्थु, पेतवत्थु, थेरगाथा, थेरीगाथा, जातक, निद्देस, पटिसम्भिदामग्ग, अपदान, बुद्धवंस र चरियापिटक आदि पन्ध्र (१५) भाग भएको खुद्दकनिकाय आदि 'सूत्रपिटक' हो ।

"धम्मसङ्गणि वा धम्मसङ्गह, विभङ्ग, धातुकथा, पुग्गलपञ्ञत्ति, कथावत्थु, यमक, पट्ठान आदि 'अभिधर्मपिटक' हो[1] ।"

"(ङ) निकायको हिसाबले किन पाँच प्रकार भनिएको हो ?

"सबै दीघनिकाय, मज्झिमनिकाय, संयुत्तनिकाय, अङ्गुत्तर-निकाय र खुद्दकनिकायको हिसाबले पाँच प्रकार भनिएको हो ।

"त्यहाँ दीघनिकाय भनेको कुन हो त ?

---

१. सम. पा. I. पृ. १७–१८: बाहिरनिदानकथा; सुमं. वि. I. पृ. २१–२३: बाहिरकथा; अट्ठ. सा. पृ. १६: निदानकथा ।

"तीन (३) वर्ग र ब्रह्मजालसूत्र सहित चौतीस (३४) सूत्रहरू 'दीघनिकाय' हो । त्यसैले भनिएको—

"चतुतिंसेव सुत्तन्ता, तिवग्गो यस्स सङ्गहो ।
एस दीघनिकायो ति, पठमो अनुलोमिको ।।

"किन यसलाई दीघनिकाय (=दीर्घनिकाय) भनिएको ?

"लामा लामा सूत्रहरूको समूह र लामा लामा सूत्रहरूको घर भएकोले । यही निकायको शब्दार्थ हो ।

"मज्झिमनिकाय भनेको कुन हो त ?

"मध्यम प्रमाणका पन्ध्र (१५) वर्गहरू भएको मूलपरियायसूत्र सहित एकशय बाउन्न (१५२) सूत्रहरू 'मज्झिमनिकाय' हो । त्यसैले भनिएको—

"दियड्ढसतसुत्तन्ता, द्वे च सुत्तानि यत्थ सो ।
निकायो मज्झिमो, पञ्चदसवग्ग परिग्गहो ।।

"संयुत्तनिकाय भनेको कुन हो त ?

देवतासंयुत्त आदिको हिसाबले र ओघतरणसूत्र सहित सातहजार सातशय बयसट्ठी (७,७६२) सूत्रहरू 'संयुत्तनिकाय' हो । त्यसैले भनिएको—

"सत्तसुत्तसहस्सानि, सत्तसुत्तसतानि च ।
द्वासट्ठि चेव सुत्तन्ता, एसो संयुत्तसङ्गहो ।।

"कुन चाहिं अङ्गुत्तरनिकाय हो त ?

"एक एक अंग बढाई बताइएको चित्तपरियादानसूत्र सहित नौहजार पाँचशय पचहत्तर (९,५७५) सूत्रहरू 'अङ्गुत्तरनिकाय' हो । त्यसैले भनिएको—

"नवसुत्तसहस्सानि, पञ्चसुत्त सतानि च ।
सत्तपञ्ञास सुत्तन्ता, सङ्ख्या अङ्गुत्तरे अयं ।।

"खुद्दकनिकाय भनेको कुन हो त ?

"माथि देखाइएका चार निकाय छाडी बाँकी सबै विनयपिटक, अभिधर्मपिटक र खुद्दकपाठ आदि पन्ध्र (१५) भागहरू 'खुद्दकनिकाय' हो । त्यसैले भनिएको—

"ठपेत्वा चतुरोपेते, निकाये दीघ आदिके ।
तदञ्ञं बुद्धवचनं, निकायो खुद्दको मतो ।।

"यसरी निकायको हिसाबले पाँच प्रकार[1] भएको हो ।"

"(च) अङ्गको हिसाबले नौ प्रकार भनेका यी हुन्—जस्तै—

१. सम. पा. I. पृ. २४–२५; सुमं. वि. I. पृ. ३१–३२; अट्ठ. सा. पृ. २१–२२.

"सबं सुत्तं, गेय्यं, वेय्याकरणं, गाथा, उदानं, इतिवुत्तकं, जातकं, अब्भुतधम्मं, वेदल्लं ।

"(१) त्यहाँ दुबै विभङ्ग, निद्देस, खन्धक, परिवार, सुत्त-निपात, मङ्गलसूत्र, रतनसूत्र, नालकसूत्र, तुवटकसूत्रहरू र अरू पनि सूत्र भनी नाम लिइने बुद्धवचनहरू 'सुत्तं' (=सूत्र) हो ।

"(२) गाथा सहित भएको सूत्रलाई 'गेय्यं' भन्दछन् । विशेष गरी संयुत्तनिकायको सगाथकवर्गलाई 'गेय्यं' भन्दछन् ।

"(३) सबै अभिधर्मपिटक, गाथा नभएको सूत्र र आठ अङ्गमा संग्रह नभएका अरू पनि बुद्धवचनहरूलाई 'वेय्याकरणं' भन्दछन् ।

"(४) धम्मपद, थेरगाथा, थेरीगाथा र सुत्तनिपातमा सूत्र भन्ने नाम नभई केवल गाथा मात्र भएकोलाई 'गाथा' भन्दछन् ।

"(५) सौमनस्य सहित ज्ञानयुक्त गाथा भएका बयासी[१] (८२) सूत्रहरूलाई 'उदानं' भन्दछन् ।

"(६) 'वुत्तं हेतं भगवता' (=भगवान्ले यस्तो भन्नुभयो) भनी उल्लेख भएका एकशय बाह्र (११२) सूत्रहरूलाई 'इतिवुत्तकं' भन्दछन् ।

"(७) अपण्णक जातक सहित पाँचशय पचास (५५०) जातकहरूलाई 'जातकं' भन्दछन् ।

---

१. उदानपालिमा चाहिं केवल असी (८०) सूत्रहरू मात्र छन् ।

"(८) 'भिक्षुहो! आनन्दमा चार आश्चर्य र अद्भूत धर्महरू छन्' (दी. नि. भा-२, पृ. ११२: महापरिनिब्बानसुत्तं) भन्ने जस्ता सबै आश्चर्य र अद्भूत धर्मले युक्त भएका सूत्रहरूलाई 'अब्भुतधम्मं' भन्दछन्[1]।

"(९) चूलवेदल्ल, महावेदल्ल, सम्मादिट्ठि, सक्कपञ्ह, सङ्खार-भाजनीय, महापुण्णक सूत्रादिहरूलाई 'वेदल्लं' भन्दछन्। जुन सूत्रमा प्रश्नोत्तरको रूपमा उल्लेख भएका छन् ती सबै 'वेदल्लं' हुन्। यसरी अङ्गको हिसाबले नौ प्रकार।"

"(छ) स्कन्धको हिसाबले चौरासीहजार भनेको कस्तो हो त?

"सबै बुद्धवचनहरू। जस्तै—

"द्वासीति बुद्धतो गण्हि, द्वे सहस्सानि भिक्खुतो।
चतुरासीति सहस्सानि, ये मे धम्मा पवत्तिता॥"

अर्थ—

"बयासी हजार धर्मस्कन्धहरू बुद्धबाट ग्रहण गरेको छु, धर्म-सेनापति सारिपुत्र महास्थविर लगायत भिक्षुसङ्घबाट दुइहजार धर्मस्कन्धहरू ग्रहण गरेको छु र जम्मा चौरासी हजार (८४,०००) धर्मस्कन्धहरू मैले राम्ररी परिभाविता गरेको छु" भनी भनेका सबै बुद्धवचनहरू चौरासी हजार छन्। (थेर. गा. पा. पृ. ३६९: आनन्द-स्थेरगाथा; गा. नं. १०२७)

---

१. म. नि. III. पृ. १८३: अच्छेर अब्भुतसुत्तं जस्ता सूत्रहरू।

"यसरी देखाइएका धर्मस्कन्धहरू चौरासी हजार छन्[१]।"

विभाजन नगरी रसको हिसाबले एकविध, विभाजन गरी धर्म र विनयको हिसाबले द्विविधाकार आदि प्रकारले बुद्धवचन सङ्गायना गर्नु हुने महाकश्यप आदि वसीगणहरूले पञ्चसतिकसङ्गायना समयमा —"यो धर्म हो, यो विनय हो; यो पहिलो बुद्धवचन हो, यो मध्यम बुद्धवचन हो र यो अन्तिम बुद्धवचन हो; यो विनयपिटक हो, यो सूत्र-पिटक हो र यो अभिधर्म पिटक हो; यो दीर्घनिकाय हो,......यो खुद्दकनिकाय हो; यो सूत्रादि नवाङ्ग बुद्धशासन हो र यी चौरासी हजार धर्मस्कन्धहरू हुन्" भनी सङ्गायना गरे।

यति मात्र होइन अरू पनि उदानसंग्रह, वर्गसंग्रह, पेय्यालसंग्रह, एककनिपात, दुकनिपातादि निपातसंग्रह, संयुत्तसंग्रह, पण्णासकसंग्रह आदि तीन पिटकमा देखिने अनेकविध संग्रह प्रभेद व्यवस्थित रूपमा राखी सात महीनासम्म सङ्गायना गरे।

सङ्गीतिको अवशानमा—"महाकश्यप स्थविरले दशबलको यो शासनलाई पाँचहजार वर्षसम्म टिक्न सक्ने पार्नुभयो" भन्ने कारणबाट उत्पन्न प्रीतिको कारणले साधुकार दिए। भूमिकम्पनको साथ साथै अनेक आश्चर्य घटनाहरू पनि घटेका थिए भनी अर्थकथाहरूले उल्लेख गरेका छन्[२]।

---

१. सम. पा. I. पृ. २४–२६: बाहिरनिदानकथा; सुमं. वि. I. पृ. ३१–३३: बाहिरकथा; अट्ठ. सा. पृ. २२–२३: निदानकथा।

२. सम. पा. I. पृ. २७: बाहिरनिदानकथा; सुमं. वि. I. पृ. ३३–३४: बाहिरकथा; अट्ठ. सा. पृ. २३: निदानकथा।

यसरी सङ्गायना गर्दा अभिधर्मपिटक चाहिं अभिधर्मपिटक नै रहेको थियो। निकायको हिसाबले चाहिं खुद्दकनिकायमा रहेको थियो[1]।

त्यसैले यस्तो उल्लेख भएको हो—

"सतेहि पञ्चहि कता, तेन पञ्चसताति च।
थेरेहि कतत्ता च, थेरिका ति पवुच्चती'ति ॥"

× × ×

बुद्ध परिनिर्वाण पछिका घटनाहरू

भिक्षुणी उपश्रयमा

एक समय, आयुष्मान् महाकश्यप श्रावस्ती स्थित अनाथपिण्डिकको जेतवनाराममा बसिरहनुभएको थियो।

अनि आयुष्मान् आनन्द आई महाकश्यप स्थविरलाई भिक्षुणी उपश्रयमा (भिक्खुनुपस्सयो) जानु हुन अनुरोध गर्नुभयो। महाकश्यप स्थविरले जाने इच्छा गर्नु भएन। स्वभावतः महाकश्यप स्थविर भिक्षुणीहरू बस्ने ठाउँमा जानुहुन्न। तीन तीन पटकसम्म आनन्द स्थविरले जिद्दी गर्नु भएपछि आखिरमा वहाँ आनन्द स्थविरसँगै अरू पनि भिक्षुहरू लिई भिक्षुणी उपश्रयमा जानुभयो। यो घटना भगवान् परिनिर्वाण भइसक्नु भएपछि भएको हुनुपर्छ। अनि भिक्षुणीहरूलाई धर्मोपदेश गरी स्थविर फर्कनुभयो।

---

१. अट्ठ. सा. पृ. २४: निदानकथा।

त्यहाँ थुल्लतिस्सा भन्ने भिक्षुणीले महाकश्यप स्थविर प्रति अप्रसन्नता व्यक्त गर्दै यस्तो भनी—

"महाकश्यप स्थविर को हुन् र जो कि आनन्द स्थविरको अगाडि उपदेशदिन चाहन्छन् । यो त सियो बनाउनेको अगाडि सियो बेच्ने जस्तो हो ।"

थुल्लतिस्सा भिक्षुणीको यो कुरा सुनेपछि महाकश्यप स्थविरले आनन्द स्थविरलाई "आनन्द ! म त सियो बनाउनेको अगाडि सियो बेच्ने जस्तै भएँ । आनन्द ! के त तिमीलाई भगवान्ले भिक्षुहो ! जतिञ्जेलसम्म म प्रथमध्यानमा बस्न चाहन्छु उतिञ्जेलसम्म महाकश्यप पनि बस्न सक्छन्" भनी मलाई जस्तो भन्नुभएको छ ? अथवा 'म आस्रव क्षय गरी यसै जीवनमा उपशान्त भई बस्छु । आनन्द पनि आस्रव क्षय गरी यसै जीवनमा उपशान्त भई बसेका छन्' भनी भन्नुभएको छ त ?" भनी आदि कुरा सुनाउनु भएपछि आनन्द स्थविरले "भन्ते ! क्षमा गर्नुहोस् । यी आइमाईहरू मूर्ख हुन्छन्" भनी क्षमा माग्नुभयो । पछि यी थुल्लतिस्सा भिक्षुणीले चीवर छाडेर गइन् । अरू विशेष कुरा अगाडि अनुदित तीसौं सूत्रमा हेर्नू ।

× × ×

आ-आफ्ना छोराहरू आनन्द स्थविरकहाँ प्रव्रजित गराएको कारणमा कुनै दिन भगवान्लाई आफ्नो गाउँमा स्वागत गर्न पाउनेछौं भन्ने आशा लिई राजगृहको दक्षिणागिरीका मानिसहरूले आ-आफ्ना

चोराहरूलाई आनन्द स्थविरकहाँ प्रव्रजित गराएका थिए। किन्तु भगवान् परिनिर्वाण हुनुभयो। उनीहरूको मनोकामना पूरा भएन। ती प्रव्रजित भएका भिक्षु श्रामणेरहरू नयाँ थिए। आनन्द स्थविर उनीहरूलाई साथमा लिई दक्षिणागिरीमा चारिका गर्दै हुनुहुन्थ्यो। यस्तो देखेर महाकश्यप स्थविरले आयुष्मान् आनन्दलाई एकदिन "यी आनन्द कुमारक कैं अहिले पनि तरुण भिक्षुहरूसँग चारिका गर्दै हिंडिरहन्छन्" भनी भन्नुभएको थियो। यस्तोभन्दा आनन्द स्थविरले बुढो भएर केश पाकी सकेर पनि महाकश्यप स्थविरको कुमारकवाद-बाट बचन सकेको छैन भनी अपशोच पनि गर्नुभएको थियो।

आयुष्मान् आनन्दलाई महाकश्यप स्थविरले कुमारकवादले गालि गर्नुभयो भन्ने सुनी थुल्लनन्दा भिक्षुणीले "महाकश्यपले आनन्द स्थविरलाई अहिले पनि कुमारकवादले गालि गर्नु हुन्छ" भनी महा-कश्यप स्थविरलाई अनेक अपवाद पनि गरेकी थिइन् भन्ने कुरा अगाडिको पहिलो मूल सूत्रबाट प्रष्ट बुझिन्छ। पछि यी थुल्लनन्दा भिक्षुणीले चीवर छाडेर गइन्।

धातुनिधान

अजातशत्रु राजाले राज्य गरेको आठौं वर्षमा भगवान् बुद्धको परिनिर्बाण भएको थियो[१]।

---

१. महा. वं. टी. पृ. १०५: दुतियपरिच्छेद, गा. नं. ३२.

भगवान्को परिनिर्वाणपछि महाकश्यप स्थविरले पाँचशय प्रतिसम्भिदा लाभी तथा विभिन्न अग्रस्थान प्राप्त अरहन्तहरू सहित राजगृहको वेभार पर्वतको सप्तपर्णी गुफामा प्रथम सङ्गायना गरेका कुरा माथि उल्लेख भइसकेको छ ।

भगवान्का धातुहरू ठाउँ ठाउँमा लगी चैत्य बनाइसकेका थिए । पतिञ्जेलसम्म जम्बुद्वीपमा शारीरिक धातु भएका आठवटा स्तूपहरू, धातु नापेको 'तुम्ब' र अङ्गारहरू राखी बनाएका चैत्यहरू सहित १० वटा चैत्यहरू थिए[1] ।

एकदिन महाकश्यप स्थविरले भविष्यमा यी धातुहरूको बिघ्न हुने कुरा जानी अजातशत्रु राजाकहाँ गई "महाराज ! धातुनिधान गर्नुपर्छ" भनी भन्नुभयो[2] ।

"भन्ते ! हुन्छ, धातुनिधान गर्ने काम मेरो भयो । तर भन्ते ! बाँकी धातुहरू कसरी ल्याउने त ?"

---

१. हेर्नू लेखकको बु. रा. भा–२, पृ. ५८: अजातशत्रु ।

२. महाकश्यप स्थविरले भन्नुभएको यो कुरा भगवान् परिनिर्वाणको करीब आठ वर्ष पछिको हो भनी भन्न सकिन्छ । किन कि दी. नि. अ. क. II. पृ. ३२५: महापरिनिब्बानसुत्तवण्णनाको भनाइ अनुसार कुशीनगरबाट धातु पूजा गर्दै राजगृहमा धातु ल्याइ पुऱ्याउँदा सातवर्ष सात महीना सात दिन लागेको थियो । त्यसपछि मात्र स्थविरले यो कुरा उठाउनु भएको हो भन्ने कुरा स्वतःसिद्ध हुन्छ ।

"महाराज ! धातुहरू ल्याउने कामको जिम्मा तपाईंको होइन। त्यो त हामीहरूको हो ।"

"हुन्छ त भन्ते ! त्यसोभए तपाईंहरूले धातुहरू ल्याउनुहोस् म निधान कार्य गर्नेछु ।"

अनि स्थविर त्यस त्यस राजकुलमा गई पूजाआजा गर्नको निमित्त चाहिने मात्र राख्न लगाई बाँकी धातुहरू ल्याउनुभयो। रामग्राममा चाहिं नागहरूले धातुहरू लिइराखेको हुँदा त्यहाँ बिघ्न हुने छैन। त्यहाँका धातुहरू भविष्यमा लंकास्थित महाविहारको महाचैत्यमा रहनेछन् भनी त्यहाँका धातुहरू चाहिं नलिई बाँकी सात नगरहरूबाट धातुहरू ल्याई[1] राजगृहको पूर्वदक्षिण दिशातिर उभिई "यो ठाउँमा जुन ढुंगाहरू छन् ती सबै लोप होउन्। धूलो सफा होस्। पानी ननिस्कियोस्" भनी स्थविरले अधिष्ठान गर्नुभयो ।

राजाले त्यस ठाउँमा खन्न लगाई त्यसबाट आएको माटोको ईंट बनाउन लगाई असीतिमहाश्रावकहरूको[2] निमित्त चैत्यहरू बनाए। "यहाँ राजा के गर्दै छन् ?" भनी सोध्दा "महाश्रावकहरूको निमित्त चैत्यहरू बनाउँदै छन्" भनी भन्दछन्। धातुनिधान गर्ने भनी कसैलाई भन्दैनन्। असी (८०) हात जति गहिरो खनिसकेपछि त्यहाँ फलाम

---

१. महा. वं. टी. पृ. ५२०–५२१ ले पनि यस्तै उल्लेख गरेको छ। एकतिंसतिमोपरिच्छेदो ।

२. असीतिमहाश्रावक भनेका को को हुन् भन्ने बारे लेखकको बु. म. भाग–१, पृ. ८९ को पादटिप्पणीमा हेर्नू ।

बछचाई त्यसमाथि थूपारामको (लंकाको) घर जस्तै तामा र फलामको घर बनाउन लगाई आठ आठवटा हरिचन्दनका सन्दूक र स्तूपहरू बनाउन लगाए। अनि भगवान्‌का धातुहरू ती हरिचन्दनका सन्दूकमा राखी ती सन्दूकहरू अर्का हरिचन्दनका सन्दूकहरूमा राखी यस्तै प्रकारले आठवटा हरिचन्दनका सन्दूकमा राखे। अनि ती आठवटा सन्दूकहरू आठवटा स्तूपमा राखे। यी आठवटा हरिचन्दनका स्तूपहरू अर्का आठवटा लोहितचन्दनका सन्दूकमा राखे। यी आठवटा लोहितचन्दनका सन्दूकहरू अर्का आठवटा लोहितचन्दनका स्तूपहरूमा राखे। यी आठवटा लोहितचन्दनका स्तूपहरू अर्का आठवटा दन्तमय सन्दूकमा राखे। यी आठवटा दन्तमय सन्दूकहरू अर्का आठवटा दन्तमय स्तूपहरूमा राखे। यी आठवटा दन्तमय स्तूपहरू अर्का आठवटा रत्नमय सन्दूकमा राखे। यी आठवटा रत्नमय सन्दूकहरू अर्का आठवटा रत्नमय स्तूपमा राखे। यी आठवटा रत्नमय स्तूपहरू अर्का आठवटा सुवर्णमय सन्दूकमा राखे। यी आठवटा रत्नमय सन्दूकहरू अर्का आठवटा सुवर्णमय स्तूपमा राखे। यी आठवटा सुवर्णमय स्तूपहरू अर्का आठवटा चाँदीका सन्दूकमा राखे। यी आठवटा चाँदीका सन्दूकहरू अर्का आठवटा चाँदीका स्तूपहरूमा राखे। यी चाँदीका आठवटा स्तूपहरू अर्का आठवटा मणिमय सन्दूकमा राखे। यी आठवटा मणिमय सन्दूकहरू अर्का आठवटा मणिमय स्तूपमा राखे। यी आठवटा मणिमय स्तूपहरू अर्का आठवटा राता मणिका सन्दूकमा राखे। यी आठवटा राता मणिका सन्दूकहरू अर्का आठवटा राता मणिका स्तूपमा राखे। यी आठवटा राता मणिका स्तूपहरू अर्का आठवटा मसारगल्लका सन्दूकमा राखे। यी आठवटा मसारगल्लका सन्दूकहरू अर्का

आठवटा मसारगल्ल स्तूपमा राखे । यी आठवटा मसारगल्लका स्तूपहरू अर्को आठवटा मणिमय सन्दूकमा राखे। यी आठवटा मणिमय सन्दूकहरू अर्को आठवटा मणिमय स्तूपमा राखे ।

सबभन्दा माथिल्लो मणिमय स्तूप थूपाराम (लंकाको) चैत्य जत्रै थियो । त्यसको माथि रत्नमय घर बनाए । त्यसको माथि सुनको, त्यसको माथि चाँदीको, त्यसको माथि तामाको र त्यसमाथि फलामको घर बनाए । अनि रत्नमय बालुवा छरी जलज स्थलज हजारौं फूलहरू छरी ५५० जातकहरू, असीतिमहाश्रावकहरू, शुद्धोदन महाराजा, महामायादेवी र सिद्धार्थ कुमारसँग जन्मेका र उत्पन्न भएका सात वस्तुहरू सबै सुवर्णमय बनाई पाँच पाँच शय सुन र चाँदीका पूर्णघडाहरू राख्न लगाए । पाँचशय सुवर्णमय ध्वजाहरू फैलाए । पाँचशय सुनका पाला र पाँचशय चाँदीका पालाहरू बनाउन लगाई त्यसमा सुगन्धित तेल राखी कपडाको बत्ती बाले ।

त्यसपछि "फूलमाला नओइलाउन् र सुगन्ध नहराओस् तथा बत्ती ननिभोस्[1]" भनी महाकश्यप स्थविरले अधिष्ठान गरी "भविष्यमा प्रियदास भन्ने कुमार छत्र धारण गरी अशोक धर्मराजा हुने छन् । उनैले यी धातुहरूलाई फैलाउने छन्" भनी सुनको पाताम

१. यस सम्बन्धमा अट्ठ. सा. पृ. ३२९: आरम्मणकथा र विसु. म. II. पृ. ९३१: पकिण्णककथावण्णनाले "भविष्यमा दुइशय अट्ठार वर्ष-सम्म यी सुगन्ध नहराउन्, फूलहरू नओइलाउन् र बत्ती ननिभोस्" भनी अधिष्ठान गर्नुभयो भनी उल्लेख गरेका छन् ।

लेखाउनु भयो । सर्वप्रकारका आभूषणहरूद्वारा पूजा गरी शुरुदेखि बँलो बुन्दै अजातशत्रु राजा बाहिर निस्के । अनि तामा र फलामका बँलाहरू थुनेर चुकुलको डोरीमा ताल्चा झुण्डयाई त्यहींनिर एक ठूलो मणिको ढिक्को राखी "भविष्यमा हुने दरिद्र राजाले यो मणिको ढिक्को लिई धातुहरूको पूजा सत्कार गरून्" भनी लेखाउनु भयो ।

शक्र देवराजाले विश्वकर्मालाई बोलाई "तात ! अजातशत्रुले धातुनिधान गरे । त्यहाँ आरक्षा गर" भनी पठाए । त्यहाँ आई उनले बाजाबज्ने यन्त्र राखे । धातुगर्भमा स्फटिकको तरबार लिएका काठका रूपहरू वायुवेगले घुम्ने यन्त्र राखी एउटै चक्कामा बाँधिदिए । अनि चारैतिरबाट ढुंगाको परखाल लगाई एउटा ढुंगाले माथि छोपी माटो भरी जमिन जस्तै सम्म गरी त्यसमाथि ढुंगाको चैत्य राखिदिए[1] ।

यसरी धातुनिधानको काम सिद्धिएपछि आयु छउञ्जेलसम्म बसी स्थविर परिनिर्वाण हुनुभयो[2] । राजा पनि कर्मानुसार गए । मानिसहरू पनि मरे ।

---

१. सुमं. वि. II. पृ. ३२६–२८: महापरिनिब्बानसुत्तवण्णना ।

२. कहिले परिनिर्वाण हुनुभयो भन्ने कुरा चाहिं प्रष्ट छैन । दी. नि. अ. क. II. पृ. ९९: महापदानसुत्तवण्णनाले चाहिं वहाँको आयु १२० वर्ष थियो भनी उल्लेख गरेको छ । उत्तरी बौद्धहरूको श्रोत अनुसार वहाँ मैत्रेय्यबुद्ध भेटनको लागि कुक्कुटगिरीमा समाधिष्ठ भई बस्नुभएको छ भनी डाः मललसेकरको D. P. P. II. पृ. ४८२ को पादटिप्पणीमा उल्लेख भएको छ ।

अहिले मात्र वहाँ धुताङ्गधारी होइन अघि ऋषिभेष लिई प्रव्रजित हुँदा पनि ५०० जन्मसम्म धुताङ्गधारी नै हुनुहुन्थ्यो भनी मनोरथपूरणीले[1] यसरी उल्लेख गरेको छ—

"यो पब्बजि जातिसतानि पञ्च,
पहाय कामानि मनोरमानि ।
तं वीतरागं सुसमाहितिन्द्रियं,
परिनिब्बुतो वन्दथ महाकस्सप'न्ति ॥"

सम. पा. I. पृ. ६३: बाहिरनिदानकथामा वाहि बुद्ध परिनिर्वाण भएपछि अजातशत्रु राजाले २४ वर्षसम्म राज्य गरेका थिए भनी उल्लेख भएको छ । यस्तै गरी महावंसटीकाले पनि उल्लेख गरेको छ[2] । विल्हेम गाइगर अनुदित चुल्लवंस II. पृ. १६६–६७; गा. नं. ८०–८१ मा महाकश्यप स्थविरको एउटा दन्तधातु लंकाको बेन्टोट भन्ने जिल्लाको भीमतित्थ भन्ने विहारमा सुरक्षित छ भनी उल्लेख भएको छ ।

ऋद्धिबल प्रदर्शन

भगवान् परिनिर्वाण भएपछि राजा अजातशत्रुले कुशीनगरमा

---

१. I. पृ. ७६: एककनिपातवण्णना ।

२. "अजातसत्तुनो वस्से, अट्ठमे मुनि निब्बुते ।
पच्छा सो कारयी रज्जं, वस्सानि चतुवीसति ॥" पृ. १०५: दुतियो परिच्छेदो, गा. नं. ३२.

पाएको धातुको भाग ल्याउँदा सातवर्ष, सातमहीना र सातदिन लागेको कुरा अर्थकथाहरूले उल्लेख गरेका छन्[१]। यसरी पूजा उत्सव गरिरहेको बेलामा चित्त प्रसन्नताको कारणले गर्दा अनेक मानिसहरू सुगति स्वर्गलोकमा गएका थिए भने त्यस्तै गरी चित्त अप्रसन्नता गरी अर्थात् आफ्नो चित्त बिगारी अनेक मानिसहरू मृत्युपछि प्रेतलोकमा पनि उत्पन्न भएका थिए भनी उक्त अर्थकथाहरूले उल्लेख गरेका छन्[२]।

त्यस समय राजगृहमा एक वैभव सम्पन्न परिवार थियो। त्यस परिवारको भार्या, छोरी र बुहारीहरू धातुपूजा गर्नको निमित्त चित्त प्रसन्न गरी सुगन्धित फूलहरू लिई धातु राखेको ठाउँमा जान लागे। अनि सो परिवारको मालिक हुने पुरुषले "यो हाडको पूजा गरेर के पाइन्छ र!" भनी गाली गरी धातुको अवर्णन गऱ्यो। उनीहरू उसको वचनलाई नटेरी श्रद्धापूर्वक प्रसन्न चित्तले धातुपूजा गरी आए। केही दिनपछि त्यस्तै रोगले उनीहरूको मृत्यु भयो र देवलोकमा उत्पन्न भए।

सो पुरुष चाहिं रीसले चूर भई मृत्युपछि प्रेतलोकमा उत्पन्न भयो।

---

१. दी. नि. अ. क. II. पृ. ३२५: महापरिनिब्बानसुत्तवण्णना; पेत. व. अ. क. पृ. १५१: धातुविवण्णनपेतट्ठकथा; लेखकको बु. रा. भा-२, पृ. ५६: अजातशत्रु।

२. दी. नि. अ. क. II. पृ. ३२५; पेत. व. अ. क. पृ. १५१.

एकदिन आयुष्मान् महाकश्यपले त्यस्तो ऋद्धिबल प्रदर्शन गर्नुभयो ताकि मानिसहरूले ती देवलोकमा गएका र प्रेतलोकमा गएको पुरुषलाई देख्नसकून् । यस्तो गरी चैत्य स्थानमा बसी सो धातुको अवर्णन गर्ने प्रेतसँग सोध्दै स्थविरले यसो भन्नुभयो—

"मुखबाट दुर्गन्ध निकाली आकाशमा बसी उभिइरहेको तिम्रो मुखमा के छ ? अथवा तिमीले अघि के गरेर आएका थियौ ? यति मात्र होइन, तिम्रो मुख धारिला चूपिले बराबर काटछौ र नुनिला पानीले मुख पनि पखाल्छौ । अघि तिमीले के गरेका थियौ ?"

"भन्ते ! अघि म राजगृहमा एक धनी कुलको मालिक थिएँ । मेरी भार्या, छोरी र बुहारीहरू धातुपूजा गर्नको निमित्त जाँदा मैले उनीहरूलाई धातुको अवहेलना गरी गाली गरेको थिएँ । त्यसैको फल अहिले भोग्दैछु । यी माला लगाएका अलंकृत देवताहरू धातुपूजा गरेको प्रभावले अहिले यस्तो श्रीसम्पत्ति भोगी आकाशमा आइरहेका छन् । भन्ते कश्यप ! मनुष्यलोकमा जन्मिन पाए अप्रमादी भई म पनि स्तूप-पूजा गर्नेछु ।"

प्रेतले भनेको कुरालाई लिएर महाकश्यप स्थविरले उपस्थित मानिसहरूलाई धर्मोपदेश गर्नुभयो [१] ।

× × ×

---

१. पेत. व. अ. क. पृ. १५१: धातुविवण्णपेतवत्थुवण्णना ।

बोधिसत्वसँग सम्बन्ध

संसारमा घुम्दै फिर्दै हिँडिरहेको वेलामा यी महाकश्यप हुनेसँग बुद्ध हुनु भएका हाम्रा बोधिसत्वको कहाँ कस्तो सम्बन्ध थियो भन्ने कुरा जान्नको लागि यहाँ "बोधिसत्वसँग सम्बन्ध" भन्ने शीर्षक राखेको हुँ ।

(१) सर्वप्रथम त हामी वहाँको सम्बन्ध जा. अ. क. I–II. पृ. २११, नं. ६१ को असातमन्त जातकमा पाउँछौं ।

यो जातकको कुरामा स्त्रीहरूको कमजोरी अथवा उनीहरूको दोषको कुरा देखाइएको पाइन्छ ।

अतीत समयको वाराणसीमा ब्रह्मदत्त राजाले राज्य गरिरहेको बेला बोधिसत्व गन्धार राष्ट्रको तक्कसिला (=तक्षशिला) नगरमा एक प्रमुख आचार्य भएका थिए । त्यसबखत वाराणसीको एक ब्राह्मण कुलमा एक पुत्र जन्म्यो । ठूलो भएपछि उसका आमाबाबुहरूले उसलाई जंगलमा पठाई अग्निहोत्री बनाई ब्रह्मलोकमा पठाउन चाहन्थे । पुत्र चाहिं घर गृहस्थीमै बस्न चाहन्थ्यो । उसले तक्षशिलाबाट शास्त्र पढेर आएको थियो । आमा चाहिंले उसलाई जसरी भएपनि जंगलमा पठाई अग्निहोत्री नै गराउन चाहन्थी । त्यसैले उसले सोची—"मेरो छोरालाई स्त्रीहरूको कुचक्र थाहा छैन । उसलाई यसको ज्ञान दिलाउनु पर्छ ।" यति सोची "बाबु ! तिमीले शास्त्र पढेर आएँ भन्छौ; के तिमीले 'असातमन्त्र' भन्ने विद्या सिक्यौ कि सिकेनौ ?"

भनी सोधी । उ भन्छ "त्यस्तो त सिकेको छैन ।" अनि "त्यसोभए तिमीले के शास्त्र सिक्यौ त ? जाऊ तक्षशिलामा गई 'असातमन्त्र' भन्ने विद्या सिकेर आऊ" भनी पठाइन् ।

अनि आचार्यकहाँ गई "मलाई असातमन्त्र भन्ने विद्या सिकाइ दिनुहोस्" भनी उसले भन्यो । आचार्यले "हुन्छ सिकाइदिनेछु" भनी भने । अनि आचार्यले १२० वर्षकी आफ्नी आमाको सेवा शुश्रूषा गर भनी अह्राए । त्यहाँदेखि उसले सो बुढीको आङ्मिच्ने, नुहाउने, तेल घसिदिने आदि जस्ता काम गरी सेवा गर्न थाल्यो । उसले यस्तो गरिरहेको देखेर मानिसहरू घृणा गर्थे ।

केही समयपछि आमालाई बोकी जंगलमा गई आमाको सेवा गर्दै बोधिसत्व बस्नथाले । छुट्टी सकिएपछि फर्केर आएको शिष्यले आचार्यलाई नदेखी "आचार्य कहाँ जानुभयो" भनी सोध्दा जंगलमा गए भन्ने सुनी उ पनि जंगलतिर गयो ।

"तिमी त चाँडै फर्केर आयौ नि ?" भनी आचार्यले सोध्दा उसले "तपाईंले अहिलेसम्म मलाई 'असातमन्त्र' भन्ने विद्या सिकाइदिनु भएको छैन । मेरी आमाले भने सो सिकेर आऊ भनी भन्नुभएको छ" भन्यो ।

अनि बोधिसत्वले सोचे "अवश्य पनि यसकी आमा यसलाई स्त्रीहरूको दोष देखाउन चाँहन्छी होली ।" यति सोची "हुन्छ सिकाइ-दिनेछु" भनी "त्यसोभए अघि जस्तै मेरी आमाको सेवा गर । मेरी आमालाई तिमीले हात खुट्टा मिच्दा अथवा तेल लगाउँदा "अहिले त

तपाईंका हात खुट्टा यति राम्रा छन् भने अघि तरुणी छँदा कति राम्रा होलान्" भनी प्रशंसा गर्नू । अनि मेरी आमाले भन्नुभएको सबै कुरा नलुकाई मलाई भन । अनि मात्र असातमन्त्र भन्ने विद्या सिक्न तिमी लायक हुनेछौ भनी भन्यो । त्यसपछि उसले बुढीले भनेका सबै कुरा आचार्यलाई सुनाउन थाल्यो ।

एकदिन सो तरुणको कुरा सुनी बुढीले "यो माणव मसँग अभिरमण गर्न चाहन्छ होला" भन्ने ठानी "के तिमी मसँग अभिरमण गर्न चाहन्छौ ?" भनी सोध्दा उ भन्छ—"चाहेर के गर्नु, आचार्यको डरलाग्छ ।"

अनि बुढी भन्छे—"त्यसोभए मेरो छोरालाई मारिदेऊ ।"

उ भन्छ—"म आफ्नो आचार्यलाई मार्न सक्दिन ।"

"यदि तिमी मार्न सक्दैनौ भने म नै मार्नेछु । तर तिमीले मलाई छाड्नु हुन्न नि ।"

उक्त सबै कुरा माणवले आचार्यलाई सुनायो । "सुनाएको बेश भयो" भनी आचार्यले भने ।

बोधिसत्वले आफ्नी आमाको आयुसंस्कार सिद्धिएको कुरा बुझी आफ्नै जस्तो काठको एउटा मूर्ति बनाई आफू सुत्ने खाट्मा ओढने ओढाई राखी शिष्यलाई भने—"आज परीक्षा गर्नेछु । आज राति मेरी आमालाई मलाई मार भनी भन ।"

उसले बुढीलाई त्यस्तै भन्यो । उ राती कोठामा गई ओढने झिको ठीक गर्धनमा पर्ने गरी थरथरी काँप्दै बन्चोरोले बेसरी प्रहार गरी । 'ट्वाक्क' आवाज आएको सुनेर यो काठ हो भन्ने बुझी । त्यतिखेरै छोरो चाहिं आई "आमा! के गर्दै हुनुहुन्छ?" भनी सोधेपछि "मलाई छकायो" भन्दै उहीं लडेर बुढी मरी । अनि आचार्यले शिष्यलाई "असातमन्त्र भन्ने विद्या कुनै अलग्ग छैन । स्त्रीहरूलाई नै 'असात' भन्दछन् । तिम्री आमाले तिमीलाई स्त्रीको कुचक्र वा दोष बुझ्नको लागि पठाएकी हो । अब तिमीले प्रत्यक्षरूपले स्त्रीको दोष देख्यौ । त्यसैले स्त्रीलाई दुःखदायी लामक भनी बुझ" भनी भने । त्यसपछि वाराणसीमा फर्की आमाबाबुहरूलाई आफू जंगलमा गई बस्ने विचार प्रकट गर्दै उसले यसो भन्यो—

"असा लोकित्थियो नाम, वेला तासं न विज्जति ।
सारत्ता च पगब्भा च, सिखी सब्बघसो यथा ।
ता हित्वा पब्बजिस्सामि, विवेकमनु ब्रूहयन्ति ।।"

अर्थ—

"स्त्रीहरू भनेका दुःखदायी हुन् । उनीहरूको संयममा मर्यादा छैन । पञ्चकाम गुणमा आसक्ता हुन्छन् र घमण्डी पनि । जस्तै आगोले असल कमसल सबै वस्तुलाई डढाउँछ त्यस्तै गरी उनीहरूले पनि राम्रो नराम्रो ठूलो स्यानो सबैलाई लिन्छन् । त्यस्तालाई छाडेर म प्रव्रजित हुन्छु र जंगलमा बसी ध्यान प्राप्त गर्छु ।"

त्यसबखत आमा हुने भद्रा कापिलानी थिइन् । पिता हुने कश्यप थिए । शिष्य हुने आनन्द थिए र आचार्य हुने चाहिं म नै थिएँ भनी भगवान्‌ले भन्नुभयो ।

(२) जा. अ. क. I-II. पृ. ३९०; नं. १५५: गग्गजातकं ।

यो जातकमा हाछ्यूँ आउँदा चिरञ्जीवी होस् भन्ने चलन शुरु भएको कुरा पाइन्छ ।

त्यसबखत वाराणसीमा गग्ग भन्ने ब्राह्मणको छोरा भई बोधिसत्व जन्मेका थिए र उनका पिताले उनलाई सामान बोकाई व्यापार गर्न जाने गर्दथे । एकदिन एक सत्तलमा बास बस्दा बोधिसत्वले आफ्नो पिताको ज्यान यक्षबाट बचाएका थिए ।

त्यसबखत वाराणसीका राजा आनन्द थिए । गग्ग भन्ने ब्राह्मण कश्यप थिए र छोरा हुने चाहिं म नै थिएँ भनी भगवान्‌ले भन्नुभयो ।

(३) जा. अ. क. III. पृ. ६१; नं. ३२६: कक्कारुजातकं ।

अतीत समयमा बोधिसत्व त्रयस्त्रिंश भवनमा एक देवपुत्र भई जन्मेका थिए ।

एकदिन वाराणसी नगरमा उत्सव थियो । धेरै नागसुपर्ण र यक्षहरू आई उत्सव हेर्न आए । त्रयस्त्रिंश देवलोकबाट बोधिसत्व सहित चारजना देवताहरू पनि कक्कारु भन्ने दिव्य फूल लगाई उत्सव

हेर्न आए । उनीहरूको फूलको सुगन्ध नगरभर फैलियो । अनि मानिसहरूले यो केको सुगन्ध रहेछ भनी यताउता हेर्दा ती देवताहरूको फूलको सुगन्ध हो भन्ने थाहापाए । त्यतिखेरै देवताहरू आकाश मार्गबाट राजपटाँगिनीमा आइपुगे । त्यहाँ राजा सहित सबै भारदारहरू पटाँगिनीमा भेला भए ।

अनि उनीहरूले कुन देवलोकबाट आएका हौं भनी सोध्दा त्रयस्त्रिंश देवलोकबाट आएका हौं भनी उनीहरूले भने । यो के फूल हो त ? भनी सोध्दा ककारु भन्ने दिव्य फूल हो भनी भने । तपाईंहरू देवलोकमा हुनुहुन्छ । यस्ता फूल तपाईंहरूले धेरै पाउनसक्नु हुन्छ । अतः यो फूल हामीलाई दिनुहोस् भनी भने । अनि पहिलो देवपुत्रले भने—

"कायेन यो नावहरे, वाचाय न मुसा भणे ।
यसो लद्धा न मज्जेय्य, सवे,कक्कारुमरहती'ति ।।"

अर्थ—

"जसले अर्काको वस्तु नदिइकन लिदैन, जीवन गए पनि जसले वचनद्वारा झूटो बोल्दैन, यश प्राप्त भयो भनेर जसले अभिमान गर्दैन— त्यस्ताले मात्र यो फूल लगाउन सक्नेछ ।"

यो सुनेर पुरोहितले सोच्यो—"यी गुणहरूमध्ये ममा कुनै पनि गुण छैन । तैपनि झूटो बोलेर यो फूल मागेर लिनपर्‍यो ताकि मानिस-

हरूले मलाई गुणवान् रहेछ भनी भनुन् ।" अनि उसले ममा यो गुण छ भनी फूल मागेर शीरमा लगाई दोस्रो देवपुत्रसँग फूल माग्यो । दोस्रो देवपुत्रले भने—

"धम्मेन वित्तमेसेय्य, न निकत्या धनं हरे ।
भोगे लद्धा न मज्जेय्य, सवे कक्कारुमरहती'ति ।।"

अर्थ—

"धर्मतापूर्वक धन संग्रह गर्नू, छलकपटद्वारा धन संग्रह नगर्नू, भवभोग सम्पत्ति लाभ भयो भनी अभिमान नगर्नू—त्यस्ताले मात्र यो फूल लगाउन सक्छ ।"

पुरोहितले ममा यी गुणहरू छन् भनी फूल मागी शीरमा लगायो र तेस्रो देवपुत्रसँग फूल माग्यो । अनि तेस्रो देवपुत्रले भने—

"यस्स चित्तं अहालिद्दं, सद्धा च अविरागिनी ।
एको सादुं न भुञ्जेय्य, सवे कक्कारुमरहती'ति ।।"

अर्थ—

"जसको चित्त रागले चाँडै रञ्जित हुँदैन, जसले श्रद्धालाई त्याग्दैन, जसले आफू एक्लै नखाई अरूलाई पनि बाँडीचुडी खान्छ—त्यस्तालाई यो कक्कारु फूल लगाउन सुहाउँछ ।"

पुरोहितले यो गुण पनि ममा छ भनी झूटो बोली फूल मागेर लियो र चौथोसँग पनि फूल माग्यो । चौथोले भने—

"सम्मुखा वा तिरोक्खा वा, यो सन्ते न परिभासति ।
यथावादी तथाकारी, सवे कक्कारुमरहती'ति ॥"

अर्थ—

"जसले अगाडि वा पछाडि सन्तहरूको निन्दा गर्दैन र जस्तो बोल्छ उस्तै गर्छ—त्यस्तालाई मात्र यो कक्कारु फूल लगाउन योग्य हुन्छ ।"

पुरोहितले यो गुण पनि ममा छ भनी फूल लिई शीरमा लगायो । चारै देवताहरू फूल दिई फर्केर गए । ती देवताहरू फर्केर गएदेखि पुरोहितको शीर फुट्ला जस्तो गरी दुखन थालेकाले कराउन थाल्यो । आफ्नो शीरबाट फूल झिकिदेऊ भनी उ कराउन थाल्यो । तर उसको शीरबाट कसैले पनि फूल झिक्न सकेनन् । अनि उसलाई राजाकहाँ लगे । अनि राजाहरूको सल्लाह भयो । अब यी पुरोहित मर्नेछन्, के गर्ने ? अनि मन्त्रीहरूले फेरि उत्सब मनाएमा ती देवताहरू आउनसक्ने छन् भनी भने । राजाले त्यस्तै गराए । ती देवताहरू पनि आए । अनि मानिसहरूले पुरोहितलाई ल्याई सबैको अगाडि राखे । पुरोहितले "मेरो ज्यान बचाइदिनुहोस्" भनी देवताहरूसँग बिन्ती गन्यो । देवताहरूले "आफूसँग नभएको गुण छ भनी झूटो बोल्नेको फल यस्तै हुन्छ" भनी उसको शीरबाट फूल झिकिदिए ।

त्यसबखत चार देवतामध्ये एउटा कश्यप थिए । अर्का मौद्गल्यायन थिए । अर्का देवता सारिपुत्र र जेठो देवता चाहिं म नै थिएँ भनी भगवान्ले भन्नुभयो ।

(४) जा. अ. क. III. पृ. ३२७; नं. ४२३: इन्द्रियजातकं ।

यस जातकमा ८ जना ऋषिहरूको कुरा छ ।

नारद भन्ने उत्कण्ठित भिक्षु थिए। सालिस्सर भन्ने सारिपुत्र थिए। मेण्डिस्सर भन्ने कश्यप थिए। पब्बत भन्ने अनुरुद्ध थिए। कालदेवल भन्ने कच्चान थिए। अनुशिष्य हुने आनन्द थिए। किसवच्छ भन्ने मौद्गल्यायन थिए र सरभङ्ग भन्ने म नै थिएँ भनी भगवान् भन्नुहुन्छ ।

(५) जा. अ. क. IV. पृ. १५; नं. ४३२: पदमाणवजातकं[1] ॥

यस जातकमा एक यक्षिणीको पति एक ब्राह्मण थिए र पछि उनीहरूको संसर्गबाट बोधिसत्व जन्मेका थिए। पछि बोधिसत्वले आफ्ना पितालाई यक्षिणीको हातबाट मुक्त गरेका थिए । बोधिसत्वलाई यक्षिणी (आमा) ले चोर पत्ता लगाउने मन्त्र दिएकी थिई ।

त्यसबखत पिता हुने कश्यप थिए । पदकुशल माणवक चाहिं म नै थिएँ भनी भगवान्ले भन्नुभयो ।

(६) जा. अ. क. IV. पृ. ४०; नं. ४३८: तित्तिरजातकं ।

यस जातकमा एक आचार्य शहरमा बस्न नचाही शिष्यहरू लिई जंगलमा गए र त्यहाँ शिष्यहरूलाई वेद पढाएर बस्न थाले। त्यस आश्रममा गोही, तित्रो, बाघ, सिंह आदि प्राणीहरू पनि थिए। उनले पढाउने वेदशास्त्र तित्राले सुनी पढेको थियो। आचार्य मरेपछि शिष्यहरूलाई तित्राले पढाउन थाल्यो। एकदिन ती शिष्यहरू घर

१. यसको अनुवाद लेखकको जा. सं. भा–१, पृ. ८३ मा भएको छ ।

फर्कने बेलामा त्यहाँ एक दुष्ट जटिल आई गोही र तिनीहरूलाई मारी उनीहरूको मासु खायो ।

त्यसबखत दुष्ट जटिल देवदत्त थियो । गोही कृषागौतमी थिइन् । बाघ मौद्गल्यायन थिए । सिंह सारिपुत्र थिए । प्रमुख आचार्य कश्यप थिए र तिनी हुने पण्डित चाहिं म नै थिएँ भनी भगवान्‌ले भन्नुभयो ।

(७) जा. अ. क. IV. पृ. ६०; नं. ४५०: बिलारकोसिय-जातकं[1] ।

यो जातक एक दान दिने भिक्षुको कारणमा बताउनुभएको हो ।

यस जातकमा दान दिने काम गरेकाले बोधिसत्व शक्रत्वमा प्राप्त भएको कुरा उल्लेख भएको छ । त्यस्तै गरी उसको पुत्र पनि दान दिए र चन्द्र देवपुत्र भई देवलोकमा जन्म्यो । उसको पुत्र पनि दान दिएर सूर्य देवपुत्र भई जन्म्यो । उसको छोरा पनि दान दिएर मातलि देवपुत्र भई जन्म्यो । उसको छोरा पनि दान दिएर पञ्चशिख देवपुत्र भई जन्म्यो । उसको छोरा छैटौंले दान दिने कार्य छोडिदियो । पछि ती देवपुत्रहरू आई फेरि दान दिने बनाए ।

त्यसबखत दानपति हुने सेठ यो दान दिने भिक्षु थियो । चन्द्र देवपुत्र सारिपुत्र थिए । सूर्य देवपुत्र मौद्गल्यायन थिए । मातलि देवपुत्र कश्यप थिए । पञ्चशिख देवपुत्र आनन्द थिए र शक्र देवेन्द्र चाहिं म नै थिएँ भनी भगवान्‌ले भन्नुभयो ।

---

१. यसको अनुवाद लेखकको जा. सं. भा–३, पृ. १३५ मा भएको छ ।

(८) जा. अ. क. V. पृ. २१; नं. ४८८: भिसजातकं।

यस जातकमा वाराणसीको एक धनी ब्राह्मण कुलमा बोधिसत्वको जन्म भएको थियो। उनको नाम महाकञ्चनकुमार थियो। उनको भाइको नाम उपकञ्चनकुमार थियो। यिनीहरू सात दाजुभाइ थिए। आठौं चाहिं एउटी बाहिनी थिई जसको नाम कञ्चनदेवी थियो।

आमाबाबुहरू मरेपछि यिनीहरू ८ जना र घरका एक दास, दासी र एक साथी समेत गरी ११ जना तापस भेष लिई जंगलमा गई बसे। त्यसबखत यिनीहरूको निमित्त राखिएको ११ भाग खानामध्ये जहिले पनि शक्र देवेन्द्रले एक भाग लोप गर्थे। पछि यिनीहरू सबै अभिज्ञा ध्यान लाभ गरी ब्रह्मलोकमा गए।

भगवान् भन्नुहुन्छ—

"त्यसबखत म, सारिपुत्र, मौद्गल्यायन र कश्यप,
अनुरुद्ध, पूर्ण, आनन्द, अनि सबै सात दाजुभाइहरू,
बहिनी चाहिं उत्पलवर्णा, दासी खुज्जुत्तरा थिई,
चित्त गृहपति दास थिए, यक्ष चाहिं सातागिरी थिए,
पारिलेय्य हात्ती थियो, मधु ल्याउने बाँदर बाँदर नै,
शक्र हुने कालुदायी—यसरी यो जातकको कुरा बुझ।"

(९) जा. अ. क. V. पृ. ३७; नं. ४९०: पञ्चुपोसथजातकं।

मगध राष्ट्रमा एक महाधनी ब्राह्मणकुलमा बोधिसत्वको जन्म भयो। बँश पुगेपछि गृहवास छाडी एक जंगलमा आश्रम बनाई बोधिसत्व बस्नथाले। त्यस आश्रमको आसपासमा एक जोडा परेवाहरू

बस्दथे। एक माटोको ढिस्कोमा एउटा सर्प बस्दथ्यो। एक झाङ्मा एउटा स्याल बस्दथ्यो। त्यस्तै गरी अर्को एक जंगलमा एउटा भालु बस्दथ्यो।

पछि परेवाको लोग्नेलाई बाजले समातेर लगेपछि परेवीलाई सारै शोक पर्‍यो। अनि उसले "यो आसक्तलाई दमन गर्न नसकेसम्म कहीं जानेछैन" भनी त्यो आश्रममा गई उपोसथ शील पालन गर्न थाली। यसैबखत सर्पले एक साँढेलाई टोकेर मार्‍यो। यसबाट मानिसहरू शोकी भए। अनि सर्पले "यो क्रोधलाई जित्न नसकेसम्म कहीं जाने छैन" भनी सोही आश्रममा गई उपोसथ शील समादान गर्न थाल्यो। स्याल चाहिं मरेको हात्तीको मासु खाँदा खाँदै पेटभित्र पस्यो। पेटबाट निस्कन नसकेपछि उसलाई महान दुःख भयो। पछि पेटबाट निस्की "यो महालोभलाई दमन गर्न नसकेसम्म कहीं जाने छैन" भनी उ पनि उही आश्रममा गई उपोसथ शील पालन गर्न थाल्यो। भालुले मानिसहरूलाई दुःख कष्ट दिनथालेको देखी मानिसहरूले कुटेर उसको टाउको फुटालि दिए। उ पनि "ममा भएको अतिलोभलाई जित्न नसकेसम्म कहीं जाने छैन" भनी सोही आश्रममा गई उपोसथ शील पालन गर्न थाल्यो।

तपस्वी चाहिं जातीय अभिमानले घमण्डी थियो। प्रत्येकबुद्ध जस्तालाई पनि अभिवादन गर्दैनथ्यो। प्रत्येकबुद्धले "तिमी बुद्ध अङ्कुर हौ। यसै कल्पमा तिमी बुद्ध हुनेछौ" भन्दा पनि वास्तै गरेन। प्रत्येकबुद्ध आकाशबाट गएको देखेपछि पश्चात्ताप गरी "यो जातीय

अभिमानलाई दमन नगरेसम्म यहाँबाट कहीं जाने छैन" भनी अधिष्ठान गर्न थाल्यो । बोधिसत्व तपस्वी ध्यान लाभ गरी ब्रह्मलोक पुगे । ती पशु पक्षिहरू पनि उसको उपदेशमा रही स्वर्गलोकमा गए ।

त्यसबखत परेवा हुने अनुरुद्ध थिए । भालु हुने कश्यप थिए । स्याल हुने मौद्गल्यायन थिए । सर्प हुने सारिपुत्र थिए र तपस्वी हुने चाहिं म नै थिएँ भनी भगवान्‌ले भन्नुभयो ।

(१०) जा. अ. क. V. पृ. १५०, नं. ५०९: हत्थिपालजातकं ।

यस जातकमा वाराणसीका एसुकारी राजा र पुरोहित ब्राह्मण अति विश्वासी मित्र थिए । उनीहरूको सन्तान थिएनन् । एक गरीब स्त्रीको सात सातवटा पुत्रहरू देखेर पुरोहितले कसरी उसले त्यतिका पुत्रहरू पाई भनी सोध्दा उसले वृक्षदेवताको बरदानबाट पाएको कुरा सुनाएपछि सो वृक्षदेवता कहाँ गई पुरोहितले प्रार्थना गर्दा चार पुत्र पाउने बरदान पायो ।

सोही अनुसार पछि उसका चार छोराहरू पैदा भए । उनीहरू घरमा बस्ने छैनन् भन्ने कुरा पहिले नै देवताले बताएका थिए । त्यसैले पुरोहितले उक्त छोराहरूलाई क्रमशः माहुतेलाई, सवारलाई, गोठालोलाई र अजपाललाई एक एकजना पाल्न दिएको थियो ।

ठूलो भएपछि अनेक प्रयत्न गर्दा पनि तिनीहरूलाई घरमा कसैले पनि राख्न सकेनन् । तिनीहरू एक एक गरी सबै प्रव्रजित भएर गए । तिनीहरू प्रव्रजित भएर गएपछि पुरोहित र राजा पनि पत्नीहरूका साथ प्रव्रजित भए ।

त्यसबखत एसुकारी राजा हुने शुद्धोदन महाराजा थिए। महारानी हुने महामाया थिइन्। पुरोहित हुने कश्यप थिए। पुरोहितकी पत्नी हुने भद्राकापिलानी थिइन्। अजपाल हुने अनुरुद्ध थिए। गोठालो हुने मौद्‌गल्यायन थिए। सवार हुने सारिपुत्र थिए, माहुते हुने म नै थिएँ र परिषद् चाहिं बुद्धपरिषद् थियो भनी भगवान्‌ले भन्नुभयो।

(११) जा. अ. क. V. पृ. २१३, नं. ५१५: सम्भवजातकं।

अतीत समयमा कुरुराष्ट्रको राजधानी इन्द्रप्रस्थ (इन्दपत्त) नगरमा धनञ्जय कोरब्य भन्ने राजाले राज्य गर्दथे। सुचीरत भन्ने पुरोहित ब्राह्मण उनको हितैषी मित्र मात्र होइन अर्थ र धर्मानुशासक पनि थिए।

एकदिन राजाले उनीसँग "म धर्मयज्ञ गर्न चाहन्छु। म धार्मिक राज्य बनाउन चाहन्छु। कसरी यसो गर्न सकिएला?" भनी प्रश्न सोधे। पुरोहितले "यो त गहिरो प्रश्न छ। यसको उत्तर म दिन सक्दिन। शायद यसको उत्तर वाराणसी राजाका पुरोहित विधुर पण्डितले दिन सक्लान्" भनी भन्दा सुचीरत वाराणसीमा गई विधुर पण्डितको घरमा गए। उनले विधुरसँग प्रश्न सोधे। विधुरले "मेरो छोरा भद्रकार कहाँ गई सोध्नू उसले बताउनेछ" भनी भने। उनी भद्रकार कहाँ गई सोध्दा उनले "मेरो भाइ सञ्जयकुमारसँग गई सोध्नू" भनी भने। उनी सञ्जयकहाँ गई सोधे र उनले "मेरो सात वर्षीय कान्छो भाइ सम्भव कुमार छ उसले यसको उत्तर दिनेछ"

भनी भने। उनी अन्तमा सम्भव कुमारकहाँ गए—जो त्यसबखत आँगनमा नाङ्गै अरू केटाहरूसँग धूलो खेल्दै थियो। सुचीरत उनकहाँ गई प्रश्न सोधेपछि सम्भव कुमारले लुगा लगाई बुद्धलीलाले प्रश्नको उत्तर दिए। सुचीरत प्रसन्न भई राजालाई सुनाए। राजा त्यस अनुसार जीवन बिताई स्वर्गारोहण भए।

त्यसबखत धनञ्जय राजा आनन्द थिए। सुचीरत अनुरुद्ध थिए। विधुर कश्यप थिए। भद्रकार मौद्गल्यायन थिए। सञ्जय माणव सारिपुत्र थिए र सम्भव कुमार चाहिं म नै थिएँ भनी भगवान्‌ले भन्नुभयो।

(१२) जा. अ. क. VI. पृ. १५, नं. ५२२: सरभङ्गजातकं।

यो जातकको अनुवाद लेखकको जा. सं. भा–४, पृ. १६२ मा भएको छ। अतः यस जातकको कुरा उहीं हेर्नू।

त्यसबखत सालिस्सर सारिपुत्र थिए। मेण्डिस्सर कश्यप थिए। पब्बत अनुरुद्ध थिए। देवल कात्यायन थिए। अनुशिष्य आनन्द थिए। किसवच्छ कोलित (मौद्गल्यायन) थिए। नारद उदायी थिए। सरभ चाहिं म नै थिएँ र परिषद् चाहिं बुद्धपरिषद् थियो भनी भगवान्‌ले भन्नुभयो।

(१३) जा. अ. क. VI. पृ. ४५, नं. ५२४: सङ्खपालजातकं।

अतीत समयमा मगध देशको राजगृह नगरमा मगध राजाले राज्य गरेका थिए। त्यसबखत बोधिसत्व राजाको अग्रमहिषीको कोखबाट जन्म भयो। उसको नाम दूर्योधन थियो।

बैंश पुगेपछि तक्षशिलामा शास्त्र अध्ययन गरेर आई आफ्नो पितालाई शिल्प देखाएपछि राजाले उनलाई राज्य दिई आफू ऋषि भई प्रव्रजित भएर गए। दूर्योधन आफ्नो बाबुकहाँ दिनको दुइ तीन पटक हेरविचार गर्न जान्थे।

पछि, ऋषि यस प्रपञ्चबाट बच्नको लागि छोरोलाई नभन्नी सुटुक्क मगधराष्ट्र पारगरी महिंसक देशमा गई शंखपाल दहबाट निस्केको कण्णवेण्ण नदीको तीरमा चन्द्रक पर्वतमा आश्रम बनाई बसे।

त्यहाँ कण्णवेण्ण नदीबाट शंखपाल भन्ने नागराजा निस्की समय समयमा आई ऋषिको धर्मोपदेश सुन्थ्यो। छोरा हुने दूर्योधनले आफ्नो पितालाई नदेखी मानिसहरू लगाई खोज्न पठाए। पछि फलाना ठाउँमा बस्दैछन् भन्ने बुझी राजा त्यहाँ गए।

त्यसबखत त्यहाँ शंखपाल नागराजा आफ्नो श्रीसम्पत्ति देखाई धर्मोपदेश सुनिरहेको देखे। राजा आएको देखी शंखपाल गए। राजाले त्यो को हो भनी सोध्दा ऋषिले शंखपाल नागराजा हुन् भनी भने। राजालाई उसको श्रीसम्पत्तिमा आसक्त भई आफू पनि त्यस नागलोकमा जन्मिन पाए हुन्थ्यो भन्ने इच्छा गरे। यसै अनुरूप दान दिई, शील पालन गरेको प्रभावले मृत्युपछि नाग भवनमा जन्मी शंखपाल नागराजा भए।

समय बित्दै गएपछि त्यहाँ उकुसमुकुस लागेकाले फेरि मनुष्य-लोकमा जन्मने इच्छा भयो। यस अनुसार शंखपाल नागराजा

नागभवनबाट निस्की मनुष्यलोकमा गई उपोसथ शील पालन गरी फेरि नागभवनमै जाने गर्थे ।

एकदिन ब्याधाहरूले कुनै सिकार नपाई शंखपाल नागराजालाई एक ठाउँमा देखी उसलाई नै मारेर मासु खानपर्‍यो भन्ने विचार गरी ती सोह्रजना ब्याधाहरूले शंखपाललाई भालाले रोपी नाकमा प्वाल पारी डोरीले बाँधी बोकेर लगे ।

अनि विदेह देशको मिथिला नगरवासी आलार भन्ने एक साहूले देखेपछि उनीहरूलाई शयौं गाडाहरू र धनसम्पत्ति दिई नागराजालाई छाडन लगायो ।

यो गुणलाई सम्झी शंखपाल नागराजाले आलार साहुलाई नागभवनमा लग्यो । त्यहाँ बस्दा बस्दा विरक्तिई साहु त्यहाँबाटै प्रव्रजित भएर गयो ।

एकदिन यी प्रव्रजितलाई वाराणसीका राजाले देखी प्रसन्न भई "तपाइँ किन प्रव्रजित हुनुभएको हो ?" भनी प्रश्न सोधेपछि प्रव्रजितले जम्मै कुरा सुनायो । प्रव्रजित त्यहाँ बसी चतुब्रह्मविहार भाविता गरी मृत्युपछि ब्रह्मलोकमा उत्पन्न भयो । राजा पनि आफ्नो कर्मानुसार परलोक भए ।

त्यसबखत ऋषि हुने पिता कश्यप थिए । वाराणसीका राजा आनन्द थिए । आलार सारिपुत्र थिए र शंखपाल नागराजा चाहिं म नै थिएँ भनी भगवान्‌ले भन्नुभयो ।

(१४) जा. अ. क. VI. पृ. ५८, नं. ५२५: चुल्लसोमजातकं ।

अतीत समयमा वाराणसीको नाम सुदर्शन थियो । त्यहाँ ब्रह्मदत्त राजाले राज्य गर्दथे । राजाकी अग्रमहिषीको कोखमा बोधिसत्वले जन्मलिए । उनको नाम सोमकुमार थियो । पछि सुतसोम भन्ने रह्यो । तक्षशिलामा शास्त्र अध्ययन गरेर फर्केपछि उनलाई राजाले राज्य दिए । चन्द्रदेवी अग्रमहिषी थिइन् । १६ हजार स्त्रीहरू थिए । दुइ भाइ र एक धाई थिई ।

पछि सुतसोम राजा गृहस्थीमा रहन चाहेनन् । अनि नाऊलाई बोलाई "मेरो शीरमा पाकेको रौं देखेमा मलाई भन" भनी भने । नाऊले एकदिन पाकेको रौं देखेर राजालाई देखायो । राजाले घर त्यागी जाने विचार गरे । उनका आमा-बाबु पत्नी तथा छोराहरूले रोक्दा पनि रोकेनन् । राजदरबारको कोषागार महासेनगुप्त र कुलवर्धक सेठले पनि रोक्न सकेनन् । पछि सोमदत्त भन्ने आफ्नो भाइलाई राज्य दिई नाऊलाई भनी केश छेदन गर्न लगाई, माटाको भिक्षापात्र लिई काषाय वस्त्र लगाई दरबारबाट निस्केर गए । सुतसोम राजाले घर त्यागेपछि दरबारका सबैका सबैले घर त्यागे । सुतसोम राजाले घर त्याग्दा उनकी पत्नी चन्द्रादेवी गर्भिणी थिइन् ।

त्यसबखत आमा-बाबु हुने शुद्धोदन र महामाया थिए । चन्द्रादेवी राहुलमाता थिइन् । जेठो छोरो सारिपुत्र र कान्छो छोरो राहुल थिए । धाई खुज्जुत्तरा थिइन् । कुलवर्धक सेठ कश्यप थिए । महासेनगुप्त मौद्गल्यायन थिए । सोमदत्त कुमार आनन्द थिए ।

सुतसोम राजा म नै थिएँ र परिषद् चाहिं बुद्धपरिषद् थियो भनी भगवान्‌ले भन्नुभयो ।

(१५) जा. अ. क. VI. पृ. २२४, नं. ५३५: सुधाभोजन-जातकं ।

यो जातकको अनुवाद लेखकको जा. सं. भा–३, पृ. १४७ मा भएको छ । कुरा उहीं हेर्नू ।

त्यसबखत हिरी देवता उत्पलवर्णा थिइन् । कोसिय चाहिं दानपति भिक्षु थिए । पञ्चशिख अनुरुद्ध थिए । मातली आनन्द थिए । सुरिय (=सूर्य) कश्यप थिए । चन्द्र मौद्गल्यायन थिए । नारद सारिपुत्र थिए र शक्र देवेन्द्र म नै थिएँ भनी भगवान्‌ले भन्नुभयो ।

(१६) जा. अ. क. VI. पृ. २८८, नं. ५३७: महासुतसोम-जातकं ।

यो जातक अङ्गुलिमालको कारणमा बताउनुभएको हो । यसमा पोरिसाद भन्ने वाराणसीको राजाले मानिसको मासु खान्थ्यो । शहरमा मानिसको मासु पाउन नसकेपछि जङ्गलमा गई बाटामा आउने मानिसहरूलाई मारी खान थाल्यो । कुरु देशको इन्द्रप्रस्थ नगरवासी सुतसोम राजाले यसको दमन गरे ।

त्यसबखत वाराणसीका राजा हुने पोरिसाद अङ्गुलिमाल थिए । उनको मंत्री कालहत्थि भन्ने सारिपुत्र थिए । बोधिसत्वलाई

उपदेश सुनाउने नन्द भन्ने ब्राह्मण आनन्द थिए। जंगलको वृक्षदेवता कश्यप थिए। शक्र देवेन्द्र अनुरुद्ध थिए। मार्न लगेका राजाहरू बुद्धपरिषद् थिए। बोधिसत्वका आमा बाबुहरू शुद्धोदन र महामाया थिए। सुतसोम राजा चाहिं म नै थिएं भनी भगवान्‌ले भन्नुभयो।

(१७) जा. अ. क. VII. पृ. ५७, नं. ५४०: सामजातकं।

एक पितृपोषक भिक्षुको कारणमा यो जातक भनिएको हो।

अतीत समयमा वाराणसीको नजिकको एक नदीको वारिपट्टि र पारिपट्टि अछूतहरूको गाउँ थियो। वारिपट्टिको अछूत नाइकेको छोरा दुकुल भन्ने र पारिपट्टिको अछूत नाइकेकी पारिका भन्ने छोरी थिई। इच्छा नभइकनै उनीहरूको विवाह भयो। उनीहरू चाहिं ब्रह्मलोकबाट च्युत भएका थिए। अछूत कुलमा जन्मेता पनि मारकाट गर्ने त के ल्याएको माछासम्म पनि बेच्दैनथे। "जुन कुलमा जन्मे त्यस कुलको काम गर्दैनौ भने के गरी जीविका गर्छौ त?" भनी आमा-बाबु-हरूले भन्दा "हामी त्यागी भई जंगलमा जानेछौं" भनी भन्दा "हुन्छ त जाऊ" भनी आमा-बाबुहरूले भनेपछि उनीहरू दुबैजना घरबाट निस्की मृगसम्मत भन्ने पर्वतमा गए। अनि दुबैजना अलग अलग कुटी बनाई त्यहाँ बसे। भविष्यमा उनीहरूलाई बिघ्न हुने कुरा बुझी शक्र देवेन्द्र आई दुकुल तपस्वीलाई छोरा पाउने काम गर भनी भन्दा "गृहस्थीमा छँदा त यस्तो लोकधर्मलाई त्यागें भने अहिले त यो काम कुनै हालतमा पनि गर्न सक्दिन" भनी भनेपछि शक्रले "त्यसोभए ऋतुमती हुँदा नाभिस्थानमा हातले सुम्सुम्याइदेऊ" भनी भने। "यति त गर्न सक्छु"

भनी दुकुलले भने । दुकुलले यो कुरा पारिकालाई पनि सुनाए । यसबाट उनीहरूले एक पुत्र पाए । उसको नाम सुवर्णश्याम थियो । जुन बोधिसत्व थिए ।

कुनै कारणले गर्दा श्यामका आमा-बाबुहरू पछि अन्धा भए । श्यामले आमा-बाबुहरूको सेवा टहल गरे । मैत्रीभावको प्रभावले गर्दा त्यस वनान्तरमा उनीहरूलाई कुनै पनि पशुपक्षिहरूबाट कत्ति पनि भय त्रास थिएन । बल्की त्यहाँका जनावरहरू उनीहरूको साथी जस्तै थिए ।

अभाग्यवश एकदिन, मृगहरूसहित खोलामा पानी लिन गइरहेको बेलामा जंगलमा शिकार खेल्दै आइरहेका वाराणसीको पिलियक्ख भन्ने राजाले श्यामलाई बाण प्रहार गरे । श्यामले होस् राखी पानी भरिएको गाग्री बिस्तारैसँग भूइमा राखी पल्टयो । राजा आई हेर्दा उनको मुखबाट रगत बगिरहेको देखे । त्यो सुन्दर युवकसँग सबै हाल बुझेपछि राजालाई अत्यन्त पश्चात्ताप भयो । अनि उनका आमा-बाबुहरूलाई राजाले हेरविचार गर्ने प्रतिज्ञा गरे । श्याम बिलकुल मूर्छित भए । पछि राजाले उनका आमा-बाबुहरूलाई त्यहाँ ल्याए । उनीहरूले महा विलाप गरे । श्यामका अघिल्ला सातौं जन्ममा आमा भएकी बहुसोदरी भन्ने एक देवकन्या पनि पुत्रस्नेहको कारणले आकाशमा आई विलाप गरी । रातभर यसरी विलाप गर्दा गर्दै अरुणोदय भयो । अनि आमा-बाबुहरूको र सो देवकन्याको सत्यक्रियाको प्रभावले गर्दा श्याम होशमा आयो । दुकुल र पारिकाले आंखाले पनि देखे ।

त्यसबखत वाराणसीवासी राजा हुने आनन्द थिए । देवकन्या

हुने उत्पलवर्णा थिइन् । शक्र हुने अनुरुद्ध थिए । पिता हुने कश्यप थिए । माता हुने भद्रा कापिलानी थिइन् र सुवर्ण श्याम हुने चाहिं म नै थिएँ भनी भगवान्‌ले भन्नुभयो ।

(१८) जा. अ. क. VII. पृ. १११, नं. ५४२: खण्डहाल-जातकं[१] ।

अतीत समयमा बाराणसीको नाम पुष्पवती थियो । त्यहाँ वशवर्ति राजाका छोरा एकराज भन्ने राजाले राज्य गर्दथे । उनको पुत्र चन्द्रकुमार उपराजा थिए । खण्डहाल भन्ने ब्राह्मण पुरोहित थिए । घुस खान नपाएपछि खण्डहाल पुरोहितले ईर्ष्याको कारणले राजाका सबै परिवारहरूलाई यज्ञको बहाना गरी मार्न षडयन्त्र रचेका थिए ।

एकराजाकी अग्रमहिषी गौतमी देवीको तरफबाट चन्द्र-कुमार र सूर्यकुमार दुइ पुत्रहरू थिए । भद्रसेन र सूर वामगोत्र भन्ने उनीहरूका सौतेनी भाइहरू थिए । चन्द्र राजकुमारकी एक बहिनी सेला कुमारी थिइन् । उनकी भार्याको नाम चन्द्रादेवी थियो । उनका वासुल भन्ने एक छोरा थिए । चन्द्रकुमार पछि राजा भए ।

त्यसबखत खण्डहाल पुरोहित हुने देवदत्त थिए । एकराजाकी अग्रमहिषी गौतमीदेवी महामायादेवी थिइन् । चन्द्रादेवी राहुलमाता थिइन् । वासुलकुमार राहुल थिए । वासुलकुमारी उत्पलवर्णा थिइन् ।

---

१. यसै जातकलाई "चन्द्रकुमार जातक" पनि भन्दछन् ।

सूर वामगोत्र कश्यप थिए । चन्द्रसेन मौद्गल्यायन थिए । सूर्यकुमार सारिपुत्र थिए र चन्द्रराजा चाहिं म नै थिएँ भनी भगवान्ले भन्नुभयो ।

उपरोक्त जातकका कुराहरू अध्ययन गर्दा बोधिसत्वसँग महाकश्यपको सम्बन्ध निम्नाकारले रहेको ज्ञात हुन्छ—

बोधिसत्वको शिष्य भएर तीन पटक, पिता भएर तीन पटक, देवता भएर तीन पटक, आचार्य भएर एक पटक, दाइ भएर दुइ पटक, भाइ भएर एक पटक भएको थियो । महाकश्यप भालु भएको बेलामा बोधिसत्व तपस्वी थिए । बोधिसत्व माछा भएको बेलामा महाकश्यप पुरोहित भएका थिए । बोधिसत्व नागराजा भएको बेलामा महाकश्यप ऋषि भएका थिए । बोधिसत्व राजा भएको बेलामा एक पटक कुलबर्धक सेठ र अर्को पटक वृक्षदेवता भएका थिए । यसरी अतीत समयमा वहाँहरूको सम्बन्ध रहेको थियो र वर्तमान समयमा महाकश्यप बुद्धको शिष्य हुनु भयो ।

मूल सूत्र—

१. कसरी म प्रव्रजित भएँ

(चीवरसुत्तं[१])

एक समय, आयुष्मान् महाकश्यप राजगृहस्थित वेणुवनको कलन्दकनिवापमा बसिरहनुभएको थियो। त्यसबखत धेरै भिक्षु-सङ्घका साथ आयुष्मान् आनन्द दक्षिणागिरिमा चारिका गर्दै हुनुहुन्थ्यो[१]।

त्यसै समयमा आयुष्मान् आनन्दका साथ बस्ने तीस (३०) जना जति भिक्षुहरू शिक्षा त्यागी चीवर छाडी गृहस्थी भएका थिए जो तरुण थिए[२]। अनि दक्षिणागिरिमा इच्छानुसार चारिका गरी आयुष्मान् आनन्द जहाँ राजगृहस्थित वेणुवनको कलन्दकनिवाप हो त्यहाँ गई

---

१. सं. नि. II. पृ. १८२: कस्सपसंयुत्तं; अ. क. II. पृ. १३३.

२. 'दक्षिणागिरि' भनी राजगृहका चारैतिरका पहाडहरूमध्ये दक्षिण-तिरको पहाडी जनपदलाई भनिएको हो। आयुष्मान् आनन्द त्यस जनपदका मानिसहरूलाई संग्रह गर्दै विस्तारै विस्तारै चारिका गर्दै हुनुहुन्थ्यो।

पच्चीस वर्षसम्म आयुष्मान् आनन्द भगवान्को छाया समान भई बस्नुभएको थियो। कहीले पनि वहाँ कहीं गएको कसैलाई थाहा छैन। अहिले कसरी वहाँ चारिकार्थ भिक्षुहरूका साथ जानुभयो? हो, वहाँ भगवान्को छाया समान पच्चीस वर्षसम्म भगवान्सँग बस्नुभएको थियो। यो चारिका चाहिं भगवान् परिनिर्वाण हुनुभएको वर्षमा गर्नुभएको थियो।

भगवान् बुद्धको परिनिर्वाणपछि कुशीनगरमा आयुष्मान् महाकश्यपले जब ५०० भिक्षुहरू चुनी वर्षावास अगावै राजगृहमा भेला हुने घोषणा गर्नुभयो तब आनन्द स्थविर भगवान्का पात्र चीवर लिई श्रावस्तीमा जानुभई त्यहाँबाट राजगृहतिर जानुभएको थियो। यसै यात्राको समयमा वहाँ दक्षिणागिरिमा चारिका गर्दै हुनुहुन्थ्यो। त्यसैले सूत्रमा 'दक्षिणागिरिमा चारिका गर्दै हुनुहुन्थ्यो' भनी उल्लेख भएको हो भनी सं. नि. अ. क. II. पृ. १३३: चीवरसुत्तवण्णना, कस्सपसंयुत्त ले उल्लेख गरेको हो।

३. ती चीवर छाडेर गएका सबै भिक्षुहरू भिक्षुत्वले एक दुइ वर्ष भएका तरुणहरू थिए। केही श्रामणेर पनि थिए। यिनीहरू प्रव्रजित भइसकेपछि पनि किन चीवर छाडेर गए भन्ने विषयमा सं. नि. अ. क. II. पृ. १३३: चीवरसुत्तवण्णना, कस्सपसंयुत्त ले यसरी उल्लेख गरेको छ—

यिनीहरूका आमा-बाबुहरू "भगवान्सँग आठवटा बर मागी आनन्द महास्थविर वहाँको उपस्थाक हुनु भएको छ। वहाँ

जहाँ आयुष्मान् महाकश्यप हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगी आयुष्मान् महाकश्यपलाई अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बस्नुभएका आयुष्मान् आनन्दलाई आयुष्मान् महाकश्यपले यसो भन्नुभयो —

"आवुसो आनन्द! कति कारणलाई देखनुभई भगवान्ले कुलगृहमा त्रिकभोजन[1] स्वीकार्ने कुरा बताउनु भएको हो?"

"भन्ते कश्यप! तीन कारणलाई देखनुभई भगवान्ले कुलगृहमा त्रिकभोजन स्वीकार्ने कुरा बताउनु भएको हो—(१) दुश्शीलहरूको निग्रहको निमित्त, (२) शीलवान् भिक्षुहरूको सुखविहारको निमित्त र (३) दुराभिलाषीहरूको पक्षको कारणबाट सङ्घको फुट नहोस् एवं

भगवान्को विश्वासी हुनुहुन्छ। चाहेको ठाउँमा वहाँले भगवान्लाई लैजान सक्नुहुन्छ। हाम्रा छोराहरूलाई वहाँकहाँ प्रव्रजित गराएमा उनीहरूले शास्तालाई हाम्रो गाउँमा ल्याउने छन्। अनि हामीले वहाँको ठूलो स्वागत सम्मान गर्न पाउनेछौं" भन्ने ठान्दथे। यस्तो सोची उनीहरूले आ-आफ्ना छोराहरूलाई आनन्द महास्थविरकहाँ प्रव्रजित गराएका थिए। शास्ता परिनिर्वाण भएपछि उनीहरूको सो मनसाय पूरा भएन। त्यसैले उनीहरूले एकै दिनमा चीवर छाड्न लगाएका हुन्।

१. "तीहि जनेहि भुञ्जितब्बं भोजनं" भनी सम. पा. III. पृ. १३६४ ले भनेको छ। यस सम्बन्धी अरू कुरा चुल्ल. व. पा. पृ. २९७ मा हेर्नू।

कुलगृह प्रति दयाको निमित्त । भन्ते कश्यप ! यी तीन कारणलाई देखनुभई भगवान्ले कुलगृहमा त्रिकभोजन स्वीकार्ने कुरा बताउनु भएको हो ।"

"आवुसो आनन्द ! किन तिमी यी नयाँ भिक्षुहरूसँग हिंडिरहेका ? जसका इन्द्रियहरू संयम छैनन्, भोजनमा मात्रज्ञता छैनन् र जाग्रततामा संलग्न भएर बस्दैनन् । धानबाली नाश गरे जस्तै, कुलगृहलाई घात गरे जस्तै गरी तिमी हिंडिरहेकाछौ । आवुसो आनन्द ! यसरी हिंडिरहँदा यी नयाँ भिक्षुहरू बिग्रन सक्छन्, खराब हुन सक्छन् । यी कुमारक[1] (आनन्द) पनि आफ्नो प्रमाण बुझ्दैनन् ।"

"भन्ते कश्यप ! मेरो टाउकोको केश पाकिसक्दा पनि आयुष्मान् महाकश्यपको कुमारकवादबाट हामी आजसम्म मुक्त हुन सकेका छैनौं ।"

"आवुसो आनन्द ! तिमी त्यस्तै छौ । यी नयाँ भिक्षुहरूसँग हिंड्छौ जसका इन्द्रियहरू संयम छैनन्, भोजनमा मात्रज्ञता छैनन् र जाग्रततामा संलग्न भई बस्दैनन् । धानबाली नाश गरे जस्तै, कुलगृहलाई घात गरे जस्तै गरी तिमी हिंडिरहन्छौ । आवुसो आनन्द ! यसरी

---

१. तरुण कुमारकहरूसँग हिंडने भएको हुनाले यी आनन्दलाई 'कुमारक' नै भन्न सुहाउँछ भन्ने विचारले आनन्द स्थविरलाई 'कुमारक' भनी भनिएको हो भनी सं. नि. अ. क. II. पृ. १३४: चीवरसुत्तले उल्लेख गरेको छ ।

हिँडिरहँदा यी नयाँ भिक्षुहरू बिग्रन सक्छन् खराब हुन सक्छन् । न यी कुमारक (आनन्द) आफ्नो प्रमाण बुझ्छन् ।"

"आर्य महाकश्यपले आर्य आनन्द वैदेहीमुनिलाई कुमारक-वादद्वारा अप्रसन्न पार्नुभयो" भन्ने कुरा थुल्लनन्दा भिक्षुणीले सुनिन् । यो सुनी बेखुश भई सो कुरा मुखले प्रकट गर्दै उनले भनिन्—"क्याहो ! पहिला अन्यतीर्थिय भएका यी आर्य महाकश्यप आर्य आनन्द वैदेहीमुनिलाई कुमारकवादद्वारा अप्रसन्न गराउनु हुन्छ !"

आत्मकथा

थुल्लनन्दा भिक्षुणीले भनेको यो कुरा आयुष्मान् महा-कश्यपले सुन्नुभयो । अनि आयुष्मान् महाकश्यपले आयुष्मान् आनन्दलाई यसो भन्नुभयो—

"आनन्द ! थुल्लनन्दा भिक्षुणीले विनाविचार गरी द्वेष-भावले यस्तो भनिन् । आवुसो ! जबदेखि केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घरबार छाडी अनगारिय भई म प्रव्रजित भएँ तबदेखि वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध बाहेक अरू कुनै गुरु उद्देश्य गरेको कुरा मलाई थाहा छैन । आवुसो ! अघि म गृहस्थी छँदा मलाई यस्तो लागेको थियो—

'घरबास रजपथ जस्तो हो, प्रव्रज्या खुला ठाउँ जस्तो हो । घरमा बसेर एकदम परिपूर्ण गरी एकदम परिशुद्ध गरी शंख जस्तै भई

ब्रह्मचर्य पालन गर्न सजिलो छैन । अतः किन म केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घरबार त्यागी अनगारिय भई प्रव्रजित नहूँ ।'

"आवुसो ! अनि पछि पटवस्त्रको (पटपिलोतिकानं[१]) सङ्घाटि बनाई जो लोकका अरहन्त हुन् उनको उद्देश्यले केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घरबार छाडी अनगारिय भई प्रव्रजित भएँ । यसरी प्रव्रजित भई लामो बाटो (अद्धानमग्गो[२]) हिंडिरहेको बेलामा राजगृह र नालन्दाको बीचमा बहुपुत्र चैत्य स्थानमा (=बहुपुत्र भन्ने बरको रुखमनि) बसिरहनु भएका भगवान्‌लाई देखें । देखेपछि मेरो मनमा यस्तो लाग्यो—'यदि मैले शास्ता देख्न पाउने हो भने भगवान्‌लाई नै देखूँ । यदि मैले सुगतलाई देख्न पाउने हो भने भगवान्‌लाई नै देखूँ । यदि मैले सम्यक्‌सम्बुद्धलाई देख्न पाउने हो भने भगवान्‌लाई नै देखूँ ।' आवुसो ! अनि मैले उहाँ भगवान्‌को चरणमा शीरले ढोगी भगवान्‌लाई यस्तो भनें—'भन्ते ! भगवान् मेरो गुरु हुनुहुन्छ, म श्रावक हुँ । भन्ते ! भगवान् मेरो गुरु हुनुहुन्छ, म श्रावक

---

१. कपडाको थानबाट च्यातिएको टुक्रालाई 'पिलोतिक' भन्दछन् । यो पिलोतिक १२ हातको टुक्रालाई पनि 'पिलोतिक' भन्दछन् । सं. नि. अ. क. II. पृ. १३५: चीवरसुत्तं ।

२. अद्धानमग्गो अर्थात् लामो बाटो । आधा योजनदेखि लिएर बाटो हिंडनेलाई 'लामो बाटो हिंडिरहेको' भनी भन्दछन् । सं. नि. अ. क. II. पृ. १३५: चीवरसुत्तवण्णना ।

हुँ ! ।' आवुसो ! यस्तोभन्दा भगवान्‌ले मलाई यसो भन्नुभयो—'कश्यप ! यसरी सबै चित्तले युक्त भएका (सब्बचेतसा समन्नागतं) अर्थात् अत्यन्त प्रसन्न भएका श्रावकलाई जसले नजानेकोलाई जान्दछु र नदेखेकोलाई देख्दछु भन्दछ भने उसको शीर फुट्‌न सक्छ । कश्यप ! म जानेकोलाई जान्दछु र देखेकोलाई देख्दछु भनी भन्दछु । (१) कश्यप ! त्यसैले तिमीले यसरी सिक्नुपर्छ—'स्थबिर, मध्यम तथा नयाँ भिक्षु[1] प्रति मेरो तीव्र लज्जा र भय उपस्थित हुनेछ ।' कश्यप ! यसरी तिमीले सिक्नुपर्छ । (२) कश्यप ! त्यसैले तिमीले यस्तो पनि सिक्नुपर्छ—'जुनसुकै कुशलयुक्त धर्म सुने पनि त्यो सबै राम्ररी मनमा राखी, मनले राम्ररी ग्रहण गरी, कान दिएर धर्म सुन्नेछु ।' कश्यप ! यसरी तिमीले सिक्नुपर्छ । (३) कश्यप ! त्यसैले तिमीले यस्तो पनि सिक्नुपर्छ—'सुखसहगत कायगतस्मृतिलाई छाड्‌न नपरोस् ।' कश्यप ! यसरी तिमीले सिक्नुपर्छ[1] ।

---

१. यद्यपि यहाँ दुइचोटि भनेको मात्र उल्लेख भएका छन् । किन्तु यो वाक्य तीनचोटि भनेका हुन् भनी बुझ्नुपर्छ भनी सं. नि. अ. क. II. पृ. १४७: चीवरसुत्तवण्णनाले उल्लेख गरेको छ ।

२. उपसम्पदाबाट १० वर्ष माथि पुगेकालाई 'स्थविर भिक्षु' १० देखि ५ वर्षसम्मकालाई 'मज्झिम भिक्षु' र ५ वर्ष भन्दा मुनिकालाई 'नवक भिक्षु' भन्दछन् ।

३. यी तीन प्रकारको उपदेश नै कश्यप स्थविरको प्रव्रज्या र उपसम्पदा भएको थियो भनी सं. नि. अ. क. II. पृ. १४८: चीवरसुत्तले उल्लेख गरेको छ ।

"आवुसो ! अनि यसरी अववाद गर्नुभई भगवान् उठेर जानुभयो । आवुसो ! एकहप्ता मात्र मैले स-ऋणी भई[1] राष्ट्रपिण्ड खाएँ । आठौं दिनमा अरहत्व प्राप्त गरें ।

"आवुसो ! अनि भगवान् बाटाबाट एक छेउमा लाग्नुभई जहाँ एक रुख हो त्यहाँ जानुभयो[2] । आवुसो ! अनि मैले पटकपडाको सङ्घाटि चार दोबर पारी बिच्छचाई भगवान्लाई यसो भनें—'भन्ते ! भगवान् यसमा बस्नुहोस् । जो मेरो निमित्त दीर्घकालसम्म हित र सुख हुनेछ ।' आवुसो ! अनि भगवान् बिच्छचाइएको सो आसनमा बस्नुभयो । आवुसो ! अनि आसनमा बस्नुभएका भगवान्ले मलाई यसो भन्नुभयो—

'कश्यप ! यो तिम्रो पटवस्त्रको सङ्घाटि निकै मुलायम छ ।'

'भन्ते ! यो मेरो पटवस्त्र सङ्घाटि भगवान्ले ग्रहण गर्नुहोस् ।'

'कश्यप ! यो मेरो खस्रो सनको पुरानो पंसुकूल वस्त्र तिमी लगाउँछौ त[3] ?'

---

१. यहाँ 'स-ऋणी भई' को अर्थ प्रकाश पार्दै अर्थकथाले यसरी उल्लेख गरेको छ—

स-ऋणी भई भनेको सक्लेशी भई भनिएको हो । एक हप्तासम्म मात्र सक्लेशी भई राष्ट्रपिण्ड खाएँ भनिएको हो ।

भोजन परिभोग चारप्रकार छन्—

(१) थेय्यपरिभोग (=चोरी परिभोग) ।

(२) इणपरिभोग (=ऋण परिभोग) ।

(३) दायज्जपरिभोग (=दायादय परिभोग)।

(४) सामिपरिभोग (=स्वामी परिभोग)।

(१) दुश्शीली भई संघको बीचमा बसी संघभोजन गर्नेलाई 'थेय्यपरिभोग' भनिन्छ। किनभने—चतुप्रत्यय स्वीकार्ने अधिकार नभएकोले। (२) प्रत्यवेक्षणा विना शीलवान्ले गरिने भोजन 'इणपरिभोग' हो। (३) सातैजना शैक्षद्वारा गरिने भोजन 'दायज्जपरिभोग' हो। (४) क्षीणास्रवीहरूले गरिने भोजन 'सामिपरिभोग' हो।

आठौं दिनदेखि निक्लेशी भई राष्ट्रपिण्ड खाएको हुनाले वहाँले त्यसभन्दा अघि खाएको भोजनलाई 'स-ऋणी भई' भन्ने संज्ञा दिनुभएको हो। सं. नि. अ. क. II. पृ. १४८: चीवरसुत्त-वण्णना, कस्सपसंयुत्तं।

२. किन भगवान् उठेर जानुभएको होला ? यी भिक्षुलाई शुरुदेखि जीवनभरसम्म अरण्यवासी, पंसुकूल चीवरधारी आदि गर्ने विचारले उठेर जानुभएको हो भनी सं. नि. अ. क. II. पृ. १४९: चीवर-सुत्तवण्णनाले उल्लेख गरेको छ।

३. महाकश्यप स्थविरलाई आफ्नो ठाउँमा राख्ने विचारले नै भगवान्ले वहाँलाई आफ्नो चीवर दिन चाहेको हो।

भगवान्ले लगाइराख्नु भएको सो चीवर सारै मोटो खस्रो तथा धूलो जस्तो मलिन थियो। यो वस्त्र पूर्णा भन्ने दासीले लगाएर मसानमा फ्याकेको कपडा थियो। त्यसैले भगवान्

भन्नुहुन्छ – "यो चीवर पूर्णा भन्ने दासीले लगाएर मसानमा फ्याकिराखेको कपडाको हो । मसानमा गई उसले फ्याकेको कपडा लिई त्यसमा भएका कीराहरू टकटक्याई महाआर्यबंश चर्यामा बसी मैले यो चीवर लगाएको हुँ । त्यो कपडा लिएको दिनमा यो दश सहस्री लोकधातु कम्पित पनि भएको थियो । आकाशमा बतास चलेको थियो । चक्रवाडका देवताहरूले साधुकार दिएका थिए ।" यति भन्नुभई अगाडि वहाँले यसो भन्नुभयो—

"यो चीवर लगाउने भिक्षु स्वभावैले पंसुकूलिक हुन सक्नुपर्छ । स्वभावैले अरण्यवासी हुन सक्नुपर्छ । स्वभावैले सपदानचारी भई भिक्षाटन् गर्न सक्नुपर्छ । के तिमी यो मेरो खस्रो चीवर लगाउन योग्य पुरुष बन्न सक्छौ ?"

भनिन्छ कि महाकश्यप स्थविरमा पाँचजना हात्तीसमान बल छ । तर यहाँ शारीरिक बलको कामभन्दा प्रतिपत्ति पूरा गर्ने मनोबलको खाँचो छ । अनि महाकश्यपले सो चीवर लगाउन योग्य हुने चर्या पूरा गर्ने अठोट गरी भगवान्‌लाई "म लगाउँछु" भनी प्रत्युत्तर दिनुभयो भनी सं. नि. अ. क. II. पृ. १४९: चीवरसुत्त-वण्णना, कस्सपसंयुत्त ले उल्लेख गरेको छ ।

(यहाँ माथि 'महाआर्यवंशचर्या' भन्ने शब्द प्रयोग भएको छ । कस्तोलाई 'आर्यवंशचर्या' भनिन्छ भन्ने बारेमा अं. नि–४, पृ. ३०: अरियवंससुत्तमा हेर्नू ।)

(पूर्णा भन्ने दासीले फ्याकेको कपडा लिंदा भुइँचालो गयो भने शायद यही पंसुकूल कपडा धुने विचार गर्नुहुँदा उरुवेल

'भन्ते! भगवान्‌को खस्रो सनको पुरानो पंसुकूल वस्त्र म लगाउँछु।'

"आवुसो! अनि मैले त्यो मेरो पटवस्त्रको सङ्घाटि भगवान्‌लाई प्रदान गरें। मैले चाहिं भगवान्‌को खस्रो सनको पुरानो पंसुकूल वस्त्र लगाएँ।

"आवुसो! 'भगवान्‌को पुत्र औरस मुखबाट जन्मेको धर्मजः धर्मनिर्मित धर्मदायाद[1] तथा भगवान्‌को खस्रो सनको पुरानो पंसुकूल वस्त्र लगाउने' भनी यदि साँच्चै भन्ने हो भने सो मलाई नै भन्नुपर्छ।

कश्यपको बनमा शक्र देवेन्द्र आई पोखरी बनाइदिएका त होइनन्? यो पोखरी बनाइदिएको कुरा महा. व. पा. पृ. २९: उरुवेलपाटिहारियकथामा उल्लेख भएको पाइन्छ। लेखकको बु. ब्र. भा–२, पृ. ९४ मा पनि उल्लेख भएको छ। भगवान्‌ले यो पंसुकूल वस्त्र कहाँबाट लिनुभएको थियो भन्ने कुरा चाहिं कतै उल्लेख भएको देखिएको छैन।

१. भगवान्‌को कारणबाट आर्यजातिद्वारा जन्मेको हुनाले 'भगवान्‌को पुत्र' भनिएको हो। मनमा रहेको कुरा मुखबाट निस्केको अववादद्वारा प्रव्रज्या र उपसम्पदा भएको हुनाले "औरस मुखबाट जन्मेको' भनी भनिएको हो। धर्मको अववादद्वारा जन्मेको हुनाले तथा धर्मको अववादद्वारा निर्मित भएको हुनाले 'धर्मजः धर्म निर्मित' भनिएको हो। अववादद्वारा नवलोकोत्तर धर्मको दायाद प्राप्त गरेको हुनाले 'धर्मदायाद' भनिएको हो भनी सं. नि. अ. क. II. पृ. १४९: चीवरसुत्तवण्णना, कस्सपसंयुत्तले उल्लेख गरेको छ।

"आवुसो ! जति म चाहन्छु त्यतिसम्म कामबाट अलग भएको, अकुशलबाट अलग भएको, सवितर्क सविचार युक्त, विवेकजः (=ध्यानजः) प्रीतिसुख भएको प्रथमध्यान प्राप्त गरी विहार गर्छु । आवुसो ! जति म चाहन्छु त्यतिसम्म...[1] चतुर्थध्यान प्राप्त गरी विहार गर्छु । आवुसो ! जति म चाहन्छु त्यतिसम्म...[2] आ-आफ्नो कर्मानुसार उत्पन्न हुने सत्वहरूलाई जान्दछु ।

"आवुसो ! म आस्रव क्षय गरी अनास्रवी भई चित्तविमुक्ति र प्रज्ञाविमुक्ति भई यसै जीवनमा अभिज्ञालाई स्वयं साक्षात्कार गरी विहार गर्छु । आवुसो ! सातहाते हात्तीलाई साँढेसात हातको ताडपत्रले ढाक्न सक्नेछौ परन्तु मेरो यो अभिज्ञालाई ढाक्न सक्नेछैनौ ।"

थुल्लनन्दा भिक्षुणी यस ब्रह्मचर्यबाट च्युत भइन्[3] ।

× × ×

---

१. यहाँका बाँकी कुराहरू तल 'जति चाहन्छ उति ध्यानमा बस्नसक्छ' भन्ने आठौं सूत्रमा उल्लेख भएका सबै कुरा दोहऱ्याई पढ्नू ।

२. यहाँका बाँकी कुरा तल 'जति चाहन्छ उति ध्यानमा बस्नसक्छ' भन्ने आठौं सूत्रको 'षडभिज्ञ' उपशीर्षकका कुरा दोहऱ्याई पढ्नू ।

३. अर्थात् चीवर छाडेर गइन् भनिएको हो ।

मूल सूत्र—

२. मरणपछि तथागत हुन्छ ?

(परम्मरणसुत्तं[१])

एक समय, आयुष्मान् महाकश्यप र आयुष्मान् सारिपुत्र वाराणसी स्थित ऋषिपतन मृगदायमा बसिरहनुभएको थियो। अनि संध्यासमयमा ध्यानबाट उठनुभएका आयुष्मान् सारिपुत्र जहाँ आयुष्मान् महाकश्यप हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि आयुष्मान् महाकश्यपसँग सम्मोदन गर्नुभयो। सम्मोदनीय कुशलवार्ता गरिसक्नु भएपछि एक छेउमा बस्नुभयो। एक छेउमा बस्नुभएका आयुष्मान् सारिपुत्रले आयुष्मान् महाकश्यपलाई यसो भन्नुभयो—

(१) "आवुसो कश्यप! मरणपछि के तथागत (=सत्व, जीव, प्राणी) हुन्छ ?"

"आवुसो! 'मरणपछि तथागत (=सत्व, जीव) हुन्छ' भन्ने कुरा भगवान्ले अव्याकृत गर्नुभएको छ (=भन्नुभएको छैन)।"

---

१. सं. नि. II. पृ. १८५: कस्सपसंयुत्तं; अ. क. II. पृ. १५०.

(२) "आवुसो ! के त मरणपछि तथागत हुन्न त ?"

"आवुसो ! भगवान्ले यो कुरा पनि अब्याकृत गर्नुभएको छ ।"

(३) "आवुसो ! के त मरणपछि तथागत हुन्छ पनि हुन्न पनि ?"

"आवुसो ! भगवान्ले यो पनि अब्याकृत गर्नुभएको छ ।"

(४) "आवुसो ! के त मरणपछि तथागत न त हुन्छ न त हुन्न त ?"

"आवुसो ! भगवान्ले यो पनि अब्याकृत गर्नुभएको छ ।"

"आवुसो ! भगवान्ले किन अब्याकृत गर्नुभएको ?"

"आवुसो ! यो अर्थयुक्त छैन । न यो ब्रह्मचर्य (=मार्ग-ब्रह्मचर्य) को निमित्त, न निर्वेदको निमित्त, न विरागको निमित्त, न निरोधको निमित्त, न उपशान्तको निमित्त, न अभिज्ञाको निमित्त, न सम्बोधिको निमित्त र न निर्वाणको निमित्त उपयोगी छ । त्यसैले यसलाई भगवान्ले अब्याकृत गर्नुभएको हो ।"

"आवुसो ! अनि भगवान्ले के ब्याकृत गर्नुभएको छ त ? (=के बताउनुभएको छ त ?) ।"

"आवुसो ! 'यो दुःख हो' भन्ने कुरा भगवान्ले बताउनुभएको छ । 'यो दुःख समुदय हो' भन्ने कुरा भगवान्ले बताउनुभएको छ । 'यो दुःख निरोध हो' भन्ने कुरा भगवान्ले बताउनुभएको छ । 'यो दुःख निरोध हुने मार्ग हो' भन्ने कुरा भगवान्ले बताउनुभएको छ ।

"आवुसो ! किन भगवान्ले यस्तो बताउनुभएको त ?"

"आवुसो ! यो चाहिं अर्थयुक्त छ । यो ब्रह्मचर्यको निमित्त, निर्वेदको निमित्त,......र निर्वाणको निमित्त उपयोगी छ । त्यसैले भगवान्ले यो बताउनुभएको हो ।"

× × ×

मूल सूत्र—

३. आतापी र ओतापी

(अनोत्तप्पीसुत्तं[१])

यस्तो मैले सुनें ।

एक समय, आयुष्मान् महाकश्यप र आयुष्मान् सारिपुत्र वाराणसीस्थित ऋषिपतन मृगदावनमा बस्नुभएको थियो । अनि आयुष्मान् सारिपुत्र संध्यासमयमा ध्यानबाट उठी जहाँ आयुष्मान् महाकश्यप हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि आयुष्मान् महाकश्यपसँग सम्मोदन गर्नुभयो । सम्मोदनीय कुशलवार्ता सिद्धिए-पछि एक छेउमा बस्नुभयो । एक छेउमा बस्नुभएका आयुष्मान् सारिपुत्रले आयुष्मान् महाकश्यपलाई यस्तो भन्नुभयो—

"आवुसो कश्यप ! यस्तो भनिन्छ कि—(१) अनातापी (=क्लेशलाई तप्त नपार्ने) र अनोत्तापी (=क्लेश देखेर नडराउने र भय नमान्ने) पुरुष सम्बोधि प्राप्त गर्नको निमित्त अयोग्य हुन्छ,

१. सं. नि. II. पृ. १६४: कस्सपसंयुत्तं; अ. क. II. पृ. १२४.

निर्वाण प्राप्त गर्नको निमित्त पनि अयोग्य हुन्छ र अनुपम योगक्षेम[१] (=बन्धनबाट मुक्त) प्राप्त गर्नको निमित्त पनि अयोग्य हुन्छ। (२) आतापी (=क्लेशलाई तप्त पार्ने) र ओत्तप्पी (क्लेश देखेर डराउने र भय मान्ने) पुरुष सम्बोधि प्राप्त गर्नको निमित्त योग्य हुन्छ, निर्वाण प्राप्त गर्नको निमित्त योग्य हुन्छ र अनुपम योगक्षेम प्राप्त गर्नको निमित्त पनि योग्य हुन्छ।"

आतप्त र ओतप्त नगर्ने पुरुष

(क) "आवुसो! कसरी (१) अनातापी हुने र (२) अनोत्तापी हुने पुरुष सम्बोधि प्राप्तिको निमित्त, निर्वाण प्राप्तिको निमित्त र अनुपम योगक्षेम प्राप्तिको निमित्त अयोग्य हुन्छ? आवुसो! कसरी (३) आतापी हुने र (४) ओत्तप्पी हुने पुरुष सम्बोधि प्राप्तिको निमित्त, निर्वाण प्राप्तिको निमित्त र अनुपम योगक्षेम प्राप्तिको निमित्त योग्य हुन्छ?"

---

१. 'योगक्षेम' भनी अरहत्वलाई भनिएको हो। सं. नि. IV. पृ. ५७: योगसूत्र, मग्गसंयुत्त र दी. नि. III. पृ. १७९: सङ्गीतिसुत्त मा काम-योग, भव-योग, दृष्टि-योग र अविद्या-योगलाई 'योग' भनिएको छ। यहाँ योगको अर्थ बन्धन हो। अतः बन्धनबाट मुक्त भएकोलाई 'योगक्षेम' भनिएको हो। सङ्गीतिसुत्तको अनुवाद लेखकको बु. श्रा. च. भा-३, पृ. १४७ मा भएको छ।

(ख)-१. "आवुसो ! कसरी अनातापी हुन्छ भने—(१) आवुसो ! यहाँ भिक्षुले 'उत्पन्न नभएका पापक अकुशल धर्महरू उत्पन्न भएमा मेरो अनर्थ हुनसक्छ' भनी आतप्त गर्दैन । (२) उत्पन्न भएका पापक अकुशल धर्महरू हटेर नगएमा मेरो अनर्थ हुनसक्छ' भनी आतप्त गर्दैन । (३) 'उत्पन्न नभएका कुशल धर्महरू उत्पन्न नभएमा मेरो अनर्थ हुनसक्छ' भनी आतप्त गर्दैन । (४) 'उत्पन्न भएका कुशल धर्महरू लोप भएर गएमा मेरो अनर्थ हुनसक्छ' भनी आतप्त गर्दैन । आवुसो ! यसरी अनातापी हुन्छ ।

(ग)-२. "आवुसो ! कसरी अनोत्तापी हुन्छ भने—(१) आवुसो ! यहाँ भिक्षुले 'उत्पन्न नभएका पापक अकुशल धर्महरू उत्पन्न भएमा मेरो अनर्थ हुनसक्छ' भनी ओत्तप्प (=डर) गर्दैन । (२) 'उत्पन्न भएका पापक अकुशल धर्महरू हटेर नगएमा मेरो अनर्थ हुनसक्छ' भनी ओत्तप्प गर्दैन । (३) 'उत्पन्न नभएका कुशल धर्महरू उत्पन्न नभएमा मेरो अनर्थ हुनसक्छ' भनी ओत्तप्प गर्दैन । (४) 'उत्पन्न भएका कुशल धर्महरू लोप भएर गएमा मेरो अनर्थ हुनसक्छ' भनी ओत्तप्प गर्दैन । आवुसो ! यसरी अनोत्तापी हुन्छ ।

"आवुसो ! यसरी अनातापी र अनोत्तापी हुने पुरुष सम्बोधि प्राप्तिको निमित्त, निर्वाण प्राप्तिको निमित्त र अनुपम योगक्षेम प्राप्तिको निमित्त अयोग्य हुन्छ ।"

आतप्त र ओतप्त गर्ने पुरुष

(घ)-३. "आवुसो ! कसरी आतापी (=तप्त गर्ने) हुन्छ

भने—(१) आवुसो! यहाँ भिक्षुले 'उत्पन्न नभएका पापक अकुशल धर्महरू उत्पन्न भएमा मेरो अनर्थ हुनसक्छ' भनी आतप्त गर्छ। (२) 'उत्पन्न भएका पापक अकुशल धर्महरू हटेर नगएमा मेरो अनर्थ हुनसक्छ' भनी आतप्त गर्छ। (३) 'उत्पन्न नभएका कुशल धर्महरू उत्पन्न नभएमा मेरो अनर्थ हुनसक्छ' भनी आतप्त गर्छ। (४) 'उत्पन्न भएका कुशल धर्महरू लोप भएर गएमा मेरो अनर्थ हुनसक्छ' भनी आतप्त गर्छ। आवुसो! यसरी आतापी हुन्छ।

(ङ)-४. "आवुसो! कसरी ओत्तप्पी हुन्छ भने—(१) आवुसो! यहाँ भिक्षुले 'उत्पन्न नभएका पापक अकुशल धर्महरू उत्पन्न भएमा मेरो अनर्थ हुनसक्छ' भनी ओत्तप्प (=डर) गर्छ। (२) 'उत्पन्न भएका पापक अकुशल धर्महरू हटेर नगएमा मेरो अनर्थ हुनसक्छ' भनी ओत्तप्प गर्छ। (३) 'उत्पन्न नभएका कुशल धर्महरू उत्पन्न नभएमा मेरो अनर्थ हुनसक्छ' भनी ओत्तप्प गर्छ। (४) 'उत्पन्न भएका कुशल धर्महरू लोप भएर गएमा मेरो अनर्थ हुनसक्छ' भनी ओत्तप्प गर्छ। आवुसो! यसरी ओत्तप्पी हुन्छ।

"आवुसो! यसरी आतापी र ओत्तप्पी हुने पुरुष सम्बोधि प्राप्तिको निमित्त, निर्वाण प्राप्तिको निमित्त र अनुपम योगक्षेम प्राप्तिको निमित्त योग्य हुन्छ।"

× × ×

मूल सूत्र—

४. कश्यप कुलगृहमा आसक्त छैन

(चन्दूपमासुत्तं[१])

भगवान् श्रावस्तीमा बसिरहनुभएको वेलामा—

"भिक्षुहो! कायसंयम गरी[२] (अपकस्सेवकायं), चित्तसंयम गरी तथा नित्य नयाँ[३] भई कुलगृहमा गर्व नगरी चन्द्र समान[४] भई कुलगृहमा जानू। भिक्षुहो! जस्तै कुनै जीर्ण कूप देख्दा वा प्रपात देख्दा

१. सं. नि. II. पृ. १६५: कस्सपसंयुत्तं; अ. क. II. पृ. १२४.

२. यहाँ कायसंयम र चित्तसंयम भनेकोलाई पालिमा 'अपकस्सेव कायं र अपकस्सेवचित्तं' भनिएको छ। यसको अर्थ प्रकाश पार्दै अर्थकथाले यसरी उल्लेख गरेको छ—

संसर्ग स्वभाव नराखी काय र चित्तलाई हटाइराख्नु भनिएको हो।

(१) जो भिक्षु अरण्यमा पनि नबसी कामवितर्कनादि वितर्कना गर्छ—त्यस्तालाई कायसंयम नगर्ने चित्तसंयम नगर्ने भनी भन्दछन्।

(२) जो अरण्यमा भने बस्छ किन्तु कामवितर्कनादि वितर्कना गर्छ—त्यस्तालाई कायसंयम गर्ने किन्तु चित्तसंयम नगर्ने भनी भन्छन् ।

(३) जो गाउँमा बस्छ तर कामवितर्कनादि वितर्कना गर्दैन—यस्तालाई चित्तसंयम गर्ने तर कायसंयम नगर्ने भनी भन्छन् ।

(४) जो अरण्यमा पनि बस्छ कामवितर्कनादि वितर्कना पनि गर्दैन--यस्तालाई कायसंयम पनि गर्ने चित्तसंयम पनि गर्ने भनी भन्दछन् ।

यस्तो स्वभाव लिई कुलगृहमा जानेलाई 'अपकस्सेवकायं, अपकस्सेवचित्त'' भनिएको हो भनी सार. प. II. पृ. १२५: चन्दूपमासुत्तवण्णना, कस्सपसंयुत्तले उल्लेख गरेको छ ।

३. "नित्य नयाँ" भनी आगन्तुक भिक्षुलाई भने झैं भनिएको हो । आगन्तुक भिक्षुको कहीं कतै कुनैसँग संसर्ग हुन्न । उ आएर गर्नुपर्ने काम सिध्याई निरपेक्षी भई फर्केर जान्छ । त्यस्तैगरी निरपेक्षी भई कुनैसँग संसर्ग नराखी जाने भिक्षुलाई यहाँ "नित्य नयाँ" भनी भनिएको हो । यस प्रसंगमा यो कुरा भन्नु उपयुक्त देखिन्छ । जस्तै—

वसालनगर गाउँका दुइजना दाजुभाइहरू प्रव्रजित भए । अनि उनीहरू चूलनागत्थेर र महानागत्थेरका नामले चिनिए ।

यसपछि उनीहरू चित्तल पर्वतमा ३० वर्ष बसी अरहत् भए । अनि आफ्नी आमालाई हेर्न जानुपर्‍यो भनी उनीहरू वसालनगर गाउँमा आए । वसालनगर गाउँको विहारमा बसे । भोलिपल्ट आमा बसेको गाउँमा भिक्षाटन्को निमित्त गए । आमा चाहिंले देखी । भिक्षापात्रमा डाडुले यागु राखिदिई । यतिञ्जेल मुख हेरिरहँदा आमा चाहिंको मनमा पुत्रस्नेह उत्पन्न भई चिनी "तिमी मेरो छोरा महानाग भन्ने स्थविर होइनौ ?" भनी सोध्दा उनले "पछि आउने स्थविरसँग सोध" भनी भने । पछि आउनेलाई पनि यागु दिई "तिमी मेरो छोरा चूलनाग भन्ने स्थविर होइनौ ?" भनी सोध्दा "अघि जाने स्थविरसँग सोधिनौ ?" भनी बाटो लागेर गए ।

यसरी आमासँग पनि संसर्ग नराखने भिक्षु नित्य नयाँ हुन्छ । सार. प. II. पृ. १२५: चन्दूपमासुत्तवण्णना, कस्सपसंयुत्त ।

४. यहाँ चन्द्र समान भनी जुन उपमा देखाइएको छ त्यसको मतलब चन्द्रमा झैं तेजिलो वा प्रकाशमान भन्ने अर्थले होइन । चन्द्रमा आकाशमा हिंड्डा कतै नअडकी, कसैसँग आलय नराखी, कसैसँग संसर्ग नराखी, कसैसँग माया ममता नराखी तथा कुनै अपेक्षा नलिई एकलै हिंड्छ । तैपनि मानिसहरू चन्द्रमालाई प्यारो गर्छन् । त्यस्तैगरी तिमीहरू पनि कसैसँग संसर्ग नराखी कुलगृहमा जानू भनी भनिएको हो । सार. प. II. पृ. १२४–२५: चन्दूपमासुत्त-वण्णना, कस्सपसंयुत्त ।

या दुर्गम नदी बेखदा पुरुषले कायसंयम गर्छ र चित्तसंयम गर्छ त्यस्तै गरी कायसंयम गरी (अपकस्सेवकायं), चित्तसंयम गरी नित्य नयाँ भई कुलगृहमा गर्व नगरी चन्द्र समान भई कुलगृहमा जानू ।

"भिक्षुहो ! कश्यप कायसंयम चित्तसंयम गरी, नित्य नयाँ भई, कुलगृहमा गर्व नगरी तथा चन्द्र समान भई कुलगृहमा जान्छन् । भिक्षुहो ! कस्ता भिक्षु कुलगृहमा जान योग्य छ ? यसमा तिमीहरू के भन्छौ ?"

"भन्ते ! यो धर्ममा भगवान् प्रमुख हुनुहुन्छ । भगवान् नै नेता हुनुहुन्छ । भगवान् नै शरणदायी हुनुहुन्छ । भन्ते ! यस कुराको अर्थ भगवान्ले नै बताइदिनु भए बढिया हुने थियो । भगवान्ले बताउनु भएपछि भिक्षुहरूले धारण गर्ने छन् ।"

अनि भगवान्ले आकाशमा हात चलाउनुभयो । "भिक्षुहो ! जस्तै यो आकाशमा कहीं हात ठक्कर खान्न, न केही लिन्छ र न कतै अड्कन्छ । भिक्षुहो ! त्यस्तैगरी जो कोही भिक्षु कुलगृहमा जाँदा जसको चित्त कुलगृहमा अल्झिँदैन, चित्तले कुनै चीज समात्दैन, चित्त फस्दैन 'लाभ चाहनेले लाभ पाऊन्, पुण्य पाउनेले पुण्य पाऊन्' भनी जान्छ । जस्तै आफ्नो लाभद्वारा प्रसन्न हुन्छ र खुशी हुन्छ त्यस्तै अरूको लाभमा पनि प्रसन्न हुन्छ र खुशी हुन्छ—भिक्षुहो ! यस्ता भिक्षुहरू कुलगृहमा जान योग्य छन् ।

"भिक्षुहो ! कुलगृहमा जाँदा कश्यपको चित्त अल्झिँदैन, समातिन्न, न बाँधिन्छ । 'लाभ कामना गर्नेले लाभ पाऊन्, पुण्य

पाउनेले पुण्य पाऊन् ।' आफ्नो लाभद्वारा आफू प्रसन्न हुने झैं अर्काको लाभमा पनि प्रसन्न र खुशी हुन्छ ।

"भिक्षुहो ! कस्ता भिक्षुको धर्मदेशना अपरिशुद्ध हुन्छ र कस्ता भिक्षुको धर्मदेशना परिशुद्ध हुन्छ ? यसमा तिमीहरू के भन्छौ ?"

"भन्ते ! यो धर्ममा भगवान् प्रमुख हुनुहुन्छ । भगवान् नै नेता हुनुहुन्छ । भगवान् नै शरणदायी हुनुहुन्छ । भन्ते ! यस कुराको अर्थ भगवान्ले नै बताइदिनुभए बढिया हुने थियो । भगवान्ले बताउनुभए-पछि भिक्षुहरूले धारण गर्ने छन् ।"

"भिक्षुहो ! त्यसोभए सुन, मनमा राम्ररी राख, भन्नेछु ।"

"हवस् भन्ते" भनी ती भिक्षुहरूले प्रत्युत्तर दिए । भगवान्ले यसो भन्नुभयो—

"भिक्षुहो ! जो भिक्षु यस्तो मनमा राखी अर्कालाई धर्मदेशना गर्छ—'अहो ! मेरो धर्मदेशना सुने हुन्थ्यो । धर्मदेशना सुनेर प्रसन्न भए हुन्थ्यो । प्रसन्न भएर प्रसन्नभाव प्रकट गरे हुन्थ्यो ।' भिक्षुहो ! त्यस्ता भिक्षुको धर्मदेशना अपरिशुद्ध हुन्छ ।

"भिक्षुहो ! जो भिक्षु यस्तो मनमा राखी अर्कालाई धर्मदेशना गर्छ—'भगवान्को धर्म सु-आख्यात छ, सान्दृष्टिक छ, समय नबित्दै फल पाइन्छ, आऊ हेर भनी देखाउन योग्य छ, निर्वाणमा पुऱ्याइदिन्छ भन्ने कुरा विज्ञजनले स्वयं जान्नु पर्दछ । अहो ! मेरो धर्मदेशना सुनुन्, सुनेर धर्मलाई बुझ्न सकुन् र बुझेर त्यो फल प्राप्तिको निमित्त आचरण

गरुन् ।' यसरी धर्म सुधर्मताको कारणले नै अरूलाई धर्मदेशना गर्छ । करुणाको कारणले र अनुदयाको कारणले, अनुकम्पा राखी अरूलाई धर्मदेशना गर्छ । भिक्षुहो ! त्यस्ता भिक्षुको धर्मदेशना परिशुद्ध हुन्छ ।

"भिक्षुहो ! यस्तो चित्त राखी कश्यप अरूलाई धर्मदेशना गर्छन्—'भगवान्को धर्म सु-आख्यात छ, सान्दृष्टिक छ, समय नबिर्दै फल पाइन्छ, आऊ हेर भनी देखाउन योग्य छ, निर्वाणमा पुऱ्याइदिन्छ भन्ने कुरा विज्ञजनले स्वयं जान्नुपर्छ । अहो ! मेरो धर्म सुनुन्, सुनेर धर्मलाई बुझ्न सकुन् र बुझेर त्यो फल प्राप्तिको निमित्त आचरण गरुन् ।' यसरी धर्म सुधर्मताको कारणले नै अरूलाई धर्मदेशना गर्छन् । करुणाको कारणले र अनुदयाको कारणले अनुकम्पा राखी अरूलाई धर्मदेशना गर्छन् । भिक्षुहो ! कश्यप वा मद्वारा अववाद गरिनेछ अथवा कश्यप समानले । अववाद पाएकाले कश्यप जस्तै हुनसकूँ भनी आचरण गर्न सक्नुपर्छ ।"

× × ×

मूल सूत्र—

५. कुलूपग हुन अयोग्य भिक्षु

(कुलूपकसुत्तं [1])

भगवान् श्रावस्तीमा बसिरहनुभएको बेलामा—

"भिक्षुहो ! कस्ता भिक्षु कुलूपग हुन योग्य हुन्छन् र कस्ता भिक्षु कुलूपग हुन अयोग्य हुन्छन् ? यसबारे तिमीहरू के भन्छौ ?"

"भन्ते ! यो धर्ममा भगवान् प्रमुख हुनुहुन्छ । भगवान् नै नेता हुनुहुन्छ । भगवान् नै शरणदायी हुनुहुन्छ । भन्ते ! यस कुराको अर्थ भगवान्ले नै बताइदिनुभए बेश हुने थियो । भगवान्ले बताउनु भएपछि भिक्षुहरूले धारण गर्ने छन् ।"

"भिक्षुहो ! त्यसोभए सुन र मनमा राम्ररी राख, भन्नेछु ।"

"हबस् भन्ते" भनी ती भिक्षुहरूले प्रत्युत्तर दिए । भगवान्ले यसो भन्नुभयो—

(क) "भिक्षुहो ! जो भिक्षु यस्तो मनमा राखी कुलगृहमा जान्छ—'मलाई नै देओस् यस्तो नहोस् कि मलाई नदेओस् । धेरै

१. सं. नि. II. पृ. १६७: कस्सपसंयुत्तं; अ. क. II. पृ. १२८.

देओस् थोरै होइन । उत्तम चीज देओस् खराब होइन । चाँडै देओस् ढीलो होइन । सत्कारपूर्वक देओस् असत्कारपूर्वक होइन ।'

"भिक्षुहो ! यस्तो चित्त राखेर जाने भिक्षुलाई उसले दिन्न् । यसबाट भिक्षु खिन्न हुन्छ । यसैको कारणले उ दुःखदौर्मनस्यानुभव गर्छ । थोरै दिन्छ धेरै होइन । खराब दिन्छ उत्तम होइन । ढीलो गरी दिन्छ छिटो होइन । असत्कारपूर्वक दिन्छ सत्कारपूर्वक होइन । यसबाट भिक्षु खिन्न हुन्छ । यसै कारणबाट उ दुःखदौर्मनस्यानुभव गर्छ । भिक्षुहो ! यस्तो भिक्षु कुलगृहमा जान अयोग्य छ ।

(ख) "भिक्षुहो ! जो भिक्षु यस्तो चित्त राखी कुलगृहमा जान्छ—'परकुलमा यस्तो अन्न कहाँ पाइन्छ र मलाई नै देओस् न कि नदेओस् । धेरै देओस् थोरै नदेओस् । उत्तम चीज देओस् खराब नदेओस् । चाँडै देओस् ढीलो नदेओस् । सत्कारपूर्वक देओस् असत्कार-पूर्वक नदेओस् ।'

"भिक्षुहो ! यस्तो चित्त राखेर जाने भिक्षुलाई दिदैन । यसबाट भिक्षु खिन्न हुन्न । न यसकारणबाट उ दुःखदौर्मनस्यानुभव गर्छ । थोरै दिन्छ धेरै होइन...। खराब दिन्छ उत्तम होइन ..। ढीलो दिन्छ छिटो होइन ..। असत्कारपूर्वक दिन्छ सत्कारपूर्वक होइन । यसबाट भिक्षु खिन्न हुन्न । न यसकारणबाट उ दुःखदौर्मनस्यानुभव गर्छ । भिक्षुहो ! यस्तो भिक्षु कुलगृहमा जान योग्य छ ।

"भिक्षुहो ! कश्यप यस्तो मनमा राखी कुलगृहमा जान्छन्—'परकुलमा यस्तो कहाँ पाइन्छ र मलाई नै देओस् न कि नदेओस् ।

धेरै देओस् थोरै न देओस्...।' भिक्षुहो ! यस्तो मनमा राखी कुलगृहमा जाने कश्यपलाई दिदैन । यसबाट कश्यप खिन्न हुन्नन् । न यसकारण-बाट उनी दुःखदौर्मनस्यानुभव गर्छन् । थोरै दिन्छ धेरै दिन्न...। खराब दिन्छ बढिया दिन्न...। ढीलो दिन्छ चाँडै दिन्न...। असत्कारपूर्वक दिन्छ सत्कारपूर्वक दिन्न । यसबाट कश्यप खिन्न हुन्नन् । न यसकारणबाट उनी दुःखदौर्मनस्यानुभव गर्छन् । भिक्षुहो ! कश्यप वा मद्वारा तिमीहरूलाई अववाद गरिनेछ अथवा कश्यप समानले । अववाद पाएकाले कश्यप जस्तै हुन सकूँ भनी आचरण गर्न सक्नुपर्छ ।"

× × ×

मूल सूत्र—

६. कश्यप सन्तोषी छन्

(सन्तुट्ठसुत्तं[१])

भगवान् श्रावस्तीमा बसिरहनुभएको वेलामा—

१—"भिक्षुहो! कश्यप जस्तोसुकै चीवरमा पनि सन्तोषी हुन्छन्। जुनसुकै चीवरद्वारा सन्तुष्ट हुनुपर्ने कुराको वर्णवादी हुन्। चीवरको कारणमा कुनै अनुचित खोजी (अनेसनं) गर्दैनन्। चीवर पाइन भनी खिन्न हुन्नन्। पाएको चीवरमा पनि लोभ लालचा गर्दैनन्। बरु चीवरको दुष्परिणाम सम्बन्धी विचार गरी विमुक्तिप्रज्ञाले युक्त भई (चीवर) परिभोग गर्छन्।

२—"भिक्षुहो! कश्यप जस्तोसुकै भोजनमा पनि सन्तोषी हुन्छन्। जुनसुकै भोजनमा पनि सन्तुष्ट हुनुपर्ने कुराको वर्णवादी हुन्। भोजनको कारणमा कुनै अनुचित खोजी (अनेसनं) गर्दैनन्। भोजन पाइन भनी खिन्न हुन्नन्। पाएको भोजनमा पनि लोभ लालचा गर्दैनन्।

१. सं. नि. II. पृ. १६३: कस्सपसंयुत्तं; अ. क. II. पृ. १२१.

बरु भोजनको दुष्परिणाम सम्बन्धी बिचार गरी विमुक्तिप्रज्ञाले युक्त भई (भोजन) परिभोग गर्छन् ।

३-"भिक्षुहो ! कश्यप जुनसुकै शयनासनमा पनि सन्तोषी हुन्छन् । जुनसुकै शयनासनमा सन्तुष्ट हुनुपर्ने कुराको वर्णबादी हुन् । शयनासनको कारणमा कुनै अनुचित खोजी (अनेसनं) गर्दैनन् । शयनासन पाइन भनी खिन्न हुन्नन् । पाएको शयनासनमा पनि लोभ लालचा गर्दैनन् । बरु शयनासनको दुष्परिणाम सम्बन्धी विचार गरी विमुक्तिप्रज्ञाले युक्त भई (शयनासन) परिभोग गर्छन् ।

४-"भिक्षुहो ! कश्यप जुनसुकै ग्लानप्रत्यय भैषज्यं परिष्कारमा पनि सन्तोषी हुन्छन् । जुनसुकै ग्लानप्रत्यय भैषज्यं परिष्कारमा सुन्तुष्ट हुनुपर्ने कुराको वर्णवादी हुन् । ग्लानप्रत्यय भैषज्यं परिष्कारको कारणमा कुनै अनुचित खोजी (अनेसनं) गर्दैनन् । ग्लानप्रत्यय भैषज्यं परिष्कार पाइन भनी खिन्न हुन्नन् । पाएको ग्लानप्रत्यय भैषज्यं परिष्कारमा पनि लोभ लालचा गर्दैनन् । बरु ग्लानप्रत्यय भैषज्यं परिष्कारको दुष्परिणाम सम्बन्धी विचार गरी विमुक्तिप्रज्ञा युक्त भई (ग्लानप्रत्यय भैषज्यं परिष्कार) परिभोग गर्छन् ।

"भिक्षुहो ! त्यसैले तिमीहरूले पनि यस्तो सिक्नुपर्छ—'जुनसुकै चीवरमा पनि सन्तोषी हुनेछु । जुनसुकै चीवरमा सन्तुष्ट हुने गुणको वर्णवादी हुनेछु । चीवरको कारणमा कुनै अनुचित खोजी (अनेसनं) गर्ने छैन । चीवर पाइन भनी खिन्न हुने छैन । पाएको चीवरमा लोभ

लालचा गर्ने छैन। चीवरको दुष्परिणाम सम्बन्धी विचार गरी विमुक्तिप्रज्ञाले युक्त भई (चीवर) परिभोग गर्नेछु।'

"'जुनसुकै भोजनमा पनि...जुनसुकै शयनासनमा पनि... जुनसुकै ग्लानप्रत्यय भैषज्र्य परिष्कारमा पनि सन्तोषी हुनेछु।... ग्लानप्रत्यय भैषज्र्य परिष्कारको दुष्परिणाम सम्बन्धी विचार गरी विमुक्तिप्रज्ञाले युक्त भई परिभोग गर्नेछु।'

"भिक्षुहो ! यसरी तिमीहरूले सिक्नुपर्छ। भिक्षुहो ! कश्यपले वा मद्वारा यसरी अववाद गरिनेछ अथवा कश्यप समानले। अववाद पाएकाले कश्यप जस्तै हुनसकौं भनी आचरण गर्न सक्नुपर्छ।"

× × ×

मूल सूत्र—

७. अग्रस्थान

(एतदग्गसुत्तं[१])

"एतदग्गं, भिक्खवे, मम सावकानं भिक्खूनं धुतवादानं यदिदं महाकस्सपो ।"

अर्थ--

"भिक्षुहो ! मेरा धुतवादी[२] भिक्षुहरूमध्ये महाकश्यप अग्र छन् ।"

× × ×

---

१. अं. नि–१, पृ. २३: एतदग्गवग्गो; अ. क. I. पृ. ९२.

२. 'धुतवादी' यहाँ शब्दलाई अर्थकथाले (१) धुत भनेको बुझ्नुपर्छ, (२) धुतवाद भनेको बुझ्नुपर्छ, (३) धुतधर्म भनेको बुझ्नुपर्छ र (४) धुताङ्ग भनेको बुझ्नुपर्छ भनी उल्लेख गरेको छ ।

(१) त्यहाँ 'धुत' भनेको क्लेशलाई कम्पन गर्ने अथवा हटाउने अर्थले 'धुत' भनिएको हो। अथवा पुरुषको क्लेशलाई हटाउने कामलाई 'धुत' भनिएको हो।

(२) 'धुतवाद' भनेको ठाउँमा—(क) धुतगुण चाहिं हुन्छ धुतवादी चाहिं हुन्न, (ख) धुतगुण चाहिं हुन्न धुतवादी चाहिं हुन्छ, (ग) न धुतगुण हुन्छ न त धुतवादी नै, (घ) धुतगुण पनि हुन्छ धुतवादी पनि हुन्छ।

त्यहाँ जसले आफ्नो क्लेशलाई धुताङ्गद्वारा हटाउने कोसिस गर्छ परन्तु अरूलाई भने त्यसो गर्नको लागि बक्कुल स्थविरले झैं उपदेश गर्दैनन्, अनुशासन गर्दैनन्— त्यस्तालाई धुतगुण हुने भनी भन्दछन् किन्तु धुतवादी भने भन्दैनन्। त्यसैले "तपाइँ आयुष्मान् बक्कुल धुतगुण हुने हुनुहुन्छ किन्तु धुतवादी चाहिं हुनुहुन्न" भनी भनिएको हो।

जो आफूले भने धुताङ्गद्वारा क्लेश हटाउने कोसिस गर्दैन परन्तु अर्कालाई भने त्यसो गर्नको निमित्त उपनन्द शाक्यपुत्रले झैं उपदेश गर्छन्, अनुशासन गर्छन्—त्यस्तालाई धुतगुण नहुने तर अर्कालाई उपदेश गर्ने धुतवादी भनी भन्दछन्। त्यसैले "तपाइँ आयुष्मान् उपनन्द शाक्यपुत्रमा भने धुतगुण छैन तर अर्कालाई भने तपाइँ धुताङ्गद्वारा क्लेश हटाउने कुरा बताउनु हुन्छ" भनी भनिएको हो।

लालुदायी स्थविर कैं जसमा दुबै गुण छैनन् त्यस्तालाई धुतगुण पनि नभएको धुतवादी पनि नभएको भनी भन्दछन् । त्यसैले "तपाइँ आयुष्मान् लालुदायीमा न धुतगुण छ न तपाइँ धुतवादी हुनुहुन्छ" भनी भनिएको हो ।

महाकश्यप महास्थविर कैं जसमा दुबै गुणहरू छन् त्यस्तालाई धुतगुण पनि हुने धुतवादी पनि हुन् भन्दछन् । त्यसैले "तपाइँ आयुष्मान् कश्यपमा धुतगुण पनि छ र धुतवादी पनि हुनुहुन्छ" भनी भनिएको हो ।

(३) 'धुतधर्म' बुझ्नुपर्छ भनी भनेको ठाउँमा 'अल्पेच्छता', सन्तुष्टिता, सल्लेखता, विवेकता र निश्चय नै मनमा राख्नेछु (इदमट्ठिकता)' भन्ने आदि पाँच धुताङ्ग चेतना गुणले युक्त अल्पेच्छता स्वभावलाई नै 'धुतधर्म' भनिएको हो । त्यहाँ जो अल्पेच्छता, सन्तुष्टिता, अलोभ, सल्लेखता र प्रविवेकता आदि भनिएका छन् ती सबै अलोभ र अमोहमा अन्तर्गत हुन्छन् । निश्चय नै मनमा राख्नेछु (इदमट्ठिकता) भनेको चाहिं ज्ञान मात्र हो । त्यहाँ अलोभद्वारा प्रतिक्षेप गरेको वस्तु माथिको लोभलाई र अमोहद्वारा त्यसैको दोषलाई ढाक्ने मोहलाई हटाउने कोसिस गर्छ । अलोभद्वारा कामसुखल्लिकानुयोगलाई र अमोहद्वारा धुताङ्गमा हुने अतिधावनता कारणबाट हुने शारीरिक दुःखकष्ट दिने भावनालाई हटाउँछ । त्यसैले यी धर्महरूलाई 'धुतधर्म' भनिएको हो भनी बुझ्नुपर्छ ।

धातुमञ्जुसा र धात्वत्थदीपनी अनुसार 'धुत' शब्द धु–कम्पने भन्ने शब्दबाट बनेको हो ।

(४) 'धुताङ्ग' भनेको बुझ्नुपर्छ भनी तेह्रवटा (१३) धुताङ्गलाई बुझ्नुपर्छ भनी भनिएको हो । (यी तेह्र धुताङ्ग भनेका के के हुन् भन्ने कुरा लेखकको बु. प. भा–१, पृ. १२३ मा उल्लेख भएको छ ।)

यी धुतगुण र धुतवादीहरूमध्येमा महाकश्यप महास्थविर अग्र हुनुहुन्छ, श्रेष्ठ हुनुहुन्छ भन्ने कुरा देखाउनको निमित्त माथि सूत्रमा "धुतवादी भिक्षुहरूमध्येमा महाकश्यप अग्र छन्" भनी उल्लेख भएको हो भनी मनो. र. पू. I. पृ. ९२: एककनिपात-वण्णनाले उल्लेख गरेको हो ।

मूल सूत्र—

८. जति चाहन्छ उति ध्यानमा बस्नसक्छ

(झानाभिञ्ञसुत्तं [१])

श्रावस्तीमा बसिरहनुभएको बेलामा—

रूपावचर—१-"भिक्षुहो ! जति चाहन्छु त्यतिसम्म म कामबाट अलग भई, अकुशलबाट अलग भई, सवितर्क सविचार युक्त, विवेकजः (=ध्यानजः) प्रीतिसुख भएको प्रथमध्यान प्राप्त गरी विहार गर्छु । भिक्षुहो ! कश्यप पनि जति चाहन्छन् त्यतिसम्म कामबाट अलग भई,... प्रथमध्यान प्राप्त गरी विहार गर्न सक्छन् ।

२-"भिक्षुहो ! जति चाहन्छु त्यतिसम्म म वितर्क विचारलाई उपशान्त गरी, अभ्यन्तर सम्प्रसादलाई चित्तमा एकाग्र गरी, वितर्क विचार रहित समाधिजः प्रीतिसुख भएको द्वितीयध्यान प्राप्त गरी विहार गर्छु । भिक्षुहो ! कश्यप पनि जति चाहन्छन् त्यतिसम्म... द्वितीयध्यान प्राप्त गरी विहार गर्न सक्छन् ।

---

१. सं. नि. II. पृ. १७६: कस्सपसंयुत्तं ; अ. क. II. पृ. १३१.

३–"भिक्षुहो ! जति चाहन्छु त्यतिसम्म म प्रीतिलाई पनि त्यागी, उपेक्षी भई, स्मृतिवान् र प्रज्ञावान् भई शरीरद्वारा सुखानुभव गरी—जसलाई आर्यहरू 'उपेक्षावान् स्मृतिवान् सुखपूर्वक बस्ने' भनी भन्दछन् त्यस्तो तृतीयध्यान प्राप्त गरी विहार गर्छु । भिक्षुहो ! कश्यप पनि...जति चाहन्छन् त्यतिसम्म तृतीयध्यान प्राप्त गरी विहार गर्न सक्छन् ।

४–"भिक्षुहो ! जति चाहन्छु त्यतिसम्म म सौमनस्य र दौर्मनस्यलाई पहिले नै अन्तगरी सुखदुःखलाई त्यागी, दुःख र सुख नभएको, स्मृति र उपेक्षा परिशुद्ध भएको चतुर्थध्यान प्राप्त गरी विहार गर्छु । भिक्षुहो ! कश्यप पनि जति चाहन्छन् त्यतिसम्म...चतुर्थध्यान प्राप्त गरी विहार गर्न सक्छन् ।

अरूपावचर—१–"भिक्षुहो ! जति चाहन्छु त्यतिसम्म म सर्वतो रूपसंज्ञालाई अतिक्रम गरी, प्रतिघ (=मानसिक द्वेषभाव) संज्ञालाई अन्त गरी, नानात्वसंज्ञालाई मनन नगरी—'अनन्त आकाश' भनी आकाशानन्त्यायतन प्राप्त गरी विहार गर्छु । भिक्षुहो ! कश्यप पनि जति चाहन्छन् त्यतिसम्म...आकाशानन्त्यायतन प्राप्त गरी विहार गर्न सक्छन् ।

२–"भिक्षुहो ! जति चाहन्छु त्यतिसम्म म सर्वतो आकाशानन्त्यायतनलाई अतिक्रम गरी 'अनन्त विज्ञान' भनी विज्ञानन्त्यायतन प्राप्त गरी विहार गर्छु । भिक्षुहो ! कश्यप पनि जति चाहन्छन् त्यतिसम्म...विज्ञानन्त्यायतन प्राप्त गरी विहार गर्न सक्छन् ।

३–"भिक्षुहो ! जतिसम्म चाहन्छु त्यतिसम्म म सर्वतो विज्ञानन्त्यायतनलाई अतिक्रम गरी, 'केही छैन' भनी आकिञ्चन्यायतन प्राप्त गरी विहार गर्छु । भिक्षुहो ! कश्यप पनि जति चाहन्छन् त्यतिसम्म... आकिञ्चन्यायतन प्राप्त गरी विहार गर्न सक्छन् ।

४–"भिक्षुहो ! जति चाहन्छु त्यतिसम्म म सर्वतो आकिञ्चन्यायतनलाई अतिक्रम गरी, नैवसंज्ञानासंज्ञायतन प्राप्त गरी विहार गर्छु । भिक्षुहो ! कश्यप पनि जति चाहन्छन् त्यतिसम्म...नैवसंज्ञानासंज्ञायतन प्राप्त गरी विहार गर्न सक्छन् ।

५–"भिक्षुहो ! जति चाहन्छु त्यतिसम्म म सर्वतो नैवसंज्ञानासंज्ञायतनलाई अतिक्रम गरी, संज्ञावेदयित निरोध (=संज्ञाद्वारा विदित हुने पनि निरोध) लाई प्राप्त गरी विहार गर्छु । भिक्षुहो ! कश्यप पनि जति चाहन्छन् त्यतिसम्म...संज्ञावेदयित निरोध प्राप्त गरी विहार गर्न सक्छन् ।

षडभिज्ञ

ऋद्धिविध—१–"भिक्षुहो ! जतिसम्म चाहन्छु त्यतिसम्म म ऋद्धिविधज्ञान अनुभव गर्छु—एक भइकन पनि बहुधा हुन्छु बहुधा भइकन पनि एक हुन्छु । प्रकट पनि हुन्छु अन्तरधान पनि हुन्छु । भित्ताको बीचबाट, परखालको बीचबाट, पर्वतको बिचबाट—आकाशमा जस्तै नछोइकन वारपार गर्छु । पानीमा डुब्की लगाए जस्तै गरी पृथ्वीमा पनि डुब्छु, माथि पनि आउँछु । पृथ्वीमा हिंडे जस्तै गरी

पानीमा पनि पानीले नभिजने गरी हिंड्छु । पंक्षि झैं आकाशमा पनि पलेटीमारी जान्छु । यस्तो महान तेजस्वी, महापराक्रमी चन्द्रसूर्यलाई पनि हातले परामर्श गर्छु, परिमार्जन गर्छु । ब्रह्मलोकसम्मलाई पनि आपनो कायद्वारा बशमा राख्छु । भिक्षुहो ! कश्यप पनि जतिसम्म चाहन्छन् त्यतिसम्म ऋद्धिविधज्ञान अनुभव गर्छन्— ...ब्रह्मलोकसम्म-लाई पनि आपनो कायद्वारा बशमा राख्न सक्छन् ।

दिव्यश्रोत—२–"भिक्षुहो ! जतिसम्म चाहन्छु त्यतिसम्म म अलौकिक विशुद्ध दिव्यश्रोतधातुद्वारा दुबै शब्दहरू सुन्न सक्छु—देवता-हरूको पनि, मनुष्यहरूको पनि; टाढाको पनि, नगिचको पनि । भिक्षुहो ! कश्यप पनि जतिसम्म चाहन्छन् त्यतिसम्म अलौकिक विशुद्ध दिव्यश्रोतद्वारा दुबै शब्दहरू सुन्न सक्छन्— ...।

परचित्तज्ञान—३–"भिक्षुहो ! जतिसम्म चाहन्छु त्यतिसम्म म परसत्वको, परपुद्गलको चित्तलाई आपनो चित्तले जान्दछु—सराग चित्तलाई 'सरागचित्त[१]' भनी, वीतराग चित्तलाई 'वीतरागचित्त' भनी, सदोष चित्तलाई 'सदोषचित्त' भनी, वीतदोष चित्तलाई 'वीतदोषचित्त' भनी, समोह चित्तलाई 'समोहचित्त' भनी, वीतमोह चित्तलाई 'वीतमोहचित्त' भनी, संक्षिप्त चित्तलाई 'संक्षिप्तचित्त' भनी, विक्षिप्त

---

१. 'सरागचित्त' देखि लिएर अगाडि 'अविमुक्तचित्त' सम्म सबैका अर्थ लेखकको बु. ब्रा. भा–२, पृ. १९३–९८ को पादटिप्पणीमा उल्लेख भएका छन् ।

चित्तलाई 'विक्षिप्तचित्त' भनी, महत्गत चित्तलाई 'महत्गतचित्त' भनी, अ-महत्गत चित्तलाई 'अ-महत्गतचित्त' भनी, स-उत्तर चित्तलाई 'स-उत्तरचित्त' भनी, अनुत्तर चित्तलाई 'अनुत्तरचित्त' भनी, समाहित चित्तलाई 'समाहितचित्त' भनी, असमाहित चित्तलाई 'असमाहितचित्त' भनी, विमुक्त चित्तलाई 'विमुक्तचित्त' भनी र अविमुक्त चित्तलाई 'अविमुक्तचित्त' भनी जान्दछु। भिक्षुहो! कश्यप पनि जतिसम्म चाहन्छन् त्यतिसम्म परसत्वको, परपुद्गलको चित्तलाई आफ्नो चित्तले जान्दछन्—सराग चित्तलाई 'सरागचित्त' भनी,...अविमुक्त चित्तलाई 'अविमुक्तचित्त' भनी।

पूर्वेनिवासानुस्मृति— ४–"भिक्षुहो! जतिसम्म चाहन्छु त्यतिसम्म म पूर्वजन्मका कुराहरू अनुस्मरण गर्नसक्छु—जस्तै एक जन्मको कुरा, दुइ जन्मको कुरा, तीन जन्मको कुरा, चार जन्मको कुरा, पाँच जन्मको कुरा; दश जन्मको कुरा, बीस जन्मको कुरा, तीस जन्मको कुरा, चालीस जन्मको कुरा, पचास जन्मको कुरा; शय जन्मको कुरा, हजार जन्मको कुरा, शयहजार जन्मको कुरा; अनेक संवर्तकल्प (=प्रलय) का कुराहरू, अनेक विवर्तकल्प (=सृष्टि) का कुराहरू पनि जान्दछु—'फलाना ठाउँमा थिएँ, यस्तो नाउँ, यस्तो गोत्र, यस्तो वर्ण, यस्तो आहार, यस्तो सुख दुःख प्रतिसंवेदी तथा यति आयु थियो। त्यहाँबाट च्युत भई अमुक स्थानमा उत्पन्न भएँ। त्यहाँ पनि यस्तो नाउँ, यस्तो गोत्र, यस्तो वर्ण, यस्तो आहार, यस्तो सुख दुःख प्रतिसंवेदी र यति आयु थियो। त्यहाँबाट च्युत भई यहाँ उत्पन्न भएँ। यसरी आकार

सहित उद्देश्य (=नाम गोत्र) सहित अनेक प्रकारका पूर्वजन्मका कुराहरू अनुस्मरण गर्नसक्छु। भिक्षुहो! कश्यप पनि जतिसम्म चाहन्छन् त्यतिसम्म पूर्वजन्मका कुराहरू अनुस्मरण गर्नसक्छन्—जस्तै एक जन्मको कुरा,...अनेक प्रकारका पूर्वजन्मका कुराहरू अनुस्मरण गर्न सक्छन्।

दिव्यचक्षु—५–"भिक्षुहो! जतिसम्म चाहन्छु त्यतिसम्म म अलौकिक विशुद्ध दिव्यचक्षुद्वारा हीनतामा र उत्तमतामा, सुवर्ण र दुर्वर्णतामा, सुगति र दुर्गतिमा उत्पन्न हुने प्राणीहरूलाई देख्दछु—'यी सत्वहरू कायदुश्चरितले युक्त भई, वचीदुश्चरितले युक्त भई, मनः दुश्चरितले युक्त भई, आर्यहरूको निन्दक भई, मिथ्यादृष्टिक भई, मिथ्यादृष्टिक युक्त काम गर्ने भई मृत्युपछि अपाय, दुर्गति, विनिपात, नर्कमा उत्पन्न भए। यी सत्वहरू कायसुचरितले युक्त भई, वचीसुचरितले युक्त भई, मनः सुचरितले युक्त भई, आर्यहरूको अनिन्दक भई, सम्यक्-दृष्टिक भई, सम्यक्दृष्टि युक्त कामगर्ने भई मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भए।' यसरी अलौकिक विशुद्ध दिव्यचक्षुद्वारा हीनतामा र उत्तमतामा, सुबर्णता र दुर्वणतामा, सुगति र दुर्गतिमा आ-आफ्नो कर्मानुसार उत्पन्न हुने सत्वहरूलाई जान्दछु। भिक्षुहो! कश्यप पनि जतिसम्म चाहन्छन् त्यतिसम्म अलौकिक विशुद्ध दिव्यचक्षुद्वारा हीनतामा र उत्तमतामा ..उत्पन्न हुने प्राणीहरूलाई देख्छन्—'यी सत्वहरू... मृत्युपछि सुगति स्वर्गलोकमा उत्पन्न भए।' यसरी अलौकिक विशुद्ध दिव्यचक्षुद्वारा हीनतामा र उत्तमतामा . उत्पन्न हुने सत्वहरूलाई जान्दछन्।

आस्रवक्षय—६–"भिक्षुहो! म आस्रव क्षय गरी अनास्रवी भई, चित्तविमुक्ति र प्रज्ञाविमुक्ति भई तथा यसै जीवनमा अभिज्ञालाई स्वयं साक्षात्कार गरी उपशान्त भई विहार गर्छु। भिक्षुहो! कश्यप पनि आस्रव क्षय गरी अनास्रवी भई, चित्तविमुक्ति र प्रज्ञाविमुक्ति भई तथा यसै जीवनमा अभिज्ञालाई स्वयं साक्षात्कार गरी विहार गर्छन्।"

× × ×

मूल सूत्र—

९. जो जस्तो छ उ त्यस्तैसँग मिल्छ

(चङ्कमसुत्तं[१])

एक समय, भगवान् राजगृहस्थित गृद्धकूट पर्वतमा बस्नुभएको थियो ।

त्यस समय (१) आयुष्मान् सारिपुत्र भगवान्को अविदूरमा केही भिक्षुहरूसँग चंक्रमण (=टहलिनु) गर्दै हुनुहुन्थ्यो । (२) आयुष्मान् महामौद्‌गल्यायन पनि भगवान्को अविदूरमा केही भिक्षुहरूसँग चंक्रमण गर्दै हुनुहुन्थ्यो । (३) आयुष्मान् महाकश्यप पनि भगवान्को अविदूरमा केही भिक्षुहरूसँग चंक्रमण गर्दै हुनुहुन्थ्यो । (४) आयुष्मान् अनुरुद्ध पनि भगवान्को अविदूरमा केही भिक्षुहरूसँग चंक्रमण गर्दै हुनुहुन्थ्यो । (५) आयुष्मान् पूर्णमन्त्राणिपुत्र (पुण्णो मन्तानिपुत्तो) पनि भगवान्को अविदूरमा केही भिक्षुहरूसँग चंक्रमण गर्दै हुनुहुन्थ्यो । (६) आयुष्मान् उपालि पनि भगवान्को अविदूरमा केही भिक्षुहरूसँग चंक्रमण गर्दै हुनुहुन्थ्यो । (७) आयुष्मान् आनन्द

---

१. सं. नि. II. पृ. १३२: धातुसंयुत्तं ; अ. क. II. पृ. १०५.

पनि भगवान्को अविदूरमा केही भिक्षुहरूसँग चंक्रमण गर्दै हुनुहुन्थ्यो ।
(८) आयुष्मान् देवदत्त पनि भगवान्को अविदूरमा केही भिक्षुहरूसँग चंक्रमण गर्दै हुनुहुन्थ्यो ।

अनि भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—

"भिक्षुहो ! तिमीहरूले सारिपुत्रलाई केही भिक्षुहरूसँग चंक्रमण गरिरहेको देख्दछौ के ?"

"भन्ते ! देख्दछौं ।"

"भिक्षुहो ! ती सबै भिक्षुहरू प्रहाप्राज्ञ हुन् । भिक्षुहो ! तिमीहरूले मौद्गल्यायनलाई केही भिक्षुहरूसँग चंक्रमण गरिरहेको देख्दछौ के ?"

"भन्ते ! देख्दछौं ।"

"भिक्षुहो ! ती सबै भिक्षुहरू महर्द्धिक हुन् । भिक्षुहो ! तिमीहरूले कश्यपलाई केही भिक्षुहरूसँग चंक्रमण गरिरहेको देख्दछौ के ?"

"भन्ते ! देख्दछौं ।"

"भिक्षुहो ! ती सबै भिक्षुहरू धुताङ्गधारी[1] हुन् । भिक्षुहो ! तिमीहरूले अनुरुद्धलाई केही भिक्षुहरूसँग चंक्रमण गरिरहेको देख्दछौ के ?"

"भन्ते ! देख्दछौं ।"

१. 'धुताङ्ग' भनेको के हो भन्ने बारेमा लेखकको बु. प. भा-१, पृ. १२३ को पादटिप्पणीमा हेर्नू ।

"भिक्षुहो ! ती सबै भिक्षुहरू दिव्यचक्षुलाभी[1] हुन् । भिक्षुहो ! तिमीहरूले पूर्ण मन्त्राणिपुत्रलाई केही भिक्षुहरूसँग चंक्रमण गरिरहेको देखदछौ के ?"

"भन्ते ! देखदछौं ।"

"भिक्षुहो ! ती सबै भिक्षुहरू धर्मकथिक हुन् । भिक्षुहो ! तिमीहरूले उपालिलाई केही भिक्षुहरूसँग चंक्रमण गरिरहेको देखदछौ के ?"

"भन्ते ! देखदछौं ।"

"भिक्षुहो ! ती सबै भिक्षुहरू विनयधर हुन् । भिक्षुहो ! तिमीहरूले आनन्दलाई केही भिक्षुहरूसँग चंक्रमण गरिरहेको देखदछौ के ?"

"भन्ते ! देखदछौं ।"

"भिक्षुहो ! ती सबै भिक्षुहरू बहुश्रुत हुन् । भिक्षुहो ! तिमीहरूले देवदत्तलाई केही भिक्षुहरूसँग चंक्रमण गरिरहेको देखदछौ के ?"

"भन्ते ! देखदछौं ।"

"भिक्षुहो ! ती सबै भिक्षुहरू कमसल विचारका (पापिच्छा) हुन् ।"

---

१. 'दिव्यचक्षु' भनेको के हो भन्ने बारेमा लेखकको बु. प. भा–१, पृ. ४६२; बु. गृ. भा–१, पृ. २५८; बु. रा. भा–१, पृ. २९४ अथवा बु. श्रा. भा–२, पृ. ३४० मा हेर्नू ।

"भिक्षुहो ! आ-आफना स्वभाव अनुसार (धातुसो) सत्वहरू मिल्दछन् र एकमेल हुन्छन्—हीन विचारका हीन विचार हुनेहरूसँग मिल्दछन् र एकमेल हुन्छन्; कल्याण (असल) विचारका कल्याण विचार हुनेहरूसँग मिल्दछन् र एकमेल हुन्छन् ।

"भिक्षुहो ! अतीतकालमा पनि आ-आफना स्वभाव अनुसार सत्वहरू मिल्दथे र एकमेल हुन्थे—हीन विचारका हीन विचार हुनेहरूसँग मिल्दथे र एकमेल हुन्थे; कल्याण विचारका कल्याण विचार हुनेहरूसँग मिल्दथे र एकमेल हुन्थे ।

"भिक्षुहो ! अनागतकालमा पनि आ-आफना स्वभाव अनुसार सत्वहरू मिल्नेछन् र एकमेल हुनेछन्—हीन विचारका हीन विचार हुनेहरूसँग मिल्नेछन् र एकमेल हुनेछन्; कल्याण विचारका कल्याण विचार हुनेहरूसँग मिल्नेछन् र एकमेल हुनेछन् ।

"भिक्षुहो ! अहिले वर्तमानकालमा पनि सत्वहरू आ-आफना स्वभाव अनुसार मिल्दछन् र एकमेल हुन्छन्—हीन विचारका हीन विचार हुनेहरूसँग मिल्दछन् र एकमेल हुन्छन्; कल्याण विचारका कल्याण विचार हुनेहरूसँग मिल्दछन् र एकमेल हुन्छन् ।"

× × ×

मूल सूत्र—

१०. बिरामी महाकश्यप स्थविर

(पठम गिलानसुत्तं[१])

एक समय, भगवान् राजगृहस्थित वेणुवनको कलन्दकनिवापमा बसिरहनुभएको थियो । त्यसबखत आयुष्मान् महाकश्यप सारै बिरामी भई पिप्फलि गुफामा बस्नुभएको थियो । अनि सन्ध्या समयमा भगवान् ध्यानबाट उठी जहाँ आयुष्मान् महाकश्यप हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुग्नुभएपछि बिच्छाइराखेको आसनमा बस्नुभयो । आसनमा बस्नुभएका भगवान्ले आयुष्मान् महाकश्यपसँग सोध्नुभयो—

"कश्यप ! तिमीलाई क्षमनीय र यापनीय छ के ? दुःख वेदना घटेको छ कि बढेको छ ? रोग घटेको छ कि बढेको छ ?"

"भन्ते ! मलाई क्षमनीय र यापनीय छैन । मलाई सारै दुःख वेदना बढेको छ घटेको छैन । बढेकै देखिन्छ घटेको देखिदैन ।

---

१. सं. नि. IV. पृ. ७४: बोज्झङ्गसंयुत्त; अ. क. III. पृ. १२८.

"कश्यप ! मैले सात बोध्यङ्गका कुरा बताएको छु। जुन भाविता र बहुलिकृत गर्दा अभिज्ञाको निमित्त र सम्बोधिको निमित्त तथा निर्वाणको निमित्त हुन्छ। कुन सात भने—(१) कश्यप ! स्मृतिसम्बोध्यङ्ग भाविता र बहुलिकृत गर्दा अभिज्ञाको निमित्त र सम्बोधिको निमित्त तथा निर्वाणको निमित्त हुन्छ भनी मैले बताएकोछु। (२) कश्यप ! धर्मविचय सम्बोध्यङ्ग, . (३) वीर्य सम्बोध्यङ्ग,... (४) प्रीतिसम्बोध्यङ्ग,... (५) प्रशब्धिसम्बोध्यङ्ग,... (६) समाधि सम्बोध्यङ्ग,...र (७) उपेक्षा सम्बोध्यङ्ग भाविता र बहुलिकृत गर्दा अभिज्ञाको निमित्त र सम्बोधिको निमित्त तथा निर्वाणको निमित्त हुन्छ भनी मैले बताएकोछु। कश्यप ! यी सात बोध्यङ्गलाई भाविता र बहुलिकृत गर्दा अभिज्ञाको निमित्त र सम्बोधिको निमित्त तथा निर्वाणको निमित्त हुन्छ भनी मैले बताएकोछु।"

"भगवान् ! बोध्यङ्गहरू राम्रा हुन्, सुगत ! बोध्यङ्गहरू राम्रा हुन्।"

भगवान्ले यति भन्नुभएपछि आयुष्मान् महाकश्यपले भगवान्को भाषणलाई अभिनन्दन गर्नुभयो। त्यस रोगबाट आयुष्मान् महाकश्यप उठ्नु पनि भयो र आयुष्मान् महाकश्यपको त्यो रोग निको पनि भयो।

× × ×

मूल सूत्र—

११. आनापान-स्मृति

(आनापानसतिसुत्तं [१])

पूर्वाराममा धर्मदेशना

यस्तो मैले सुनें।

एक समय, श्रावस्तीस्थित मृगारमाताको पूर्वाराम प्रासादमा भगवान् धेरै अभिज्ञात स्थविर श्रावकहरूसंग बसिरहनुभएको थियो। जस्तै—आयुष्मान् सारिपुत्र, आयुष्मान् महामौद्गल्यायन, आयुष्मान् महाकश्यप, आयुष्मान् महाकात्यायन, आयुष्मान् महाकोट्ठित, आयुष्मान् महाकप्पिन, आयुष्मान् महाचुन्द, आयुष्मान् अनुरुद्ध, आयुष्मान् रेवत, आयुष्मान् आनन्द तथा अरु पनि अभिज्ञात स्थविर श्रावकहरूसंग।

त्यसबखत स्थविर भिक्षुहरूले नयाँ भिक्षुहरूलाई अति उपदेश दिन्थे। केही स्थविर भिक्षुहरूले दशजना भिक्षुहरूलाई, केही स्थविर

१. म. नि. III. पृ. १४२, अ. क. IV. पृ. ९४.

भिक्षुहरूले बीसजना भिक्षुहरूलाई, केही स्थविर भिक्षुहरूले तीसजना भिक्षुहरूलाई र केही स्थविर भिक्षुहरूले चालीसजना भिक्षुहरूलाई अर्ति उपदेश दिन्थे। स्थविर भिक्षुहरूको अर्ति उपदेश सुनिसकेपछि यी नयाँ भिक्षुहरूले पहिले र पछिको[1] (पुब्बेनापरं) विशेषता जान्दथे।

त्यसबखत पवारणाको लागि पूर्णिमाको दिनमा पूर्ण पूर्णिमाको रातमा भिक्षुसङ्घद्वारा परिवृत्त भई भगवान् खुला ठाउँमा बसिरहनु-भएको थियो। अनि वहाँले चुपचाप भई बसिरहेका भिक्षुसङ्घलाई हेरी भिक्षुहरूलाई सम्बोधन गर्नुभयो—"भिक्षुहो! यस प्रतिपत्तिद्वारा म सन्तुष्टछु, यस प्रतिपत्तिद्वारा मेरो चित्त सन्तुष्ट भएको छ। भिक्षुहो! त्यसैले अप्रमत्त प्राप्तिको लागि, अप्राप्ति धर्म प्राप्तिको लागि र असाक्षात्कारलाई साक्षात्कार गर्नको लागि अझ बढी वीर्य बढाओ। म यहाँ श्रावस्तीमै चातुर्मासिनीको कौमुदि (कार्तिक पूर्णिमा) पूर्णिमासम्म बस्नेछु।" यो कुरा जानपदिक भिक्षुहरूले सुने "भगवान् उहीं श्रावस्तीमै कौमुदि पूर्णिमासम्म बस्नु हुनेछ।" ती जानपदिक भिक्षुहरू भगवान्को दर्शनार्थ श्रावस्तीमा आए। ती स्थविर भिक्षु-हरूले पनि नयाँ भिक्षुहरूलाई झन बढी अर्ति उपदेश दिनथाले। केही स्थविर भिक्षुहरूले दशजना भिक्षुहरूलाई, केही स्थविर भिक्षुहरूले बीसजना भिक्षुहरूलाई, केही स्थविर भिक्षुहरूले तीसजना भिक्षुहरूलाई

---

१. 'पहिले र पछिको विशेषता' भनेको शील परिशुद्धता र कसिण आदि कर्मस्थानलाई भनिएको हो। पपं. सू. IV. पृ. ९५: आना-पानसतिसुत्तवण्णना।

र केही स्थविर भिक्षुहरूले चालीसजना भिक्षुहरूलाई अर्ति उपदेश दिनथाले। स्थविर भिक्षुहरूको अर्ति उपदेश सुनी ती नयाँ भिक्षुहरूले पहिले र पछिको[1] (पुब्बेनापरं) विशेषता जाने।

त्यसबखत उपोसथको पन्ध्रौं दिनमा, चातुर्मासिनिको कौमुदि पूर्णिमाले पूर्णचन्द्र भएको रातमा भिक्षुसङ्घद्वारा परिवृत्त भई भगवान् खुला ठाउँमा बसिरहनुभएको थियो। अनि चुपचाप भई बसिरहेका भिक्षुसङ्घलाई हेरी भगवान्ले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो— "भिक्षुहो! यो परिषद् प्रलाप रहित छ। भिक्षुहो! यो परिषद् निष्प्रलाप छ र शुद्ध सारमा प्रतिष्ठित छ। भिक्षुहो! यो भिक्षुसङ्घ त्यस्तो छ, भिक्षुहो! यो परिषद् त्यस्तो छ जुन परिषद् आह्वान गर्न, पाहुना बनाउन, दक्षिणेय, नमस्कार गर्न योग्य र लोकका अनुपम पुण्यक्षेत्र छ। भिक्षुहो! यो भिक्षुसङ्घ त्यस्तो छ, भिक्षुहो! यो परिषद् त्यस्तो छ जसलाई थोरै दिंदा पनि धेरै हुन्छ र धेरै दिंदा झन धेरै हुन्छ। भिक्षुहो! यो भिक्षुसङ्घ त्यस्तो छ, भिक्षुहो! यो परिषद् त्यस्तो छ जसलाई लोकले देख्न दुर्लभ छ। भिक्षुहो! यो भिक्षुसङ्घ

---

१. 'पहिले र पछिको विशेषता जाने' भनी तरुण विपश्यना गर्नेहरूको विपश्यना बलियो भएको र पछिको विशेषता भनेको त्यसपछि समाहित चित्तद्वारा संस्कारलाई परामर्श गरी केहीले स्रोतापत्ति, केहीले सकृदागामी, केहीले अनागामी र केहीले अरहत् फल प्राप्त गरे भनी भनिएको हो। पपं. सू. IV. पृ. ९६: आनापानसति-नुत्तवण्णना।

त्यस्तो छ, भिक्षुहो ! यो परिषद् त्यस्तो छ जसको दर्शनार्थ बाटोखर्च लिई योजनौं गई दर्शन गर्न योग्य छ ।

(१) "भिक्षुहो ! यस भिक्षुसङ्घमा त्यस्ता भिक्षुहरू पनि छन् जो अरहन्त क्षीणास्रवी, ब्रह्मचर्यवास पुरा गरेका, गर्नुपर्ने गरिसकेका, भार बिसाइसकेका, स्व-अर्थ प्राप्त गरिसकेका, भवसंयोजनहरू क्षीण भएका तथा सम्यक्रूपले विमुक्ति भएका । भिक्षुहो ! यस भिक्षुसङ्घमा यस्ता भिक्षुहरू पनि छन् । (२) भिक्षुहो ! यस भिक्षुसङ्घमा त्यस्ता भिक्षुहरू पनि छन् जो पाँचै अधोभागीय संयोजहरू[१] (ओरम्भागियानं संयोजनानं) परिक्षीण गरी औपपातिक भई त्यहाँ परिनिर्वाण हुने र त्यस लोकबाट फेरि यहाँ नफर्कने । भिक्षुहो ! यस भिक्षुसङ्घमा यस्ता भिक्षुहरू पनि छन् । (३) भिक्षुहो ! यस भिक्षुसङ्घमा त्यस्ता भिक्षुहरू पनि छन् जो तीनै संयोजनहरू[२] परिक्षीण भएका, राग द्वेष मोहलाई दुर्बल पारी सकृदागामी भई एक पटक मात्र यसलोकमा आई दुःखक्षय गर्ने । भिक्षुहो ! यस भिक्षुसङ्घमा यस्ता भिक्षुहरू पनि छन् । (४) भिक्षुहो ! यस भिक्षुसङ्घमा त्यस्ता भिक्षुहरू पनि छन् जो तीनै संयोजनहरू परिक्षीण गरी स्रोतापन्न भई अविनिपाती भई निश्चिन्त-

---

१. 'पाँच अधोभागीय संयोजनहरू' भनेका के के हुन् भन्ने कुरा लेखकको बु. गृ. भा–२, पृ. २०६ को पादटिप्पणीमा अथवा बु. गृ. भा–१, पृ. २७० को पादटिप्पणीमा उल्लेख भएका छन् ।

२. तीन संयोजन भनेका सत्कायदृष्टि, विचिकित्सा र शीलव्रतपरामर्श हुन् ।

रूपले सम्बोधिपरायण भएका। भिक्षुहो! यस भिक्षुसङ्घमा यस्ता भिक्षुहरू पनि छन्।

"भिक्षुहो! यस भिक्षुसङ्घमा चारै सतिपट्ठान (=स्मृतिप्रस्थान) भावनामा लागिरहने भिक्षुहरू पनि छन्। भिक्षुहो! यस भिक्षुसङ्घमा चारै सम्मप्पधान (सम्यक्प्रधान[1]) भावनामा लागिरहने भिक्षुहरू पनि छन्। भिक्षुहो! यस भिक्षुसङ्घमा चारै ऋद्धिपाद[2]... पाँचै इन्द्रिय[3]... पाँचै बल[4]... सातै बोध्यङ्ग[5]... तथा आर्यअष्टाङ्गिक मार्ग भावनामा लागिरहने भिक्षुहरू पनि छन्। भिक्षुहो! यस भिक्षुसङ्घमा मैत्री भावनामा लागिरहने भिक्षुहरू पनि छन्... करुणा भावनामा लागिरहने भिक्षुहरू पनि छन्... मुदिता भावनामा लागिरहने भिक्षुहरू पनि छन्... र उपेक्षा भावनामा लागिरहने भिक्षुहरू पनि छन्।... अशुभ भावनामा

---

१. 'सम्यक्प्रधान' भनेको केहो भन्ने कुरा लेखकको बु. श्राच. भा-३, पृ. १६१ मा उल्लेख भएको छ।

२. चारऋद्धिपाद भनेको कस्तो हो भन्ने कुरा लेखकको बु. प. भा-१, पृ. ३१८ को पादटिप्पणीमा उल्लेख भएको छ।

३. पाँच इन्द्रिय भनेका के के हुन् भन्ने कुरा लेखकको बु. प. भा-१, पृ. ३१९ मा उल्लेख भएका छन्।

४. पाँच बल भनेको केहो भन्ने कुरा लेखकको बु. प. भा-१, पृ. ३१९ मा हेर्नू।

५. सात बोध्यङ्ग भनेको केहो भन्ने कुरा लेखकको बु. प. भा-१, पृ. ३१९ मा हेर्नू।

लागिरहने भिक्षुहरू पनि छन्...अनित्यसंज्ञा भावनामा लागिरहने भिक्षुहरू पनि छन् । भिक्षुहो ! यस भिक्षुसङ्घमा आनापानस्मृति भावनामा लागिरहने भिक्षुहरू पनि छन् ।

आनापान-स्मृतिद्वारा सतिपट्ठान पूरा हुन्छ

"भिक्षुहो ! आनापानस्मृति भाविता र बहुलिकृत गर्दा महत्फलदायी र महानृशंस हुन्छ । भिक्षुहो ! आनापानस्मृति भाविता र बहुलिकृत गर्दा चार सतिपट्ठान (=चार स्मृतिप्रस्थान) परिपूर्ण हुन्छ । चार सतिपट्ठान भाविता र बहुलिकृत गर्दा सात बोध्यङ्ग परिपूर्ण हुन्छ । सात बोध्यङ्ग भाविता र बहुलिकृत गर्दा विद्या-विमुक्ति परिपूर्ण हुन्छ ।

A. "भिक्षुहो ! कसरी आनापानस्मृति भाविता र बहुलिकृत गर्दा महत्फलदायी र महानृशंस हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु जंगलमा होस् वा रुखमनि होस् वा निर्जन स्थानमा होस् पलेटीमारी शरीर सीधापारी मुख अगाडि स्मृति (=होश) राखी बस्छ । उ होश राखी सास लिन्छ र होश राखी सास फेर्छ ।

"लामो सास लिंदा 'लामो सास लिंदैछु' भनी जान्दछ । लामो सास फेर्दा 'लामो सास फेर्दैछु' भनी जान्दछ । छोटो सास लिंदा 'छोटो सास लिंदैछु' भनी जान्दछ । छोटो सास फेर्दा 'छोटो सास फेर्दैछु' भनी जान्दछ । 'सम्पूर्ण कायमा होश राखी सास लिन्छु' भनी सिक्छ ।

'सम्पूर्ण कायमा होश राखी सास फेर्छु' भनी सिक्छ । 'कायसंस्कारलाई[1] शान्तपारी सास लिन्छु' भनी सिक्छ । कायसंस्कारलाई शान्तपारी सास फेर्छु' भनी सिक्छ ।

B. "'प्रीतिलाई अनुभव गरी सास लिन्छु' भनी सिक्छ । 'प्रीतिलाई अनुभव गरी सास फेर्छु' भनी सिक्छ । 'सुखलाई अनुभव गरी सास लिन्छु' भनी सिक्छ । 'सुखलाई अनुभव गरी सास फेर्छु' भनि सिक्छ । 'चित्तसंस्कारलाई[2] अनुभव गरी सास लिन्छु' भनी सिक्छ । 'चित्तसंस्कारलाई अनुभव गरी सास फेर्छु' भनी सिक्छ । 'चित्तसंस्कारलाई शान्तपारी सास लिन्छु' भनी सिक्छ । 'चित्तसंस्कार-लाई शान्तपारी सास फेर्छु' भनी सिक्छ ।

---

१. कायसंस्कार भनेको श्वास प्रश्वास हो । यो चाहिं मोटा मोटा सास नभएर अति सूक्ष्म सास अर्पणा समाधिमा लाभ हुन्छ । चतुर्थध्यानमा चाहिं श्वास प्रश्वास निरुद्ध नै हुन्छ । यसैलाई यहाँ 'कायसंस्कारलाई शान्त पारी' भनिएको हो । पटि. म. अ. क. पृ. २१५: अरणविहार, ञाणनिद्देसवण्णना र सुमं. वि. II. पृ. ३६४: जनवसभसुत्तवण्णना । कायसंस्कार भनेको चित्तको प्रभावद्वारा उत्पन्न हुने स्वभाव धर्म हो । अतः यहाँ मोटा मोटा साललाई सूक्ष्म गर्दै लैजाने भनेको अर्थलाई पनि बुझ्नु वेश हुनेछ । विसु. म. भा-१, पृ. ५८१.

२. संज्ञा र वेदनास्कन्धलाई 'चित्तसंस्कार' भनिन्छ । हेर्नू लेखकको बु. श्राच. भा-२, पृ. ११३ र बु. श्रावि. च. भा-१, पृ. ३७३: धर्मदिन्ना ।

C. "'चित्त प्रतिसंवेदी भई (=चित्तविज्ञानलाई जानी) सास लिन्छु' भनी सिक्छ। 'चित्त प्रतिसंवेदी भई सास फेर्छु' भनी सिक्छ। 'चित्त अभिप्रमोद (=चित्तलाई प्रमुदित पारी) गरी सास लिन्छु' भनी सिक्छ। 'चित्त अभिप्रमोद गरी सास फेर्छु' भनी सिक्छ। 'चित्त समाधिष्ठ गरी (=चित्तलाई निश्चल गरी) सास लिन्छु' भनी सिक्छ। 'चित्त समाधिष्ठ गरी सास फेर्छु' भनी सिक्छ। 'चित्त बिमोचन गरी (=रागबाट हटाई) सास लिन्छु' भनी सिक्छ। 'चित्त विमोचन गरी सास फेर्छु' भनी सिक्छ।

D. "'अनित्यानुपश्यी भई (=पञ्चस्कन्धको अनित्यतालाई हेरी) सास लिन्छु' भनी सिक्छ। 'अनित्यानुपश्यी भई सास फेर्छु' भनी सिक्छ। 'विरागानुपश्यी भई (=रूपमा राग नराखी) सास लिन्छु' भनी सिक्छ। 'विरागानुपश्यी भई सास फेर्छु' भनी सिक्छ। 'निरोधानुपश्यी भई (=रूपलाई निरोध गरी) सास लिन्छु' भनी सिक्छ। 'निरोधानुपश्यी भई सास फेर्छु' भनी सिक्छ। 'प्रतिनिस्सर्गानुपश्यी भई (=रूपलाई त्यागी) सास लिन्छु' भनी सिक्छ। 'प्रतिनिस्सर्गानुपश्यी भई सास फेर्छु' भनी सिक्छ। भिक्षुहो! यसरी भाविता र बहुलिकृत गर्दा आनापानस्मृतिको फल महान र महानृशंस हुन्छ।

(क) "भिक्षुहो! कसरी आनापानस्मृति भाविता र बहुलिकृत गर्दा चार सतिपट्ठान परिपूर्ण हुन्छ? भिक्षुहो! जब भिक्षु लामो सास लिंदा 'लामो सास लिंदैछु' भनी जान्दछ। लामो सास फेर्दा 'लामो सास फेर्दैछु' भनी जान्दछ। छोटो सास लिंदा 'छोटो सास

लिंदैछु' भनी जान्दछ। छोटो सास फेर्दा 'छोटो सास फेर्दैछु' भनी जान्दछ। 'सम्पूर्ण कायमा होश राखी सास लिन्छु' भनी सिक्छ। 'सम्पूर्ण कायमा होश राखी सास फेर्छु'' भनी सिक्छ। 'कायसंस्कारलाई शान्तपारी सास लिन्छु' भनी सिक्छ। 'कायसंस्कारलाई शान्तपारी सास फेर्छु'' भनी सिक्छ। भिक्षुहो ! तब यस शरीरलोकबाट अभिध्या दौर्मनस्य दूर गर्नको निमित्त आतप्त युक्त भई सम्प्रज्ञानी भई, स्मृतिमान भई कायमा कायानुपश्यी भई भिक्षु विहार गर्छ। भिक्षुहो ! यसरी यो आश्वास प्रश्वासलाई कायहरूमध्ये एक काय भनी भन्दछु। भिक्षुहो ! त्यसो हुनाले त्यसबखत यस शरीरलोकबाट अभिध्या दौर्मनस्य दूर गर्नको निमित्त आतप्त युक्त भई सम्प्रज्ञानी भई, स्मृतिमान भई कायमा कायानुपश्यी भई भिक्षु विहार गर्छ।

(ख) ''भिक्षुहो ! जब 'प्रीतिलाई अनुभव गरी सास लिन्छु' भनी सिक्छ, 'प्रीतिलाई अनुभव गरी सास फेर्छु'' भनी सिक्छ; 'सुखलाई अनुभव गरी सास लिन्छु' भनी सिक्छ, 'सुखलाई अनुभव गरी सास फेर्छु'' भनी सिक्छ; 'चित्तसंस्कारलाई अनुभव गरी सास लिन्छु' भनी सिक्छ, 'चित्तसंस्कारलाई अनुभव गरी सास फेर्छु'' भनी सिक्छ; 'चित्तसंस्कारलाई शान्तपारी सास लिन्छु' भनी सिक्छ, 'चित्तसंस्कारलाई शान्तपारी सास फेर्छु'' भनी सिक्छ; तब यस शरीरलोकबाट अभिध्या दौर्मनस्य दूर गर्नको निमित्त आतप्त युक्त भई सम्प्रज्ञानी भई, स्मृतिमान भई वेदनामा वेदनानुपश्यी भई भिक्षु विहार गर्छ। भिक्षुहो ! यसरी यो आश्वास प्रश्वास राम्ररी मनमा राख्नुलाई नै वेदनाहरूमध्ये एक वेदना हो भनी भन्दछु। भिक्षुहो ! त्यसो हुनाले

त्यसबखत यस शरीरलोकबाट अभिध्या दौर्मनस्य दूर गर्नको निमित्त आतप्त युक्त भई सम्प्रज्ञानी भई, स्मृतिमान भई वेदनामा वेदनानुपश्यी भई भिक्षु विहार गर्छ।

(ग) "भिक्षुहो! जब 'चित्तप्रतिसंवेदी भई सासलिन्छु' भनी सिक्छ, 'चित्तप्रतिसंवेदी भई सास फेर्छु' भनी सिक्छ; 'चित्त अभिप्रमोद गरी सास लिन्छु' भनी सिक्छ, 'चित्तअभिप्रमोद गरी सास फेर्छु' भनी सिक्छ; 'चित्तसमाधिष्ठ गरी सास लिन्छु' भनी सिक्छ, 'चित्तसमाधिष्ठ गरी सास फेर्छु' भनी सिक्छ; 'चित्तविमोचन गरी सास लिन्छु' भनी सिक्छ, 'चित्तविमोचन गरी सास फेर्छु' भनी सिक्छ; भिक्षुहो! तब यस सरीरलोकबाट अभिध्या दौर्मनस्य दूर गर्नको निमित्त...चित्तमा चित्तानुपश्यी भई भिक्षु विहार गर्छ। भिक्षुहो! मोहित हुने (मुट्ठस्सतिस्स) असम्प्रज्ञानी हुनेको लागि आनापानस्मृति (हुन्छ भनी) म भन्दिन। भिक्षुहो! त्यसैले त्यसबखत यस शरीरलोकबाट अभिध्या दौर्मनस्य दूर गर्नको निमित्त आतप्त युक्त भई सम्प्रज्ञानी भई, स्मृतिमान भई चित्तमा चित्तानुपश्यी भई भिक्षु विहार गर्छ।

(घ) "भिक्षुहो! जब 'अनित्यानुपश्यी भई सास लिन्छु' भनी सिक्छ, 'अनित्यानुपश्यी भई सास फेर्छु' भनी सिक्छ; 'विरागानुपश्यी भई सास लिन्छु' भनी सिक्छ, 'विरागानुपश्यी भई सास फेर्छु' भनी सिक्छ; 'निरोधानुपश्यी भई सास लिन्छु' भनी सिक्छ, 'निरोधानुपश्यी भई सास फेर्छु' भनी सिक्छ; 'प्रतिनिस्सर्गानुपश्यी भई सास लिन्छु' भनी सिक्छ, 'प्रतिनिस्सर्गानुपश्यी भई सास फेर्छु' भनी सिक्छ;

भिक्षुहो ! तब यस शरीरलोकबाट अभिध्या दौर्मनस्य दूर गर्नको निमित्त आतप्त युक्त भई सम्प्रज्ञानी भई, स्मृतिमान भई धर्ममा धर्मानुपश्यी भई भिक्षु विहार गर्छ। जुन त्यसको अभिध्या दौर्मनस्य प्रहाण हो त्यो उसले राम्ररी भित्रबाट हेरेको हुन्छ (अज्झुपेक्खिता होति)। भिक्षुहो ! त्यसले त्यसबखत यस शरीरलोकबाट अभिध्या दौर्मनस्य दूर गर्नको निमित्त आतप्त युक्त भई सम्प्रज्ञानी भई, स्मृतिमान भई धर्ममा धर्मानुपश्यी भई भिक्षु विहार गर्छ।

"भिक्षुहो ! यसरी भाविता र बहुलिकृत गरेको आनापाना-स्मृतिले चार सतिपट्ठान परिपूर्ण हुन्छ।

सतिपट्ठानद्वारा बोध्यङ्ग पूरा हुन्छ

A. १–"भिक्षुहो ! कसरी चार सतिपट्ठान भाविता र बहुलि-कृत गर्दा सम्बोध्यङ्ग परिपूर्ण हुन्छ ? भिक्षुहो ! जुनबखत भिक्षु कायमा कायानुपश्यी भई यस शरीरलोकबाट अभिध्या दौर्मनस्य दूर गर्नको निमित्त आतप्त युक्त भई, सम्प्रज्ञानी भई, स्मृतिमान भई भिक्षु विहार गर्छ त्यसबखत उसको स्मृति असम्मोहित भई (असम्मुट्ठा) थातमा रहन्छ। भिक्षुहो ! जब असम्मोहित भई भिक्षुको स्मृति थातमा रहन्छ तब भिक्षुको स्मृतिसम्बोध्यङ्ग आरब्ध (=प्रारम्भ) हुन्छ। त्यसबखत भिक्षु स्मृतिसम्बोध्यङ्गलाई भाविता गर्छ (=बढाउँछ)। त्यसबखत भिक्षुको सप्तबोध्यङ्ग-भावना परिपूर्ण हुन्छ।

२–"त्यसरी स्मृतिमान भई विहार गर्दा उ त्यो धर्मलाई प्रज्ञा-द्वारा (=विपश्यना प्रज्ञाद्वारा) प्रविचन-प्रविचय गरी परिविमर्शनामा आइपुग्छ। भिक्षुहो! जब त्यसरी स्मृतिमान भई त्यो धर्मलाई प्रज्ञाद्वारा प्रविचन-प्रविचय गरी परिबिमर्शनमा आइपुग्छ तब भिक्षुको धर्मविचय सम्बोध्यङ्ग आरब्ध हुन्छ। त्यसबखत भिक्षु धर्मविचय सम्बोध्यङ्ग भाविता गर्छ र त्यसँवेला भिक्षुको धर्मविचय सम्बोध्यङ्ग-भावना परिपूर्ण हुन्छ।

३–"त्यो धर्मलाई प्रज्ञाद्वारा प्रविचन-प्रविचय गर्दा परिविमर्शमा आइपुग्दा उसको वीर्य विकसित भई बढ्छ। भिक्षुहो! जुन बखत भिक्षुको त्यो धर्म प्रज्ञाद्वारा प्रविचन-प्रविचय गरी परिविमर्शन गरी विकसित भई वीर्य बढ्छ त्यसँबखत भिक्षु वीर्यवान हुन्छ त्यसँबखत भिक्षु वीर्यसम्बोध्यङ्ग भाविता गर्छ र त्यसँबखत भिक्षुको वीर्य-सम्बोध्यङ्ग-भावना परिपूर्ण हुन्छ।

४–"आरब्ध वीर्य हुनेको निरामिसप्रीति उत्पन्न हुन्छ। भिक्षुहो! जुन बखत आरब्ध वीर्य हुने भिक्षुको निरामिस प्रीति उत्पन्न हुन्छ त्यसबखत भिक्षुको प्रीतिसम्बोध्यङ्ग प्रारम्भ हुन्छ, त्यसँबखत भिक्षु प्रीतिसम्बोध्यङ्ग भाविता गर्छ र त्यसँबेला भिक्षुको प्रीतिसम्बोध्यङ्ग-भावना परिपूर्ण हुन्छ।

५–"प्रीति मन हुनेको काय र चित्त शान्त हुन्छ। भिक्षुहो! जुनबखत प्रीति मन हुनेको काय र चित्त शान्त हुन्छ त्यसबखत भिक्षुको प्रशब्धिसम्बोध्यङ्ग प्रारम्भ हुन्छ, त्यसँबखत भिक्षु प्रशब्धिसम्बोध्यङ्ग

भावित गर्छ र त्यसैबेला भिक्षुको प्रशब्धिसम्बोध्यङ्ग-भावना परिपूर्ण हुन्छ ।

६–"प्रशब्धिकाय हुनेको चित्त समाधिष्ठ हुन्छ । भिक्षुहो ! जुन बखत प्रशब्धिकाय भई भिक्षुको चित्त समाधिष्ठ हुन्छ त्यसबखत भिक्षुको समाधिसम्बोध्यङ्ग प्रारम्भ हुन्छ, त्यसैबखत भिक्षु समाधि-सम्बोध्यङ्ग भावित गर्छ र त्यसैबेला भिक्षुको समाधिसम्बोध्यङ्ग-भावना परिपूर्ण हुन्छ ।

७–"उ त्यसरी समाहित भएको चित्तलाई भित्रबाट राम्ररी हेर्छ । भिक्षुहो ! जुन बखत त्यसरी समाहित भएको चित्तलाई भित्रबाट राम्ररी हेर्छ त्यसैबखत भिक्षुको उपेक्षासम्बोध्यङ्ग प्रारम्भ हुन्छ । त्यसैबखत भिक्षु उपेक्षासम्बोध्यङ्ग भावित गर्छ र त्यसैबखत भिक्षुको उपेक्षासम्बोध्यङ्ग-भावना परिपूर्ण हुन्छ ।

B. १–"भिक्षुहो ! जुन बखत भिक्षु वेदनामा वेदनानुपश्यी भई...चित्तमा चित्तानुपश्यी भई...धर्ममा धर्मानुपश्यी भई यस शरीरलोकबाट अभिध्या दौर्मनस्य दूर गर्नको निमित्त आतप्त युक्त भई, सम्प्रज्ञानी भई, स्मृतिमान भई विहार गर्छ त्यसबखत उसको स्मृति असम्मोहित भई थातमा रहन्छ । भिक्षुहो ! जब भिक्षुको स्मृति असम्मोहित भई थातमा रहन्छ तब भिक्षुको स्मृतिसम्बोध्यङ्ग प्रारम्भ हुन्छ । त्यसबखत भिक्षु स्मृतिसम्बोध्यङ्गलाई भावित गर्छ र त्यसैबखत भिक्षुको स्मृतिसम्बोध्यङ्ग-भावना परिपूर्ण हुन्छ ।

२–"त्यसरी स्मृतिमान भई विहार गर्दा उ त्यो धर्मलाई प्रज्ञाद्वारा प्रविचन-प्रविचय गरी परिविमर्शमा आइपुग्छ । भिक्षुहो ! जब त्यसरी स्मृतिमान भई त्यो धर्मलाई प्रज्ञाद्वारा प्रविचन-प्रविचय गरी परिविमर्शनमा आइपुग्छ तब भिक्षुको धर्मविचयसम्बोध्यङ्ग प्रारम्भ हुन्छ, त्यसँबखत भिक्षु धर्मविचयसम्बोध्यङ्गलाई भाविता गर्छ र त्यसँबेला भिक्षुको धर्मविचयसम्बोध्यङ्ग-भावना परिपूर्ण हुन्छ ।

३–"त्यो धर्मलाई प्रज्ञाद्वारा प्रविचन-प्रविचय गर्दा परिविमर्शनमा आइपुग्दा उसको वीर्य विकसित भई बढ्छ । भिक्षुहो ! जुन बखत भिक्षुको त्यो धर्म प्रज्ञाद्वारा प्रविचन-प्रविचय गरी परिविमर्शन गरी विकसित भई वीर्य बढ्छ त्यसबखत भिक्षु वीर्यवान् हुन्छ । त्यसँबखत वीर्यसम्बोध्यङ्गलाई भाविता गर्छ र त्यसँबेला भिक्षुको वीर्यसम्बोध्यङ्ग-भावना परिपूर्ण हुन्छ ।

४–"आरब्धवीर्य हुनेको निरामिसप्रीति उत्पन्न हुन्छ । भिक्षुहो ! जुन बखत आरब्धवीर्य हुने भिक्षुको निरामिसप्रीति उत्पन्न हुन्छ त्यसबखत भिक्षुको प्रीतिसम्बोध्यङ्ग प्रारम्भ हुन्छ त्यसँबखत भिक्षु प्रीतिसम्बोध्यङ्गलाई भाविता गर्छ र त्यसँबेला भिक्षुको प्रीतिसम्बोध्यङ्ग-भावना परिपूर्ण हुन्छ ।

५–"प्रीति मन हुनेको काय र चित्त शान्त हुन्छ । भिक्षुहो ! जुन बखत प्रीति मन हुनेको काय र चित्त शान्त हुन्छ त्यसबखत भिक्षुको प्रशब्धिसम्बोध्यङ्ग प्रारम्भ हुन्छ । त्यसबखत भिक्षु प्रशब्धिसम्बोध्यङ्ग-

लाई भाविता गर्छ र त्यसैबेला भिक्षुको प्रशब्धिसम्बोध्यङ्ग-भावना परिपूर्ण हुन्छ ।

६—"प्रशब्धि काय हुनेको चित्त समाधिष्ठ हुन्छ । भिक्षुहो ! जुन बखत प्रशब्धिकाय भई भिक्षुको चित्त समाधिष्ठ हुन्छ त्यसबखत भिक्षुको समाधिसम्बोध्यङ्ग प्रारम्भ हुन्छ, त्यसबखत भिक्षु समाधि-सम्बोध्यङ्गलाई भाविता गर्छ र त्यसैबेला भिक्षुको समाधिसम्बोध्यङ्ग-भावना परिपूर्ण हुन्छ ।

× ×

७—"उ त्यसरी समाहित भएको चित्तलाई भित्रबाट राम्ररी हेर्छ (अज्झुपेक्खिता होति) । भिक्षुहो ! जुन बखत त्यसरी समाहित भएको चित्तलाई भित्रबाट राम्ररी हेर्छ त्यसबखत भिक्षुको उपेक्षा-सम्बोध्यङ्ग प्रारम्भ हुन्छ, त्यसबखत भिक्षु उपेक्षासम्बोध्यङ्गलाई भाविता गर्छ र त्यसैबेला भिक्षुको उपेक्षासम्बोध्यङ्ग-भावना परिपूर्ण हुन्छ ।

"भिक्षुहो ! यसरी भाविता र बहुलिकृत गरेको चार सति-पट्ठानद्वारा सप्तबोध्यङ्ग परिपूर्ण हुन्छ ।

"भिक्षुहो ! कसरी भाविता र बहुलिकृत गरेको सप्तबोध्यङ्ग-द्वारा विद्याविमुक्ति परिपूर्ण हुन्छ ? भिक्षुहो ! यहाँ भिक्षु स्मृति-सम्बोध्यङ्ग भाविता गर्छ—बिवेकनिश्रित, विरागनिश्रित, निरोधनिश्रित र परित्याग परिणामी । धर्मबिचयसम्बोध्यङ्ग .. वीर्यसम्बोध्यङ्ग... प्रीतिसम्बोध्यङ्ग...प्रशब्धिसम्बोध्यङ्ग...समाधिसम्बोध्यङ्ग...र उपेक्षा-

सम्बोध्यङ्ग भाविता गर्छ — विवेकनिश्रित, बिरागनिश्रित, निरोधनिश्रित र परित्याग परिणामी ।

"भिक्षुहो ! यसरी भाविता र बहुलिकृत गरेका सात बोध्यङ्गले विद्याविमुक्ति परिपूर्ण गर्छ ।"

भगवान्‌ले यति भन्नुभयो । सन्तुष्ट भएका ती भिक्षुहरूले भगवान्‌को भाषणलाई अभिनन्दन गरे ।

× × ×

मूल सूत्र—

१२. अहिले भगवान् कहाँ हुनुहुन्छ ?

(अञ्ञतरब्रह्मसुत्तं[१])

श्रावस्तीमा ।

त्यस समय एक ब्रह्माको यस्तो दृष्टि (=पापकंदिट्ठि) उत्पन्न भएको थियो—"त्यस्ता कुनै श्रमण वा ब्राह्मण छैनन् जो यहाँ आउन सक्छन् ।" अनि भगवान्ले सो ब्रह्माको चित्तवितर्कनालाई आफ्नो चित्तले जानी—जस्तै कुनै बलवान् पुरुषले खुम्चेको बाहुलाई पसार्छ अथवा पसारेको बाहुलाई खुम्च्याउँछ, त्यस्तै गरी भगवान् जेतवनमा अन्तर्धान भई त्यस ब्रह्मलोकमा प्रकट हुनुभयो। अनि सो ब्रह्माभन्दा माथि आकाशमा तेजधातु[२]-समाधिमा तल्लीन भई भगवान् पलेटिमारी बस्नुभयो ।

---

१. सं. नि. I. पृ. १४५: ब्रह्मसंयुत्तं; अ. क. I. पृ. १६५.

२. तेजधातु ध्यान भनेको तेजकसिण भन्ने ध्यान हो । यस ध्यानमा बसी अधिष्ठान गर्दा ज्वाला, प्रकाश तथा तेज निस्कन्छन् । यस्तै

(१) अनि त्यसबेला आयुष्मान् महामौद्गल्यायनलाई यस्तो लाग्यो—"अहिले भगवान् कहाँ हुनुहुँदो रहेछ?" अनि आयुष्मान् महामौद्गल्यायनले मनुष्य चक्षुद्वारा देख्न नसकिने विशुद्ध दिव्यचक्षुद्वारा भगवान्लाई सो ब्रह्माभन्दा माथि आकाशमा पलेटिमारी तेजधातु-समाधिमा तल्लीन भई बसिरहनुभएको देख्नुभयो। यो देखेर जस्तै कुनै बलवान् पुरुषले खुम्चेको बाहुलाई पसार्छ अथवा पसारेको बाहुलाई खुम्च्याउँछ त्यस्तै गरी जेतवनमा अन्तर्धान भई त्यस ब्रह्मलोकमा प्रकट हुनु भयो। अनि आयुष्मान् महामौद्गल्यायन पनि पूर्वदिशातिर सो ब्रह्माभन्दा माथि आकाशमा पलेटिमारी तेजधातु-समाधिमा तल्लीन भई भगवान्को मुनि बस्नुभयो[1]।

ध्यानमा बस्नुभई 'ज्वाला निस्कोस्' भन्ने अधिष्ठान गरी ब्रह्मालाई महाज्वाला देखाउनु भई भगवान् उनको माथि आकाशमा पलेटिमारी बस्नुभयो। सं. नि. अ. क. I. पृ. १६५: अञ्ञतर-ब्रह्मसुत्तवण्णना, ब्रह्मसंयुत्तं।

१. महामौद्गल्यायन महास्थविर त्यहाँ किन जानुभएको हो भन्ने प्रश्नको उत्तरमा सं. नि. अ. क. I. पृ. १६५-६६ ले यसरी उल्लेख गरेको छ—

"जब आयुष्मान् महामौद्गल्यायनले ध्यानदृष्टिद्वारा भगवान्लाई ब्रह्मलोकमा देख्नुभयो तब वहाँले 'यी ब्रह्मा हठी (अट्ठिवेधि) छन्, अतः म पनि त्यहाँ जानुपर्‍यो' भन्ने कुरा मनमा लागेपछि भगवान्को साथ दिन त्यहाँ जानुभएको हो। सो ब्रह्माले

(२) अनि आयुष्मान् महाकश्यपलाई यस्तो लाग्यो—"अहिले भगवान् कहाँ हुनुहुँदो रहेछ ?" अनि आयुष्मान् महाकश्यपले मनुष्य चक्षुद्वारा देख्न नसकिने विशुद्ध दिव्यचक्षुद्वारा भगवान्लाई सो ब्रह्माभन्दा माथि आकाशमा पलेटिमारी तेजधातु-समाधिमा तल्लीन भई बसिरहनुभएको देख्नुभयो। यो देखेर जस्तै कुनै बलवान् पुरुषले खुम्चेको बाहुलाई पसार्छ अथवा पसारेको बाहुलाई खुम्च्याउँछ त्यस्तै गरी... ब्रह्मलोकमा प्रकट हुनुभयो। अनि आयुष्मान् महाकश्यप पनि दक्षिण दिशातिर सो ब्रह्माको माथि आकाशमा पलेटिमारी तेजधातु-समाधिमा तल्लीन भई भगवान् मुनि बस्नुभयो।

(३) अनि आयुष्मान् अनुरुद्धलाई यस्तो लाग्यो—"अहिले भगवान् कहाँ हुनुहुंदो रहेछ ?" अनि आयुष्मान् अनुरुद्धले मनुष्य चक्षुद्वारा देख्न नसकिने विशुद्ध दिव्यचक्षुद्वारा भगवान्लाई सो ब्रह्माभन्दा माथि आकाशमा पलेटिमारी तेजधातु-समाधिमा तल्लीन भई बसिरहनुभएको देख्नुभयो। यो देखेर जस्तै कुनै बलवान् पुरुषले... पसारेको

तथागत अथवा तथागतका श्रावकहरूको कुनै ऋद्धि प्रभाव देखेका थिएनन्। त्यसैले 'यिनीहरूले चित्त दमन गर्न सकेका छैनन्' भन्ने जस्ता मिथ्या धारणा उनले लिएका थिए। त्यसैले वहाँ पनि भगवान्को साथ दिन त्यहाँ जानुभएको हो।"

त्यसबखत भगवान्को शरीरबाट निस्केका छवर्णका ज्वालाहरू सबै ब्रह्मलोकहरू पार गरी आकाशमा फैलिएका थिए भन्ने कुरा उपरोक्त ग्रन्थमै उल्लेख भएको पाइन्छ।

बाहुलाई खुम्च्याउँछ त्यस्तै गरी . ब्रह्मलोकमा प्रकट हुनुभयो । अनि आयुष्मान् अनुरुद्ध पनि उत्तर दिशातिर सो ब्रह्माको माथि आकाशमा पलेटिमारी तेजधातु-समाधिमा तल्लीन भई भगवान्को मुनि बस्नुभयो ।

(४) अनि आयुष्मान् महाकप्पिनलाई यस्तो लाग्यो— "अहिले भगवान् कहाँ हुनुहुँदो रहेछ ?" अनि आयुष्मान् महाकप्पिनले मनुष्य चक्षुद्वारा देख्न नसकिने विशुद्ध दिव्यचक्षुद्वारा भगवान्लाई सो ब्रह्माभन्दा माथि आकाशमा पलेटिमारी तेजधातु-समाधिमा तल्लीन भई बसिरहनुभएको देख्नुभयो । यो देखेर जस्तै कुनै बलवान् पुरुषले... पसारेको बाहुलाई खुम्च्याउँछ त्यस्तै गरी.. ब्रह्मलोकमा प्रकट हुनुभयो । अनि आयुष्मान् महाकप्पिन पनि पश्चिम दिशातिर सो ब्रह्माभन्दा माथि आकाशमा पलेटिमारी तेजधातु-समाधिमा तल्लीन भई भगवान्को मुनि बस्नुभयो ।

अनि आयुष्मान् महामौद्गल्यायनले सो ब्रह्मालाई गाथाद्वारा यसो भन्नुभयो—

"अज्जा पि ते आवुसो सा दिट्ठि,
या ते दिट्ठि पुरे अहु ।
पस्ससि वीतिवत्तन्तं,
ब्रह्मलोके पभस्सरं[1]'ति ।।"

---

१. स्याममा: 'परायनं' ।

अर्थ—

"आवुसो ! अहिले पनि तिमीमा त्यो दृष्टि छ के जो तिमीमा अघि थियो[1], भगवान्को शरीरबाट निस्केका सुवर्ण प्रभाहरू ब्रह्मलोक पार गरी गएका तिमी देख्छौ ?"

(ब्रह्मा भन्दछन्—)

"न मे मारिस सा दिट्ठि, या मे दिट्ठि पुरे अहु ।
पस्सामि वीतिवत्तन्तं, ब्रह्मलोके पभस्सरं ।
स्वाहं अज्ज कथं वज्जं, अहं निच्चोम्हि सस्सतो'ति ।।"

अर्थ—

"मारिष ! अब ममा त्यस्तो दृष्टि छैन जस्तो अघि थियो; भगवान्को शरीरबाट निस्केका सुवर्ण प्रभाहरू ब्रह्मलोक पार गरी गएका पनि म देख्दछु; अब कसरी 'म नित्य हुँ, म शाश्वत हुँ' भन्ने गलत धारणा लेऊँ[२] ।"

---

१. "यहाँ कुनै श्रमण वा ब्राह्मण आउन सक्दैनन्" भन्ने जुन तिम्रो अघिको धारणा हो त्यस्तो धारणा वा दृष्टि अहिले पनि छ कि भनी सोध्नुभएको हो । सं. नि. अ. क. I. पृ. १६६: अञ्ञतर-ब्रह्मसुत्तवण्णना, ब्रह्मसंयुत्त ।

२. महामौद्गल्यायन महास्थविरले प्रश्न सोध्नुभन्दा अगाडि नै भगवान्

त्यसपछि सो ब्रह्मालाई संवेग तुल्याई जस्तै कुनै बलवान् पुरुषले खुम्चेको बाहुलाई पसार्छ अथवा पसारेको बाहुलाई खुम्च्याउँछ त्यस्तै गरी त्यस ब्रह्मलोकमा अन्तर्धान भई भगवान् जेतवनमा प्रकट हुनुभयो । अनि सो ब्रह्माले एक पारिषद् ब्रह्मालाई सम्बोधन गरे—

"मारिष ! यता आऊ, तिमी जहाँ आयुष्मान् महामौद्गल्यायन हुनुहुन्छ त्यहाँ जाऊ । त्यहाँ पुगेपछि आयुष्मान् महामौद्गल्यायनलाई यसो भन—'मारिष मौद्गल्यायन ! बहाँ भगवान्का अरू पनि त्यस्ता श्रावकहरू छन् के जो तपाईं मौद्गल्यायन, कश्यप, कप्पिन तथा अनुरुद्ध जस्ता महर्द्धिक तथा महानुभाव सम्पन्न हुनुहुन्छ ?"

"हवस्" भनी सो ब्रह्मालाई प्रत्युत्तर दिई सो पारिषद् ब्रह्मा जहाँ आयुष्मान् महामौद्गल्यायन हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि आयुष्मान् महामौद्गल्यायनलाई यस्तो भने—

बुद्धले सो ब्रह्मालाई उपदेश पनि सुनाउनु भएको थियो । उपदेश सुनिसकेपछि सो ब्रह्माले शाश्वत-दृष्टिलाई दूर गरी स्रोतापत्ति-फल प्राप्त गरेका थिए । त्यसैले उनले 'अब ममा न शाश्वत-दृष्टि छ न त कुनै श्रमण वा ब्राह्मण यहाँ आउन सक्दैनन्' भन्ने गलत-दृष्टि नै छ । अतः अब कसरी 'म नित्य हुँ, म शाश्वत हुँ' भन्ने गलत धारणा लिऊँ" भनी भनेका हुन् । सं. नि. अ. क. I. पृ. १६६: अञ्ञतरब्रह्मसुत्तवण्णना ।

"मारिष मौद्गल्यायन ! तपाईं मौद्गल्यायन, कश्यप, कप्पिन तथा अनुरुद्ध जस्ता महर्द्धिक तथा महानुभाव सम्पन्न हुनुभएका भगवान्का श्रावकहरू अरू पनि छन् के ?"

अनि आयुष्मान् महामौद्गल्यायनले सो पारिषद् ब्रह्मालाई गाथाद्वारा यसो भन्नुभयो—

"तेविज्जा इद्धिपत्ता[1] च, चेतोपरियायकोविदा ।
खीणासवा अरहन्तो, बहू बुद्धस्स सावका'ति ।।"

अर्थ—

"त्रिविद्यालाभी, ऋद्धिवान्, चित्तपर्यायकोविद (=परचित्त ज्ञान हुने) तथा क्षीणास्रवी अरहन्तहरू जस्ता बुद्धका श्रावकहरू धेरै छन् ।"

अनि सो पारिषद् ब्रह्मा, आयुष्मान् महामौद्गल्यायनको भाषणलाई अभिनन्दन तथा अनुमोदन गरी जहाँ सो ब्रह्मा थिए त्यहाँ गए । त्यहाँ पुगेपछि यसो भने—

"मारिष ! आयुष्मान् महामौद्गल्यायन यस्तो भन्नुहुन्छ—

१. सिंहल र रोमनमा: 'इद्धिप्पत्ता' ।

"त्रिविदचालाभी, ऋद्धिवान्, चित्तपर्यायकोविद तथा क्षीणास्रवी अरहन्त-हरू जस्ता बुद्धका श्रावकहरू घेरै छन् ।"

सो पारिषद् ब्रह्माले यति भनेपछि सन्तुष्ट भई सो ब्रह्माले पारिषद् ब्रह्माको कुरालाई अभिनन्दन गरे ।

× × ×

मूल सूत्र—

१३. अभिमानी भिक्षुहरू
(अधिमानसुत्त[१])

एक समय, आयुष्मान् महाकश्यप राजगृहस्थित वेणुवनको कलन्दकनिवापमा बसिरहनुभएको थियो। अनि त्यहाँ आयुष्मान् महाकश्यपले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—

"आवुसो भिक्षुहो!"

"आवुसो" भनी ती भिक्षुहरूले आयुष्मान् महाकश्यपलाई प्रत्युत्तर दिए। आयुष्मान् महाकश्यपले यसो भन्नुभयो—

"आवुसो! यहाँ कुनै भिक्षु 'जाति क्षीण भयो, ब्रह्मचर्यवास पूराभयो, गर्नुपर्ने गरिसकें तथा अब उप्रान्त गर्नुपर्ने केही छैन भन्ने जान्दछु' भनी अरहत्वको (अञ्ञं) ज्ञापन गर्छ। अनि उसँग तथागत वा तथागतका ध्यानलाभी समापत्ति कुशल, परचित्त कुशल तथा परचित्त पर्याय कुशल श्रावकले सोध्छ। उसले भनेको कुरालाई स्थिर गराउन

१. अं. नि–१०, पृ. २२९: थेरवग्गो; अ. क. II. पृ. ८४९.

खोज्छ र कारणहरू सोध्छ। यस्तो सोध्दा उसको कुरामा तुच्छता देखिन्छ, उ निर्गुणी ठहर्छ, विपत्तिमा पर्छ, दुःखमा पर्छ र दुःखकष्टमा पर्छ।

"अनि तथागत वा तथागतका ध्यानलाभी समापत्ति कुशल, परचित्त कुशल तथा परचित्त पर्याय कुशल श्रावक आपनो चित्तले उसको चित्तलाई विचार गर्छन्—'यी आयुष्मान् जाति क्षीणभयो, ब्रह्मचर्यवास पूराभयो, गर्नुपर्ने गरिसकें तथा अब उप्रान्त गर्नुपर्ने केही छैन भन्ने जान्दछु भनी कसरी अरहत्वको ज्ञापन गर्छन् ?'

"फेरि तथागत वा तथागतका ध्यानलाभी समापत्ति कुशल, परचित्त कुशल तथा परचित्त पर्याय कुशल श्रावक यसरी आपनो चित्तले उसको चित्तलाई थाहापाउँछन्—'यी आयुष्मान् अभिमानी हुन्, अभिमानको कारणले अप्राप्तलाई प्राप्त सम्झी, अकृतलाई कृत सम्झी, अनबोधलाई अवबोध सम्झी अभिमानको कारणले यसो भन्दछन्—'जाति क्षीण भयो, ब्रह्मचर्यवास पूराभयो, गर्नुपर्ने गरिसकें तथा अब उप्रान्त गर्नुपर्ने केही छैन भन्ने जान्दछु भनी अरहत्वको ज्ञापन गर्छन्।'

"अनि तथागत वा तथागतका ध्यानलाभी . श्रावक आपनो चित्तले उसको चित्तलाई विचार गर्छन्—'के कारणले यी अभिमानी आयुष्मान् अप्राप्तलाई प्राप्त सम्झी...अरहत्वको ज्ञापन गर्छन् ?'

"अनि तथागत वा तथागतका ध्यानलाभी.. श्रावक यसरी आपनो चित्तले उसको चित्तलाई थाहापाउँछन्—'यी आयुष्मान् बहुश्रुत छन्, श्रुतधर छन् र श्रुतसन्निचय छन्। जुन यी आदिकल्याण, मध्य-

कल्याण, पर्यवसानकल्याण, सार्थक, सव्यञ्जन केवल परिपूर्ण परिशुद्ध ब्रह्मचर्यको प्रकाश भएको छ त्यस्ता धर्म धेरै सुनेका छन्, धारण गरेका छन्, वचनले परिचित छन्, मनले देखेका छन्, दृष्टिले सुप्रविद्ध गरेका छन्। त्यसैले यी आयुष्मान् अभिमानी भएका हुन्। अभिमानको कारणले अप्राप्तलाई प्राप्त सम्झी...अरहत्वको ज्ञापन गरेका हुन्।'

(१) "अनि तथागत वा तथागतका ध्यानलाभी श्रावक यसरी आफ्नो चित्तले उसको चित्तलाई थाहापाउँछन्—'यी आयुष्मान् अभिध्यालु (=लोभी) छन्, धेरैजसो अभिध्यामा नै लुब्ध भई विहार गर्छन्। अभिध्यामा लुब्ध भई विहार गर्नु तथागत देशित धर्मविनयमा परिहानी हो।'

(२) 'यी आयुष्मान् व्यापादी (=द्वेषी) छन्, धेरैजसो व्यापादमा नै लुब्ध भई विहार गर्छन्। व्यापादमा लुब्ध भई विहार गर्नु तथागत देशित धर्मविनयमा परिहानी हो।'

(३) 'यी आयुष्मान् थीनमिद्ध (=चित्त र शरीरको आलस्य-पन) छन्, धेरैजसो थीनमिद्ध चित्तलिई विहार गर्छन्। थीनमिद्ध भई विहार गर्नु तथागत देशित धर्मविनयमा परिहानी हो।'

(४) 'यी आयुष्मान् उद्धत (=मानसिक चंचलता) छन्, धेरैजसो उद्धत चित्त लिई विहार गर्छन्। उद्धत चित्त लिई विहार गर्नु तथागत देशित धर्मविनयमा परिहानी हो।'

(५) 'यी आयुष्मान् शंकालु छन्, धेरैजसो मनमा शंका लिई विहार गर्छन् । मनमा शंका लिई विहार गर्नु तथागत देशित धर्मविनयमा परिहानी हो ।'

(६) 'यी आयुष्मान् कम्मारामी (=बाहिरी कामकाजमा मन लगाउने) छन्, धेरैजसो कम्माराममा मन लगाई विहार गर्छन् । कम्माराममा मन लगाई विहार गर्नु तथागत देशित धर्मविनयमा परिहानी हो ।'

(७) 'यी आयुष्मान् भस्सारामी (=कुराकानी गर्नुमा रमाउने) छन्, धेरैजसो भस्साराममा मन लगाई विहार गर्छन् । भस्साराममा मन लगाई विहार गर्नु तथागत देशित धर्मविनयमा परिहानी हो ।'

(८) 'यी आयुष्मान् निद्रारामी (=निदाउनमा मन लगाउने) छन्, धेरैजसो निद्राराममा मन लगाई विहार गर्छन् । निद्राराममा मन लगाई विहार गर्नु तथागत देशित धर्मविनयमा परिहानी हो ।'

(९) 'यी आयुष्मान् संगणिकारामी (=मानिस भेला गराई कुराकानी गर्ने) छन्, धेरैजसो संगणिकाराममा मन लगाई विहार गर्छन् । संगणिकाराममा मन लगाई विहार गर्नु तथागत देशित धर्म-विनयमा परिहानी हो ।'

(१०) 'यी आयुष्मान् विशेषाधिगमनको निमित्त अगाडि गर्नुपर्ने काम बाँकी छँदाछँदै बीचैमा काम सिद्धियो भनी काम रोक्ने

खालका हुन् । बीचैमा काम रोक्नु तथागत देशित धर्मविनयमा परिहानी हो ।'

"आवुसो ! सो भिक्षुले यी दश कारणलाई नछाडेसम्म यो धर्मविनयमा उसको अभिवृद्धि हुनेछ भनी भन्न सकिन्न । आवुसो ! जब सो भिक्षुले यी दश कारणलाई छाडने छन् तब उनको यस धर्मविनयमा अभिवृद्धि हुनसक्छ ।"

× × ×

मूल सूत्र—

१४. गोत्रको नाम लिएर अनुश्रावण गर्ने

(गोत्तेन अनुस्सावनानुजानना[१])

त्यसबखत आयुष्मान् महाकश्यपकहाँ उपसम्पदा चाहने व्यक्ति थियो। अनि आयुष्मान् महाकश्यपले आयुष्मान् आनन्दकहाँ "आनन्द! आउनुहोस् यो उपसम्पदा चाहनेको निमित्त अनुश्रावण[२] गर्नुहोस्" भनी दूत पठाउनु भयो। आयुष्मान् आनन्दले "म स्थविरको नाम लिन सक्दिन। वहाँ मेरो गौरवनीय हुनुहुन्छ" भनी भन्नुभयो। यो कुरा भगवान्‌लाई सुनाए। भगवान्‌ले यसो भन्नुभयो—"भिक्षुहो! गोत्रको नाम लिएर अनुश्रावण गर्ने अनुमति दिन्छु।"

× × ×

---

१. महा. व. पा. पृ. ९६: महाखन्धकं; अ. क. III. पृ. १०८८.

२. उपसम्पदा गर्ने काममा उद्घोषण गर्ने कामलाई 'अनुश्रावण' भन्दछन्।

मूल पालि—

१५. उपसम्पदा चाहने दुइ व्यक्ति

(द्वे उपसम्पदापेक्खादिवत्थु[१])

त्यसबखत आयुष्मान् महाकश्यपकहाँ उपसम्पदा चाहने दुइ व्यक्ति थिए। उनीहरू "म पहिले उपसम्पदा हुन्छु, म पहिले उपसम्पदा हुन्छु" भनी झगडा गर्थे। अनि भगवान्लाई यो कुरा सुनाए। भगवान्ले "भिक्षुहो! एकैचोटि दुवै जनाको अनुश्रावण गर्ने अनुमति दिन्छु" भनी भन्नुभयो।

त्यसबखत धेरै भिक्षुहरूकहाँ उपसम्पदा चाहने व्यक्तिहरू थिए। उनीहरू "म पहिले हुनेछु, म पहिले हुनेछु" भनी झगडा गर्थे। स्थविरहरूले यसो भने—"आवुसो! सबैलाई एकै अनुश्रावणद्वारा गर्नेछौं।" अनि भगवान्लाई यो कुरा सुनाए। भगवान्ले "भिक्षुहो! दुइ तीन जनालाई एकै अनुश्रावणद्वारा गर्नू। तर त्यो एकैजना उपाध्यायत्वमा हुनुपर्छ। नाना उपाध्यायत्वमा होइन" भनी भन्नुभयो।

× × ×

---

१. महा. व. पा. पृ. ९६: महाखन्धकं; अ. क. III. पृ. १०८८.

मूल पालि—

१६. महाकश्यप स्थविरको चीवर भिज्यो

(अविप्पवाससीमानुजानना[१])

त्यसबखत आयुष्मान् महाकश्यप अन्धकविन्दबाट[२] राजगृहमा[३] उपोसथको लागि गइरहेको बेलामा बीच बाटामा नदी[४] तर्दा पानीको छाल चीवरमा लाग्नाले अलिकता चीवर भिजेको थियो (मनं वूल्हो अहोसि[५])। अनि भिक्षुहरूले आयुष्मान् महाकश्यपसँग सोधे—

---

१. महा. व. पा. पृ. १११: उपोसथक्खन्धकं; अ. क. III. पृ. ११०६.

२. यो अन्धकविन्द भन्ने गाउँ राजगृहबाट ३ गाउत पर थियो। सम. पा. III. पृ. ११०६: उपोसथक्खन्धकं। ७ हातको १ यष्ठी हुन्छ, २० यष्ठीको १ उसभ हुन्छ र ८० उसभको १ गाउत हुन्छ।

३. राजगृहका चारैतिर १८ वटा विहारहरू थिए। ती सबैको लागि एउटै सीमागृह थियो। यो सीमागृह धर्मसेनापतिले स्थापना गर्नुभएको हो भनी सम. पा. III. पृ. ११०६: उपोसथक्खन्धकले उल्लेख गरेको छ।

"आवुसो ! किन तपाईंको चीवर भिजेको ?"

"आवुसो ! यहाँ म अन्धकविन्दबाट उपोसथको लागि राजगृह आइरहेको बेलामा नदी तर्दा पानीको छाल चीवरमा लाग्नाले चीवर अलिकता भिजेको हो ।"

भगवान्‌लाई यो कुरा सुनाए । (भगवान्‌ले यसो भन्नुभयो—) "भिक्षुहो ! जुन सीमा समानसंवासको र एकै उपोसथको निमित्त सङ्घले सम्मत गरे त्यो सीमामा आउनेलाई चीवर अविप्रवासको[१] सम्मत देऊ । भिक्षुहो ! यसरी सम्मत गर्नुपर्छ"—व्यक्त तथा प्रतिबल भिक्षुले सङ्घलाई ज्ञापन गर्नुपर्छ —

"भन्ते सङ्घ ! मेरो कुरा सुन्नुहोस् । जो त्यो समानसंवास र एकै उपोसथको निमित्त सङ्घले सीमा सम्मत गरे यदि सङ्घको स्वीकृति छ भने त्यस सीमामा आउने भिक्षुलाई सङ्घद्वारा त्रिचीवर अविप्रवास सम्मत गरियोस् । यो ज्ञप्ति हो । भन्ते सङ्घ ! मेरो कुरा सुन्नुहोस् । जो त्यो समानसंवास र एकै उपोसथको निमित्त सङ्घले सीमा सम्मत गरे त्यो सीमामा आउने भिक्षुलाई सङ्घले त्रिचीवर अविप्रवास

---

४. यो नदी 'सप्पिनिक' नदी हो । यो नदीमा गृद्धकूट पर्वतबाट झरेको पानी वेगले बग्दछ । सम. पा. III. पृ. ११०६: उपोसथक्खन्धकं ।

५. स्याम र रोमनमा: केवल 'वुल्हो' मात्र छ ।

१. भनाइको तात्पर्य उपोसथ गर्नको निमित्त आउने भिक्षुको त्रिचीवर साथमा नभएपनि त्रिचीवर नभएको दोष नलाग्ने सम्मत भनी भनिएको हो ।

सम्मत गर्छ । यो सीमामा आउने भिक्षुलाई त्रिचीवर अविप्रवास सम्मत गर्नेमा जो आयुष्मान्को स्वीकृति छ सो चुपलाग्नुहोस् जसको स्वीकृति छैन सो बोल्नुहोस् । सो सीमामा आउने भिक्षुलाई सङ्घले त्रिचीवर अविप्रवास सम्मत गर्छ । सङ्घको स्वीकृति छ । त्यसैले चुपछ । यस्तो म धारणा गर्छु ।"

× × ×

मूल पालि—

१७. गह्रौं पांसुकूल चीवर

(पच्छिमविकप्पनुपगचीवरादिकथा[1])

त्यसबखत आयुष्मान् महाकश्यपको टालेको पंसुकूल चीवर गह्रौं थियो। भगवान्लाई यो कुरा सुनाए। भिक्षुहो! धागोले बुनेर टाल्नू। चीवरको कुना लामो हुन्थ्यो। भगवान्लाई यो कुरा सुनाए। भिक्षुहो! लामो भएको काट्नू। धागै धागो निस्केको देखिन्थ्यो। भगवान्लाई यो कुरा सुनाए। भिक्षुहो! पछाडिबाट अल्झाउनू।

× × ×

१. महा. व. पा पृ. ३१२: चीवरक्खन्धकं; अ. क. III. पृ. ११९८.

मूल पालि—

१८. कौशम्बिक भिक्षुहरू

(अट्ठारसवत्थुकथा[1])

अनि शयनासनहरू थन्क्याई पात्र-चीवर ग्रहण गरी जहाँ श्रावस्ती हो त्यहाँ कौशम्बिक भिक्षुहरू[2] गए।

आयुष्मान् महाकश्यपले "सङ्घमा झगडा गराउने, कलह गराउने, विवाद गराउने, कुरा गराउने तथा सङ्घमा अधिकरण चलाउने —ती कौशम्बिक भिक्षुहरू श्रावस्तीमा आउँदैछन्" भन्ने कुरा सुन्नुभयो। अनि जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ आयुष्मान् महाकश्यप जानुभयो। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बस्नुभएका आयुष्मान् महाकश्यपले भगवान्-लाई यस्तो विन्ति गर्नुभयो—

---

१. महा. व. पा. पृ. ३८५: कोसम्बकक्खन्धकं; अ. क. III. पृ. १२२६.

२. "कौशम्बिक भिक्षुहरू" भनेका को हुन् भन्ने विषयमा लेखकको बु. म. भा–१, पृ. १२२ को पादटिप्पणीमा हेर्नू।

"भन्ते ! सङ्घमा झगडा गराउने, कलह गराउने, विवाद गराउने, कुरा गराउने तथा सङ्घमा अधिकरण चलाउने—ती कौशम्बिक भिक्षुहरू श्रावस्तीमा आउँदैछन्। उनीहरूसँग मैले कस्तो व्यवहार गर्नुपर्ला ?"

"कश्यप ! त्यसोभए जुन-जस्तो धर्म हो त्यसैमा बस।"

"भन्ते ! कसरी मैले धर्म वा अधर्म भनी जानूँ ?"

धर्मवादी र अधर्मवादी

"कश्यप ! अठार कारणहरूद्वारा 'अधर्मवादी' भनी जान— (यहाँबाट उताका सबै कुरा लेखकको बु. श्राच. भा–३, पृ. ३३३ मा उल्लेख भए अनुसार दोहऱ्याई पढ्नू।)

× × ×

मूल पालि—

१९. आलवीमा बस्दा
(आलवकभिक्खुवत्थु[१])

त्यसबखत बुद्ध भगवान् राजगृहस्थित वेणुवनको कलन्दक-निवापमा बस्नुभएको थियो । त्यस समयमा आलवकका भिक्षुहरूका दाता (बनाइदिने दाता) नभएको हुँदा आफ्नो निमित्त मागी मागी कुटी-हरू बनाउँदथे । त्यो पनि प्रमाणभन्दा ठूलो[२] । बनाउन पनि सिध्याउन सकेका थिएनन् । (त्यसैले) उनीहरू "मानिसहरू देऊ, मानिसहरूले गर्नुपर्ने काम देऊ, गोरु देऊ, गाडा देऊ, चूपी देऊ, बञ्चरो देऊ, चांदे देऊ, कोदालो देऊ, खन्ती देऊ, डोरी देऊ, बाँस देऊ, खरको डोरी देऊ,

---

१. पारा. पा. पृ. २१५: छट्ठसङ्घादिसेसो; अ. क. II. पृ. ५६०.

२. कुनै भिक्षुको कुटीको प्रमाण लंबाइमा सुगतको बित्ताले १२ र चौडाइमा सुगतको बित्ताले ७ हुनुपर्छ । यसभन्दा बढतालाई 'प्रमाणभन्दा ठूलो' भनिएको हो । पारा. पा. पृ. २२०: छट्ठसङ्घा-दिसेसो । सुगतको एक बित्ता साधारण पुरुषको तीन बित्ता बराबर हुन्छ । सम. पा. II. पृ. ५६७.

सनको डोरी देऊ, त्रिण देऊ र माटो देऊ" भनी बढी माग्ने स्वभाव लिई विज्ञप्ति बहुल भई हिड्दथे। यसबाट मानिसहरू हैरान हुन्थे। उनी-हरूको मँगाइबाट मानिसहरू डराउँथे। भिक्षुहरू देख्ने बित्तिकै भस्किन्थे, डराउँथे र भागेर पनि जान्थे। भिक्षुहरूलाई देख्ने बित्तिकै अर्को बाटो लागेर जान्थे। नदेखे जस्तै गर्थे। दैलाहरू पनि थुन्थे। गाई वस्तुहरू देख्दा पनि भिक्षुहरू भन्ने ठानी भाग्थे।

अनि राजगृहमा वर्षावास गरी आयुष्मान् महाकश्यप जहाँ आलवी हो त्यहाँ जानुभयो। क्रमैसंग आलवीमा पुग्नुभयो। यसपछि आलवीको अग्गालव चैत्यस्थानमा आयुष्मान् महाकश्यप बस्नु-भयो। त्यसपछि पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी आयुष्मान् महाकश्यप आलवीमा भिक्षाटनार्थ जानुभयो। आयुष्मान् महाकश्यपलाई देखी मानिसहरू भस्किन्थे, डराउँथे र भागेर पनि जान्थे। अर्को बाटो लागेर पनि जान्थे। नदेखे जस्तै पनि गर्थे र दैलाहरू पनि थुन्थे। अनि आलवीमा भिक्षाटन् गरी आयुष्मान् महाकश्यपले भोजनोपरान्त भिक्षुहरूलाई सम्बोधन गर्नुभयो—"आवुसो! अघि आलवीमा भिक्षा सुलभ थियो। भिक्षा प्राप्त गर्न सजिलो थियो। अहिले चाहिं आलवीमा भिक्षा पाउन मुस्किल देखिन्छ, भिक्षा प्राप्त गर्न कठिन छ, भिक्षापात्र लिई जीविका गर्न कठिन छ। आवुसो! आलवीमा भिक्षा दुर्लभ हुनाको के कारण रहेछ? के हेतु रहेछ?" अनि ती भिक्षुहरूले आयुष्मान् महाकश्यपलाई सो को कारण बताए।

राजगृहमा इच्छानुसार बस्नुभई भगवान् पनि आलवीको

चारिकार्थ जानुभयो। चारिका गर्दै क्रमशः आलवीमा पुग्नुभयो। त्यहाँ भगवान् आलवीको अग्गालव चैत्यमा बसिरहनुभएको थियो। अनि आयुष्मान् महाकश्यप जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेर भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बस्नुभएका आयुष्मान् महाकश्यपले भगवान्लाई त्यो कुरा बिन्ति गर्नुभयो। अनि यस कारणमा, यो प्रसंगमा भिक्षुसङ्घलाई एकत्रित पारी आलवकका भिक्षुहरूसँग सोध्नुभयो—"भिक्षुहो ! साँच्चै हो के दाता नपाई तिमीहरू आफ्नो निमित्त मागी मागी कुटीहरू बनाउँदैछौ ? त्यो पनि प्रमाणभन्दा ठूलो। बन्न पनि सकेको छैन र ती भिक्षुहरू धेरै माग्ने भई, विज्ञप्ति बहुल भई हिंडछन् ?..."

"भगवान् ! साँच्चै हो।"

अनि भगवान्ले यस विषयमा भिक्षुहरूलाई निन्दा गर्नुभयो... हे मोघ पुरुषहो ! यसद्वारा न अप्रसन्न भएकालाई प्रसन्न पार्न सक्छ, न त प्रसन्न भएकाको प्रसन्नतालाई बढाउन सक्छ...। यसरी निन्दा गर्नुभई भगवान्ले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो—

मणिकण्ठ नागराजाको कथा

"भिक्षुहो ! परापूर्वकालमा दुइ दाजुभाइ ऋषिहरू गंगाको तीरमा बसेका थिए। भिक्षुहो ! अनि मणिकण्ठ नागराजा गंगाबाट माथि आएर जहाँ कान्छा ऋषि थिए त्यहाँ गयो। त्यहाँ गएर कान्छा ऋषिलाई सातपटक आफ्नो शरीरले बेरी टाउकोमाथि ठूलो फणा

फैलाई बस्यो। भिक्षुहो! कान्छा ऋषि सो नागको भयबाट दुब्लाई दुर्वर्णी भएर पातला भए। भिक्षुहो! अनि जेठा ऋषिले कान्छा ऋषिलाई दुब्ला दुर्वर्णी र पातला भएको देखे। देखेपछि कान्छा ऋषिलाई यसो भने—"किन तिमी दुब्ला, दुर्वर्णी र पातला भयौ?"

"भो! यहाँ मणिकण्ठ नागराजा गंगाबाट निस्की जहाँ म छु त्यहाँ आई मलाई सातपटक शरीरले बेरी टाउकोमाथि ठूलो फणा फैलाई बस्छ। अतः सो नागको भयबाट म दुब्लो दुर्वर्णी र पातलो भएको हुँ।"

"के त त्यो नाग तिमीकहाँ आउन नसकोस् भन्ने चाहन्छौ त?"

"चाहन्छु।"

"त्यो नागको शरीरमा तिमीले केही चीज देखेकाछौ के?"

"त्यो नागको घाँटीमा मणि लगाएको देख्छु।"

"भो! त्यसोभए तिमीले त्यो नागसँग 'भो! मलाई मणि देऊ, मलाई मणि चाहिएको छ' भनी सो मणि माग।"

भिक्षुहो! अनि मणिकण्ठ नागराजा गंगाबाट निस्की जहाँ कान्छा ऋषि थिए त्यहाँ गई एक छेउमा बस्यो[१]। एक छेउमा बसेको

---

१. नागराजाको कण्ठमा इच्छा गरेको कुरा पुरा गरिदिन सक्ने मणि थियो। त्यसैले 'मणिकण्ठ नागराजा' भनिएको हो। सो कान्छा ऋषि मैत्री भावना गर्ने भएका हुनाले यसको प्रभावले गर्दा सो नागराजा कान्छा ऋषिकहाँ जान्थ्यो। त्यहाँ गएर दिव्यरूप धारण

मणिकण्ठ नागराजासँग कान्छा ऋषिले यसो भने—"भो ! मलाई मणि देऊ, मलाई मणि चाहिएको छ।" भिक्षुहो ! अनि मणिकण्ठ नागराजा 'भिक्षु मणि माग्छ, भिक्षुलाई मणि चाहिएको छ रे' भन्दै चाँडै नै गयो। भिक्षुहो ! दोस्रो पटक पनि मणिकण्ठ नागराजा गंगाबाट निस्की जहाँ कान्छा ऋषि थिए त्यहाँ गयो।

भिक्षुहो ! कान्छा ऋषिले मणिकण्ठ नागराजालाई टाढैबाट आइरहेको देखे। देखेपछि मणिकण्ठ नागराजालाई यसो भने—"भो ! मलाई मणि देऊ, मलाई मणि चाहिएको छ।" भिक्षुहो ! अनि मणिकण्ठ नागराजा "भिक्षु मणि माग्छ, भिक्षुलाई मणि चाहिएको छ रे !" भन्दै उहींबाट फर्केर गयो। भिक्षुहो ! तेस्रो पटक पनि मणिकण्ठ नागराजा गंगाबाट माथि आयो। भिक्षुहो ! अनि कान्छा ऋषिले मणिकण्ठ नागराजा गंगाबाट निस्केको देखे। देखेपछि मणिकण्ठ नागराजालाई यसो भने—"भो ! मलाई मणि देऊ, मलाई मणि चाहिएको छ।" भिक्षुहो ! अनि मणिकण्ठ नागराजाले कान्छा ऋषिलाई गाथाद्वारा यसो भन्यो—

गरी उसको छेउमा केही छिन बसी पछि आफ्नो शरीरले ऋषिलाई वेरी टाउकोमाथि छाता ओढाए जस्तै गरी आफ्नो फणा फैलाई केही छिन बसी जाने गर्थ्यो। सम. पा. II. पृ. ५६५: कुटिकारसिक्खापदवण्णना, छट्ठसङ्घादिसेसो.।

१. "ममन्नपानं विपुलं उलारं,
उप्पज्जतीमस्स मणिस्स हेतु ।
तं ते न दस्सं अतियाचकोसि,
न चा पि ते अस्सममागमिस्सं ।।

२. "सुसू यथा सक्खरधोतपाणी,
तासेसि मं सेलमायाचमानो ।
तं ते न दस्सं अतियाचकोसि,
न चा पि ते अस्सममागमिस्सं'ति ।।"

अर्थ—

१—"जुन मणिको कारणले मलाई धेरै अन्नपान लाभ हुन्छ सो मणि तिमीलाई दिनेछैन । तिमी अतियाचक भयौ । तिम्रो आश्रममा आउने पनि छैन ।

२—"धारिलो खड्ग हातमा लिएको तरुणले झैं मेरो मणि मागेर तिमीले मलाई तर्सायौ ।"

भिक्षुहो ! अनि "भिक्षु मणि माग्दैछ, भिक्षुलाई मणि चाहिएको छ रे !" भन्दै मणिकण्ठ नागराजा गयो । त्यसरी गएको गयै भयो फेरि फर्केर आएन । भिक्षुहो ! अनि सो दर्शनीय नागलाई देख्न नपाएर कान्छा ऋषि निकै दुब्ला र पातला भए । भिक्षुहो ! अनि जेठा ऋषिले कान्छा ऋषिलाई दुब्ला र पातला भएको देखे । देखेपछि कान्छा ऋषिसँग यसो भने—"भो ! किन तिमी दुब्ला र पातला भयौ ?"

"भो ! त्यो दर्शनीय नागराजालाई देख्न नपाएकोले म दुब्लो र पातलो भएको हुँ ।"

भिक्षुहो ! अनि जेठा ऋषिले कान्छा ऋषिलाई गाथाद्वारा यसो भने—

"न तं याचे यस्स पियं जिगिंसे,
विदेस्सो होति अतियाचनाय ।
नागो मणिं याचितो ब्राह्मणेन,
अनस्सनञ्ञेव तदज्झगमा'ति ।।"

अर्थ—

"जसलाई जे मनपरेको हो त्यही चीज नमाग्नू । धेरै माग्नाले अप्रिय हुइन्छ । ब्राह्मणले नागको मणि माग्नाले नाग नदेखिने गरी गयो ।"

"भिक्षुहो ! ती तिरश्चीन प्राणीहरूसँग माग्नाले त अप्रिय हुइन्छ भने मनुष्यहरूको त के कुरा !

चराहरूको प्वाँख माग्ने कथा

भिक्षुहो ! परापूर्वकालमा एक भिक्षु हिमालतिरको एक वन-खण्डमा बसेका थिए । भिक्षुहो ! त्यस वनखण्डको नजिकमा ज्याउ भएको एक ठूलो तलाऊ थियो । भिक्षुहो ! अनि चराको एक ठूलो

बथान त्यस तलाऊमा दिनमा बस्तथ्यो र सन्ध्या समयमा त्यस वनखण्डमा गएर बस्तथ्यो। अनि सो भिक्षु ती चराको बथानको आवाजद्वारा पीडित भई जहाँ म थिएँ त्यहाँ आई मलाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका सो भिक्षुसँग मैले यसो भनें—"भिक्षु ! तिमीलाई क्षमनीय र यापनीय छ ? बाटामा आउँदा केही कष्ट त भएन ? भिक्षु ! तिमी कहाँबाट आएका ह्वौ ?"

"भगवान् ! मलाई क्षमनीय र यापनीय छ। बाटामा आउँदा मलाई कुनै कष्ट भएन। भन्ते ! हिमालतिर महा वनखण्ड छ। भन्ते ! त्यस वनखण्डको नगिचमा एउटा झ्याउ भएको ठूलो तलाऊ छ। भन्ते ! अनि त्यो झ्याउ भएको ठूलो तलाऊमा चराको एक ठूलो बथान दिनमा त्यहाँ बसी सन्ध्या समयमा सो वनखण्डमा आउँछ। त्यो चराको बथानको आवाजले पीडित भई म त्यहाँबाट आएको हुँ।"

"भिक्षु ! के त तिमी त्यो चराको बथान त्यहाँ आउन नसकोस् भन्ने चाहन्छौ त ?"

"भगवान् ! चाहन्छु।"

"भिक्षु ! त्यसोभए तिमी त्यहाँ गई वनखण्डमा बसी रातको पहिलो प्रहरमा यसरी आवाज सुनाऊ—"हे चराहो ! मेरो कुरा सुन। जति चराहरू यस वनखण्डमा बसेकाछौ तिमीहरू सबैबाट मलाई एक एकवटा प्वाँख चाहिएको छ। एक एकवटा प्वाँख मलाई देओ।' रातको दोस्रो प्रहरमा पनि... रातको तेस्रो प्रहरमा पनि यस्तै आवाज सुनाऊ।"

"भिक्षुहो ! अनि सो भिक्षु त्यहाँ गई त्यो वनखण्डमा बसी रातको पहिलो प्रहरमा 'हे चराहो ! मेरो कुरा सुन । जति चराहरू यस वनखण्डमा बसेकाछौ तितीहरू सबैबाट एक एकवटा प्वाँख चाहिएको छ । एक एकवटा प्वाँख मलाई देओ' भनी आवाज सुनाए । रातको दोस्रो प्रहरमा पनि...रातको तेस्रो प्रहरमा पनि आवाज सुनाए । भिक्षुहो ! अनि त्यो चराको बथान 'भिक्षु प्वाँख माग्छ, भिक्षुलाई प्वाँख चाहिन्छ रे !' भन्दै त्यस वनखण्डबाट गयो । गएको त्यो चराको बथान गएको गयै भयो फेरि फर्केर आएन[1] । भिक्षुहो ! ती तिरश्चीन प्राणीहरूलाई त माग्ने अप्रिय हुन्छ भने मनुष्यहरूको त के कुरा !"

रट्ठपालको कथा

"भिक्षुहो ! अघि रट्ठपाल (=राष्ट्रपाल) कुलपुत्रको पिताले रट्ठपाल कुलपुत्रलाई गाथाद्वारा यसो भन्यो—

"अपाहं तेन जानामि, रट्ठपाल बहू जना ।
ते मं सङ्गम्म याचन्ति, कस्मा मं त्वं न याचसी'ति ।।"

---

१. यस विषयमा अर्थकथामा यसरी उल्लेख भएको छ—

"यहाँ भिक्षुले भनेका कुरा चराहरूले बुझेका होइनन् । बल्कि भगवान्‌ले आफ्नो प्रभावद्वारा त्यस्तो गर्नुभयो कि जस्तो गर्दा चराहरूले सो कुरा बुझे ।" सम. पा. II. पृ. ५६६: कुटिकार-सिक्खापदवण्णना, छट्ठसङ्घादिसेसो ।

अर्थ—

"हे रट्ठपाल ! धेरै मानिसहरू मकहाँ आई माग्न आएको कुरा मलाई थाहा छ जसलाई म चिन्दिन । किन्तु तिमी किन मसँग केही माग्दैनौ ?"

(रट्ठपाल भन्दछन्—)

"याचको अप्पियो होति, याचं अददमप्पियो ।
तस्माहं तं न याचामि, मा मे वेदिस्सना अहू'ति ।।"

अर्थ—

"माग्ने मानिस अप्रिय हुन्छ । मागेको वस्तु नदिने व्यक्ति पनि अप्रिय हुन्छ । त्यसैले मैले न मागेको हुँ ताकि ममाथि द्वेषभाव नहोस् ।"

"भिक्षुहो ! सो रट्ठपाल कुलपुत्रले त आफ्ना पितालाई यस्तो भन्छ भने अरू मानिसको त के कुरा !"

शिक्षा प्रज्ञप्ति

"भिक्षुहो ! गृहस्थीहरूले कृषि आदि कामद्वारा मुस्किलसँग कमाएको धन रक्षा गर्न पनि मुस्किल हुन्छ । त्यस्तो स्थितिमा मोघ-पुरुष ! मितीहरूले 'मानिसहरू देऊ'.. त्रिण देऊ र माटो देऊ' भनी

१. यहाँका बाँकी कुराहरू माथि पृ. २६४ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

याचक बहुल भई बस्छौ । मोघपुरुषहो ! न यसले अप्रसन्न भएकालाई प्रसन्न पार्न सक्छ, न त प्रसन्न भएकाको प्रसन्नतालाई बढाउन सक्छ[1] ।" भिक्षुहो ! यसरी यो शिक्षापद सिक्नुपर्छ—

"बनाइदिने दाता नपाएर आफ्नो निम्ति मागेर कुटी बनाउने भिक्षुले प्रामाणिक बनाउनुपर्छ । यो प्रमाण हो—सुगतको बित्ताले बाह्रबित्ता लँबाई, सातबित्ता चौडाई । कुटीको जमिन ठीक छ छैन भन्ने कुरा देखाउन भिक्षुहरू लैजानुपर्छ । ती भिक्षुहरूले कुनै कीराहरू (किपिल्लिका) बस्ने ठाउँ हो कि भनी हेर्नुपर्छ र कुटीको चारैतिरबाट जानहुने ठाउँ हेर्नुपर्छ । यदि कीराहरू बस्ने ठाउँ भएमा, कुटीको चारैतिरबाट जानहुने ठाउँ नभएमा, आफ्नो निमित्त कुटी बनाएमा, भिक्षुहरूलाई ठाउँ देखाउन न लगेमा र प्रमाणभन्दा ठूलो बनाएमा सङ्घादिशेष[2] दोष लाग्ने छ ।"

× × ×

---

१. यहाँका बाँकी कुराहरू लेखकको बु. गृ. भा–१, पृ. १७३ मा र पृ. २८३ मा हेर्नू ।

२. यस दोषबाट मुक्त हुन चाहने भिक्षुले शुरुमा पनि सङ्घको अगाडि निवेदन गर्नुपर्ने र शुद्धिकरण गर्नको लागि अन्त्यमा पनि सङ्घ नै चाहिने भएको हुनाले यसलाई 'सङ्घादिशेष' भनिएको हो । शुद्धि-कार्यको लागि २० जना भएको भिक्षुसङ्घ चाहिन्छ । सम. पा. II, पृ. ५१८: पठमसङ्घादिसेसो ।

मूल सूत्र—

२०. शक्र देवेन्द्रको भिक्षादान

(सक्कुदानसुत्तं[१])

यस्तो मैले सुनें ।

एक समय, भगवान् राजगृहस्थित वेणुवनको कलन्दक-निवापमा बस्नुभएको थियो । त्यस समय आयुष्मान् महाकश्यप पिप्फलिगुफामा[२] कुनै एक ध्यानमा[३] तल्लीन भई एक हप्तासम्म एकै आसनमा बसी विहार गरिरहनु भएको थियो । अनि एक हप्ता बिति-सकेपछि आयुष्मान् महाकश्यप त्यस समाधिबाट उठ्नुभयो । त्यस समाधिबाट उठ्नु भएका आयुष्मान् महाकश्यपलाई यस्तो लाग्यो— "किन म राजगृहमा पिण्डार्थ न जाऊँ ।"

---

१. उदा. पा. पृ. ९५: नन्दवग्गो; अ. क. पृ. १३७.

२. पिप्पलि गुफा पनि भन्दछन् ।

३. यहाँ 'कुनै एक ध्यानमा' भन्ने बारेमा व्याख्या गर्दै यसरी प्रष्टचाएको छ—

अरहत्‌फल समाधिलाई यहाँ 'कुनै एक ध्यान' भनिएको हो। दृष्टधर्म सुखविहारको लागि आयुष्मान् महाकश्यप यस समाधिमा बस्नुहुन्छ। धेरै धेरै समयसम्म पनि बस्नुहुन्छ। एक एक हप्तासम्म पनि वहाँ यस समाधिमा बस्न सक्नु हुन्छ। त्यसैले वहाँलाई भगवान्‌ले (झानाभिञ्ञसुत्तंमा) "जतिञ्जेलसम्म म नव अनुपूर्व ध्यानहरूमा बस्न सक्छु उतिञ्जेलसम्म कश्यप पनि बस्न सक्छन्" भनी आफू समान स्थानमा राखी प्रशंसा गर्नुभएको हो। (यो कुरा माथि पृ. २१४ आठौं सूत्रमा उल्लेख भइसकेको छ।)

यसो भन्दैमा वहाँले यमकप्रातिहार्य पनि देखाउन सक्नु हुन्छ भन्ने कुरा चाहिं ठान्नु हुदैन।

पुराना आचार्यहरू चाहिं—'कुनै एक समाधिमा' को अर्थ निरोधसमापत्तिमा बस्नुभएको हो भनी भन्छन्।

'निरोधसमापत्तिमा समाधिष्ठ हुने' भनेको के हो?

चित्तलाई राम्ररी निश्चल गरी राख्नु हो।

'निश्चल गरी राख्नु' भनेको क्याहो?

निश्चल गरी राख्नु भनेको विरोधी कारणहरूबाट कम्पित नभई बस्ने बल हो। यो चाहिं समथ-बल र विपश्यना-बल हो। यी बलद्वारा; अनित्य, दु:ख, अनात्म, निर्वेद, विराग, निरोध, प्रतिनिस्सर्ग, विवृतानुपश्यना; चार मार्गज्ञान र चार फलप्रज्ञा—

यी सोह्र (१६) ज्ञानका हिसाबले सोह्र चर्याद्वारा, (यहाँ उल्लिखित १६ वटा ज्ञानलाई १६ चर्या भनिएको हो) प्रथमध्यान आदि गरी आठवटा समाधि अनि उपचार समाधि सहित नौवटा ध्यानको हिसाबले नौ चर्याद्वारा - काय, चित्त, वची-संस्कारलाई शान्त गर्न चाहनेले अथवा शान्त गर्ने अरहत् र अनागामीले सबै प्रकारका चित्तवृत्तिलाई निरोध गरी राख्न सक्नेको समाधिलाई यहाँ 'समाधि' भनिएको हो । अथवा अविक्षेपको हिसाबले 'समाधि' भनिएको हो । यसैलाई समापत्ति भनिएको हो भन्ने कुरा पनि बुझ्नुपर्छ ।

त्यसोभए किन नि स्थविर फलसमापत्तिमा बस्नु नभई निरोधसमापत्तिमा बस्नु भएको ? प्राणीहरू प्रति अनुकम्पा राख्नु भई । यी स्थविर सबै समापत्तिहरूमा बस्न सक्नु हुन्छ । प्राणी प्रतिको अनुकम्पाले गर्दा धेरैजसो वहाँ निरोधसमापत्तिमा बस्नु हुन्छ । यस्तो समापत्तिमा बसेर उठेकालाई गरेको सम्मानको फल विशेष महत्फलदायी हुन्छ । उदा. अ. क. पृ. १३७: सक्कुदानसुत्त-वण्णना, नन्दनवग्गो ।

निरोधसमापत्ति ध्यान क-कस्ले गर्न सक्छन्, निरोध-समापत्ति ध्यान गर्नुभन्दा अगाडि के के गर्नुपर्छ भन्ने विवेचनात्मक कुराहरू उहीं पृ. १३७ मा उल्लेख भएका छन् । उसै ग्रन्थको पृ. २४–२६ मा पनि यस सम्बन्धी विवेचना गरिएको छ ।

त्यस समय पाँचशय देवताहरू आयुष्मान् महाकश्यपलाई भिक्षा प्रदान गर्न उत्सुक थिए। अनि आयुष्मान् महाकश्यपले ती पाँचशय देवताहरूलाई प्रतिक्षेप गरी[१] पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी राजगृहमा पिण्डार्थ जानुभयो।

त्यसबखत शक्र देवेन्द्र आयुष्मान् महाकश्यपलाई भिक्षा दिन चाहन्थे[२]। (अनि शक्रले) प्रेष्यकारको रूप धारण गरी धागो काटीरहे[३]। सुजा वा सुजाता असुरकन्याले कुटीमा धागो बेरिरहिन्। अनि आयुष्मान् महाकश्यप राजगृहमा पिण्डार्थ सपदानचारिका[४] गर्दै जहाँ शक्र बसेको ठाउँ हो त्यहाँ पुग्नुभयो। शक्र देवेन्द्रले आयुष्मान् महाकश्यपलाई टाढैबाट आइरहनुभएको देखेर घरबाट निस्की अगाडितिर गई (वहाँको) हातबाट भिक्षापात्र लिई घरभित्र पसी कसौंडीबाट भात पस्की पात्र भरी राखी आयुष्मान् महाकश्यपको हातमा दिए। त्यो भिक्षा-भोजन अनेक तिहुनहरू, अनेक तरकारीहरू तथा अनेक तिहुन तरकारीहरूले युक्त थियो। अनि आयुष्मान् महाकश्यपलाई यस्तो लाग्यो—"को रहेछ यो पुरुष जसको यस्तो प्रभाव

---

१. एक समय महाकश्यप महास्थविर सन्चो नभएर राजगृहकै पिप्फली गुफामा बस्नुभएको थियो। सन्चो भएपछि भिक्षाटन्को निमित्त वहाँ राजगृहमा जानुभएको थियो। त्यसबखत शक्र देवेन्द्रको आज्ञा सुनी पाँचशय देवकन्याहरू महास्थविरलाई भिक्षा दिन आएका थिए। त्यसबखत पनि वहाँले प्रतिक्षेप गर्नुभएको थियो। (हेर उदा. पा. पृ. ६७: महाकस्सपसुत्तं, अ. क. पृ. ४२) यसपालि

चाहिं पाँचशय देवकन्याहरू शक्रलाई केही सूचना नदिई भिक्षा दिन आएका थिए। (जुन सूत्रको कुरा अगाडि २२ औं सूत्रमा अनुदित भएको छ) तर महास्थविरले 'गरिबहरूलाई संग्रह गर्नुपर्छ' भन्नुहुँदै अघि जस्तै यसपालि पनि प्रतिक्षेप गर्नुभएको हो। त्यसैले सूत्रमा 'प्रतिक्षेप गरी' भनी उल्लेख भएको हो। उदा. अ. क. पृ. १३८: सक्कुदानसुत्तवण्णना, नन्दनवग्गो।

२. जब ती पाँचशय देवकन्याहरू फर्केर आएको देखे तब शक्रले उनीहरूसँग "तिमीहरू कहाँ गएर आएका ह्वौ?" भनी सोध्दा, उनीहरूले "महाकश्यप महास्थविरलाई भिक्षा दिने विचारले गएका थियौं; तर वहाँले प्रतिक्षेप गर्नुभयो; त्यसैले फर्केर आएका ह्वौं" भनी जवाफ दिएपछि शक्रको मनमा "त्यसोभए एक गरीबको भेष धारण गरी म गई वहाँलाई दान दिनुपर्‍यो" भन्ने संकल्प गरे। त्यसैले माथि सूत्रमा 'भिक्षादिन चाहन्थे' भनी उल्लेख गरेको हो भनी उदा. अ. क. पृ. १३८: सक्कुदानसुत्तवण्णनाले उल्लेख गरेको हो।

३. उपरोक्त कल्पना अनुरूप एक अत्यन्त बूढो तथा गरीबको भेष लिई, सुजातालाई बूढीको भेष धारण गराई शक्र एक गरीबहरूको टोलमा गई धागो काटी बसेका थिए। त्यसैले सूत्रमा 'धागो काटिरहे' भन्ने उल्लेख भएको हो भनी उदा. अ. क. पृ. १३८: सक्कुदानसुत्त-वण्णनाले उल्लेख गरेको छ।

४. सपदान चारिका भनेको क्रमैसँग जाने हो।

छ ?" अनि आयुष्मान् महाकश्यपलाई यस्तो लाग्यो—"यी त शक्र देवेन्द्र पो रहेछन् ।" यति बुझ्नुभई शक्र देवेन्द्रलाई यसो भन्नुभयो—"कौशिक ! अहिले जे गर्‍यौ भइहाल्यो; आयन्दा फेरि यस्तो नगर[1] ।"

"भन्ते कश्यप ! हामीलाई पनि त पुण्यको आवश्यकता छ, हामीलाई पनि पुण्यको जरूरत छ ।"

अनि आयुष्मान् महाकश्यपलाई अभिवादन गरी, प्रदक्षिणा गरी आकाशमा गई शक्र देवेन्द्रले आकाशमा तीनबार उदान

---

१. 'आयन्दा फेरि यस्तो नगर' भनी महाकश्यप महास्थविरले भन्नुभएका कारणहरूलाई प्रष्ट पार्दै अर्थकथाले निम्न कुराहरू लेखेको छ ।

महाकश्यप महास्थविर साप्ताहिक निरोधसमापत्तिबाट उठ्नुभई कुनै एक गरीबको संग्रह गर्न चाहनु हुन्थ्यो । त्यसैले देवकन्याहरूको भिक्षालाई वहाँले स्वीकार नगर्नु भएको हो । गरीबहरूलाई संग्रह गर्ने विचार लिई वहाँ गरीबहरू बस्ने टोलमा जाँदा वहाँले गरीब भेषधारी शक्रलाई देखेर उसको घर अगाडि उभिनु भएको थियो । शक्रले वहाँलाई देखेर पनि नदेखे झैं गरी एकछिन बसी पछि निधारमा हात राखी हेरी 'महाकश्यप महास्थविर पो रहेछन्' भन्दै महास्थविरको हातबाट पात्र लिई घरभित्र पसी 'दिन योग्य केही छ के ?' भन्दै सुजातालाई आवाज सुनाई ताल पार्दै घरभित्र पसी अनेक सूप व्यञ्जनहरू युक्त भोजन पात्र

भरी राखी महास्थविरको हातमा पात्र दिए। जब पात्र भरी भोजन ल्याएको देख्नुभयो अनि महास्थविरले 'यो पुरुष हेर्दा भने यस्तो महादरिद्र जस्तै छ, तर यसको भोजन भने गरीवको जस्तो छैन। को रहेछ यो पुरुष?' भनी ध्यानदृष्टिले हेर्नु भएपछि शक्र देवेन्द्र रहेछन् भन्ने कुरा थाहापाउनुभयो र "यिनले गरीबको पुण्यलाई छलेर लिए" भन्ने लागेपछि वहाँले शक्रलाई "तिमीले गरीबको पुण्य छलेर लियौ, अतः आयन्दादेखि यस्तो नगर" भनी भन्नुभयो। त्यसैले माथि सूत्रमा "आयन्दा फेरि यस्तो नगर" भन्ने वाक्य लेखिएको हो भनी उदान अर्थकथा उल्लेख गर्दछ।

यति कुरा सुनेपछि शक्रले महास्थविरसँग "भन्ते! छलेर दिएको दानको फल मैले पाउँछु कि पाउँदिन त?" भनी सोध्दा महास्थविरले "पाउनेछौ" भनी भन्नुभयो। अनि शक्रले "भन्ते! हामी जस्ता गरीबले पनि त पुण्य गर्नुपर्छ" भनी भन्दा महास्थविरले "तिमी जस्ता देवेन्द्र कसरी गरीब हुन्छौ र?" भनी भन्नुहुँदा शक्रले पुनः "भन्ते! बुद्ध उत्पन्न नभएको समयमा मैले पुण्य गरें। किन्तु अहिले बुद्ध उत्पन्न भएको समयमा पुण्यकर्म गरी चूलरथ देवपुत्र, महारथ देवपुत्र तथा अनेक वर्ण देवपुत्र भन्ने नाम गरेका तीन देवपुत्रहरू मेरो छेउमा उत्पन्न भए। उनीहरूको तेज मेरोभन्दा चम्किलो छ भने म जस्तो गरीब अरू को हुन सक्ला त" भनी विन्ति गरे। उदा. अ. क. पृ. १३९–४०: सक्कु-दानसुत्तवण्णना; सक्कसंयुत्तं।

(=प्रीति वाक्य) प्रकट गरे[1] – "अहोदान, परमदान कश्यपमा सुप्रतिष्ठित भयो ! अहोदान परमदान कश्यपमा सुप्रतिष्ठित भयो !! अहोदान परमदान कश्यपमा सुप्रतिष्ठित भयो !!!"

आकाशमा गई शक्र देवेन्द्रले आकाशमा तीनबार "अहोदान परमदान कश्यपमा सुप्रतिष्ठित भयो ! अहोदान परमदान कश्यपमा सुप्रतिष्ठित भयो !! अहोदान परमदान कश्यपमा सुप्रतिष्ठित भयो !!!" भनी उदान (=प्रीति वाक्य) प्रकट गरेको आवाज भगवान्ले अमानुषीय विशुद्ध दिव्यश्रोतद्वारा सुन्नुभयो[2]।

अनि भगवान्ले यस कारणलाई बुझ्नुभई त्यसबखत यो उदान प्रकट गर्नुभयो—

---

१. जब महास्थविरले 'पुण्यफल पाउनेछौ' भनी भन्नुभयो तब गद्गद् भई आकाशमा गई शक्र देवेन्द्रले उदान प्रकट गरेका हुन् । उदा. अ. क. पृ. १४०: सक्कुदानसुत्तवण्णना ।

२. शक्रद्वारा आकाशमा उदान प्रकट गरेको आवाज विहारमा बसिरहनुभएका भगवान्ले दिव्य-श्रोतद्वारा सुन्नुभई "भिक्षुहो ! हेर उदान प्रकट गर्दै शक्र आकाशमा जाँदैछन्" भनी भिक्षुहरूलाई भन्नुहुँदा भिक्षुहरूले "किन उदान प्रकट गरेका हुन् त ?" भनी सोधेपछि शक्रले महाकश्यपलाई छलेर दान दिएको कुरा भगवान्ले सुनाउनुभयो भन्ने कुरा उदा. अ. क. पृ. १४०: सक्कुदानसुत्तवण्णनाले उल्लेख गरेको छ ।

"पिण्डपातिकस्स भिक्खुनो,
अत्तभरस्स अनञ्ञपोसिनो ।
देवा पिहयन्ति तादिनो,
उपसन्तस्स सदा सतीमतो'ति ।।"

अर्थ—

"भिक्षाटन् गर्ने र आफ्नो भरण गरी अर्काको पोषण नगर्ने अचल शान्त तथा सदा स्मृतिमान् भिक्षुलाई देवताहरूले पनि प्यारो गर्छन् ।"

× × ×

मूल सूत्र—

२१. गोसिङ्ग शालवन कसरी शोभायमान हुन्छ ?

(महागोसिङ्गसुत्तं[१])

यस्तो मैले सुनें ।

एक समय, भगवान् धेरै प्रसिद्ध स्थविर श्रावकहरूका साथ गोसिङ्ग शालवनदायमा[२] बसिरहनुभएको थियो । जस्तै—आयुष्मान् सारिपुत्र, आयुष्मान् महामौद्गल्यायन, आयुष्मान् महाकश्यप, आयुष्मान् अनुरुद्ध, आयुष्मान् रेवत, आयुष्मान् आनन्द तथा अरू पनि प्रसिद्ध प्रसिद्ध श्रावकहरूसँग । अनि सन्ध्या समयमा ध्यानबाट उठी आयुष्मान् महामौद्गल्यायन जहाँ आयुष्मान् महाकश्यप हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि आयुष्मान् महाकश्यपलाई

---

१. म. नि. I. पृ. २६३; अ. क. II. पृ. २०४.

२. यो गोसिङ्ग भन्ने शालको वन वृजीहरूको राज्यमा पर्छ । जंगलको एक ठूलो रुखबाट गाईको सिङ जस्तो प्रशाखा निस्केको हुँदा सो वनको नाम नै 'गोसिङ्ग' रहन गएको हो भनी पपं. सू. II. पृ. १९६: चूलगोसिङ्गसुत्तवण्णनाले उल्लेख गरेको छ ।

यसो भन्नुभयो—"आवुसो कश्यप ! धर्मश्रवण गर्नको निमित्त जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्छ त्यहाँ जाऔं ।"

"हुन्छ" भनी आयुष्मान् महाकश्यपले प्रत्युत्तर दिनुभएपछि धर्मश्रवणको निमित्त आयुष्मान् महामौद्‌गल्यायन, आयुष्मान् महाकश्यप र आयुष्मान् अनुरुद्ध जहाँ आयुष्मान् सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ जानुभयो । अनि आयुष्मान् आनन्दले धर्मश्रवणको निमित्त आयुष्मान् महामौद्‌गल्यायन, आयुष्मान् महाकश्यप र आयुष्मान् अनुरुद्ध जहाँ सारिपुत्र हुनुहुन्थ्यो त्यहाँ गइरहेको देख्नुभयो । देखेर आयुष्मान् रेवतकहाँ गई यसो भन्नुभयो—"आवुसो रेवत ! यी सत्पुरुषहरू धर्मश्रवणको निमित्त आयुष्मान् सारिपुत्रकहाँ जाँदैछन् । आवुसो रेवत ! हामीहरू पनि धर्मश्रवणको निमित्त आयुष्मान् सारिपुत्रकहाँ जाऔं ।" "हुन्छ" भनी आयुष्मान् रेवतले प्रत्युत्तर दिएपछि दुबैजना आयुष्मान् सारिपुत्रकहाँ जानुभयो ।

आयुष्मान् आनन्दको विचार

अनि आयुष्मान् सारिपुत्रले आयुष्मान् रेवत र आयुष्मान् आनन्दहरू आइरहनुभएको टाढैबाट देख्नुभयो । देखेर आयुष्मान् आनन्दलाई यस्तो भन्नुभयो—"आउनुहोस् आयुष्मान् आनन्द ! भगवान्का उपस्थाक तथा भगवान्का समीपमा बस्नुहुने आयुष्मान् आनन्दको स्वागत छ । आवुसो आनन्द ! गोसिङ्ग शालवन रमणीय छ । आकाशमा निर्मल चन्द्रमा छ । शालाको (=पाटी) वरीपरी सबै

ठाउँमा फूलहरू फुलिरहेका छन् । लाग्छ कि चारैतिरबाट दिव्य वासना आइरहेको छ । आवुसो आनन्द ! कस्ता भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुन सक्ला ?

"आवुसो सारिपुत्र ! यहाँ भिक्षु बहुश्रुत हुन्छ, श्रुतधर हुन्छ र श्रुतसन्निचयी हुन्छ; जो त्यो धर्म आदिकल्याण हो, मध्यकल्याण हो, पर्यवशान कल्याण हो, अर्थसहित व्यञ्जन सहित, केवल परिपूर्ण छ त्यस्तो ब्रह्मचर्यको भाषण गर्छ, त्यस्तो धर्म धेरै सुनेको हुन्छ, धारण गरेको हुन्छ, बचनले अभ्यास गरेको हुन्छ, मनले परीक्षा गरेको हुन्छ र बुद्धिले अर्थ जानेको हुन्छ । अनि जसले अनुशय निवारण गर्नको निमित्त यस्तो धर्म चतुपरिषद्लाई सुनाउँछ—आवुसो सारिपुत्र ! त्यस्ता भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुनसक्छ ।"

आयुष्मान् रेवतको विचार

यस्तो भन्नुभएपछि आयुष्मान् सारिपुत्रले आयुष्मान् रेवतलाई यसो भन्नुभयो—"आवुसो रेवत ! आयुष्मान् आनन्दले आफ्नो विचार प्रकट गर्नुभयो । अब म आयुष्मान् रेवतसँग सोध्दछु—"आवुसो रेवत ! गोसिङ्ग शालवन रमणीय छ...। आवुसो रेवत ! कस्ता भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुन सक्ला ?"

"आवुसो सारिपुत्र ! यहाँ भिक्षु ध्यानमा लाग्ने ध्यानमा तल्लीन हुने हुन्छ । आफ्नो चित्त एकाग्रतामा राख्नको निमित्त प्रयत्न गर्ने,

ध्यानबाट अलग नहुने, विपश्यना युक्त र एकान्तवास रुचाउने हुन्छ। आवुसो सारिपुत्र! यस्ता भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुनसक्छ।"

आयुष्मान् अनुरुद्धको विचार

यस्तो भन्नुभएपछि आयुष्मान् सारिपुत्रले आयुष्मान् अनुरुद्धलाई यस्तो भन्नुभयो—"आवुसो अनुरुद्ध! आयुष्मान् रेवतले आफ्नो विचार प्रकट गर्नुभयो। अब म आयुष्मान् अनुरुद्धसँग सोध्दछु—"आवुसो अनुरुद्ध! गोसिङ्ग शालवन रमणीय छ...। आवुसो अनुरुद्ध! कस्ता भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुन सक्ला?"

"आवुसो सारिपुत्र! यहाँ भिक्षु अमानुषीय विशुद्ध दिव्यचक्षुद्वारा हजारौं लोकलाई हेर्दछ। आवुसो सारिपुत्र! जस्तै चक्षुवान् पुरुषले प्रासादको माथिल्लो भागबाट हजारौं घेराको सिमाना देख्दछ त्यस्तै आवुसो सारिपुत्र! सो भिक्षुले अमानुषीय विशुद्ध दिव्यचक्षुद्वारा हजारौं लोकलाई हेर्दछ। आवुसो सारिपुत्र! यस्ता भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुन सक्छ।"

आयुष्मान् महाकश्यपको विचार

यस्तो भन्नुभएपछि आयुष्मान् सारिपुत्रले आयुष्मान् महाकश्यपलाई यस्तो भन्नुभयो—"आवुसो महाकश्यप! आयुष्मान् अनुरुद्धले

आफ्नो विचार प्रकट गर्नुभयो। अब म आयुष्मान् महाकश्यपसँग सोध्दछु—"आवुसो महाकश्यप! गोसिङ्ग शालवन रमणीय छ...। आवुसो महाकश्यप! कस्ता भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुन सक्ला?"

"आवुसो सारिपुत्र! यहाँ भिक्षु (१) आफू पनि आरण्यिक हुन्छ आरण्यिकताको वर्णवादी पनि हुन्छ, (२) आफू पनि पिण्डपात्रिक (=भिक्षाटन् जाने) हुन्छ पिण्डपात्रिकताको वर्णवादी पनि हुन्छ, (३) आफू पनि पंसुकूलिक हुन्छ पंसुकूलिकताको वर्णवादी पनि हुन्छ, (४) आफू पनि त्रिचीवरिक (=तीन चीवर मात्र व्यवहार गर्ने) हुन्छ त्रिचीवरिकताको वर्णवादी पनि हुन्छ, (५) आफू पनि अल्पेच्छी हुन्छ अल्पेच्छताको वर्णवादी पनि हुन्छ, (६) आफू पनि सन्तोषी हुन्छ सन्तुष्टताको वर्णवादी पनि हुन्छ, (७) आफू पनि एकान्तवासी हुन्छ एकान्तवासको वर्णवादी पनि हुन्छ, (८) आफू पनि असंसर्गी हुन्छ असंसर्गताको वर्णवादी पनि हुन्छ, (९) आफू पनि वीर्यवान् हुन्छ वीर्यवानूताको वर्णवादी पनि हुन्छ, (१०) आफू पनि शीलसम्पन्न हुन्छ शीलसम्पन्नताको वर्णवादी पनि हुन्छ, (११) आफू पनि समाधि सम्पन्न हुन्छ समाधि सम्पन्नताको वर्णवादी पनि हुन्छ, (१२) आफू पनि प्रज्ञासम्पन्न हुन्छ प्रज्ञासम्पन्नताको वर्णवादी पनि हुन्छ, (१३) आफू पनि विमुक्ति सम्पन्न हुन्छ विमुक्ति सम्पन्नताको वर्णवादी पनि हुन्छ र (१४) आफू पनि विमुक्ति ज्ञानदर्शन सम्पन्न हुन्छ विमुक्ति ज्ञानदर्शन सम्पन्नताको वर्णवादी पनि हुन्छ। आवुसो सारिपुत्र! यस्ता भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुन सक्छ।"

आयुष्मान् महामौद्‌गल्यायनको विचार

यस्तो भन्नुभएपछि आयुष्मान् सारिपुत्रले आयुष्मान् महामौद्‌गल्यायनलाई यसो भन्नुभयो—"आवुसो महामौद्‌गल्यायन ! आयुष्मान् महाकश्यपले आफ्नो विचार प्रकट गर्नुभयो । अब आयुष्मान् महामौद्‌गल्यायनसँग सोध्दछु—'आवुसो महामौद्‌गल्यायन ! गोसिङ्ग शालवन रमणीय छ...। कस्ता भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुन सक्छ ?"

"आवुसो सारिपुत्र ! यहाँ दुइ भिक्षुहरू अभिधर्मका कुरा गर्छन् परस्पर प्रश्न सोध्छन् परस्पर सोधिएका प्रश्नहरूका उत्तर दिन्छन् उत्तर नदिई चुपलागेर बस्दैनन् धार्मिक कथा गर्छन् । आवुसो सारिपुत्र ! यस्ता भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुन सक्छ ।"

आयुष्मान् सारिपुत्रको विचार

अनि आयुष्मान् महामौद्‌गल्यायनले आयुष्मान् सारिपुत्रलाई यसो भन्नुभयो—"आवुसो सारिपुत्र ! हामी सबैले आ-आफ्ना विचारहरू प्रकट गरिसक्यौं । अब हामी आयुष्मान् सारिपुत्रसँग सोध्दछौं—'आयुष्मान् सारिपुत्र ! गोसिङ्ग शालवन रमणीय छ...। आवुसो सारिपुत्र ! कस्ता भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुन सक्ला ?"

"आवुसो मौद्गल्यायन ! यहाँ भिक्षु चित्तलाई बशमा राख्छ किन्तु चित्तको बशमा पर्दैन । सो भिक्षु जुन समापत्तिमा पुर्वाण्ह समयमा बस्न चाहन्छ, जुन समापत्तिमा मध्याण्ह समयमा बस्न चाहन्छ, जुन समापत्तिमा सन्ध्या समयमा बस्न चाहन्छ उही समापत्तिमा बस्छ । आवुसो मौद्गल्यायन ! भनौं कि यहाँ राजा वा राजमहामात्यका अनेक रंगका वस्त्रहरू भरिएको सन्दूक हुन्छ । उसले जुन वस्त्र पुर्वाण्ह समयमा लगाउन चाहन्छ उही वस्त्र लगाउँछ, जुन वस्त्र मध्याण्ह समयमा लगाउन चाहन्छ सोही वस्त्र लगाउँछ र जुन वस्त्र सन्ध्या समयमा लगाउन चाहन्छ उही वस्त्र लगाउँछ । आवुसो मौद्गल्यायन ! यस्तै गरी भिक्षु चित्तलाई बशमा राख्छ परन्तु चित्तको बशमा पर्दैन । सो भिक्षु जुन समापत्तिमा पूर्वाण्ह समयमा बस्न चाहन्छ उही समापत्तिमा बस्छ, जुन समापत्तिमा मध्याण्ह समयमा बस्न चाहन्छ......उही समापत्तिमा बस्छ । आवुसो मौद्गल्यायन ! यस्ता भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुन सक्छ ।"

भगवान्‌कहाँ गए

अनि आयुष्मान् सारिपुत्रले ती आयुष्मान्‌हरूलाई यसो भन्नुभयो —"आवुसो ! हामी सबैले आ-आफ्नो विचार प्रकट गरिसक्यौं । आवुसो ! अब हामीहरू जहाँ भगवान् हुनुहुन्छ त्यहाँ जाऔं । अनि वहाँलाई यो कुरा सुनाऔं । भगवान्‌ले जस्तो भन्नुहुनेछ उस्तै हामी धारण गर्नेछौं ।" "हुन्छ" भनी ती आयुष्मान्‌हरूले आयुष्मान् सारिपुत्र-

लाई प्रत्युत्तर दिनुभयो । अनि ती आयुष्मान्हरू भगवान्कहाँ गई वहाँलाई अभिवादन गरी एक छेउमा बस्नुभयो । एक छेउमा बस्नुभएका आयुष्मान् सारिपुत्रले भगवान्लाई यसो भन्नुभयो—"भन्ते ! यहाँ आयुष्मान् रेवत र आयुष्मान् आनन्द धर्मश्रवणको निमित्त मकहाँ आउनुभयो ।...[1] (अनि मैले यस्तो सोध्दा आयुष्मान् आनन्दले यस्तो भन्नुभयो भनी सबै कुरा भगवान्लाई सुनाउनुभयो ।)

(यो सुनेर भगवान्ले यस्तो भन्नुभयो—)

"साधु सारिपुत्र ! साधु !! आनन्दले जस्तो भन्नुपर्ने हो त्यस्तै भने । सारिपुत्र ! आनन्द बहुश्रुत श्रुतधर तथा श्रुतसंनिचयी हुन् । जुन धर्म आदिकल्याण,...त्यस्तो धर्म धेरै सुनेका छन्, मनले परीक्षण गरेका छन् र बुद्धिले अर्थ बुझेका छन् । अनुशय हटाउनको निमित्त परिमण्डल पदव्यञ्जनद्वारा चार परिषद्लाई उनी धर्मदेशना गर्छन् ।"

"भन्ते ! यस्तो भन्नुभएपछि मैले आयुष्मान् रेवतसँग सोधेँ... अनि आयुष्मान् रेवतले यसो भन्नुभयो..." (माथि उल्लेख भए जस्तै सबै कुरा दोहऱ्याई पढ्नू ।)

(यो सुनेर भगवान् भन्नुहुन्छ—)

"साधु सारिपुत्र ! साधु !! रेवतले जस्तो भन्नुपर्ने हो त्यस्तै भने । सारिपुत्र ! रेवत ध्यानमा लाग्ने र ध्यानमा तल्लीन हुने हुन् ।

---

१. माथि पृ. २८५ मा उल्लेख भएका कुराहरू सबै दोहऱ्याई पढ्नू ।

आफ्नो चित्त एकाग्र राख्नको निमित्त प्रयत्न गर्ने हुन् र ध्यानबाट अलग नभई विपश्यना युक्त एकान्तवास रुचाउने हुन् ।"

"भन्ते ! यस्तो भन्नु भएपछि मैले आयुष्मान् अनुरुद्धसँग सोधें...। अनि आयुष्मान् अनुरुद्धले यसो भन्नुभयो...।" (माथि उल्लेख भए जस्तै सबै कुरा दोहऱ्याई पढ्नू ।)

"साधु सारिपुत्र ! साधु !! अनुरुद्धले जस्तो भन्नुपर्ने हो त्यस्तै भने । सारिपुत्र ! अनुरुद्ध अमानुषीय विशुद्ध दिव्यचक्षुद्वारा हजारौं लोक हेर्दछन् ।"

"भन्ते ! यस्तो भन्नुभएपछि मैले आयुष्मान् महाकश्यपसँग सोधें...। अनि आयुष्मान् महाकश्यपले यसो भन्नुभयो...।" (माथि उल्लेख भए जस्तै सबै कुरा दोहऱ्याई पढ्नू ।)

"साधु सारिपुत्र ! साधु !! जस्तो भन्नुपर्ने हो त्यस्तै महाकश्यपले भने । सारिपुत्र ! कश्यप आफू पनि आरण्यिक हुन् आरण्यिकताको वर्णवादी पनि हुन्...आफू पनि विमुक्तिज्ञानदर्शन सम्पन्न हुन् । विमुक्तिज्ञानदर्शन सम्पन्नताको वर्णवादी पनि हुन् ।"

"भन्ते ! यस्तो भन्नुभएपछि मैले आयुष्मान् महामौद्गल्यायन-लाई यसो भनें .. 'आवुसो मौद्गल्यायन ! आयुष्मान् महाकश्यपले आफ्नो विचार प्रकट गर्नुभयो...।' अब म आयुष्मान् महामौद्गल्यायन-सँग सोध्दछु — '...कस्ता भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुन सक्ला ?' अनि आयुष्मान् महामौद्गल्यायनले 'यहाँ दुइ भिक्षुहरू

अभिधर्मका कुरा गर्छन् धार्मिक कथा गर्छन् । यस्ता भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुन सक्छ' भनी भन्नुभयो ।"

"साधु सारिपुत्र ! साधु !! जस्तो भन्नुपर्ने हो त्यस्तै मौद्गल्यायनले भने । सारिपुत्र ! मौद्गल्यायन धर्मकथिक हुन् ।"

यस्तो भन्नुभएपछि आयुष्मान् महामौद्गल्यायनले भगवान्लाई यसो भन्नुभयो – "भन्ते ! अनि मैले आयुष्मान् सारिपुत्रसँग सोधें । आयुष्मान् सारिपुत्रले यसो भन्नुभयो . ।" (माथि उल्लेख भए जस्तै सबै कुरा दोहऱ्याई पढ्नू ।)

"साधु मौद्गल्यायन ! साधु !! जस्तो भन्नुपर्ने हो त्यस्तै सारिपुत्रले भने । मौद्गल्यायन ! सारिपुत्र चित्तलाई बशमा राख्छन् । चित्तको बशमा बस्दैनन् । उनी जुन समापत्तिमा बिहार, दिउँसो वा सन्ध्या समयमा बस्न चाहन्छन् उही समापत्तिमा बस्छन् ।"

भगवान्को मन्तव्य

यस्तो भन्नुभएपछि आयुष्मान् सारिपुत्रले भगवान्लाई यसो भन्नुभयो—"भन्ते ! कसको कुरा सुभाषित छ ?"

"सारिपुत्र ! पर्यायद्वारा सबैका कुरा सुभाषित छन् । मेरो पनि केही कुरा सुन जुन भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुन्छ । सारिपुत्र ! यहाँ भिक्षु भोजनपछि पलेटिमारी बसी शरीर सीधा राखी मुख अगाडि स्मृति राखी –'तबसम्म म यो पलेटी बिगार्ने छैन जबसम्म

उपादान रहित आस्रवबाट चित्तविमुक्ति हुने छैन' भनी प्रतिज्ञा गर्छ। सारिपुत्र ! यस्ता भिक्षुद्वारा गोसिङ्ग शालवन शोभायमान हुन्छ।"

भगवान्ले यति भन्नुभयो। सन्तुष्ट भई ती आयुष्मान्हरूले भगवान्को भाषणलाई अभिनन्दन गर्नुभयो।

× × ×

मूल सूत्र—

१२. दरिद्रीहरू बस्ने सडकमा भिक्षाटन्

(महाकस्सपसुत्त[1])

यस्तो मैले सुनें ।

एक समय, भगवान् राजगृहस्थित वेणुवनको[2] कलन्दक-निवापमा बसिरहनुभएको थियो । त्यसबखत आयुष्मान् महाकश्यप सारै बिरामी भई पिप्फलिगुफामा[3] बस्नुभएको थियो । पछि आयुष्मान् महाकश्यप त्यस रोगबाट उठ्नुभयो[4] । अनि त्यस रोगबाट उठ्नुभएका आयुष्मान् महाकश्यपको मनमा 'राजगृहमा भिक्षाटन् जानुपऱ्यो' भन्ने लाग्यो ।

---

१. उदा. पा. पृ. ६७: बोधिवग्गो; अ. क. पृ. ४२.

२. 'वेणुवन' भनेको भगवान् बस्ने विहारको नाम हो । सो विहारको कम्पाउण्ड अठार हात अग्लो परखालले घेरिएको थियो । भगवान् बस्न योग्य छाँटको विशाल गन्धकुटी र अरू आवश्यकीय प्रासाद, कुटी, गुफा, मण्डप, चंक्रमणद्वारा तथा कोष्ठहरूद्वारा प्रतिमण्डित थिए । यसको वाहिर चारैतिर बाँसका काङहरू थिए । मनोरम्य

त्यसबखत पाँचशय जति देवकन्याहरू आयुष्मान् महाकश्यप-लाई भोजन दिन उत्सुक थिए। अनी ती पाँचशय देवकन्याहरूको भोजन प्रतिक्षेप गरी पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर धारण गरी जहाँ धागोबुन्ने गरीबहरू बस्ने राजगृहको सडक हो त्यहाँ भिक्षाटनार्थ आयुष्मान् महाकश्यप जानुभयो। अनि भगवान्ले (ध्यानदृष्टिद्वारा) आयुष्मान् महाकश्यप राजगृहमा भिक्षाटनार्थ जानुभएको देखनुभयो।

यो देखनु भएपछि त्यसैबेला भगवान्ले यो उदान गाथा प्रकट गर्नुभयो।

हरियाली दृश्य थियो। त्यसैले 'वेणुवन' भनिएको हो भनी उदा. अ. क. पृ. ४२: महाकस्सपसुत्तवण्णना, बोधिवग्गले उल्लेख गरेको छ।

३. यस गुफाको दैलोनिर पिप्फलि भन्ने रुख थियो। त्यसैले यसलाई 'पिप्फलि गुफा' भनिएको हो। उदा. अ. क. पृ. ४२: महाकस्सप-सुत्तवण्णना, बोधिवग्गो।

४. आयुष्मान् महाकश्यप बिरामी भइरहेको बुझी भगवान् त्यहाँ जानुभई वहाँलाई सप्तबोध्यङ्गका कुरा सुनाउनु भएपछि वहाँको रोग निको भएको थियो भनी उदा. अ. क. पृ. ४२–४३: महा-कस्सपसुत्तवण्णना, बोधिवग्गले उल्लेख गरेको छ। त्यसैले यहाँ 'रोगबाट उठ्नुभयो' भनी उल्लेख भएको हो।

"अनञ्ञपोसिमञ्ञाति, दन्तं सारे पतिट्ठितं ।
खीणासवं वन्तदोसो, तमहं ब्रूमि ब्राह्मणं'ति ।।"

अर्थ—

"कसैले हेरचाह गर्न नपर्ने भनी ख्यातिप्राप्त, दान्तभई सारमा प्रतिष्ठित र कामास्रवादि कुनै आस्रव नभई क्षीणास्रवी भएका जस्तालाई म ब्राह्मण भन्दछु ।"

× × ×

मूल सूत्र—

२३. भिक्षुहरू अटेरी छन्
(ओवादसुत्तं[१])

राजगृहको वेणुवनमा—

अनि आयुष्मान् महाकश्यप जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बस्नुभएका आयुष्मान् महाकश्यपलाई भगवान्‌ले यसो भन्नुभयो—

"कश्यप! भिक्षुहरूलाई अववाद देऊ। कश्यप! भिक्षुहरूलाई धर्मको कुरा सुनाऊ। कश्यप! तिमीले वा मैले भिक्षुहरूलाई अववाद दिनुपर्छ। तिमीले वा मैले भिक्षुहरूलाई धर्मको कुरा सुनाउनुपर्छ।"

"भन्ते! आजकल भिक्षुहरू दुर्वच (=अटेरी) छन्। दुर्वाच्य गुणले युक्त छन्। अनुशासन ग्रहण गर्न योग्य छैनन्। भन्ते! यहाँ आनन्दसँग बस्ने भण्ड[२] भन्ने भिक्षुलाई मैले देखेको छु; अनुरुद्धसँग

१. सं. नि. II. पृ. १७०: कस्सपसंयुत्तं; अ. क. II. पृ. १३०.

२. स्याममा: 'भण्डु'।

बस्ने अभिज्झिक[1] भन्ने भिक्षुलाई देखेको छु जो आपसमा 'भिक्षु ! आओ ! को अधिकतर बोल्न सक्छ ? को सुन्दरतर बोल्न सक्छ र को धेरै-बेरसम्म बोल्न सक्छ ?' भनी प्रमाणभन्दा बाहिर गई कुरा गरिरहेको ।"

अनि भगवान्ले एक भिक्षुलाई बोलाउनु भई—"भिक्षु ! यता आऊ । मेरो वचनले आनन्दसँग बस्ने भण्ड भन्ने भिक्षुलाई र अनुरुद्धसँग बस्ने अभिज्झिक भन्ने भिक्षुलाई 'आयुष्मान्हरूलाई शास्ता बोलाउँदै हुनुहुन्छ' भनी बोलाऊ ।

"हवस् भन्ते" भनी भगवान्लाई प्रत्युत्तर दिई सो भिक्षु जहाँ ती भिक्षुहरू थिए त्यहाँ गए । त्यहाँ गई "आयुष्मान्हरूलाई शास्ता बोलाउँदै हुनुहुन्छ" भनी भने ।

"हुन्छ आवुसो" भनी सो भिक्षुलाई प्रत्युत्तर दिई ती भिक्षुहरू जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगी भगवान्लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका तिनीहरूलाई भगवान्ले यसो भन्नुभयो—

"भिक्षुहो ! साँच्चैंहो के तिमीहरू 'भिक्षु ! आऊ ! को धेरै बोल्न सक्छ ? को सुन्दरतर बोल्न सक्छ र को धेरैबेरसम्म बोल्न सक्छ ?' भनी आपसमा प्रमाणभन्दा बाहिर गई कुरा गरिरहेका ?"

"भन्ते ! हो ।"

---

१. स्याममा: 'आभिज्जि' र नालन्दा पालिमा: 'अभिजिक' ।

"भिक्षुहो ! मैले तिमीहरूलाई यस्तो धर्मोपदेश गरेको थाहाछ के 'आऊ भिक्षु ! को धेरै बोल्न सक्छ ? को सुन्दरतर बोल्न सक्छ र को धेरै समयसम्म बोल्न सक्छ ? भनी प्रमाणभन्दा बाहिर गई आपसमा कुरा गर भन्ने कुरा' ?"

"भन्ते ! थाहाछैन ।"

"भिक्षुहो ! यदि तिमीहरूलाई मैले यस्तो धर्मदेशना गरेको थाहाछैन भने मोघपुरुषहो ! के जानेर के देखेर यस्तो स्वाख्यात धर्म-विनयमा प्रव्रजित भएका तिमीहरूले आपसमा प्रमाणभन्दा बाहिर गई 'आऊ भिक्षु ! को धेरै बोल्छ ? को सुन्दरतर बोल्छ र को धेरैबेरसम्म बोल्न सक्छ ?' भनी कुरा गरेका त ?"

अनि भगवान्‌को पाउमा शीरले ढोगी भगवान्‌सँग ती भिक्षुहरूले यस्तो बिन्ति गरे—

"भन्ते ! जस्तै कुनै अज्ञानी मूर्खले अकुशल अपराध गरे झैं जो यस्तो स्वाख्यात धर्मविनयमा प्रव्रजित भई हामीले आपसमा प्रमाणभन्दा बाहिर गई 'आऊ भिक्षु ! को यहाँ अधिक बोल्छ ? को सुन्दरतर बोल्छ र को अधिक समयसम्म बोल्न सक्छ ? भनी कुरागर्‍यौं । भन्ते ! भगवान्‌ले त्यस्ताको अपराधलाई अपराध भनी स्वीकार गर्नुहोस् हामी भविष्यमा संयमित हुनेछौं ।"

"भिक्षुहो ! साँच्चै हो कुनै अज्ञानी मूर्खले झैं अपराध गरी यस्तो स्वाख्यात धर्मविनयमा प्रव्रजित भएका तिमीहरू क्षमा माग्छौ ।

भिक्षुहो ! जब कि दोषलाई दोष हो भनी थाहापाई धर्मानुकूल प्रतिकार गर्छौं त्यो हामी स्वीकार्छौं । भिक्षुहो ! आर्यविनयमा यो अभिवृद्धि नै हो जो दोषलाई दोष भनी स्वीकारी धर्मानुकूल प्रतिकार गरी भविष्यमा संयमित हुनेछौं भनी भन्छन् ।"

× × ×

ख-१
१०६०

मूल सूत्र—

२४. तिमी बूढा भइसक्यौ

(जिण्णसुत्तं[१])

यस्तो मैले सुनें ।

एक समय, भगवान् राजगृहस्थित वेणुवनको कलन्दक-निवापमा बसिरहनुभएको थियो ।

अनि आयुष्मान् महाकश्यप जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो । एक छेउमा बस्नुभएका आयुष्मान् महाकश्यपलाई भगवान्ले यस्तो भन्नुभयो—

"कश्यप ! अहिले तिमी बूढा भइसक्यौ । यो सनको पंसुकूल चीवर तिमीलाई गह्रँगो हुनसक्छ । कश्यप ! त्यसैले गृहस्थीहरूले दिएको चीवर लगाऊ, निमन्त्रणमा जाऊ र मकहाँ बस ।"

"भन्ते ! धेरै समयदेखि म आरण्यिक पनि छु र अरण्यवासको वर्णवादी पनि हुँ । भिक्षाटन् गरी जीविका गर्ने पनि हुँ र भिक्षाटन् गरी

१. सं. नि. II. पृ. १६९: कस्सपसंयुत्तं; अ. क. II. पृ. १२८.

जीविका गर्नेको प्रशंसक पनि हुँ । पंसुकूलिक पनि हुँ र पंसुकूलिकको प्रशंसक पनि हुँ । त्रिचीवरधारी पनि हुँ र त्रिचीवरधारीको वर्णवादी पनि हुँ । अल्पेच्छी पनि छु र अल्पेच्छताको वर्णवादी पनि । सन्तोषी पनि छु र सन्तुष्टिताको वर्णवादी पनि । एकान्तवासी पनि छु र एकान्तवासको वर्णवादी पनि । असंसर्गी पनि छु र असंसर्गताको वर्णवादी पनि । वीर्यवान् पनि छु र वीर्यारम्भको वर्णवादी पनि हुँ ।"

"कश्यप ! के अर्थ देखेर तिमी चीरकालदेखि आरण्यिक भएका ह्वौ र आरण्यिकताको वर्णवादी भयौ ? भिक्षाटन् गर्ने भएका ह्वौ र भिक्षाटन्को वर्णवादी भयौ ? पंसुकूलिक भएका ह्वौ र पंसुकूलिकताको वर्णवादी भयौ ? त्रिचीवरधारी भएका ह्वौ र त्रिचीवर धारणको वर्णवादी भयौ ? अल्पेच्छी भएका ह्वौ र अल्पेच्छताको वर्णवादी भयौ ? सन्तोषी भएका ह्वौ र सन्तुष्टताको वर्णवादी भयौ ? एकान्तवासी भएका ह्वौ र एकान्तवासको वर्णवादी भयौ ? असंसर्गी भएका ह्वौ र असंसर्गताको वर्णवादी भयौ ? वीर्यवान् भएका ह्वौ र वीर्यारम्भको वर्णवादी भयौ ?"

"भन्ते ! दुइ कारणलाई देखेर म चीरकालदेखि आरण्यिक भएँ र आरण्यिकताको वर्णवादी पनि । भिक्षाटन् गर्ने भएँ र भिक्षाटन् गर्नेको वर्णवादी पनि । पंसुकूलिक भएँ र पंसुकूलिकताको वर्णवादी पनि । त्रिचीवरधारी भएँ र त्रिचीवर धारणको वर्णवादी पनि । अल्पेच्छी भएँ र अल्पेच्छताको वर्णवादी पनि । सन्तोषी भएँ र सन्तुष्टताको वर्णवादी पनि । एकान्तवासी भएँ र एकान्तवासको

वर्णवादी पनि । असंसर्गी भएँ र असंसर्गताको वर्णवादी पनि । वीर्यवान् भएँ र वीर्यारम्भको वर्णवादी पनि । आफ्नो दृष्टधर्मतालाई देखेर तथा पछि आउने मानिसहरू प्रति अनुकम्पा राखेर । 'शायद पछि आउने मानिसहरूले पनि देखासिकी गर्न सकुन् ।'

"भन्ते ! जो ती बुद्धानुबुद्ध श्रावकहरू भए तिनीहरू पनि धेरै-दिनसम्म आरण्यिक नै भए र आरण्यिकताको वर्णवादी पनि । भिक्षाटन् गरे र भिक्षाटन्को वर्णवादी पनि । पंसुकूलिक भए र पंसुकूलिकताको वर्णवादी पनि । त्रिचीवरधारी भए र त्रिचीवर धारणको वर्णवादी पनि । अल्पेच्छी भए र अल्पेच्छताको वर्णवादी पनि । सन्तोषी भए र सन्तुष्टताको वर्णवादी पनि । एकान्तवासी भए र एकान्तवासको वर्णवादी पनि । असंसर्गी भए र असंसर्गताको वर्णवादी पनि । वीर्यवान् भए र वीर्यारम्भको वर्णवादी पनि । जसले त्यस्तो जीवनको लागि आचरण गर्नेछ उसको दीर्घकालिक हित सुख हुनेछ ।

"भन्ते ! यही दुइ कारणलाई देखेर म आरण्यिक भएको र आरण्यिकताको वर्णवादी भएको हुँ...।"

"कश्यप ! साधु साधु ! कश्यप ! तिमी बहुजन हितको लागि प्रतिपन्न छौ । बहुजन सुखको निमित्त लोकानुकम्पा राखी देवमनुष्य-हरूको अर्थ र हितको लागि तिमी प्रतिपन्न छौ । कश्यप ! त्यसैले तिमी सनको पंसुकूल चीवर नै लगाऊ, भिक्षाटन् गर र अरण्यमा नै बस ।"

× × ×

मूल सूत्र—

२५. कुशलधर्ममा श्रद्धा नहुनु नै परिहानी हो

(दुतिय ओवादसुत्त[1])

राजगृहको वेणुवनमा—

अनि आयुष्मान् महाकश्यप जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो...। अनि एक छेउमा बसिरहनुभएका आयुष्मान् महाकश्यप-लाई भगवान्ले यसो भन्नुभयो—

"कश्यप ! भिक्षुहरूलाई अववाद गर। कश्यप ! भिक्षुहरूलाई धर्मसम्बन्धी कुरा सुनाऊ। कश्यप ! तिमीले वा मैले भिक्षुहरूलाई अववाद गर्नुपर्छ। तिमीले वा मैले भिक्षुहरूलाई धर्मसम्बन्धी कुरा सुनाउनपर्छ।"

(क) "भन्ते ! आजकल भिक्षुहरू दुर्वच (=अटेरी) छन्। दुर्वाच्यताले युक्त छन्। अनुशासन ग्रहण गर्न अयोग्य छन् र अप्रदक्षिणाग्राही छन्। भन्ते ! जसको कुशलधर्ममा श्रद्धा हुन्न, कुशल-धर्ममा लज्जा हुन्न, कुशलधर्ममा भय (ओत्तप्प) हुन्न, कुशलधर्ममा वीर्य

---

१. सं. नि. II. पृ. १७२: कस्सपसंयुत्त; अ. क. II. पृ. १३१.

हुन्न र कुशलधर्ममा प्रज्ञा हुन्न त्यस्ताको जुन रात वा दिन आउँछ त्यो कुशलधर्मको लागि हानी नै हुन्छ अभिवृद्धि हुन्न ।

"भन्ते ! जस्तै कृष्णपक्षका दिनहरूमा चन्द्रमाको जुन रात वा दिन आउँछ त्यो वर्णले पनि कमी हुन्छ, मण्डलले पनि कमी हुन्छ, आभाले पनि कमी हुन्छ र आरोहपरिणाहले पनि कमी नै हुन्छ । भन्ते ! यस्तैगरी जसको कुशलधर्ममा श्रद्धा...लज्जा...भय...वीर्य.. प्रज्ञा हुन्न त्यस्ताको रात दिन कुशलधर्ममा हानी नै हुन्छ अभिवृद्धि हुन्न ।

"भन्ते ! 'अश्रद्धालु व्यक्ति' भन्नु नै परिहानी हो । भन्ते ! 'अलज्जालु व्यक्ति' भन्नु नै परिहानी हो । भन्ते ! 'भय नहुने व्यक्ति' भन्नु नै...'अल्छी व्यक्ति' भन्नु नै...'प्रज्ञा नहुने व्यक्ति' भन्नु नै... 'क्रोधी व्यक्ति' भन्नु नै...'वैरी व्यक्ति' भन्नु नै परिहानी हो। भन्ते ! 'अववाद ग्रहण गर्ने भिक्षुहरू छैनन्' भन्नु नै परिहानी हो ।

(ख) "भन्ते ! जसको कुशलधर्ममा श्रद्धा छ...लज्जा छ... भय छ...वीर्य छ...प्रज्ञा छ त्यस्ताको रात दिन कुशलधर्ममा अभिवृद्धि नै हुन्छ परिहानी हुन्न ।

"भन्ते ! जस्तै शुक्लपक्षका दिनहरूमा चन्द्रमाको जुन रात वा दिन आउँछ त्यो वर्णले पनि बढ्छ, मण्डलले पनि बढ्छ, आभाले पनि बढ्छ र आरोहपरिणाहले पनि बढ्छ नै । भन्ते ! यस्तैगरी जसको कुशलधर्ममा श्रद्धा हुन्छ...लज्जा हुन्छ...भय हुन्छ...वीर्य हुन्छ...प्रज्ञा हुन्छ त्यस्ताको रात दिन त्यो कुशलधर्ममा अभिवृद्धि नै हुन्छ परिहानी हुन्न ।

"भन्ते ! 'श्रद्धालु व्यक्ति' भन्नु नै . 'लज्जालु व्यक्ति' भन्नु नै...'भय हुने व्यक्ति' भन्नु नै...'वीर्यवान् व्यक्ति' भन्नु नै...'प्रज्ञावान् व्यक्ति' भन्नु नै...'अक्रोधी व्यक्ति' भन्नु नै...'अवैरी व्यक्ति' भन्नु नै... 'अववाद ग्रहण गर्ने भिक्षुहरू छन्' भन्नु नै अपरिहानी हो ।"

"कश्यप ! साधु ! साधु !! ठीकै हो कश्यप ! जसको कुशल-धर्ममा श्रद्धा...लज्जा ..भय...वीर्य . प्रज्ञा हुन्न त्यस्ताको रात दिन परिहानी नै हुन्छ अभिवृद्धि हुन्न ।

"कश्यप ! जसको कुशलधर्ममा श्रद्धा...लज्जा...भय...वीर्य... प्रज्ञा हुन्छ त्यस्ताको रात दिन अभिवृद्धि नै हुन्छ परिहानी हुन्न ।"

× × ×

मूल सूत्र—

२६. अघि भिक्षुहरू पंसुकूलिक थिए

(ततिय ओवादसुत्तं [१])

राजगृहको कलन्दकनिवापमा—

अनि आयुष्मान् महाकश्यप जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बस्नुभएका आयुष्मान् महाकश्यपलाई भगवान्ले यस्तो भन्नुभयो—

"कश्यप ! भिक्षुहरूलाई अववाद गर। कश्यप ! भिक्षुहरूलाई धर्मका कुरा सुनाऊ। तिमीले वा मैले भिक्षुहरूलाई अववाद गर्नुपर्छ। कश्यप ! तिमीले वा मैले भिक्षुहरूलाई धर्मका कुरा सुनाउनुपर्छ।"

"भन्ते ! आजकल भिक्षुहरू दुर्वच (=अटेरी) छन्। दुर्वाच्य-गुणले युक्त छन्। अनुशासन ग्रहण गर्न अयोग्य र अप्रदक्षिणाग्राही छन्।"

---

१. सं. नि. II. पृ. १७४: कस्सपसंयुत्तं; अ. क. II. पृ. १३१.

(क) "कश्यप ! त्यस्तैहो, अघि स्थविर भिक्षुहरू आरण्यिक थिए र आरण्यिकको वर्णवादी पनि । भिक्षाटन् गर्ने थिए र भिक्षाटन् गर्नेको वर्णवादी पनि । पंसुकूलिक थिए र पंसुकूलिकको वर्णवादी पनि । त्रिचीवरधारी थिए र त्रिचीवरधारीको वर्णवादी पनि । अल्पेच्छी थिए र अल्पेच्छीताको वर्णवादी पनि । सन्तोषी थिए र सन्तोषीको वर्णवादी पनि । एकान्तवासी थिए र एकान्तवासीको वर्णवादी पनि । असंसर्गी थिए र असंसर्गीको वर्णवादी पनि । वीर्यवान् थिए र वीर्यवान्को वर्णवादी पनि ।

"त्यहाँ जो भिक्षु आरण्यिक र आरण्यिकको वर्णवादी...वीर्यवान् र वीर्यवान्को वर्णवादी हुन्—त्यस्तालाई स्थविर भिक्षुहरूले आसनद्वारा निम्त्याउँछन्—'आउनुहोस् भिक्षु ! यी भिक्षुको नाम के हो ? यी भिक्षु असल छन् । यी भिक्षु शिक्षाकामी छन् । आउनुहोस् भिक्षु ! यहाँ आसन छ बस्नुहोस् ।'

"कश्यप ! त्यहाँ नयाँ भिक्षुहरूलाई यस्तो लाग्छ—'जो ती भिक्षु आरण्यिक छन् र आरण्यिकको वर्णवादी हुन् ..वीर्यवान् छन् र वीर्यवान्को वर्णवादी हुन्—ती स्थविर भिक्षुलाई आसनद्वारा निम्त्याउँछन्—भिक्षु ! यता आउनुहोस् । यी भिक्षुको के नाम हो ? यी भिक्षु असल छन् । यी भिक्षु शिक्षाकामी छन् । आउनुहोस् भिक्षु यहाँ आसन छ बस्नुहोस् ।' यस्तो सोची उनीहरू पनि त्यस्तै हुनको निमित्त आचरण गर्छन् । जसले उनीहरूको दीर्घकालिक हित र सुख हुन्छ ।

(ख) "कश्यप ! हिजोआज भने स्थविर भिक्षुहरू आरण्यिक पनि छैनन् आरण्यिकको वर्णवादी पनि छैनन् । न भिक्षाटन् गर्ने छन् न भिक्षाटन् गर्नेको वर्णवादी छन् । न पंसुकूलिक छन् न पंसुकूलिकको वर्णवादी छन् । न त्रिचीवरधारी छन् न त्रिचीवरधारीको वर्णवादी छन् । न अल्पेच्छी छन् न अल्पेच्छीताको वर्णवादी छन् । न सन्तोषी छन् न सन्तोषीको वर्णवादी छन् । न एकान्तवासी छन् न एकान्तवासीको वर्णवादी छन् । न असंसर्गी छन् न असंसर्गीको वर्णवादी छन् । न वीर्यवान् छन् न वीर्यवान्को वर्णवादी-छन् ।

"जो त्यहाँ नामी, यशश्वी तथा चीवर, पिण्डपात्र र शयनासनग्लान प्रत्यय भैषज्य वस्तुहरूको लाभी हुन् त्यस्ता स्थविर भिक्षुहरूलाई आसन-द्वारा निम्त्याउँछन्—'आउनुहोस् भिक्षु !' यो भिक्षुको नाम के हो ? यो भिक्षु भद्र छन् । यो भिक्षु सब्रह्मचरीताको कामना गर्छन् । आउनु-होस् भिक्षु यहाँ आसन छ बस्नुहोस् ।'

"कश्यप ! त्यहाँ नयाँ भिक्षुहरूलाई यस्तो लाग्छ—'जो त्यो भिक्षु नामी, यशश्वी तथा चीवर, पिण्डपात्र र शयनासन ग्लान प्रत्यय भैषज्य परिष्कारहरूद्वारा लाभी छन् त्यस्तालाई स्थविर भिक्षुहरूले आसनद्वारा निम्त्याउँछन्—आउनुहोस् भिक्षु ! यो भिक्षुको नाम के हो ? यो भिक्षु भद्र छन् । सब्रह्मचरितको कामना गर्छन् । आउनुहोस् भिक्षु यहाँ आसन छ बस्नुहोस् ।' अनि तिनीहरू पनि त्यस्तो हुनको निमित्त आचरण गर्छन् । जो तिनीहरूको लागि दीर्घकालिक अहित र दुःख हुन्छ । कश्यप ! साँच्चै भन्ने हो भने यसैलाई 'ब्रह्मचारी-उपद्रव, ब्रह्मचारी-

उपद्रवले अभिप्रेरित तथा ब्रह्मचारी-उपद्रवद्वारा अतिप्रेरित' भनिएको हो। कश्यप ! साँच्चै भन्ने हो भने आजकल 'ब्रह्मचारीहरू उपद्रवी छन्, ब्रह्मचारी उपद्रवीले अभिप्रेरित तथा ब्रह्मचारी-उपद्रवद्वारा अतिप्रेरित छन्'।"

× × ×

मूल सूत्र—

२७. थोरै शिक्षा र धेरै अरहन्तहरू

(सद्धम्मप्पतिरूपकसुत्तं[१])

यस्तो मैले सुनें ।

एक समय, भगवान् श्रावस्तीस्थित अनाथपिण्डकको जेतवनाराममा बसिरहनुभएको थियो । अनि आयुष्मान् महाकश्यप जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ गई भगवान्लाई अभिबादन गरी एक छेउमा बस्नुभयो । एक छेउमा बस्नुभएका आयुष्मान् महाकश्यपले भगवान्सँग यस्तो प्रश्न सोध्नुभयो—

"भन्ते ! के हेतु के प्रत्यय होला जो कि अघि थोरै शिक्षापदहरू हुँदा पनि धेरै भिक्षुहरू अरहत्वमा प्रतिष्ठित भए । भन्ते ! के हेतु के प्रत्यय होला जो कि अहिले धेरै शिक्षापदहरू हुँदा पनि थोरै भिक्षुहरू अरहत्वमा प्रतिष्ठित हुन्छन् ?"

कश्यप ! प्राणीहरू क्षीण हुने बेलामा र सद्धर्म अन्तर्धान हुने बेलामा यस्तै हुन्छ । धेरै शिक्षापदहरू हुन्छन् र थोरै भिक्षुहरू अरहत्वमा

---

१. सं. नि. II. पृ. १८७: कस्सपसंयुत्तं; अ. क. II. पृ. १५०.

प्रतिष्ठित हुन्छन् । कश्यप ! तबतक सद्धर्म लोप हुँदैन जबतक सद्धर्म जस्तै (धर्म[1]) (सद्धम्मपतिरूपकं) लोकमा देखिदैन । कश्यप ! जब सद्धर्म जस्तै (धर्म) लोकमा देखिन्छ तब सद्धर्म लोप हुन्छ ।

"कश्यप ! जस्तै त्यतिञ्जेलसम्म सुनचाँदी लोप हुन्न जतिञ्जेलसम्म सुनचाँदी जस्तै अरू वस्तुहरू लोकमा देखिदैनन् । कश्यप ! जब सुनचाँदी जस्तै अरू वस्तुहरू लोकमा देखिन्छन् तब सुनचाँदी लोप हुन्छन् । कश्यप ! यस्तैगरी तबतक सद्धर्म लोप हुन्न जबतक सद्धर्म जस्तै अरू धर्म लोकमा देखिदैनन् । कश्यप ! जब सद्धर्म जस्तै अरू धर्म लोकमा देखिन्छन् तब सद्धर्म लोप हुनेछ[2] ।

---

१. सद्धर्म जस्तै 'धर्म' (सद्धम्मपतिरूपकं) को अर्थ उल्लेख गर्दै सं. नि. अ. क. II. पृ. १५०: सद्धम्मपतिरूपकसुत्तवण्णना, कस्सपसंयुत्तले यसरी उल्लेख गरेको छ—

(१) अधिगम सद्धम्म पतिरूपकं ।

(२) परियत्ति सद्धम्म पतिरूपकं ।

विपश्यना ज्ञानमा उपक्लेश हुनेलाई 'अधिगम सद्धर्म प्रतिरूप' भनिएको हो ।

तीनैवटा संगीति भित्र नपरेको र धातुकथा, आरम्मणकथा, असुभकथा, ज्ञानवस्तुकथा र विद्याकदम्बकथा भन्दा बाहिर परेको— गूल्हविनयं, गूल्हवेस्सन्तरं, गूल्हमहोसघं, वण्णपिटकं, अंगुलिमालपिटकं, रट्ठपालगज्जितं, आलवकगज्जितं, र वेतुल्लपिटकंलाई परियत्ति सद्धम्म पतिरूपकं भनिएको हो ।

२. सद्धर्म लोप कसरी हुन्छ भन्ने विषयमा अर्थकथाले यसो उल्लेख गरेकोछ—

(१) अधिगम सद्धर्मको लोप हुन्छ,

(२) प्रतिपत्ति सद्धर्मको लोप हुन्छ र

(३) परियत्ति सद्धर्मको लोप हुन्छ ।

(१) प्रथम बोधिको समयमा भिक्षुहरू प्रतिसम्भिदा लाभी थिए । अनि समय बित्दै गएपछि प्रतिसम्भिदा लाभ गर्न सकेनन् र षडभिज्ञ भए । त्यसपछि षडभिज्ञ लाभ गर्न नसकी त्रिविदया लाभ गरे । अब समय बित्दै गएपछि त्रिविदया पनि पाउन नसकी आस्रवक्षय मात्र लाभ गर्छन् । त्यो पनि नसकेमा अनागामी फल पाउनेछन् । त्यो पनि नसकेपछि सकृदागामी हुने छन् । त्यो पनि नसकेपछि स्रोतापत्ति पाउनेछन् । समय बित्दै गएपछि स्रोतापत्ति फल पनि पाउन सक्ने छैनन् । अनि जब उनीहरूको विपश्यना, विपश्यनाको मलिनताद्वारा प्रगति गर्न सक्दैनन् तब अधिगम सद्धर्म लोप भएको हुनेछ ।

(२) प्रथमबोधिमा चार प्रतिसम्भिदा अनुकूल प्रतिपत्ति पूरा गर्छन् । समय बित्दै गएपछि छ अभिज्ञा अनुकूल प्रतिपत्ति पूरा गर्छन् । त्यो पनि नसकेपछि त्रिविदया; त्यो पनि नसकेपछि अरहत्व मात्र लाभ गर्छन् । समय बित्दै जाँदा अरहत्व अनुकूल प्रतिपत्ति पूरा गर्न नसकेपछि अनागामी अनुकूल प्रतिपत्ति पूरा गर्ने छन् । त्यो नसकेपछि सकृदागामी; त्यो पनि नसकेपछि

स्रोतापत्तिफल। जब स्रोतापत्तिफल अनुकूल प्रतिपत्ति पूरा गर्न नसकेपछि शीलपारिशुद्धि मात्र पालन गर्छन् तब प्रतिपत्ति सद्धर्म लोप भयो भनी भनिने छ।

(३) जबतक त्रिपिटक बुद्धवचन रहिरहने छ तबतक शासन लोप भयो भनी भन्न सकिन्न। तीनै पिटकको कुरा छाडी-देऔं। अभिधर्मपिटक लोप भई बाँकी दुइ पिटक रहेसम्म पनि शासन लोप भयो भनी भन्न सकिन्न। यस्तैगरी अर्का दुइ पिटक लोप भई विनयपिटक एउटा रहेसम्म शासन लोप भयो भनी भन्न सकिन्न। यसमा पनि खन्धक र परिवार लोप भए पनि उभय विभङ्गहरू लोप भई दुइवटा प्रातिमोक्षहरू रहुन्जेलसम्म पनि शासन लोप भयो भनी भन्न सकिन्न।

जब प्रातिमोक्षहरू लोप हुन्छन् तब परियत्ति लोप भएको हुन्छ। यसको लोप भएपछि शासन लोप भएको हुनेछ। परियत्ति लोप भएपछि प्रतिपत्ति लोप हुन्छ। प्रतिपत्ति लोप भएपछि अधिगम लोप हुन्छ। प्रतिपत्ति अधिगमको कारण हुन्छ। यसरी प्रतिपत्तिभन्दा परियत्ति नै प्रमाणकर हुन्छ। सं. नि. अ. क. II. पृ. १५१–५२: सद्धम्मपतिरूपकसुत्तवण्णना, कस्सपसंयुत्तं।

शासन अन्तरधान सम्बन्धी विषयमा अं. नि. अ. क. I. पृ. ४९: एककनिपातवण्णना; अं. नि. अ. क. II. पृ. ७७७: अट्ठक-निपातवण्णना; पपं. सू. IV. पृ. ८०: बहुधातुकसुत्तवण्णना; दी. नि. अ. क. III. पृ. २२४: सम्पसादनीयसुत्तवण्णना र विभं. अ. क. पृ. ४३५: दसकनिद्देसवण्णनाले पनि उल्लेख गरेको छन्।

"कश्यप ! न यो पृथ्वीधातुले सद्धर्म लोप गराउँछ, न आप्-धातुले सद्धर्म लोप गराउँछ, न तेजधातुले सद्धर्म लोप गराउँछ र न वायुधातुले नै सद्धर्म लोप गराउँछ । बरु यहीं ती मूर्खहरू देखापर्छन् जसले सद्धर्म लोप गराउँछन् । कश्यप ! जस्तै डुँगामा बोझ धेरै हुंदा डुँगा डुब्छ त्यसरी सद्धर्म लोप हुने होइन ।

"कश्यप ! यी पांच कारणले सद्धर्म लोप भई नष्ट हुन्छ । कुन पाँच भने—(१) कश्यप ! यहाँ भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरू शास्ता प्रति गौरव नराखी तथा बेवास्ता गरी हिंड्छन् । (२) धर्म प्रति गौरव नराखी तथा बेवास्ता गरी हिंड्छन् । (३) सङ्घ प्रति गौरव नराखी बेवास्ता गरी हिंड्छन् । (४) शिक्षा प्रति गौरव नराखी तथा बेवास्ता गरी हिंड्छन् । (५) समाधि प्रति गौरव नराखी तथा बेवास्ता गरी हिंड्छन्[१] । कश्यप ! यिनै पांच कारणद्वारा सद्धर्म लोप भई नष्ट हुन्छ ।

---

१. बुद्धधर्म, सङ्घ शिक्षा र समाधि प्रति कसरी गौरव नराखेको हुन्छ भन्ने कुरा प्रष्टपार्दै अर्थकथाले यसरी उल्लेख गरेको छ ।

चैत्यस्थानमा जाँदा जो छाता धारण गर्छ, जुत्ता, चप्पल लगाउँछ र यताउता हेरी कुरा गरी हिंड्छ—यो 'शास्ता प्रति अगौरव' हो ।

धर्मदेशनाको समय घोषणा गरिसक्दा पनि जो तरुण श्रामणेरहरूसँग कुराकानी गरी बस्छ अथवा अरू कुनै कामकाज

"कश्यप ! यी पांच कारणद्वारा सद्धर्म थिर रहन्छ र लोप हुन्न । कुन पांच भने—(१) कश्यप ! यहाँ भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरू शास्ता प्रति गौरब राखी तथा वास्ता गरी हिंडछन् । (२) धर्म प्रति गौरब राखी तथा वास्ता गरी हिंडछन् । (३) सङ्घ प्रति गौरब राखी वास्ता गरी हिंडछन् । (४) शिक्षा प्रति गौरब राखी तथा वास्ता राखी हिंडछन् । (५) समाधि प्रति गौरब राखी तथा वास्ता राखी हिंडछन् । कश्यप ! यिनै पांच कारणद्वारा सद्धर्म थिर रहन्छ र लोप हुन्न ।"

× × ×

गरिरहन्छ अथवा धर्मश्रवण गरिरहँदा निदाउँछ अथवा चकवकै भई चित्त चंचल गरी अरू कुरा गरिरहन्छ—यसैलाई 'धर्म प्रति अगौरव' भनिएको हो ।

थेर उपस्थानमा गई जो वन्दना नगरी बस्छ, हातखुट्टा वेढंगले राख्छ, चीवर राम्रोसँग राख्दैन तथा स्थविरको स्वीकृति विना कुरा गर्छ---यसैलाई 'संघ प्रति अगौरव' भनिएको हो ।

अधिशील, अधिचित्त र अधिप्रज्ञारूपी तीनवटा शिक्षालाई पूरा नगर्नु नै 'शिक्षा प्रति अगौरव' भनिएको हो ।

अष्टसमापत्ति लाभ गर्नु अथवा अष्टसमापत्ति लाभ गर्नको निमित्त प्रयत्न नगर्नु नै 'समाधि प्रति अगौरव' भनिएको हो । सं. नि. अ. क. II. पृ. १५३: सद्धम्मपतिरूपकसुत्तवण्णना, कस्सपसंयुत्तं ।

मूल सूत्र—

२८. पावाबाट कुशीनगरमा

(महाकस्सपत्थेरवत्थु[१])

त्यसबखत आयुष्मान् महाकश्यप पाँचशय (५००) महान भिक्षुहरूका साथ पावाबाट कुशीनगर जाँदै हुनुहुन्थ्यो। अनि आयुष्मान् महाकश्यप बाटाको छेउ लागी एक रुखमनी बस्नुभयो।

त्यसबखत एक आजीवक कुशीनगरबाट मन्दार फूल लिई पावा जाँदै थियो। आयुष्मान् महाकश्यपले सो आजीवकलाई टाढैबाट आइरहेको देख्नुभयो। अनि सो आजीवकलाई यसो भन्नुभयो— "आवुसो ! हाम्रा शास्तालाई जान्दछौ के ?"

"आवुसो ! जान्दछु। श्रमण गौतम परिनिर्वाण भएको आज सातदिन भइसक्यो। मैले यो मन्दार फूल त्यहाँबाट लिएको हुँ। (यो सुनेर) त्यहाँ जो ती अवीतरागी भिक्षुहरू थिए तिनीहरूमध्ये केही टाउको समाती भुइमा लडीबुडी गर्दै रुनथाले। "चाँडै नै भगवान्

१. दी. नि. II. पृ. १२४: महापरिनिब्बानसुत्त बाट; अ. क. II. पृ. ३११.

परिनिर्वाण हुनुभयो, चाँडै नै सुगत परिनिर्वाण हुनुभयो र चाँडै नै लोकबाट आँखा बिलायो।" जो ती वीतरागी भिक्षुहरू हुन् तिनीहरू होश र धैर्यराखी बसे। "संस्कारहरू अनित्य हुन्, ती कहाँ पाउन सकिन्छन् र!"

त्यसबखत सुभद्र भन्ने वृद्ध प्रव्रजित त्यस परिषद्मा बसेका थिए। अनि सुभद्र वृद्ध प्रव्रजितले ती भिक्षुहरूलाई यसो भने— "आवुसो! भइहाल्यो शोक नगर, न रोऊ। अब हामी वहाँ महाश्रमण-बाट सुविमुक्त भयौं। वहाँ छँदा 'यो गर्नुहुन्छ, यो गर्नुहुन्न' भन्ने कुराबाट हामी पीडित थियौं। अब जे चाहन्छौं त्यही गर्न सक्नेछौं। जे चाहँदैनौं त्यो गर्ने छैनौं।"

अनि आयुष्मान महाकश्यपले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो —"आवुसो! भइहाल्यो न रोऊ, शोक नगर। आवुसो! भगवान्ले हामीहरूलाई पहिले नै सबै प्रियवस्तुबाट सबै मनपर्ने वस्तुबाट नानाभाव विनाभाव तथा अन्यथाभाव हुन्छ भनी बताउनु भएको छ, होइन त?' आवुसो! अब त्यो कसरी पाउन सकिन्छ र! जो जन्मिन्छ, देखिन्छ र संस्कारित हुन्छ त्यो विनाश स्वभावको हुन्छ। त्यसैले तथागतको शरीरलाई छुन नसकोस् भनी कसरी भन्न पाउन सकिएला र।"

त्यसबखत चारजना प्रमुख मल्लहरूले शीर नुहाई नयाँ वस्त्र लगाई—"हामी भगवान्को चितामा आगो लगाउँछौं" भनी आगो लगाउँदा आगो बाल्न सकेनन्। अनि कुशीनगरका मल्लहरूले अनुरुद्धलाई भने—"भन्ते अनुरुद्ध! के कारण र के प्रत्यय होला

जसले गर्दा यी चारजना मल्लहरूले भगवान्को चितामा आगो बाल्न नसकेका ?"

"वासेट्ठ ! देवताहरूको विचार अर्कै छ ।"

"भन्ते ! देवताहरूको के विचार छ त ?"

"वासेट्ठ ! देवताहरूको विचार—यी आयुष्मान् महाकश्यप पाँचशय महान भिक्षुहरूका साथ पावाबाट कुशीनगर आउँदै हुनुहुन्छ । जबतक आयुष्मान् महाकश्यपले भगवान्को श्रीचरणमा ढोगने छैनन् तबतक भगवान्को चिताको आगो बल्नेछैन ।"

"भन्ते ! त्यसोभए जस्तो देवताहरूको विचार हो त्यस्तैहोस् ।"

अनि आयुष्मान् महाकश्यप कुशीनगरको मकुटबन्धन भन्ने मल्लहरूको जहाँ चैत्य हो र जहाँ भगवान्को चिता थियो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि चीवर एकांश गरी हातजोरी तीनपटक चिता घुमी भगवान्को श्रीचरणमा शीरले ढोग्नुभयो । ती पाँचशय भिक्षुहरूले पनि चीवर एकांश गरी हातजोरी तीनपटक चिता घुमी भगवान्को श्रीचरणमा ढोगे । आयुष्मान् महाकश्यप र ती पाँचशय भिक्षुहरूले ढोगेपछि भगवान्को चितामा आपसेआप आगो बल्यो ।

यसरी बलेपछि भगवान्को शरीरमा जो छाला, मासु, नसा तथा लसिका थिए तिनीहरूको न गोल देखियो न खरानी नै । शरीरहरू[१] मात्र बाँकीरहे । जस्तै—कुनै घ्यू वा तेल बल्दा त्यसको

---

१. यहाँ 'शरीरहरू' को अर्थ हो दानादार धातुहरूको थुप्रो । सुमं. वि. II. पृ. ३१८: महापरिनिब्बानसुत्तवण्णना ।

कुनै गोल वा खरानी देखिन्न त्यस्तैगरी भगवान्को शरीर बल्दा पनि भएको थियो । केवल शरीरहरू मात्र बाँकी रहेका थिए । (भगवान्को शरीरलाई जुन पाँचशय पटक नयाँ कपडाले बेरेको थियो दी. नि. II. पृ. १२४) ती पाँचशयपत्र कपडाहरूमध्ये दुइ पत्र मात्र बलेका थिएनन् । सबभन्दा भित्रको र सबभन्दा बाहिरको । भगवान्को शरीर जलिसके-पछि आकाशबाट शालवृक्षको फेदको मोटाइ बराबर, तिघ्राको मोटाइ बराबर, पाखुराको मोटाइ बराबरको पानीको धाराले भगवान्को चिता निभाइदियो र कुशीनगरका मल्लहरूले पनि सुगन्धित पानीले भगवान्को चिता निभाए । अनि कुशीनगरका मल्लहरूले भगवान्को धातुहरूलाई सन्थागारमा राखी संगीनै संगीनले पिञ्जरा जस्तो पारी परखालले घेरे झैं धनुषधारीहरूद्वारा घेरी एकहप्तासम्म बाजागाजा सहित नाचगान तथा सुगन्धित फूलमालाहरूद्वारा सत्कार, गौरब, मान सहित पूजा गरे ।

× × ×

मूल सूत्र—

२९. पाँचशय भिक्षुहरू मिली सङ्गायना

(पञ्चसतिकक्खन्धकं[1])

सङ्गायना गर्नुपर्ने कारण

अनि आयुष्मान् महाकश्यपले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—

"आवुसो ! एक समय म पांचशय महान भिक्षुहरूका साथ पावाबाट कुशीनगरको लागि आउँदै थिएँ। आवुसो ! अनि बाटाको एक छेउको एक रुखमनि बसें।

त्यसबखत कुशीनगरबाट मन्दार फूल लिई एक आजीवक पावा जाँदै थियो। आवुसो ! अनि मैले सो आजीवकलाई टाढैबाट आइरहेको देखें। देखेर सो आजीवकसँग यस्तो सोधें—"आवुसो ! हाम्रा शास्तालाई चिन्दछौ के ?" "आवुसो ! हो चिन्दछु। श्रमण गौतम परिनिर्वाण भएको आज सातदिन भयो। मैले यो मन्दार फूल

---

१. चुल्ल. व. पा. पृ. ४०६; अ. क. III. पृ. १३८९.

त्यहाँबाट लिएको हुँ ।'' आवुसो ! (यति सुन्ने बित्तिकै) त्यहाँ जो ती अवीतरागी भिक्षुहरू थिए तीमध्ये केही भिक्षुहरू थाप्लोमा हात राखी रुनथाले, लडीबुडी गर्दै रुनथाले । धेरै चाँडै भगवान् परिनिर्वाण हुनुभयो, धेरै चाँडै सुगत परिनिर्वाण हुनुभयो र धेरै चाँडै लोकबाट आँखा लुप्त भयो (भनी कराउन थाले) । त्यहाँ भएका वीतरागी भिक्षुहरूले भने 'संस्कार अनित्य हो, कहाँबाट नित्य हुन सक्ला !' भन्दै होश र धैर्य राखी बसे ।

"आवुसो ! अनि ती भिक्षुहरूलाई यसो भनें—'आवुसो ! भइहाल्यो शोक र विलाप नगर । आवुसो ! होइन त ? हामीहरू-लाई भगवान्ले अघि नै भन्नुभएको थियो कि सबै प्रियवस्तुहरूबाट; सबै मनपर्ने वस्तुहरूबाट; नानाभाव, विनाभाव र अन्यथाभाव हुनेछ । आवुसो ! त्यो कहाँ पाउन सकिएला र ! जो जन्मिन्छ, उत्पन्न हुन्छ र संस्कारित हुन्छ त्यो विनाश नहोस् भन्ने कुरा कहाँ हुन सक्छ र !'

"आवुसो ! त्यसबखत त्यस समूहमा सुभद्र भन्ने वृद्ध प्रव्रजित बसेका थिए । आवुसो ! अनि सुभद्र वृद्ध प्रव्रजितले ती भिक्षुहरूलाई यसो भने—'आवुसो ! भइहाल्यो शोक र विलाप नगर । हामी ती महाश्रमणबाट सुविमुक्त भयौं । 'यो गर्नु ठीक छ, यो गर्नु ठीक छैन' भन्ने कुराबाट हामी पीडित थियौं । अब हामी जे चाहन्छौं त्यो गर्नेछौं र जे चाहन्नौं त्यो गर्ने छैनौं ।' (यो सुनेर महाकश्यप महा-स्थविर भन्नुहुन्छ—) आवुसो ! अधर्म प्रकाश हुनुभन्दा अगाडि र धर्म प्रतिक्षेप गर्नुभन्दा अगाडि; अविनय प्रकाश हुनुभन्दा अगाडि र

विनय प्रतिक्षेप गर्नुभन्दा अगाडि; अधर्मवादी बलवान हुनुभन्दा अगाडि र धर्मवादी कमजोर हुनुभन्दा अगाडि; अविनयवादी बलवान हुनुभन्दा अगाडि र विनयवादी कमजोर हुनुभन्दा अगाडि अब हामी धर्म र विनयको सङ्गायना गरौं।"

पांचशय भिक्षुहरूको सम्मति

"भन्ते! त्यसोभए स्थविर भिक्षुहरूलाई चुन्नुहोस्।"

अनि आयुष्मान् महाकश्यपले चारशय उन्नानब्बे (४९९) भिक्षुहरू चुन्नुभयो। आयुष्मान् महाकश्यपलाई भिक्षुहरूले यसो भने —"भन्ते! यी आयुष्मान् आनन्द यद्यपि शैक्ष हुनुहुन्छ तैपनि वहाँ छन्द, द्वेष, मोह र भय जस्ता अगतिमा (=पक्षमा) जान सक्नुहुन्न। भगवान् समक्ष वहाँले धेरै धर्म र विनय अध्ययन गर्नुभएको छ। भन्ते! त्यसो हुनाले आयुष्मान् आनन्द स्थविरलाई पनि चुन्नुहोस्।" अनि आयुष्मान् महाकश्यपले आयुष्मान् आनन्दलाई पनि चुन्नुभयो।

अनि स्थविर भिक्षुहरूले यस्तो विचार गरे—"अब धर्म र विनय सङ्गायना कहाँ गरौं?" फेरि भिक्षुहरूको मनमा यस्तो लाग्यो —"राजगृह महागोचर छ। शयनासनहरू पनि प्रसस्त छन्। अतः त्यहाँ वर्षावास गरी धर्म र विनयको सङ्गायना गरौं। अरू भिक्षुहरूले राजगृहमा वर्षावास नगरुन्।"

त्यसपछि आयुष्मान् महाकश्यपले सङ्घलाई ज्ञापन गर्नुभयो[1]—

"आवुसो सङ्घ ! मेरो कुरा सुन्नुहोस् । यदि सङ्घलाई चित्त-बुज्छ भने यी पाँचशय भिक्षुहरू एकत्रित भई राजगृहमा वर्षावास गरी धर्म र विनयको सङ्गायना होस् । अरू भिक्षुहरूले राजगृहमा वर्षावास नगरुन् । यो ज्ञप्ति हो[2] ।

"आवुसो सङ्घ ! मेरो कुरा सुन्नुहोस् । यी पाँचशय भिक्षुहरू-लाई राजगृहमा वर्षावास गरी धर्म र विनय सङ्गायना गर्नको निमित्त सङ्घले चुन्दछ । अरू भिक्षुहरूले राजगृहमा वर्षावास नगरुन् । राजगृहमा वर्षावास गरी धर्म र विनय सङ्गायना गर्ने यी पाँचशय भिक्षुहरूलाई र राजगृहमा वर्षावास नगर्नेमा जो भिक्षुहरूको चित्त बुझ्छ सो चुपलागुन् । जसको चित्त बुझ्दैन सो बोलून् ।

"सङ्घले राजगृहमा वर्षावास गरी धर्म र विनयसङ्गायना गर्नु यी पाँचशय भिक्षुहरूलाई सम्मत गर्छ । अरू भिक्षुहरूले राजगृहमा वर्षावास गर्नुहुन्न । यो सङ्घलाई चित्त बुझ्छ । त्यसैले चुप छ । म यस्तो धारणा गर्छु ।"

अनि धर्म र विनय सङ्गायना गर्नको निमित्त स्थविर भिक्षुहरू राजगृह जानुभयो । अनि स्थविर भिक्षुहरूलाई यस्तो लाग्यो—

---

१. प्रस्ताव पेश गर्नुभयो ।

२. यो प्रस्ताव हो ।

"आवुसो ! भगवान्‌ले भत्के बिग्रेकोलाई जीर्णोद्धार गन कुराको वर्णन गर्नुभएको छ । आवुसो ! त्यसैले हामीले पहिलो महीनामा भत्के बिग्रेको जीर्णोद्धार गरौं । बीचको महीनामा भेलाभई धर्म र विनयको सङ्गायना गरौं ।"

अनि पहिलो महीनामा स्थविर भिक्षुहरूले भत्के बिग्रेकालाई जीर्णोद्धार गरे । अनि आयुष्मान् आनन्दले विचार गर्नुभयो—"भोलि भेला हुने दिन हो । मेरो निमित्त यो उचित छैन कि जो म शैक्षककै रूपमा भेलामा उपस्थित हुँ ।" (यति मनमा राखी) रातको धेरैबेर-सम्म कायगतासतिमा समय बिताई रातको अन्तिम याममा 'लेट्नुपर्‍यो' भनी वहाँले शरीर (खुट्टा) खुम्च्याउनुभयो (आवज्जेसि; स्याममा: आवट्टेसि) । जमिनबाट खुट्टा उठाउनुभयो, टाउको सिह्रानमा पुगेको थिएन । यसै बीच उपादान रहित आस्रवहरूबाट चित्त विमुक्त भयो । अनि आयुष्मान् आनन्द अरहत् भएर नै सभामा जानुभयो ।

विनय सङ्गायना

अनि आयुष्मान् महाकश्यपले सङ्घलाई ज्ञापन गर्नुभयो—

"आवुसो सङ्घ ! मेरो कुरा सुन्नुहोस् । यदि सङ्घलाई चित्त बुझ्छ भने म उपालिसँग विनय सम्बन्धी प्रश्न सोध्नेछु ।"

आयुष्मान् उपालिले (पनि) सङ्घलाई ज्ञापन गर्नुभयो—"भन्ते सङ्घ ! मेरो कुरा सुन्नुहोस् । यदि सङ्घलाई चित्त बुझ्छ भने

आयुष्मान् महाकश्यपद्वारा सोधिने विनय सम्बन्धी प्रश्नको उत्तर म दिनेछु ।"

(१) अनि आयुष्मान् महाकश्यपले आयुष्मान् उपालिसँग यो सोध्नुभयो—"आवुसो उपालि ! पहिलो पाराजिका[1] कहाँ प्रज्ञापन गरेको ?"

"भन्ते ! वैशालीमा ।"

"कसको कारणमा ?"

"सुदिन्न कलन्दकपुत्रको कारणमा ।"

"के कुरामा ?"

"मैथुनको कारणमा ।"

त्यसपछि आयुष्मान् महाकश्यपले आयुष्मान् उपालिसँग (१) प्रथम पाराजिकाको कुरा पनि सोध्नुभयो, (२) कारण पनि सोध्नुभयो, (३) व्यक्ति पनि सोध्नुभयो, (४) प्रज्ञप्ति पनि सोध्नुभयो, (५) अनु-प्रज्ञप्ति पनि सोध्नुभयो, (६) आपत्ति (=दोष) पनि सोध्नुभयो र (७) अनापत्ति पनि सोध्नुभयो ।

(२) "आवुसो उपालि ! दोस्रो पाराजिका[2] कहाँ प्रज्ञापन गरेको ?"

---

१. यो पहिलो पाराजिकाको कुरा पारा. पा. पृ. १५ मा उल्लेख भएको छ ।

२. यो दोस्रो पाराजिकाको कुरा पारा. पा. पृ. ५१ मा उल्लेख भएको छ ।

"भन्ते ! राजगृहमा ।"

"कसको कारणमा ?"

"धनीय कुम्भकारपुत्रको कारणमा ।"

"के कुरामा ?"

"अदिन्नादानको कारणमा ।"

अनि आयुष्मान् महाकश्यपले आयुष्मान् उपालिसँग (१) दोस्रो पाराजिका सम्बन्धी कुरा पनि सोध्नुभयो, (२) कारण पनि सोध्नुभयो, (३) व्यक्ति पनि सोध्नुभयो, (४) प्रज्ञप्ति पनि सोध्नुभयो, (५) अनु-प्रज्ञप्ति पनि सोध्नुभयो, (६) आपत्ति पनि सोध्नुभयो र (७) अनापत्ति पनि सोध्नुभयो ।

(३) "आवुसो उपालि ! तेस्रो पारजिका[१] कहाँ प्रज्ञापन गरेको ?"

"भन्ते ! वैशालीमा ।"

"कसको कारणमा ?"

"केही भिक्षुहरूको कारणमा ।"

"के कुरामा ?"

"मनुष्य विग्रह (=मनुष्यहत्या) को कुरामा ।"

१. यो तेस्रो पाराजिकाको कुरा पारा. पा. पृ. ८४ मा उल्लेख भएको छ ।

अनि आयुष्मान् महाकश्यपले आयुष्मान् उपालिसँग (१) तेस्रो पाराजिका सम्बन्धी कुरा पनि सोध्नुभयो, (२) कारण पनि सोध्नुभयो, (३) व्यक्ति पनि सोध्नुभयो, (४) प्रज्ञप्ति पनि सोध्नुभयो, (५) अनु-प्रज्ञप्ति पनि सोध्नुभयो, (६) आपत्ति पनि सोध्नुभयो र (७) अनापत्ति पनि सोध्नुभयो ।

(४) "आवुसो उपालि ! चौथो पाराजिका[1] कहाँ प्रज्ञापन गरेको ?"

"भन्ते ! वैशालीमा ।"

"कसको कारणमा ?"

"वग्गमुदातीरका भिक्षुहरूको कारणमा ।"

"के कुरामा ।"

"उत्तरीय मनुष्य धर्मको कुरामा ।"

अनि आयुष्मान् कश्यपले आयुष्मान् उपालिसँग (१) चौथो पाराजिका सम्बन्धी कुरा पनि सोध्नुभयो, (२) कारण पनि सोध्नुभयो, (३) व्यक्ति पनि सोध्नुभयो, (४) प्रज्ञप्ति पनि सोध्नुभयो, (५) अनु-प्रज्ञप्ति पनि सोध्नुभयो, (६) आपत्ति पनि सोध्नुभयो र (७) अनापत्ति

---

१. यो चौथो पाराजिकाको कुरा पारा. पा. पृ. १०९ मा उल्लेख भएको छ ।

पनि सोध्नुभयो । यस्तै तरिकाले दुवै विभङ्ग[1] सम्बन्धी प्रश्नहरू सोध्नुभयो । सोधे सोधेकाको उत्तर आयुष्मान् उपालिले दिनुभयो ।

धर्मसङ्गायना

त्यसपछि महाकश्यपले सङ्घलाई ज्ञापन गर्नुभयो—

"आवुसो सङ्घ ! मेरो कुरा सुन्नुहोस् । यदि सङ्घलाई चित्त बुझ्छ भने म आयुष्मान् आनन्दसँग धर्म सम्बन्धी प्रश्न सोध्नेछु ।"

आयुष्मान् आनन्दले (पनि) सङ्घलाई ज्ञापन गर्नुभयो—

"भन्ते सङ्घ ! मेरो कुरा सुन्नुहोस् । यदि सङ्घलाई चित्त बुझ्छ भने आयुष्मान् महाकश्यपद्वारा सोधिने धर्म सम्बन्धी प्रश्नको उत्तर म दिनेछु ।"

अनि आयुष्मान् महाकश्यपले आयुष्मान् आनन्दसँग यसो भन्नुभयो—

"आवुसो आनन्द ! ब्रह्मजाल (सूत्र[2]) कहाँ भन्नुभएको ?"

---

१. भिक्षु सम्बन्धी कुराहरू भएकोलाई 'भिक्षुविभङ्ग' र भिक्षुणी सम्बन्धी कुराहरू भएकोलाई 'भिक्षुणीविभङ्ग' भन्दछन् ।

२. यो सूत्र दी. नि. I. पृ. ३ मा उल्लेख भएको छ । जसको अनुवाद लेखकको बु. प. भा—३, पृ.   मा भएको छ ।

"भन्ते ! राजगृह र नालन्दाको बीचमा अम्बलट्ठिकाको राजागारमा।"

"कसको कारणमा ?"

"सुप्रिय परिव्राजक र ब्रह्मदत्त माणवको कारणमा।"

"अनि आयुष्मान् महाकश्यपले आयुष्मान् आनन्दसँग ब्रह्मजालको कारण पनि सोध्नुभयो र व्यक्ति पनि सोध्नुभयो।

"आवुसो आनन्द ! सामञ्ञफल (सूत्र[1]) कहाँ भन्नुभएको ?"

"भन्ते ! राजगृहको जीवक आम्रवनमा।"

"कसलाई ?"

"अजातशत्रु वैदेहीपुत्रलाई।"

अनि आयुष्मान् महाकश्यपले आयुष्मान् आनन्दसँग सामञ्ञफल (सूत्र) को कारण पनि सोध्नुभयो र व्यक्ति पनि सोध्नुभयो। यस्तै तरिकाले पाँचै निकाय[2] सम्बन्धी प्रश्न सोध्नुभयो। सोधे सोधेकाको उत्तर आयुष्मान् आनन्दले दिनुभयो।

---

१. यो सूत्र दी. नि. I. पृ. ४१ मा उल्लेख भएको छ। जसको अनुवाद लेखकको बु. रा. भा–२, पृ. ९० मा उल्लेख भएको छ।

२. दीघनिकाय, मज्झिमनिकाय, संयुत्तनिकाय, अङ्गुत्तरनिकाय र खुद्दकनिकायलाई 'पाँच निकाय' भनिएको हो।

सानातिना शिक्षापदहरू

अनि आयुष्मान् आनन्दले स्थविर भिक्षुहरूलाई यसो भन्नुभयो —"भन्ते ! परिनिर्वाण समयमा भगवान्ले मलाई यस्तो भन्नुभएको थियो—'आनन्द ! सङ्घ चाहन्छ भने मेरो मृत्युपछि सानातिना (खुद्दानुखुद्दकानि) शिक्षापदहरू (=नियमहरू) खारेज गर्न सक्छ (समूहनेय्य) ।'"

"आवुसो आनन्द ! 'भन्ते ! कुनचाहिं शिक्षापदहरूलाई सानातिना भनिएको हो ?' भनी भगवान्सँग सोध्नुभयो त ?"

"भन्ते ! सानातिना शिक्षापदहरू कुन हुन् भनी सोधिन ।"

(अनि त्यहाँ) (१) केही स्थविरहरूले यसो भने—"चार पाराजिकालाई छाडी बाँकी शिक्षापदहरू (=नियमहरू) सानातिना हुन सक्छन् ।" (२) केही स्थविरहरूले यसो भने—"चार पाराजिका र तेह्र सङ्घादिशेषलाई छाडी बाँकी शिक्षापदहरू सानातिना हुन सक्छन् ।" (३) केही स्थविरहरूले यसो भने—"चार पाराजिका, तेह्र सङ्घादिशेष र दुइ अनियतलाई छाडी बाँकी शिक्षापदहरू सानातिना हुन सक्छन् ।" (४) केही स्थविरहरूले यसो भने—"चार पाराजिका, तेह्र सङ्घादिशेष, दुइ अनियत र तीस निस्सग्गिय पाचित्तियलाई छाडी बाँकी शिक्षापदहरू सानातिना हुन सक्छन् ।" (५) केही स्थविरहरूले यसो भने—"चार पाराजिका, तेह्र सङ्घादिशेष, दुइ अनियत, तीस निस्सग्गियपाचित्तिय र बयानब्बे प्रकारका पाचित्तियलाई छाडी बाँकी

शिक्षापदहरू सानातिना हुन सक्छन् ।" (६) केही स्थविरहरूले यसो भने—"चार पाराजिका, तेह्र सङ्घादिशेष, दुइ अनियत, तीस निस्सग्गियपाचित्तिय, बयानब्बे प्रकारका पाचित्तिय र चार पाटिदेश-नीयलाई छाडी बाँकी शिक्षापदहरू सानातिना हुन सक्छन् ।"

त्यसपछि आयुष्मान् महाकश्यपले सङ्घलाई ज्ञापन गर्नुभयो—

"आवुसो सङ्घ ! मेरो कुरा सुन्नुहोस् । हामीहरूका शिक्षापदहरू गृहीसम्बन्धित पनि छन् (गिहिगतानि) । 'शाक्यपुत्र श्रमणहरूलाई यो उचित (कप्पति) यो उचित छैन' भन्ने कुरा गृहस्थीहरूलाई पनि थाहा छ । यदि हामीहरूले सानातिना शिक्षापदहरूलाई खारेज गर्‍यौं भने मानिसहरूले यसो भन्न सक्नेछन्—'श्रमण गौतमले श्रावकहरूलाई धूमकालिक[1] शिक्षापद प्रज्ञापन गरे । जबसम्म यिनीहरूका शास्ता रहे तबसम्म यिनीहरूले शिक्षापद (=नियम) पालन गरे । जब यिनीहरूका शास्ता परिनिर्वाण भए तब यिनीहरूले शिक्षापद पालन गरेनन् ।' अतः यदि सङ्घलाई चित्त बुझ्छ भने सङ्घले प्रज्ञापन नगरेको-लाई प्रज्ञापन नगरुन्, प्रज्ञापन गरेकोलाई खारेज नगरुन् (पञ्ञत्तं न समुच्छिन्देय्य) र जे जस्तो प्रज्ञापन गरेको छ त्यसलाई पालन गरी बसून् । यो प्रज्ञप्ति हो (प्रस्ताव हो) ।

---

१. भनाइको तात्पर्य चिताको धुँवा छउँजेलसम्म मात्र रहने गरी नियम बनाइदिए । अर्थात् केही समयको लागि मात्र हो भन्ने कुराको सूचक हो ।

"आवुसो सङ्घ ! मेरो कुरा सुन्नुहोस् । हाम्रा शिक्षापदहरू गृहीसम्बन्धित पनि छन् । 'शाक्यपुत्र श्रमणहरूलाई यो उचित छ यो उचित छैन' भन्ने कुरा गृहस्थीहरूलाई पनि थाहा छ । यदि हामीहरूले सानातिना शिक्षापदहरूलाई खारेज गर्‍यौं भने मानिसहरूले यस्तो भन्न-सक्नेछन्—'श्रमण गौतमले श्रावकहरूलाई धूमकालिक शिक्षापद प्रज्ञापन गरे । जबसम्म यिनीहरूका शास्ता रहे तबसम्म यिनीहरूले शिक्षापद पालन गरे । जब यिनीहरूका शास्ता परिनिर्वाण भए तब यिनीहरूले शिक्षापद पालन गरेनन् ।' अतः सङ्घले प्रज्ञापन नगरेकोलाई प्रज्ञापन गर्दैन, प्रज्ञापन गरेकोलाई खारेज गर्दैन र जे जस्तो प्रज्ञापन गरेको छ त्यसलाई समादान गरी (=ग्रहण गरी) बस्छ । जो आयुष्मान्‌लाई प्रज्ञापन नगरेकोलाई प्रज्ञापन नगर्ने, प्रज्ञापन गरेकोलाई खारेज नगर्ने र जे जस्तो प्रज्ञापन गरेको छ त्यसलाई समादान गरी बस्नमा चित्त बुझ्छ उ चुपलागोस् र जसलाई चित्त बुझ्दैन उ बोलोस् ।

"सङ्घले प्रज्ञापन नगरेकोलाई प्रज्ञापन गर्दैन, प्रज्ञापन गरेको-लाई खारेज गर्दैन र जे जस्तो प्रज्ञापन गरेको छ त्यस अनुसार पालन गर्छ । सङ्घलाई चित्त बुझ्छ त्यसैले चुप छ । यस्तो म धारण गर्छु ।"

× × ×

मूल सूत्र—

३०. भिक्षुणीको उपश्रयमा जाऔं
(उपस्सयसुत्तं [1])

यस्तो मैले सुनें ।

एक समय, आयुष्मान् महाकश्यप श्रावस्तीस्थित अनाथ-पिण्डकको जेतवनाराममा बसिरहनुभएको थियो । अनि पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी आयुष्मान् आनन्द जहाँ आयुष्मान् महाकश्यप हुनुहुन्थ्यो त्यहाँ जानुभयो । त्यहाँ पुगेपछि आयुष्मान् महाकश्यपलाई यस्तो भन्नुभयो—

"भन्ते कश्यप ! जहाँ एक भिक्षुणी उपश्रय (भिक्खुनुपस्सयो) छ त्यहाँ जाऔं [2] ।"

"आवुसो आनन्द ! तिम्रो धेरै काम छ; तिमीले धेरै गर्नुपर्ने छ[1]; तिमी जाऊ ।"

---

१. सं. नि. II. पृ. १८०: कस्सपसंयुत्तं ; अ. क. II. पृ. १३२.

२. किन आयुष्मान् महाकश्यपलाई भिक्षुणी उपश्रयमा लैजान

खोलेको ? भिक्षुणी उपश्रयमा केही भिक्षुणीहरू कर्मस्थान सिक्न चाहन्थे । त्यसैले आयुष्मान् महाकश्यपलाई लगी कर्मस्थानको कुरा सुनाई उनीहरूलाई उत्साहित पार्न लगाउन पर्‍यो भन्ने विचारले यसो भनेका हुन् ।

के त आयुष्मान् आनन्दले स्वयं कर्मस्थानको कुरा बताउन सक्नुहुन्न र ? सक्नुहुन्छ । किन्तु बुद्धसमान हुनु भएका आयुष्मान् महाकश्यपद्वारा कुरा सुनाउन पाए कन बेश हुनेछ भन्ने विचारले यसो भनिएको हो भनी सं. नि. अ. क. II. पृ. १३२: उपस्सय-सुत्तवण्णना, कस्सपसंयुत्तले उल्लेख गरेको छ ।

३. किन आयुष्मान् महाकश्यपले आयुष्मान् आनन्दलाई 'धेरै काम हुने' भनी भन्नुभएको होला ? यसको अर्थ प्रष्ट पार्दै सं. नि. अ. क. II. पृ. १३२: उपस्सयसुत्तवण्णना, कस्सपसंतुत्तले यस्तो उल्लेख गरेको छ—

के वहाँको कुनै विहारहरू बनाउने नयाँ काम थियो कि ? थिएन । त्यसबखत भरखरै भगवान् परिनिर्वाण हुनु भएको थियो । आयुष्मान् आनन्द भगवान्का भिक्षापात्र र चीवर लिई जेतवनमा आउनुभएको थियो । 'भन्ते ! अब तपाइँ कसको भिक्षापात्र समात्नु हुन्छ ? कसको कोठामा बढार्नुहुन्छ ? कसलाई मुख धुने पानी दिनुहुन्छ ?' आदि भन्दै चारपरिषद्का मानिसहरू आयुष्मान् आनन्दको अगाडि आई रुँदै विलाप गर्दै बस्थे । आयुष्मान् आनन्दले

दोस्रो पटक पनि आयुष्मान् आनन्दले आयुष्मान् महाकश्यप-लाई यस्तो भन्नुभयो—

"भन्ते कश्यप ! जहाँ एक भिक्षुणी उपश्रय छ त्यहाँ जाऔं ।"

"आयुष्मान् आनन्द ! तिम्रो धेरै काम छ; तिमीले धेरै गर्नुपर्ने छ; तिमी जाऊ ।"

सबै संस्कार अनित्य हुन् । यो संस्कारको धर्मता हो । निर्लज्जी मृत्युमारले बुद्ध शरीरलाई पनि बाँकी नराखी अपहरण गऱ्यो भनी मानिसहरूलाई सम्झाउँदै बुझाउँदै हुनुहुन्थ्यो । यसैलाई लक्ष गरी 'तिम्रो धेरै काम छ, तिमीले धेरै गर्नुपर्ने छ' भनी भनिएको हो ।

यहाँ, महाकश्यप स्थविर श्रावस्तीमा उपस्थित हुनु भएको सम्बन्धमा एउटा प्रश्न उठ्न सक्छ । सम. पा. I. पृ. ९: बाहिर-निदानमा चाहिं "...उपकट्ठा वस्सूपनायिका'ति मन्त्वा महाकस्सप-त्थेरो 'राजगहं, आवुसो, गच्छामा'ति' उपड्ढं भिक्खुसङ्घं गहेत्वा एक मग्गं गतो ।..." अर्थात् वर्षावास गर्ने दिन नजिक आइसक्यो भनी महाकश्यप स्थविर 'आवुसो ! राजगृह जाऔं' भनी आधा भिक्षुसङ्घहरू लिई बाटो लाग्नू भयो । यस कुरालाई ध्यानमा राख्दा कसरी महाकश्यप स्थविर श्रावस्तीमा जानुभयो ? भन्ने प्रश्न मनमा उठ्छ । शायद यसै सूत्रका कुरालाई ध्यानमा राखी केही विद्वानहरू राजगृह जानुभएका महाकश्यप स्थविर श्रावस्ती भई जानुभएको थियो भनी भनेका होलान् । कुशीनगरबाट राजगृह गएका कुरा लेखकको बु. रा. भा–२, पृ. ६३ मा पनि उल्लेख भएको छ ।

तेस्रो पटक पनि आयुष्मान् आनन्दले आयुष्मान् महाकश्यप-लाई यस्तो भन्नुभयो—

"भन्ते कश्यप ! जहाँ एक भिक्षुणी उपश्रय छ त्यहाँ जाऔं ।

अनि पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी आयुष्मान् महाकश्यप आयुष्मान् आनन्द सहित श्रमणहरू पछि लगाई जहाँ एक भिक्षुणी उपश्रय भएको ठाउँ हो त्यहाँ जानुभयो । त्यहाँ पुग्नु भएपछि बिच्छाइराखेको आसनमा बस्नुभयो । अनि केही भिक्षुणीहरू जहाँ आयुष्मान् महाकश्यप हुनुहुन्थ्यो त्यहाँ आए । त्यहाँ आई आयुष्मान् महाकश्यपलाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका ती भिक्षुणीहरूलाई आयुष्मान् महाकश्यपले धार्मिक कथाद्वारा सन्दर्शित, समादपित, समुत्तेजित र सम्प्रहर्षित पार्नुभयो । त्यसपछि भिक्षुणीहरूलाई धार्मिक कथाद्वारा सन्दर्शित, समादपित, समुत्तेजित र सम्प्रहर्षित पार्नुभई आयुष्मान् महाकश्यप आसनबाट उठी जानुभयो ।

अनि असन्तोषी थुल्लतिस्सा भिक्षुणीले असन्तोष युक्त वचन प्रकट गरिन् —

"वेदेहमुनि (=पण्डितमुनि) हुनुभएका आर्य आनन्दको अगाडि धर्मका कुरा गर्ने यी आर्य महाकश्यप को हुन् ! जस्तै सियो बेच्नेले सियो बनाउनेको अगाडि सियो बेच्छ त्यस्तै यी आर्य आनन्दको अगाडि यी आर्य महाकश्यपको धर्मोपदेश हो[१] ।"

---

१. पंसुकूलिक भई जंगलमा बस्नेले आयुष्मान् आनन्द जस्ता बहुश्रुत,

थुल्लतिस्सा[1] भिक्षुणीले यस्तो भनेको कुरा आयुष्मान् महाकश्यपले सुन्नुभयो। अनि आयुष्मान् आनन्दलाई आयुष्मान् महाकश्यपले यसो भन्नुभयो—

"आवुसो आनन्द! म सियो बेच्ने र तिमी सियो बनाउने हौ कि अथवा तिमी सियो बेच्ने र म सियो बनाउने हुं?"

"भन्ते! क्षमा गर्नुहोस्। यस्ता आइमाईहरू मूर्ख हुन्छन्।"

"आवुसो आनन्द! पर्ख, तिमीमाथि सङ्घले अरू परीक्षा गर्न नपाओस्[2]। आवुसो आनन्द! के तिमीलाई भगवान्ले 'भिक्षुहो! जति चाहन्छु त्यतिसम्म म कामबाट अलग भई, अकुशलबाट अलग भई,

---

धर्मधर र धर्मभण्डागारिकको अगाडि धर्मका कुरा के गर्न सक्लान् र! भन्दै आयुष्मान् महाकश्यपलाई अवज्ञा गर्दै यो कुरा थुल्लतिस्सा भिक्षुणीले भनेकी हुन्। सं. नि. अ. क. II. पृ. १३२: उपस्सयसुत्तवण्णना, कस्सपसंयुत्त।

१. मोटी भएकीले 'थुल्ल' भनिएको हो। 'तिस्सा' भनेको सो भिक्षुणीको आफ्नो नाम हो। त्यसैले 'थुल्लतिस्सा' भनिएको हो भनी सं. नि. अ. क. II. पृ. १३२ ले उल्लेख गरेको छ।

२. यो भनाइको मतलब—बुद्ध समान हुनुभएका आयुष्मान् महाकश्यपलाई आयुष्मान् आनन्दले प्रतिक्षेप गर्नुहुन्छ तर एउटी भिक्षुणीलाई प्रतिक्षेप गर्न सक्नुहुन्न। के आयुष्मान् आनन्दको सो भिक्षुणीसँग कुनै संसर्गमा स्नेह त छैन आदि भनी सङ्घले भन्न

सवितर्क सविचार युक्त विवेकजः प्रीतिसुख भएको प्रथमध्यान प्राप्त गरी विहार गर्छु । भिक्षुहो ! आनन्द पनि जति चाहन्छन् त्यतिसम्म... प्रथमध्यान प्राप्त गरी विहार गर्छन्' भनी भिक्षुसङ्घको अगाडि भन्नुभएको छ ?"

"भन्ते ! भन्नुभएको छैन ।"

"आवुसो आनन्द ! भगवान्ले—'भिक्षुहो ! जति चाहन्छु त्यतिसम्म म...प्रथमध्यान प्राप्त गरी विहार गर्छु । भिक्षुहो ! कश्यप पनि जति चाहन्छन् त्यतिसम्म . प्रथमध्यान प्राप्त गरी विहार गर्छन्' भनी भिक्षुसङ्घको अगाडि भन्नुभएको छ ?'

"भन्ते ! भन्नुभएको छ ।"

(यस्तै किसिमले माथि पृ. २१४ 'आवश्यक अनुरूप ध्यान' भन्ने शीर्षकमा उल्लेख भएका अनुपूर्वविहारका सबै कुरा दोहऱ्याई पढ्नू ।)

"आवुसो आनन्द ! तिमीलाई भगवान्ले—'भिक्षुहो ! म आस्रवक्षय गरी अनास्रवी भई चित्तविमुक्ति र प्रज्ञाविमुक्ति भई तथा यसै जीवनमा अभिज्ञालाई स्वयं साक्षात्कार गरी उपशान्त भई विहार

नपाओस् भनी भनिएको हो । सं. नि. अ. क. II. पृ. १३२: अपस्सयसुत्तवण्णना, कस्सपसंयुत्तं ।

"...आनन्देन बुद्धपटिभागो सावको वारितो; एका पा नं भिक्खुनी न वारितो...।"

गर्छु । भिक्षुहो ! आनन्द पनि आस्रवक्षय गरी अनास्रवी भई चित्त-विमुक्ति भई यसै जीवनमा अभिज्ञालाई स्वयं साक्षात्कार गरी उपशान्त भई विहार गर्छन्' भनी भिक्षुसङ्घको अगाडि भन्नुभएको छ ?'

"भन्ते ! भन्नुभएको छैन ।"

"आवुसो आनन्द ! भगवान्ले—'भिक्षुहो ! म आस्रवक्षय गरी अनास्रवी भई चित्तविमुक्ति र प्रज्ञाविमुक्ति भई तथा यसै जीवनमा अभिज्ञालाई स्वयं साक्षात्कार गरी उपशान्त भई विहार गर्छु । भिक्षुहो ! कश्यप पनि आस्रवक्षय गरी अनास्रवी भई चित्तविमुक्ति र प्रज्ञाविमुक्ति भई तथा यसै जीवनमा अभिज्ञालाई स्वयं साक्षात्कार गरी विहार गर्छन्' भनी भिक्षुसङ्घको अगाडि भन्नुभएको छ ।

"आवुसो ! सात हातको हात्तीलाई साँढे सात हातको ताडपत्रले ढाक्न सकिनेछ किन्तु यी मेरा छ अभिज्ञालाई ढाक्न सकिने छैन ।"

थुल्लतिस्सा भिक्षुणी ब्रह्मचर्यबाट च्युत भइन्[१] ।

× × ×

---

१. यहाँ 'च्युत' भइन्, भनी मृत्यु वा अरू किसिमबाट नाश भइन् भनी भनेको होइन । बुद्ध समान हुनुभएका आयुष्मान् महाकश्यपलाई उपहास गरेपछि जब आयुष्मान् महाकश्यपले आफूमा षडभिज्ञ ज्ञान मौजुद भएको सम्बन्धमा सिंहनाद गर्नुभयो तब सो भिक्षुणीको

चीवर काँढाको वस्त्र जस्तै वा चिलाउनेको वस्त्र जस्तै हुनथाल्यो । सो भिक्षुणीलाई ज्यू भरी सियोले घोचे जस्तो अथवा सर्वाङ्ग चिलाए जस्तो हुनथाल्यो । चीवर लगाएर बस्न सकिनन् । अनि चीवर वस्त्र छाडी सेतो कपडा लगाएपछि आनन्द भयो । त्यसैले 'च्युत भइन्' भनी उल्लेख भएको हो । सं. नि. अ. क. II. पृ. १३३: उपस्सयसुत्तवण्णना, कस्सपसंयुत्तं ।

मूल सूत्र—

३१. महाकश्यप स्थविरको अर्ति

(महाकस्सपत्थेरगाथा[1])

(निम्न गाथाहरू महाकश्यप महास्थविरले विभिन्न अवस्थामा भन्नुभएको हो। तीमध्ये पहिला तीनवटा गाथा चाहिं गणमा र कुलमा अलिप्तरहने भिक्षुहरूको निमित्त भन्नुभएको हो भनी थेर. गा. अ. क. II. पृ. ५२७ ले उल्लेख गरेको छ।)

१–"भिक्षुगण परिवार राखेर नहिंड्नू। यसबाट मन खिन्न हुन्छ र समाधि पनि लाभ गर्न सकिन्न। नानाप्रकारका गणलाई संग्रह गर्नु दुष्कर छ। इत्यादि कुरा जानी गणलाई नरुचाऊ।

२–"मुनि हुनेले कुलमा जाने बानी नगर्नू। यसबाट मन खिन्न हुन्छ र समाधि पनि लाभ गर्न सकिन्न। कुलगृहमा जाने उत्सुकताले गर्दा लाभ हुने स्वादिला भोजनमा लोभ लाग्छ र यसबाट आफ्नो सुख हुने अर्थबाट विमुख हुनुपर्छ।

---

१. थेर. गा. पा. पृ. ३७२: महाकस्सपत्थेरगाथा, चत्तालिसनिपात; अ. क. II. पृ. ५०१.

३–"कुलगृहमा जुन वन्दनादि मान पाइने हो त्यसलाई बुद्धादि आर्यहरू पङ्क (=हिलो) भन्दछन् र बिझेको मसीनो काँढा झिक्न गाह्रो जस्तै हुन्छ। असत्पुरुषको निमित्त यस्ता लाभसत्कार छाड्नु गाह्रो पर्छ।

(निम्न चारबटा गाथाहरू चाँहि प्रत्ययहरूमा आफ्नो सन्तोष-भाव व्यक्त गर्दै भिक्षुहरूलाई पनि त्यस्तै हुन सक्नुपर्छ भन्दै भन्नुभएको हो)—

४–"पर्वत शयनासनबाट ओर्ल्हीं नगरमा भिक्षाटन्को निमित्त गएँ। त्यहाँ खाइरहेको एक कुष्ठीको अगाडि उभिएँ।

५–"उसले मलाई घावै घाउ भई पाकेको हातले एकमुट्ठी भात राखिदियो। एकमुट्ठी भात राख्दा पाकेको उसको एक औंला पनि त्यसमा खस्यो[1]।

६–"कुनै एक घरको भित्तानिर बसी मैले त्यो खाना खाएँ। खाइरहेको बेलामा वा खाइसकेपछि पनि मलाई कुनै घृणा लागेन[2]।

---

१. "सो मे पक्केन हत्थेन, आलोपं उपनामयि।
आलोपं पक्खिपन्तस्स, अङ्गुलि चेत्थ छिज्जथ।"
थेर. गा. पा. पृ. ३७२: महाकस्सपत्थेरगाथा।

२. "कुट्टमूलं च निस्साय, आलोपं तं अभुञ्जिसुं।
भुञ्जमाने वा भुत्ते वा, जेगुच्छं मे न विज्जति॥"
थेर. गा. पा. पृ. ३७२: महाकस्सपत्थेरगाथा।

७–"माग्दा पाइने भिक्षा भोजन, औषधीको लागि गाईको गहुँत, बस्नलाई रुखमनि र लगाउनको लागि पंसुकूल चीवर जसले सेवन गर्छ त्यस्तो भिक्षु चतुर्दिशामा जहाँ पनि बस्नसक्छ ।

(निम्न चारवटा गाथा चाहिं वहाँ बुढो हुनुभएको बेलामा मानिसहरूले वहाँसँग पहाड चढ्दा र ओर्लिंदा तपाईंलाई कष्ट हुन्न ? भनी सोधेकाको उत्तरमा बताउनु भएको हो भनी थेर. गा. अ. क. II. पृ. ५२९ ले उल्लेख गरेको छ ।)

८–"जुन आखिरी बैंशमा पर्वत चढ्दा केहीलाई गाह्रो लाग्छ भने बुद्धको दायाद पाउने कश्यप चाहिं ऋद्धिबलद्वारा बलियो भई स्मृतिसम्प्रजन्य भई पहाड चढ्छन् ।

९–"भिक्षाटन्‌बाट फर्केर पहाड चढी अनुपादानी भई भय त्रासबाट दूर भई कश्यप ध्यानमा बस्छन् ।

१०–"भिक्षाटन्‌बाट फर्केर पहाड चढदा गाह्रो हुने मानिसहरू-मध्येमा शान्त भई, अनुपादानी भई कश्यप ध्यानमा बस्छन् ।

११–"भिक्षाटन्‌बाट फर्केर पहाड चढी कृतकृत्य अनास्रवी कश्यप अनुपादानी भई ध्यानमा बस्छन् ।

(पछि फेरि जब मानिसहरूले 'भन्ते ! यस्तो वृद्ध बैंशमा पनि पहाड चढी जंगलमा बस्नुपर्छ र यी वेणुवनादि विहारहरू रमणीय छन्, त्यहाँ बस्नुभएपनि हुन्छ नि' भनी भन्दा "जङ्गल र पर्वतमा नै मेरो

मन लाग्छ" भन्नुहुँदै निम्न गाथाहरू भन्नुभएको हो भनी थेर. गा. अ. क. II. पृ. ५२९ ले उल्लेख गरेको छ।)

१२–"करेरिमाल वृक्षहरूले भरिभराउ भएको भूमिभाग नै मनोरम्य छ। जहाँ मनोरम्य हुने गरी हात्तीहरूको आवाज आउँछ त्यस्तो पहाड नै मलाई मनपर्छ।

१३–"नील आकाशवर्ण भएको, शीतल निर्मल पानी भएको र जताततै इन्दगोपक (दम्बो) भएको पर्वत नै मलाई मनपर्छ।

